भारत र पाकिस्तानको आणविक होडबाजी
के होला यसको असर र परिणाम ?

# मूल्याङ्कन


मूल्य रु. १५/-
भारतमा भा.रु. १२/-


विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ५८
असार, २०५५

## इण्डोनेशिया

## सुहार्तोको पतनको अन्तर्कथा






# Here, There and Everywhere

10th ANNIVERSARY 1987 1997

Nepal Grindlays Bank Limited

नेपाल ग्रिण्डलेज बैंक लिमिटेड

**A DECADE OF "SERVICE EXCELLENCE"**

Member ANZ group of companies

| | Nayabaneswar | Kantipath | Thamel Exchange Bureau | Lalitpur | Biratnagar(Morang) |
|---|---|---|---|---|---|
| Tel: | 246753,229333 | 228474 | 233128 | 524990 | 27983 |
| Fax: | 226762 | 228692 | 228692 | 523266 | 27982 |
| TLX: | 2531 GRNDLY NP | 2736 GMNEPL | 2268 GRCRD | 2532 NGBL NP | 2037 ANZBRT |

| | Duhabi (Sunsari) | Pokhara (Lakeside) | Arghaun Bazar, Pokhara |
|---|---|---|---|
| Tel: | 40030 | 20102 | 21676 |
| Fax: | 40177 | 20318 | 20318 |
| TLX: | | 6003 GR POREX | 6003 GR POREX |

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १६, पूर्णाङ्क ५८
असार / २०५५



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन
**सहायक-सम्पादक**
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
**सम्पादन सहयोगी**
चन्द्र खाकी

**प्रमुख व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**विज्ञापन व्यवस्थापक**
गुण श्रेष्ठ
**बजार व्यवस्थापक**
दुर्गा खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोन: ४२२७६९, फ्याक्स: ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं


## कालापानीमाथि दावी गरेर भारतले आफ्नो विस्तारवादी अनुहार उदांगो पाऱ्यो !

## माओवादी जनयुद्ध : तीव्र र व्यापक मुठभेड

के दमनले देशको समस्या समाधान हुन्छ ?

'जनयुद्ध' दबाउने नाममा भएको नर-संहार बन्द गर्नुपर्छ !

भारत र पाकिस्तानको आणविक होडबाजी

## के होला यसको असर र परिणाम ?

आणविक परीक्षणका निम्ति भएका भित्री तयारीको कथासहितको विश्लेषण

❑ नेपालमा दलित जातीय समस्या कस्तो छ ?
(विववरणात्मक एवं विश्लेषणात्मक लेख)- पद्मलाल विश्वकर्मा
❑ **बुद्ध दर्शनभित्र अन्तर्निहित द्वन्दवाद !**
(मार्क्सवादी दृष्टिकोणबाट बुद्ध दर्शनको चिरफार)- समीर सिंह
❑ ***नेपाली मजदूर र तिनका समस्या !***
(आजको ताजा स्थितिको चित्रण र विश्लेषण)- विष्णु रिमाल
❑ वि. पि. कोइरालाको चीन भ्रमण :
चीन जाँदा वि.पि. ले माओ त्से तुङ्गहरूसंग भेट्दाको प्रसंग !

## इण्डोनेशिया

## सुहार्तोको पतनको अन्तर्कथा

इण्डोनेशियामा ३२ वर्ष तानाशाही चलाएका सुहार्तोविरूद्ध हालै भएको जनआन्दोलनको झाँकी सहित ।

◆ सुहार्तो परिवारको सम्पत्तिः जन-आक्रोशको तारो
❑ इण्डोनेशियाको आर्थिक दुर्दशा
◆ *किन चिनियाँहरूको घर पसल जलाइयो ?*
❑ जकार्तामा कति विध्वंश भयो ?
◆ किन इण्डोनेशियाली जनता विद्रोहमा उत्रे ?

## ❑ पोल पोटको मृत्युपछि कम्बोडियाको अतीतलाई केलाउँदा !

कम्बोडियामा ताण्डव नृत्य मच्चाउने अमेरिकी साम्राज्यवादका करतुतहरूको नालीबेली : (राजकुमार सिंहानुकको द्वैध भूमिका र उनलाई मार्नका लागि गरिएको सिआईएको षड्यन्त्रको विवरणसहित)


**हाम्रो मूल्यांकन**
'जनयुद्ध' दबाउने नाममा भएको नर-संहार बन्द गर्नुपर्छ ! ४
**घटना र प्रवृत्ति**
भारत र पाकिस्तानको आणविक होडबाजी: के होला यसको असर र परिणाम ? ३५
सोह्रौं विश्वकप र यसभित्रको व्यापार धन्दा ६
के दमनले जनयुद्ध समाप्त हुन्छ ? माओवादी जनयुद्ध : तीव्र र व्यापक मुठभेड ४०
दक्षिण कोरियाली मजदूरहरू हड्तालतिर ३४
कालापानीमाथि दावी गरेर भारतले आफ्नो विस्तारवादी अनुहार उदांगो पाऱ्यो ४
**प्रेरक प्रसंग**
दलदल मैदानमा संकट पर्दा माओहरूले घोडासमेत खानु पऱ्यो २१
**साहित्य (कविता)**
चप्पल: विमल निभा २८
**खोज / अनुसन्धान**
नेपाली मजदूर र तिनका समस्या -विष्णु रिमाल २२
**उत्पीडित चौतारी**
नेपालमा दलित जातिहरूको समस्या कस्तो छ ? -पद्मलाल विश्वकर्मा २६
**दर्शन**
बुद्ध दर्शनभित्र अन्तर्निहित द्वन्दवाद -समीर सिंह ३२
**विश्व कम्युनिष्ट आन्दोलन**
पोलपोटको मृत्युपछि कम्बोडियाको अतीतलाई केलाउँदा १६
पेरू : टुपाक आमारू र साइनिङ्ग पाथ के गर्दैछन् ? १५
**जीवनको झाँकी**
वि.पि.को चीन भ्रमण -विश्वेश्वर प्रसाद कोइराला २९
**आवरण कथा**
इण्डोनेशिया: सुहार्तोको पतनको अन्तर्कथा ७
**पाठकको कुरो** ४२


आवरणमा : इण्डोनेशियाका तत्कालीन राष्ट्रपति सुहार्तो । इन्सेटमा : इण्डोनेशियामा हालै भएको जनआन्दोलनका दृश्यहरु ।
काँधमा : भारतको आणविक बम परीक्षणको एक दृश्य । (फोटो : टाइम, न्यूजविक, फ्रन्टलाइन)


आवरण सज्जा: सुन्दर बस्नेत, बागबजार फोन: २५२६४५, २२२३३७/कलाकारहरू: लक्ष्मण भूजेल, जि.डि. सारु, यति आर्ट, पुतलीसडक । फोन: २४७१८२
कम्प्युटर सेटिङ्ग: सहदेव खाकी. माइक्रोचिप्स कम्प्युटर सर्भिस, पुतलीसडक. सम्पर्क फोन: ४२२७६९/मुद्रण: इन्द्रेणी अफसेट प्रेस, बागबजार

## हाम्रो मूल्यांकन

# 'जनयुद्ध' दबाउने नाममा भएको यो नर-संहार बन्द गर्नुपर्छ !

**◆ धादिङका किसान नेता रामबहादुर भण्डारीलाई राति आफ्नो घरमा सुतिरहेको बेला प्रहरीले एक्कासी गिरफ्तार गऱ्यो । सदरमुकामतिर लैजाने क्रममा टारीबेसी गोला भञ्ज्याङमा पुगेपछि बाटैमा उनीमाथि मार्ने नै नियतले निर्ममतापूर्वक पछाडिबाट गोली हानियो । उनी मरे भन्ने ठानेर उनलाई प्रहरीले त्यहीं छेउमा मकैबारीमा फालेर हिंड्यो । तर संयोगवश उनी मरेका रहेनछन् । भोलिपल्ट आफन्तहरुले उनलाई बारीमा मरणान्त अवस्थामा मिल्किएको फेला पारी काठमाडौंमा अस्पताल ल्याए । उनी अझै ज्यूँदै छन् र उपचारमा छन् ।**

यो घटना गत जेठ १८ गतेको हो ।

**❑ बर्दियामा सं.ज.मो. (डा. भट्टराई) का पूर्व केन्द्रिय सदस्य विष्णु पोखरेललाई प्रहरीले 'तपाईसँग एकछिन काम छ, पुलीस चौकी जाऔं' भनी मगरागाडी वडा नं. ७ हनैवा घुम्नाबाट लिएर गयो । तर बाटाको जंगलमा पुगेपछि उनलाई टाउको र छातीमा गोली हानी हत्या गरियो । यस हत्याका विरुद्ध अन्य पार्टीहरु र नेपाली कांग्रेसका स्थानीय नेताहरुसमेतको पहलमा बजार बन्द गरियो । विरोध-सभाको आयोजना गरियो ।**

यो घटना गत जेठ २९ गतेको हो ।

***माथिका*** दुई घटनाहरू प्रत्यक्ष उदाहरणहरू मात्र हुन् । यी घटनाहरूले वर्तमान नेपालमा विभिन्न जिल्लाहरूमा माओवादी 'जनयुद्ध' दबाउने नाममा गिरिजा सरकारले गरेका यस्ता थुप्रै गैर कानूनी र अमानवीय ज्यादतीहरूको प्रतिनिधित्व गरेका छन् ।

नागरिकहरूलाई राज्यबलले यसरी थुत्दै मार्दै गर्ने हो भने र यदि यो तरीकालाई नै 'प्रजातान्त्रिक तरीका' मान्ने हो भने निश्चित छ– नेपालमा कोही पनि राजनीतिक पार्टीका कार्यकर्ता र आम जनता स्वयं पनि सुरक्षित रहने छैनन् । यो घटना कुनै 'घटना' मात्र नरही यो त प्रतिद्वन्दी पार्टीहरूले सत्तामा रहँदा विपक्षीलाई यसरी कुनै न कुनै निहुँमा स्वत्तमै गर्न सकिने 'परम्परा' को रूपमा विकास हुँदैछ । यो घटना र यो परम्परा दुबै अत्यन्त चिन्ताजनक र निन्दनीय कुराहरू हुन् ।

गिरफ्तार गरिएका व्यक्ति सरकारी आँखामा 'अपराधी' नै हो भने पनि यसरी मार्ने अधिकार कुनै पनि 'प्रजातान्त्रिक' भनिने सरकारलाई हुन्न । अदालतमा पुऱ्याउने र निर्णयअनुसार कारवाही गर्ने वैधानिक प्रकृया छोडेर यसरी ठाडो ठाडो तरीकाले नागरिकहरूलाई घरबाट थुत्दै मार्दै गर्ने हो भने, यो सरकार र राणा तथा पञ्चायती सरकारमा के भिन्नता रहन्छ ?

तर नेपालको वर्तमान प्रजातन्त्रको विडम्बना के भइरहेछ भने, यहाँ आफूलाई प्रजातन्त्रको एकमात्र ठेकेदार ठान्ने पार्टीको सरकारले नै राणाशाही र पञ्चायती तानाशाहीकै शैलीमा नागरिकहरूको भटाभट हत्या गर्दै गइरहेछ । गएको जेठ महिनाको पछिल्लो दुई हप्तामा मात्रै साठीयौं नागरिकहरूको सरकारबाट स्थलगत हत्या भइसकेको छ । नेपालको संविधान २०४७ ले कुनै पनि अपराधमा कुनै पनि नागरिकलाई मृत्युदण्ड दिन स्पष्ट भाषामा निषेध गरेको छ । २०४६ सालको ऐतिहासिक जनआन्दोलनको एउटा मुख्य उपलब्धिको रूपमा प्राप्त संविधानको यो प्रावधानको उल्लंघन गर्ने अधिकार सरकारलाई कहाँबाट प्राप्त भयो ? सरकार आफैंले यो संविधानलाई यसरी धोती लाउने हो भने, जनतालाई मात्र यो संविधान मान्ने बाध्यता किन हुने ?

हामी के माग गर्छौं भने, सरकारले गैर संवैधानिक तवरले आफ्ना विरोधीहरूलाई घटनास्थलमै गोली ठोकेर मृत्युदण्ड दिने प्रक्रिया तुरून्त बन्द गर्नुपर्छ । ती जो मारिइसकेका छन्, उनीहरूको परिवारलाई उचित क्षतिपूर्ति दिनुपर्छ र सरकार स्वयंले संविधानद्वारा बर्जित गैरकानूनी मृत्युदण्ड व्यवहारमा प्रयोग गरेवापत सार्वजनिक क्षमा माग्नु पर्दछ ।

हाम्रो मुलकमा के अनौठो भइरहेछ भने, एमालेकै समर्थनको आधारमा गिरिजा सरकार टिकेको छ, तर गिरिजा सरकारले प्रजातन्त्रको सम्पूर्ण मूल्यहरू र संविधानलाई नाघेर नागरिकहरूलाई भटाभट मार्दा पनि एमालेले त्यो समर्थन अझै फिर्ता गरेको देखिएको छैन । एमाले किन भन्न सक्दैन– या त यो जनहत्या बन्द गर या हामी हाम्रो समर्थन बन्द गर्छौं ? अन्यथा, जनतामा यो प्रश्न पैदा हुनु स्वभाविक छ कि– कतै गिरिजा सरकारको यो जनसंहारको कदमलाई एमालेको आन्तरिक समर्थन रहेको त होइन ? यो राज्य आतंकको विरूद्ध सबैजसो वाम पार्टीहरूले विरोध वक्तव्य दिएका छन् र यो सहाहनीय कुरा हो । तर अब यही मुद्दामा केन्द्रित रहेर संयुक्त रूपमा देशव्यापी रूपमा सडकमा उत्रनु पर्ने बेला आइसकेको छ ।

हामी माओवादी मित्रहरूलाई पनि के अपील गर्न चाहन्छौं भने, उहाँहरूले आफूलाई एक्ल्याउने र अनाहकमा प्रतिक्रियावादी सरकारलाई जन-दमनको लागि निहुँ प्रदान गर्ने अवस्तुवादी र अतिवादी काम कार्वाहीहरूलाई बन्द गर्नु जरूरी छ, शत्रुको घेरा ठूलो पार्ने गल्तीबाट बच्नु जरूरी छ, र यतिखेर आफ्नो शक्तिलाई यथासम्भव जोगाउनु जरूरी छ । नेपालको वर्तमान वस्तुगत स्थितिमा जनसंघर्षको बाटो नै यतिखेरको उपयुक्त बाटो हो भन्ने हामीलाई लाग्छ । ◉

# कालापानीमाथि भारतीय राजदूतको दावी !

गत जेठ २० गते भारतीय राजदूत केभी राजनले पश्चिम नेपालको सीमानानेरको नेपाली भूमि कालापानी भारतकै भूभाग हो भनी सार्वजनिक दावी गरेर भारतीय शासक वर्गको नेपालप्रतिको विस्तारवादी गिद्धेदृष्टिलाई नांगो रूपले प्रस्तुत गरेका छन् । राजदूत राजनले कालापानीमा तैनाथ भारतीय सैनिकहरूलाई फर्काउन ज्ञापनपत्र बुझाउन गएका अनेरास्ववियू (माले पक्षधर) का प्रतिनिधिमण्डलको अगाडि उक्त दावी गरेका हुन् । विद्यार्थी प्रतिनिधिमण्डलसँगको भेटघाटमा पनि उनले '१९ औं शताब्दीदेखि नै कालापानी भारतपट्टि रहेको र त्यसलाई तत्कालीन ब्रिटिश-इण्डिया र नेपाल सरकारले स्वीकारेको' भन्ने कुरा बताए ।

यसरी, ३६ वर्ष पहिलेदेखि बलपूर्वक भारतीय सेनाले कब्जा जमाइराखेको नेपाली भू-भाग कालापानीलाई भारतीय शासक वर्गले पहिलो पटक औपचारिक रूपमा आफ्नो भनी दावी गरेपछि तत्कालै नेपालका विभिन्न राजनैतिक पार्टीहरू तथा देशभक्त मानिसहरूले तीव्र प्रतिक्रियाहरू व्यक्त गरेका छन् ।

यसपश्चात, राजदूत राजनको भनाइ संचार माध्यमहरूमा गलत ढंगले आएको भनी गत जेठ २४ गते भारतीय राजदूतावासले पुनः अर्को भ्रामक वक्तव्य जारी गरेको छ । राजदूतावासले जारी गरेको वक्तव्यमा 'कालापानी एउटा पुरानो र जटील ऐतिहासिक पृष्ठभूमि भएको सीमाना' भनी राजदूत केभी राजनको भनाइलाई सच्याउन खोजेको जस्तो देखाई कालापानीको मुद्दालाई अझ जटील बनाएको छ ।

भारतीय शासक वर्गले आफ्नो राजदूतमार्फत् नेपाली भूमि कालापानीमाथि औपचारिक दावी यतिबेला गर्दैछ, जतिबेला भर्खरै भारतले पाँच वटा परमाणु बमको परीक्षण सफलतापूर्वक सम्पन्न गरी आफूलाई स्वयंले नै 'परमाणु शक्तिको' रूपमा दावी गर्दैछ । त्यसैले, आफ्ना छिमेकी मुलुकहरूमाथि आफ्नो प्रभुत्व र हाँकधाँक विस्तार गर्नको लागि नै भारतीय शासक वर्गले परमाणु बमको परीक्षण र निर्माण कार्य गरको हो भन्ने कुरा कालापानीमाथि उसले दावी गर्दै गरेको यो हुँकारले पुष्टि गरेको छ ।

इतिहासलाई कोट्याउँदा के देखिन्छ भने, सन् १९६२ अर्थात् वि.सं. २०१९ सालतिर भारत-चीन युद्धपछि कालापानीमा स्थायी रूपले नै भारतीय सेनाहरूको क्याम्प खडा गरिएको थियो । सम्भवतः यो दिल्लीबाट चीन प्रवेश गर्ने सबैभन्दा छोटो बाटोको रूपमा सामरिक दृष्टिले महत्वपूर्ण भएको देखेर नै भारतले नेपालको उक्त भूभागमाथि बलजफ्ती कब्जा जमाएको हो । तर, आफ्नो देशको भू-भाग विदेशीहरूले कब्जा गर्दा पनि तत्कालीन निरंकुश पंचायती शासक वर्गले त्यतिखेर भारतलाई कुनै विरोध जनाएको देखिँदैन । त्यति मात्र होइन, उसले यो तथ्यबारे जनतालाई सूसुचितसम्म गरेको देखिँदैन । र, आज ३६ वर्षपछि देशमा बहुदलीय शासन प्रणालीको पुनर्बहालीपश्चात मात्र कालापानीमाथि भारतीय कब्जाबारे रहस्य उद्घाटन भयो र यसलाई भारतीय कब्जाबाट मुक्त गर्न विभिन्न राजनैतिक पार्टीहरू तथा देशभक्त जनसमुदायले जोडदार आवाज उठाउन थाले ।

नेपाल र भारत दुबैलाई के थाहा छ भने, आधुनिक नेपालको सीमा निर्धारण सन् १८१६ को सुगौली सन्धिले तय गरेको थियो र त्यसपश्चात अहिलेसम्म नेपाल र भारतबीच कुनै अर्को सीमा सन्धि भएको छैन । सुगौली सन्धिमा स्पष्ट रूपले नेपालको पश्चिमी सीमाना 'कालीनदी' अर्थात् महाकाली नदीलाई उल्लेख गरिएको छ ।

अहिले भारतीय पक्षले कालापानीको पश्चिमतिर जोडिएको लिपु खोलालाई महाकाली नदी भनेर भ्रम दिन खोजिरहेको छ । लिपु खोला माथि लिपु लेकबाट निस्केर तल गुन्जी गाउँनिर आई कुटी नदीमा मिसिन्छ । कुटी नदी उत्तरको जोलिङकाङ पर्वतमालाको लिम्पिया धुराबाट निस्केको छ र त्यसमा लिपु खोला मिसिनुभन्दा अगाडि भारतपट्टिबाट तीन र नेपालपट्टिबाट तीन गरी जम्मा ६ वटा खोलाहरू मिसिनपुग्छन् । लिपु खोला अस्थायी र छोटो नदी हो भने कुटी नदी स्थायी र लामो नदी हो ।

यी भौगोलिक तथ्यहरूले के देखाउँछन् भने, गुन्जीभन्दा माथि वास्तविक महाकाली नदी लिपु खोला नभई कुटी नदी हो भने यसको उद्गम

**भारतले कालापानीलाई आफ्नो हो भनी नेपालप्रति अपमानपूर्ण दादागिरी देखाउँदा पनि अहिलेको सरकारले तत्कालै कुनै औपचारिक र सशक्त विरोध गर्न सकेन ।**

# भारतले आफ्नो विस्तारवादी अनुहार उदांगो पाऱ्यो !

**कालापानीको मामलामा तथ्य प्रमाणका आधारमा सम्पूर्ण जनतालाई सुसूचित गर्नु र यो राष्ट्रिय सवालमा सारा जनतालाई एक ढिक्का गर्नु यतिखेरको प्राथमिक महत्वको काम हो ।**

थलो लिम्पिया धुरा हो । यसो हुँदा भारतीय सैनिक क्याम्प रहेको कालापानी क्षेत्र मात्र होइन कि, लिपु खोलाबाट पश्चिम र कुटी नदीबाट पूर्वपट्टिको १९ हजार ६ सय हेक्टर विशाल भू-भाग पनि नेपालको सीमानाभित्र पर्छ, जुन अहिले भारतले कब्जा जमाइरहेको छ ।

कालापानीमा तैनाथ भारतीय सेनाको सम्बन्धमा गत २०५३ साल असोज ५ गते भारतीय राजदूतले 'नेपाल-भारत संयुक्त सीमा टोलीले ऐतिहासिक तथ्यको आधारमा टुंगो लगाउने' भन्ने धारणा सार्वजनिक गर्नुभएको थियो । स्मरणीय के छ भने, कालापानीको सम्बन्धमा तत्कालीन ब्रिटिश इण्डियाले विभिन्न समयमा एकतर्फी रूपमा बनाएका सीमा नक्साहरूमै पनि त्यो नेपालपट्टि नै रहेको कुरा नेपाली पक्षले अहिलेसम्म दावी गर्दै आएको छ ।

यति हुँदाहुँदै पनि, हचुवा पाराले भारतीय शासकवर्गले आफ्नो राजदूतमार्फत् कालापानीलाई भारतको भू-भाग भनी दावी गरेर नेपालमाथि ठाडो प्रभुत्व लादेको कुरा प्रष्ट हुन्छ ।

## सरकारी रवैया

भारतले कालापानीमा सैनिक क्याम्प खडा गर्दा तत्कालीन तानाशाही पंचायती शासकहरूले त हिजो भारतसमक्ष कुनै औपचारिक विरोध जनाएनन् नै, तर बहुदलीय व्यवस्थाको पुनर्बहाली भएको अहिलेको अवस्थामा पनि अहिलेसम्म बनेका कुनै पनि सरकारहरूले भारतसमक्ष आवश्यक सबूद प्रमाणसहित यसबारे सशक्त विरोध गर्न सकेका छैनन्, जबकि यस्ता सबूदहरू नेपालको नापी विभागसित प्रशस्तै भएको जगजाहेर छ । ३६ वर्षसम्म अघोषित रूपमा स्थायी रूपले सैनिक क्याम्प राखिराखेर हालै औपचारिक रूपमा भारतले कालापानीलाई आफ्नो हो भनी नेपालप्रति अपमानपूर्ण दादागिरी देखाउँदा पनि अहिलेको सरकारले तत्कालै कुनै औपचारिक र सशक्त विरोध गर्न सकेन । भारतीय राजदूतको भनाइ सार्वजनिक भएको एक हप्तापछि मात्र श्री ५ को सरकारले प्रधानमन्त्रीमार्फत् औपचारिक प्रतिक्रिया जनायो । प्रतिक्रियामा 'कालापानीमाथि भारतको दावी'लाई विरोध प्रकट गरिएपनि त्यहाँबाट भारतीय सेना हटाउने सम्बन्धमा सरकारको स्पष्ट भनाइ र अडान आएको छैन । तर, सरकारले ठीक यति नै बेला, नेपाल र भारतको सीमा सम्बन्धमा अत्यन्त राम्रो जानकारी राख्ने नेपाल-भारत संयुक्त सीमा उच्चस्तरीय प्राविधिक समितिमा नेपाली पक्षका नेताका रूपमा द्विपक्षीय वार्तामा भाग लिंदै आउनु भएका नापी विभागका महानिर्देशक पुण्यप्रसाद ओलीलाई मन्त्रालयमा सरूवा गरी कुनै पनि जिम्मेवारी नदिएर त्यत्तिकै थन्काउने काम गरेको छ । त्यस्तै, नेपाल-भारत सम्बन्धका अर्का जानकार नापी विभागका उप-महानिर्देशक शान्तभक्त मानन्धरलाई पनि धुलिखेलस्थित तालीम शाखामा सरूवा गरिएको छ । उनी नेपाल-भारत संयुक्त सीमा कार्यदलमा नेपाली पक्षका नेताका रूपमा काम गर्दै आएका थिए ।

भारतकै दवाबले नै मात्र ती सीमा विज्ञहरूलाई सरकारले नापी विभागबाट अन्यन्त्र सरूवा गरेको हो भनेर अहिले शंका गर्न सकिने प्रशस्त आधारहरू देखिएका छन् ।




नौ वामहरुद्वारा जेठ २९ गते आयोजित धर्ना कार्यक्रमको एक दृश्य

यदि वास्तविकता यही हो भने- कालापानीको मामिलामा गिरिजा सरकारले सरासर भारतीय शासक वर्गको तावेदारी गरिरहेको र नेपालको सीमा-विवादसम्बन्धी वार्ता टोलीलाई जानाजान कमजोर बनाएर कालापानी भारतकै हो भनेर साबित गर्ने भारतीय शासक वर्गको प्रयत्नलाई भित्रभित्रै सघाउन खोजिरहेको प्रष्टै देखिन्छ । अन्यथा, कालापानी सीमासम्बन्धी नेपालको प्रमुख ज्ञाताहरूलाई यतिखेरै अन्यत्र सरूवा किन ? प्राविधिक ज्ञाताहरूलाई हा.टा. गर्ने खालका काम न काजका मन्त्रालयमा सडाउने षड्यन्त्र किन ?

## विद्यार्थीहरुको मार्च

यसैबीच, कालापानीबाट भारतीय सेना धपाउन दवाब दिनको लागि अनेरास्ववियूका अध्यक्ष योगेश भट्टराईको नेतृत्वमा विद्यार्थीहरूको एक टोलीले कालापानीतर्फको मार्च पूरा गरेको छ । उनीहरूले देशका विभिन्न ठाउँमा कालापानी सम्बन्धमा जनचेतना फैलाउन सभा तथा जुलूसहरू गर्दै कालापानीमा मार्च गर्ने प्रशंसनीय कार्य सम्पन्न गरेका छन् । भारतीय सेनाले उनीहरूलाई कालापानीमा पस्नै नदिने रूख लिएको र ६०० मिटर परै रोकेको थाहा भएको छ ।

## पार्टीहरुको प्रतिक्रिया

यसैगरी, कालापानीमा भारतीय सेनाको उपस्थिति र त्यो क्षेत्र भारतले आफ्नो हो भनी दावी गरेकोमा विरोध गर्दै र त्यहाँबाट भारतीय सेना तुरून्तै हट्नु पर्छ भन्ने माग राख्दै जेठ २९ गते नौ वटा वाम पार्टीहरूले काठमाडौंमा परराष्ट्र मन्त्रालयदेखि भारतीय राजदूतावाससम्म एक 'हातेमालो साङ्लो' कार्यक्रम र धर्ना कार्यक्रम सम्पन्न गरेको छन् । यस कार्यक्रमले देशभक्तिपूर्ण अभियानमा नेपाली वामपन्थीहरूको अग्रगामी भूमिकालाई निरन्तरता दिने दिशामा सकारात्मक काम गरेको छ ।

कालापानीमाथि भारतले दावी गरेकोमा विरोध गर्दै नेकपा मालेको महासचिव क. वामदेव गौतमले भनेका छन्- "भारतले कालापानीमाथि दावी गरे पनि हामी एक जना देशभक्त मात्रै बाँकी रहेसम्म पनि भारतको यो दावीलाई स्वीकार गर्नेछैनौं । हामी हाम्रो एक इन्च जमीन पनि अरूले कब्जा गरेको सहन सक्दैनौं, आवश्यक पऱ्यो भने हाम्रो भूमि रक्षाको लागि हामी बलिदान हुन पनि तयार छौं ।"

त्यस्तै, नेकपा एकता केन्द्रका महासचिव क. प्रकाशले- सबै ऐतिहासिक तथ्य र तर्कहरूले नेपालको भनी प्रमाणित गरेको दार्चुलाको कालापानी लगायतका क्षेत्रको करीब २० हजार हेक्टर नेपाली भू-भाग फिर्ता लिन र आफ्नो भूमिबाट भारतीय सेना हटाउन देशभक्त नेपालीहरू जस्तोसुकै संघर्ष गर्न पनि तयार छन् । भन्नुहुँदै नेपालको सार्वभौमिकता र क्षेत्रीय अखण्डतामाथि अतिक्रमण गरेकोमा भारतीय विस्तारवादी शासक वर्गले नेपालसँग सार्वजनिक रूपमा माफी माग्दै अविलम्ब भारतीय सेना फिर्ता लैजाने र अतिक्रमित भूभाग नेपाललाई फर्काउने काम गरोस् भनी अपील गर्नुभएको छ ।

भारतको अतिक्रमणको विरोध गर्ने क्रममा नेकपा मसालका क. चित्रबहादुर के.सी.ले "अब सम्पूर्ण राष्ट्रवादी व्यक्तिहरूले भारतीय विस्तारवाद र अतिक्रमणको विरोधमा आन्दोलन गर्नुपर्छ र भारतको थिचोमिचोको अन्तर्राष्ट्रिय स्तरमा समेत आवाज उठाउनु पर्छ" भन्नुभएको छ ।

नेकपा एमालेका महासचिव क. माधवकुमार नेपालले पनि कालापानीबाट भारतीय सेना हटाउनु पर्ने माग गर्नुभएको छ । उहाँले भन्नुभएको छ- "कालापानी विवाद गर्नुपर्ने विषय नै होइन, त्यो नेपालकै हो । हामीले त्यत्तिकै दावी गरेका होइनौं, सम्पूर्ण तथ्य र कागजातले कालापानी नेपालकै भएको देखाउँछ ।"

कालापानीमाथि भारतीय दावीका विरूद्ध पूर्व प्रधानमन्त्री कीर्तिनिधि विष्ट, नयाँ राप्रपाका अध्यक्ष राजेश्वर देवकोटा, सांसद तथा परराष्ट्रविद् रमेशनाथ पाण्डे लगायतका व्यक्तिहरू पनि अगाडि आएका छन् ।

हालै आएर प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पनि कालापानी हाम्रै हो भनेर सार्वजनिक रूपमा बताउनु भएको छ ।

## कांग्रेसी र एमाले पक्षीय संचार

तर कालापानीमा भारतीय अतिक्रमणका विरूद्ध अहिले नेपालमा भइरहेका देशभक्तिपूर्ण गतिविधिहरूलाई 'तुच्छ राजनीतिक फाइदाको लागि गरेको' भन्ने आशयको आरोप लगाई भारतको तावेदारी गर्नेहरू पनि नेपालमा एकथरि देखिएका छन् । उनीहरू यो तावेदारी केही कांग्रेसी छापाहरूमार्फत् गरिरहेका छन् । 'द्विपक्षीय आयोगहरूद्वारा यो समस्यालाई कूटनीतिक तरीकाले हल गर्नुपर्ने' 'जिम्मेवार' आवाज निकालेर

उनीहरू कालापानी मार्च र कालापानीबारे अन्य विरोधहरूलाई 'भारतलाई अनावश्यक रूपमा चिढ्याउने काम' भन्ने विश्लेषण गर्दै यसरी चिढ्याउनु नहुने मत फैलाउन खोज्दैछन् ।

आफ्नो मुलुकमा विदेशी सेनाले बलपूर्वक अतिक्रमण गरेको कुराको विरोध गर्नु र यसबारे ऱ्याली, सभा, मार्च आदि गरी जनमत सृजना गर्नुलाई 'गैर जिम्मेवार' त्यसले मात्र ठान्छ, जसले विदेशी प्रभुत्वकारीहरूको दलाली गर्ने ठेक्का लिएको हुन्छ ।

कालापानीबारे अहिलेको मुख्य आवश्यकता के हो भने, सरकारले यसम्बन्धी हामीसित विद्यमान सम्पूर्ण तथ्य र प्रमाणहरूलाई अविलम्ब जनतासमक्ष ल्याउनु पर्दछ । यस मामलामा तथ्य प्रमाणका आधारमा सम्पूर्ण जनतालाई सुसूचित गर्नु र यो राष्ट्रिय सवालमा सारा जनतालाई एक ढिक्का गर्नु यतिखेरको प्राथमिक महत्वको काम हो । सरकारले यिनै तथ्य प्रमाणका आधारमा भारत सरकारसित अविलम्ब वार्ता गर्नु पर्दछ । भारत सरकार नै पनि बलमिच्याइँ गर्छ भने यो मुद्दालाई सरकारले अन्तर्राष्ट्रियकरण गर्नु पर्दछ ।

अहिले देशभक्तिपूर्ण आन्दोलन गरिरहेका नौ वटा वामशक्तिले कालापानीको सवालका कार्यगत एकतालाई अझ फराकिलो पार्नु जरूरी देखिएको छ । अहिले नै जनस्तरमा यो मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्नु पनि नितान्त जरूरी देखिएको छ । सबभन्दा जरूरी भएको छ- भारतीय जनतालाई यसबारे सुसूचित गर्नु र उनीहरूको समर्थन प्राप्त गर्नु । अनेरास्ववियूले संयुक्त राष्ट्रसंघका महासचिवलाई कालापानी सम्बन्धी मुद्दाबारे पत्र पुऱ्याएर सह्राहनीय कार्य गरेको छ ।

नौ वामहरूको कार्यगत एकताभित्र भर्खरै फुटेर गएको आफ्नो प्रतिद्वन्दी नेकपा माले पनि रहेको कारण नेकपा एमालेका छापाहरू र कतिपय एमाले नेताहरूले पनि त्यस कार्यगत एकताले आफ्नो बुताले भ्याएसम्म नेपाल राष्ट्रको पक्षमा गरेका ठूला वा साना कार्यक्रमहरूलाई नकारात्मक रूपले प्रस्तुत गर्ने गरेको पाइएको छ । यो एकदमै नराम्रो र आत्मघाती प्रवृत्ति हो भन्ने हामीलाई लाग्छ । एमालेले यो प्रवृत्ति त्याग्नु जरूरी छ । नेकपा मालेसँगको एमालेको प्रतिद्वन्दिताको शिकार बनाउन मिल्दैन- नेपाली देशभक्तिपूर्ण अभियानलाई । अन्य वामपार्टीहरूसँगको आफ्नो मतभेदलाई छुट्टै स्थानमा राखी वैचारिक संघर्ष गर्दै एमाले पनि वामपन्थीहरूको कार्यगत एकतामा सामेल हुनपर्छ र यस निम्ति ठोस पहल हुनुपर्छ भन्ने हामीलाई लाग्छ ।

◆ तुल्सीदास महर्जन
हरिगोविन्द लुँइटेल

# सोह्रौं विश्वकप र यसभित्रको व्यापार धन्दा

◆ प्रतिमान श्रेष्ठ

"ए तँ ब्राजिलको पक्षमा कि अर्जेण्टिनाको ?"

"म त ब्राजिलको पक्षमा !"

"मेरो पार्टी चाहिं, अर्जेण्टिना, जे भए पनि म्याराडोनाको देश हो, बुझिस् अर्जेण्टिना ?"

"ब्राजिल पनि त पेलेको मुलुक हो नि ! यसपालि त ब्राजिलको टीममा रोनाल्डो छन् । ठ्याक्कै अर्को पेले ! हेरिबस् वर्ल्डकप यसपालि ब्राजिलले नै उछिट्याउँछ, बाजी थाप्ने ?"

यसरी अहिले सिंगै विश्व "विश्वकपमय" भएको छ । ६ अरबको यो विश्वमा ३२ दिनमा कुल मिलाएर ३.७ अरब मानिसहरूले यही जेठ २७ गतेदेखि फ्रान्समा प्रारम्भ भएको सोह्रौं विश्वकप फूटबल प्रतियोगिता टि.भि.मार्फत् हेर्ने अनुमान गरिएको छ । २५ लाख मानिसहरूले त यो प्रतियोगिता फ्रान्सको राजधानी पेरिसमै पुगेर प्रत्यक्ष रूपले हेर्ने भएका छन् ।

विश्वकपको यति ज्यादा प्रचार छ कि, कोही पनि मानिस यो प्रचारबाट अछूतो रहन सकेको छैन । नेपाल टेलिभिजनले त "फूटबल नै खाऊ, फूटबल नै पिऊ, सुत्दा पनि फूटबलकै सपना देख" भन्ने भाव पर्ने विज्ञापन महिनौंदेखि प्रचार गरिरहेछ । काठमाडौंको बजारमा टि.भि.को सुक्रीबिक्री एक्कासी अक्कासिएको छ ।

आखिर किन यति धेरै प्रचार छ त विश्वकप प्रतियोगिताको ? के छ विश्वकप प्रतियोगितामा त्यस्तो आकर्षण, जसले गर्दा फ्रान्स जस्तो विश्वकै अति विकसित पूँजीवादी राष्ट्र टाउकोले टेकेर यो प्रतियोगिताको भव्यतम् आयोजना आफ्नो देशमा गर्न लागिरहेछ ?



यसको मुख्य कारण- व्यापार हो । व्यापारिक स्वार्थकै कारणले विश्वका ठूलठूला उद्योगपति, व्यापारी र तिनको खातिरीको लागि मरिमेट्ने सरकारहरू विश्वकप वा ओलम्पिक जस्ता विश्वस्तरीय खेलकूद प्रतियोगिताको यति ज्यादा प्रचार-प्रसार गरिरहेछन्, र त्यस्ता प्रतियोगिताहरू आफ्नो देशमा आयोजना गर्न हत्ते हालिरहेछन् ।

फ्रान्सले विश्वकप आफ्नो देशमा आयोजना गर्नका लागि रंगशालाहरू र सुविधाहरू विस्तार गर्न मात्र १.८ अरब ( अर्थात् ने.रू. १२० अरब) डलर खर्च गरिसकेको छ । यो भनेको नेपालको झण्डै दुई वर्षको वार्षिक बजेट बराबरीको थैली हो । यति धेरै पैसा उसले उत्तिकै हावामा फुकिरहेको छैन । बदलामा योभन्दा धेरै गुना नाफा हातलाग्ने पक्कापक्की भएकाले नै उसले मन फुकाएर अरबौंको थैली खेलको तैयारीमा फुकेको हो ।

टिकट बिक्रीबाट मात्रै फ्रान्सले १.४ अरब फ्रेञ्च फ्रैंक (१५ अरब ६८ करोड रूपैयाँ) असुल गर्ने अपेक्षा राखेको छ । प्रायोजकहरूबाट थप ९० करोड फ्रैंक (१० अरब ८ करोड रूपैयाँ) आउने अनुमान गरिएको छ । सबभन्दा ज्यादा आम्दानी फूटबल हेर्न विभिन्न देशबाट पेरिससम्म आउन सक्ने अत्यन्त धनाढ्य २५ लाख दर्शकहरूबाट हुने आशा राखिएको छ । यिनीहरूमध्ये प्रत्येकले हरेक दिन खानपिना र होटल खर्चमा मात्र २५०० देखि ११ हजार फ्रैंक खर्च गर्ने अपेक्षा गरिएको छ । यसबाट पाँच हप्तामा अरबौं फ्रैंकको कारोबार हुनेछ । यिनीहरूले किन्ने अरू फर्मायसी सामान र तिर्ने बस भाडाबाट थप अरबौंको व्यापार हुनेछ ।

फ्रान्सिसी टि.भि. कम्पनीहरूले पनि विश्वकपबाट काफी धेरै पैसा कुम्ल्याउने छन् । फाइनल खेलको दिन ३० सेकेण्ड एउटा सानो विज्ञापनको लागि विभिन्न कम्पनीहरूले १० देखि १५ लाख फ्रैंक चुक्ता गर्नुपर्नेछ । सम्पूर्ण प्रतियोगिता अवधिमा त यसले विज्ञापनबाट मात्रै अरबौं फ्रैंकको चोखो आम्दानी गर्नेछ ।

टेलिभिजनले गर्दा विश्वस्तरको खेलकूद प्रतियोगितालाई संसारका हरेक मान्छेको घर-घरमा पुऱ्याउन संभव भएको छ । ३.७ अरब जनताले कुनै एउटा खेलकूद प्रतियोगिता हेर्नु भनेको कुनै पनि व्यापारी वा उद्योगपतिलाई आफ्नो माल र सेवाको ब्राण्ड-नाम एकैचोटी विश्वभरि लोकप्रिय बनाउने अपूर्व अवसर हो । त्यसैले, विश्वकप वा ओलम्पिकको टि.भि. प्रसारण अधिकारको बेचबिखन विश्वकै सबैभन्दा नाफादायक व्यापार भएको छ । सन् १९४८ मा विश्वमै पहिलो चोटी बि.बि.सी.ले ओलम्पिकको टेलिभिजन प्रसारण गर्न लाग्दा ओलम्पिक समितिलाई १००० ब्रिटिश पाउण्ड शुल्क बुझाएको थियो । सन् २००० को सिड्नीमा हुन लागेको ओलम्पिक कार्यक्रमको टि.भि. प्रसारण अधिकार चाहिं १.३ अरब डलरमा बेचिसकिएको छ । विश्वमा कुनै पनि वस्तु वा सेवाको मूल्य ५० वर्षमा यति ज्यादा बढेको पाइएको छैन ।

१९९८ को विश्वकपको टि.भि. प्रसारण अधिकार चाहिं १९८७ मै यूरोपेली ब्रोडकास्टिंग यूनीयन (EBU) लाई बेचिसकिएको छ । १९९० देखि १९९८ सम्मको विश्वकप प्रतियोगिताको निम्ति EBU ले फिफालाई ३४ करोड ४० लाख डलरको थैली तिरेको छ । सन् २००२ देखि २०१० सम्मको विश्वकपको टि.भि. प्रसारण अधिकार चाहिं जर्मनीको किर्च समूहले २.२ अरब डलरको मूल्यमा किन्न सहमति जनाइसकेको छ ।

यसबाहेक, पहिलेको २४ टिमको तुलनामा पहिलो पटक ३२ वटा देशको खेलकूद टिमले भाग लिन लागेको यस विश्वस्तरीय फूटबल प्रतियोगितामा ४५ वटा कम्पनीहरू "आधिकारिक विश्वकप व्यापारिक पार्टनर" हुन पुगेका छन् । १२ वटा कम्पनीहरू यस विश्वकपमा "आधिकारिक प्रायोजक" भएका छन् । हरेक प्रायोजकले २ करोडदेखि साँढे दुई करोड डलर पैसा तिर्ने अनुमान छ । अदिदास, कोकाकोला, क्यानोन म्याक्डोनाल्ड जस्ता कम्पनीहरू या त पार्टनर भएका छन्, या प्रायोजक ।

टेलिभिजन प्रसारण अधिकार र प्रायोजनबाट आर्जेको धनले गर्दा विश्वकपको मूल आयोजक FIFA विश्वकै सबैभन्दा धनी बहुराष्ट्रिय संगठनमध्ये एक भएको छ ।


यसबाहेक, विश्वकपको निहुँमा देश देशमा हुने व्यापार छुट्टै छ । नेपालमा नेपाल टि.भि.ले EBU सित ७० लाख रूपैयाँमा टेलिभिजन प्रसारण अधिकार किनेको छ र ४१ लाख नाफा खाएर यो अधिकार १ करोड ११ लाखमा विज्ञापन एजेन्सी संघ AAAN लाई बेचेको छ ।

विश्वकपको लागि नयाँ किसिमको फोमवाला फूटबल अदिदास कम्पनीले बेचेको छ । ड्रेस र जुत्ता कम्पनीहरूले विभिन्न देशका खेलाडीहरूलाई आ-आफ्नो कम्पनीको ड्रेस र जुत्ता विज्ञापनका लागि भिराएका छन् र यसवापत मोटो रकम समेत हातमा राखिदिएका छन् । यसपालिको सबैभन्दा चर्चित ब्राजिलको टिमलाई NIKE कम्पनीले आफ्नो जुत्ता र लुगा भिराएको छ ।

यसप्रकार, विश्वकपलाई यति चर्चित बनाउनुभित्र विश्वका व्यापारी र उद्योगपतिहरूको ठूलो व्यापारिक स्वार्थ लुकेको छ । विश्वकप उनीहरूको लागि खेलकूदभन्दा ज्यादा, अति प्रभावकारी र ठूलो व्यापार-मेला भएको छ । ◉




# तानाशाह सुहार्तोको पतनको अन्तर्कथा



◆ श्याम श्रेष्ठ ◆

खाद्यान्न र खानेतेल, दूधमै अचाक्ली मूल्यबृद्धि गरिएपछि जनसंख्याको हिसाबले विश्वको चौथो ठूलो राष्ट्र इण्डोनेशियामा गत जनवरी महिनादेखि नै जनविद्रोह शुरू भएको थियो। यतिञ्जेल विद्रोह राजधानीबाहिर मात्रै भइरहेको थियो। तर जब मट्टितेल, बसभाडा र बिजुली महसूलमा वैशाखको अन्तिम हप्तामा चर्को मूल्य बृद्धि गरियो, र त्यसको विरोधमा उत्रेका निहत्था विद्यार्थीहरूलाई क्याम्पस हाताभित्रै सरकारले ड्याङ ड्याङ गोली ठोकेर मार्‍यो, राजधानी जाकार्ता र सिंगै देश जनविद्रोहको आगोमा दन्दनाएर उठ्यो। पछिल्लो दशै दिनको जन-विद्रोहले कुख्यात तानाशाह सुहार्तोको तीन दशकभन्दा लामो शासनलाई तासको महलझैं गर्ल्याम-गुर्लुम ढाल्यो।

उनले दश दिनअगाडि अन्तर्राष्ट्रिय मुद्रा कोषको दवाबमा गरिएको पेट्रोलियम पदार्थ, बस भाडा र विद्युत महशूलको भारी मूल्यबृद्धिको घोषणालाई फिर्ता लिए। तर पनि सडकमा गरीब, बेरोजगार र विद्यार्थीहरूको विद्रोह शान्त भएन। उनले आफन्त र भ्रष्टहरूले भरिएको मन्त्रीमण्डल पुनर्गठन गरेर असन्तुष्ट जनताको आक्रोश शान्त पार्न खोजे। तर उनको नयाँ मन्त्री मण्डलमा बसीदिन कोही तयार भएनन्।

उनले संसदको पुनः चुनाव गराउने र नयाँ संसदमा आफू राष्ट्रपतिको उम्मेदवार नै नबनेर सत्ताबाट आफूले विदा लिने घोषणा पनि गरे। तर समय-सीमाबिनाको उनको यो प्रतिज्ञालाई कसैले पनि पत्याएन।

उनले संविधान सुधार परिषद गठन गरेर देशको एकतान्त्रिक संविधानमा फेरबदल ल्याउने वचन पनि दिए। तर यो परिषदमा बसेर काम गर्न एउटा मुसो पनि सहमत भएन। उल्टो, परिषदमा राख्ने भनेर उनले साचेका सबै नेता र बुद्धिजीवीहरूले उनको अविलम्ब राजीनामाको माग गरे।

अन्ततः मार्शल ल लागू गरेर भए पनि आफ्नो ३२ वर्षे शासनलाई अरू लम्ब्याउने निधो उनले गरे। तर उनको मार्शल ल लागू गरीदिने जनरलहरू कोही भएनन्।

१७ हजार टापूहरूको देश इण्डोनेशियामा यसरी तानाशाह सुहार्तो स्वयं चारैतिरबाट एकदमै 'एक्लिएको टापु'

मा रूपान्तरित हुन पुगे । प्रधान सेनापतिदेखि संसदका सभामुखसम्म उनका विश्वास पात्रहरू कोही पनि उनको साथमा रहेनन् । शासक वर्गमा व्यापक फूटका कारणले टेक्ने समाउने ठाउँ कतै नभएपछि बाध्य भएर जेठको पहिलो हप्तान्तमा उनले राष्ट्रपति पदबाट राजिनामा गरे, जसमा उनी दुई महिना अघि मात्रै थप पाँच वर्षका लागि सातौं पटक संसदबाट निर्वाचित भएका थिए । उनको स्थानमा उनकै धर्मपुत्रका रूपमा चिन्हित प्यादा उपराष्ट्रपति बचरूद्दीन जुसुफ हबीबी इण्डोनेशियाका तेस्रा राष्ट्रपति हुन पुगेका छन् । यसरी इण्डोनेशियामा जन-विद्रोहबाट सुहार्तो युगको अन्त भएको छ ।

## सुधारको लर्को

कुख्यात तानाशाह सुहार्तोको अवसान सगसगै २० करोड जनसंख्या भएको इण्डोनेशियामा प्रजातान्त्रिक राजनीतिक सुधारको लर्को शुरू भएको छ । राष्ट्रपति भएको भोलिपल्टै, जेठ ८ गते हबीबीले १६ सदस्यीय नयाँ मन्त्रीमण्डलको घोषणा गरेका छन् । यो मन्त्रीण्डलको विशेषता के छ भने, यसबाट राष्ट्रपति सुहार्तोकी बदनाम जेठी छोरी तुतुतलाई हटाइएको छ, जो अघिल्लो मन्त्री मण्डलमा सामाजिक मामला सम्बन्धी मन्त्री थिइन् । यसबाट सुहार्तोका पुराना घनिष्ठ मित्र तथा उद्योग वाणिज्य मन्त्री मुहम्मद 'बब' हसन र उनका पारिवारिक सल्लाहकार तथा अर्थमन्त्री फुआद बाबाजिएरलाई पनि विदा दिइएको छ । यसमा पहिलो पटक इण्डोनेशियाका प्रतिपक्षमा रहेका दुवै पार्टीहरूको पनि प्रतिनिधित्व गराइएको छ । 'स्वच्छ छवि भएको सरकार' हबीबीको अहिले मूल नारा बनेको छ ।

जेठ ११ गते भएको मन्त्री मण्डलको पहिलो बैठकले पहिलेको दमनकारी र एकतन्त्रात्मक कानूनहरूको सट्टामा नयाँ प्रजातान्त्रिक राजनीतिक कानूनहरूको मस्यौदा गर्न एउटा मस्यौदा कमिटीको घोषणा गरेको छ । यस्तो कानून बन्नासाथ आगामी एक वर्षभित्रै संभवतः अर्को मे महिनामा संसदको निर्वाचन गराउने र त्यसैबाट सन् १९९९ भित्र नयाँ राष्ट्रपतिको समेत पुनः चुनाव गराउने घोषणा पनि मन्त्री मण्डलले गरेको छ । अब उप्रान्त चुनिएको राष्ट्रपतिको अधिकतम पदावधि दुई-पाँच वर्ष मात्र हुने घोषणा पनि मन्त्री मण्डलले गरेको छ ।

राष्ट्रपति भएको चौथै दिनमा हबीबीले देशका दुई प्रमुख विपक्षी विचार राख्ने राजबन्दीलाई सिपीनाङ जेलबाट रिहा गरेका छन् । अरू राजबन्दीहरूलाई उनीहरूको मुद्दाबारे पुनर्मूल्यांकन गर्दै क्रमबद्ध रूपले छोड्दै जाने संकेत आफूलाई सुहार्तोभन्दा नितान्त पृथक देखाउन आतुर तर सुहार्तोकै गोटीको रूपमा परिचित नयाँ राष्ट्रपतिले दिएका छन् ।

हरेक बिहिबार साँझ विपक्षी राजनीतिक दलका नेताहरूसित राष्ट्रपतिले भेटवार्ता गर्ने नौलो कार्यक्रम पनि इण्डोनेशियामा सार्वजनिक गरिएको छ । राष्ट्रपतिले अब यस नियमित भेटघाट कार्यक्रमअन्तर्गत दुई करोड ८० लाख सदस्यता भएको मुस्लीम मुहम्मदीया पार्टीका चर्चित बाचाल नेता अमीसन रइस, एक प्रसिद्ध नरमपन्थी मुस्लीम विद्वान नर्कोलिश मेजिद र भूतपूर्व वातावरण मन्त्री एमील सलीमलाई भेट्न थाल्नेछन् । उनीहरूलाई इण्डोनेशियामा गर्नुपर्ने राजनीतिक सुधारहरूका बारे सुझाव दिन अनौपचारिक सुझाव कमिटीको रूपमा सोचिएको देखिएको छ ।

नयाँ सरकार राष्ट्रपति सुहार्तोको सरकार जस्तो भ्रष्ट छैन भन्ने देखाउन रक्षा मन्त्री तथा प्रधान सेनापति जनरल विराण्टोले आफ्नी श्रीमती र छोरीलाई संसद सदस्यता छोड्न लगाएका छन् । त्यस्तै गरी, राष्ट्रपति हबीबीले पनि आफ्ना परिवारका सदस्यहरूलाई सरकारी ओहदाहरूबाट राजीनामा दिन लगाएका छन् ।

प्रधान सेनापति विराण्टोले सुहार्तोका आफ्नै ज्वाईं तथा जन-दमनका नायक लेफ्टिनेण्ट जनरल प्रोबोओ सुवियान्तोलाई सेनाको रणनीतिक रिजर्भको प्रमुख पदबाट बर्खास्त गरेका छन् । क्याम्पस हातामा गोली हानेर ६ जना विद्यार्थीको हत्या गर्नका लागि जिम्मेवार १४ जना मिलीटरी अधिकारीहरूलाई कोर्ट मार्शल गरेर कार्वाही चलाउने वचन पनि उनले दिएका छन् ।

सरकारले यसअघि सुहार्तो परिवार र उनका मित्रहरूलाई दिईआएका विशेषाधिकारयुक्त कारोबारहरूबारे पुनर्विचार गर्न हबीबीले नयाँ सरकारलाई अह्राएका छन् । त्यस्ता परियोजनाहरू एक दर्जनभन्दा ज्यादा भएको र ती सबैबारे खोजवीन शुरू गरिने भएको छ । सुहार्तो परिवारको उद्योग व्यवसायमा यसअघि दिइँदै आएको विशेष कर छूट पनि रद्द गर्ने योजना नयाँ सरकारले बनाउन थालेको बताइएको छ ।

अब त्यहाँ पत्रपत्रिका र संचार माध्यमहरूलाई सरकारको आलोचना गर्ने स्वतन्त्रता प्रदान गरिएको छ । यो स्वतन्त्रता संगसंगै थुप्रै नयाँ पत्रपत्रिकाहरू बजारमा व्यावसायिक रूपमा देखापरेका छन् ।

यसरी, सुहार्तो युगको अन्तसंगै इण्डोनेशियामा पूँजीवादी प्रजातान्त्रिक सुधारको युगको प्रारम्भ भएको छ । इण्डोनेशियाली जनताको विद्रोहले त्यहाँ त्यस्तो परिस्थिति सिर्जना गरेको छ कि, इण्डोनेशियाली शासकहरू अब पुरानै ढंगबाट शासन गर्न सक्दैनन् । उनीहरूको आफ्नै अस्तित्वको लागि सुधार अब एउटा बाध्यता भएको छ ।

तर इण्डोनेशियामा सुहार्तो शासनको अन्त र सुधार निकै महँगो मोलमा मात्र प्राप्त भएको छ । पछिल्लो दश दिनको जाकार्ता विद्रोहमा मात्र ११८० जना भन्दा बेसी नागरिकहरूको ज्यान गयो । त्यसअघि तीन दशक लामो संघर्षमा जीवन गुमाउने र यातना भोग्नेहरू हज्जारौं छन् । सुहार्तो शासनको प्रारम्भ आफैं दश लाख निर्दोष र निहत्था कम्युनिष्टहरूको नृशंस हत्याबाट भएको जगजाहेर छ ।

**पछिल्लो दश दिनको जाकार्ता विद्रोहमा मात्र ११८० जना भन्दा बेसी नागरिकहरूको ज्यान गयो ।**



विद्रोहको क्रममा गोली लागेका एक जना विद्यार्थीको परिवारको रुवाबासी (दायाँ)






विद्रोह दबाउन प्रयोग गरिएका सैनिकहरुले पछि विद्रोह प्रति 'सहानुभूति' देखाए (तल)

तर तथाकथित 'लोककल्याणकारी' तानाशाही भनेर मानिएका राष्ट्रपति सुहार्तोको शासन कसरी यसपटक गर्ल्यामगुर्लुम ढल्यो त ? अहिलेसम्म नृशंस हत्या र दमनद्वारा टिकिखाएको उनको शासन यसपटक किन टिक्न सकेन त ?

आउनुहोस्, यसबारे चर्चा गरौं ।

## पतनको पृष्ठभूमि

यसअघिसम्म तीनवटा मुख्य कारक



# सुहार्तो परिवारको सम्पत्तिः जन-आक्रोशको तारो

वैशाख महिनाको अन्तिम हप्तामा जाकार्तामा भएको जन-विद्रोहमा आन्दोलनकारी युवा र गरीबहरुको मुख्य आक्रमणको तारो सुहार्तो परिवारको र उनका नजिकका मित्रहरुको अकूत सम्पत्ति भएको थियो । किनकि, यो सम्पत्ति उनीहरुको चर्को गरीबीको मोलमा जम्मा गरिएको हो भन्ने उनीहरुको धारणा थियो । विद्रोहीहरुले छानीछानीकन राष्ट्रपतिका परिवारसंग सम्बन्धित व्यवसाय, पसल र सम्पत्तिमाथि आक्रमण गरेका थिए । त्यसमा आगो लगाएका र लूटपाट मच्चाएका थिए ।

वैशाख ३१ गतेको दिन युवा विद्रोहीहरुले राष्ट्रपति सुहार्तोकी छोरी तुतुतको जाकार्तास्थित सडककर उठाउने अफिसमा आगो लगाइदिए । बाटोमा भेटेजति साइत्रा ट्याक्सीमा पनि उनीहरुले आगो लगाइदिए । किनकि, साइत्रा ट्याक्सी तुतुतले संचालन गरेकी थिइन् । सुहार्तोका छोरा बाम्बाङ त्रिहातमोजोको एउटा कार कम्पनी थियो- विमन्तरा सित्रा नाम गरेको । विद्रोहीहरुले त्यसको शो रुमबाट आठ वटा नयाँ नयाँ कार बाहिर सडकमा निकाले र त्यसमा आगो लगाईदिए । शो रुममा विद्रोहीहरुले लेखेर टाँसे, "तँ यसको योग्य छस्, किनकि तँ साह्रै लोभी छस् !"

सुहार्तोका कान्छा छोरा टम्मीले चलाएको टिमोर कार र त्यसका शो रुम तथा डिलर पसलहरुमा पनि युवा विद्रोहीहरुले आगो लगाइदिए र बेस्सरी लूटपाट गरे । तर त्यो कारको डिलर रहेको घरबाहेक विद्रोहीहरुले अरु घरहरुमा पटक्कै छोएनन् ।

किन टिमोर कारमा आक्रमण गरियो त ? भन्ने प्रश्न सम्वाददाताहरुले गर्दा पूर्वी जाकार्तामा ट्री नाम गरेका एकजना १७ वर्षीय प्राविधिक माध्यमिक विद्यालयमा पढ्ने युवा विद्रोहीले जवाफ दिए- 'किनकि टिमोरको मालिक टम्मी हो र टम्मी साह्रै लोभी छ ।'

सडकमा गुडिरहेका टिमोर कारहरु कसरी जलाइयो भन्ने बारेमा ट्री सम्झना गरेर भन्छन्, "उनीहरुले कारका ड्राइभरहरुलाई कारबाट बाहिर ताने, कारलाई सडकको बीचमा पल्टाइदिए, अनि चुहिन लागेको पेट्रोलमा आगो लगाइदिए । सडकमा अरु पनि कारहरु गुडिरहेका थिए तर त्यसलाई विद्रोहीहरुले छोएनन् । हँ, चिनियाँहरुले चलाएको कार चाहिं उनीहरुले जलाईदिए ।"

जाकार्ताको विद्रोहमा सुहार्तोका मित्र ठानिएका धनाढ्य चिनियाँहरुको सम्पत्ति पनि निकै धेरै आक्रोशको शिकार बन्यो । इण्डोनेशियाका सबभन्दा धनी व्यक्ति लिम-सिओ-लियोङको घरमा विद्रोहीहरुले भयंकर आक्रमण गरे । विद्रोहीहरुले उनको घरको गेट तोडे, कम्पाउण्डमा रहेको भोल्वो, मर्सेडिज बेन्ज र सुजुकी कम्पनीका ५ वटा गाडीहरुमा आगो लगाए र घरमा रहेका सारा राम्रा राम्रा विलासिताका सामानहरु लुटे, त्यसपछि पूरै घर आगो लगाएर खरानी पारे । त्यतिखेर लिम घरमा थिएनन् र उनी बचे । उनी सुहार्तोका घनिष्ट मित्र र सल्लाहकार मानिन्थे । सुहार्तोकै आशिर्वादमा उनी त्यति धनी भएका थिए ।

विद्रोहीहरुले जाकार्ताको ग्लोडोकस्थित चाइना टाउनमा निक्कै ठूलो लूटपाट मच्चाए । युवाहरु, गृहिणीहरु र बच्चाहरुले बलिरहेको चारतले भवनमा पसेर त्यहाँबाट टेलिभिजन, भि.सी.आर. जस्ता कैयन इलेक्ट्रोनिक सामानहरु लुटेर लगे । कैयन विद्रोहीहरु त बाहिर निस्कन नसकेर भित्रै जलेर मरे । यसरी जलेर लगभग ५०० जना जति विद्रोहीहरु मरे । विद्रोहीहरुले चिनियाँ नाइट क्लबहरु पनि जलाईदिए । मार्टेल क्लब नाम गरेको विशाल नाइट क्लबमा र अन्य क्लबहरुमा त यसरी आगो लगाउँदा १५ जना चाइनिजहरु जिउँदै जलेर मरे ।

विद्रोहीहरुको चिनियाँहरुप्रतिको आक्रोश किन तीव्र भएको थियो भने, इण्डोनेशियाको कूल जनसंख्यामा चिनियाँहरु ३.५ प्रतिशत मात्र थिए, तर उनीहरुले इण्डोनेशियाली अर्थतन्त्रको दुई तिहाईभन्दा ज्यादा भागमा नियन्त्रण गरिरहेका थिए । र, उनीहरु सुहार्तो परिवारका विश्वासपात्र कहलाइन्थे । गरीब इण्डोनेशियालीहरुको मन मस्तिष्कमा चिनियाहरुप्रति निक्कै ठूलो द्वेषको भावना थियो, यद्यपि तेह्रौं शताब्दीदेखि नै चिनियाँहरु त्यहाँ बसोबास गर्दै आइरहेका थिए ।

विद्रोहीहरुको आक्रमणको तारो सुहार्तो परिवारको सम्पत्ति भइरहेको थियो, किनकि सुहार्तो परिवारले गएको ३२ वर्षमा भ्रष्टाचारबाट निक्कै ठूलो धन-सम्पत्ति जोडजाम गरेको थियो । एक्लो सुहार्तो परिवारसित इण्डोनेशियाको कूल अर्थतन्त्रको १५ प्रतिशत बराबरको सरसम्पत्ति थुप्रिएको थियो । लगभग ४० अरब डलर बराबरको सम्पत्ति थियो उनीहरुसंग ।

यही आक्रोशमा विद्रोहीहरुले जाकार्तास्थित बैंक सेन्ट्रल एशियाका अनेकौं शाखाहरुमा पनि आक्रमण गरे, किनकि, यो बैंकमा सुहार्तोका अनन्य मित्र सबभन्दा धनाढ्य लियम सिओ- लिओङ र सुहार्तोका ३ जना छोराछोरीहरुको शेयर थियो । उनीहरुले सामाजिक मामिला सम्बन्धी मन्त्रालयमा पनि आगो लगाइदिए । किनकि, त्यहाँ सुहार्तोकी छोरी सिती हर्दियन्त्री रुकमना अर्थात् तुतुत मन्त्रीका रुपमा थिइन् ।

अहिले इण्डोनेशियामा जनविद्रोह त थामथुम भएको छ, तर आन्दोलनकारी विद्यार्थीहरु र आम जनताहरु सुहार्तो परिवारको सम्पत्ति जाँच गर्नुपर्ने र उनको नाजायज सम्पत्ति राष्ट्रीयकरण गर्नुपर्ने माग गर्दैछन् । शहरहरुमा स-साना केटाकेटीहरु फोटोकपी गरिएका त्यस्ता पर्चाहरु बेचिरहेका भेटिन्छन्, जसमा सुहार्तो परिवारको नियन्त्रणमा रहेको सम्पूर्ण उद्योग व्यवसायको विस्तुत सूची छ । एकप्रतिको १० सेन्ट पर्ने त्यस सूचीमा खुलाइएअनुसार- तेल, ग्यास, होटेल, दूर संचार, रसायनहरु, पत्रपत्रिका, निर्माण, उद्योग, पामआयल, टिम्बर, सडक निर्माण र विद्युत क्षेत्रका उद्योग व्यवसायहरुमा सुहार्तो परिवारका अनेकौं कम्पनीहरु रहेका छन् । सम्पत्ति जाँचको मागले गर्दा यी कम्पनीहरुमा अहिले भुईँचालो गएको छ ।

> शहरहरुमा स-साना केटाकेटीहरु फोटोकपी गरिएका त्यस्ता पर्चाहरु बेचिरहेका भेटिन्छन्, जसमा सुहार्तो परिवारको नियन्त्रणमा रहेको सम्पूर्ण उद्योग व्यवसायको विस्तृत सूची छ ।

व्यापक जनदवाबको कारण र अन्तर्राष्ट्रिय मुद्राकोषको समेत दवाबको कारण सुहार्तोका माहिला छोरा बाङबाङ त्रिहातमोजो र सुहार्तोका ज्वाईँले इण्डोनेशियाको सबभन्दा ठूलो संयुक्त कम्पनी विमन्तरा सित्राको प्रमुख पदबाट राजिनामा दिएका छन् । यो संयुक्त कम्पनी अन्तर्गत, दूर संचार, मेडिया, रसायन र गाडीहरुको उत्पादन जस्ता उद्योग व्यवसायहरु रहेका छन् । सुहार्तोका छोराछोरीहरु र सुहार्तोका मित्र महा धनाढ्य लियमको शेयर भएको बैंक, बैंक सेन्ट्रल एशियामा त्यसको हिसाब जाँचबुझ गर्न सरकारले त्यसलाई आफ्नो नियन्त्रणमा लिएको छ ।

त्यहाँको सरकारी तेल कम्पनी पर्तामिनाले त्यस्ता १२० वटा फर्महरु पत्ता लगाएको छ, जसमा सुहार्तोका छोराछोरीहरुको ठेकेदारी छ । सरकारी अधिकारीहरुले अब तीमध्ये धेरै ठेकेदारीहरु रद्द गर्ने घोषणा गरेको छ ।

सहकारी मन्त्री अदि सार्सोनोले ल्वाङमाथिको एकाधिकारबारे जाँचबुझ गर्ने आदेश दिएका छन् । यतिञ्जेल ल्वाङमाथिको एकाधिकार सुहार्तोका कान्छा छोरा हुतोमो 'टम्मी' को हातमा रहीआएको थियो ।

सुहार्तोको सम्पूर्ण सम्पत्तिको पूरा जाँचबुझ गर्न वर्षौं लाग्न सक्छ, किनकि उनको सम्पत्ति इण्डोनेशियाको सीमाभित्र मात्र सीमित छैन । पूँजीवादी विश्वका कैयन ठूला बैंकहरुमा उनको गोप्य खाता भएको बताइन्छ र उनको कैयन उद्योग व्यवसायमा शेयर समेत छ । यस्तो सम्पत्तिको जाँचबुझ गर्न सार्वजनिक सम्पत्ति नागरिक सरोकार समाज गठन भएको छ, जसमा थुप्रै सरकार विरोधी व्यक्तिहरु छन् । ❑

## इण्डोनेशियाको आर्थिक दुर्दशा

| | |
|---|---|
| कुल विदेशी मुद्राको संचिती, फरवरी १९९८ मा | १५.५ अरब डलर |
| सरकारी क्षेत्रको कुल वैदेशिक ऋण | २०० अरब अमेरिकी डलर करीब |
| निजी क्षेत्रको डुबाउ विदेशी ऋण | ८० अरब अमेरिकी डलर |
| गत ९ महिनामा भागेको विदेशी पूँजी | ४० अरब अमेरिकी डलर |

### कुल गार्हस्थ्य उत्पादन वृद्धि दरः

| | |
|---|---|
| पोहोर जुलाई, १९९७ सम्म | ६.६ प्रतिशत |
| अप्रिल १९९८ मा पुग्दा | ७.४ प्रतिशत |
| यो वर्षको अन्तसम्ममा, अनुमान | १५.० प्रतिशत |
| १९९६ मा | ७.७ प्रतिशत |
| १९९७ मा | १० प्रतिशत |
| बेरोजगार जनसंख्या | ४५.७६ प्रतिशत |
| बैंकको छोटो अवधिको ऋणको व्याजदर | ४५.७६ प्रतिशत |
| उपभोक्ता मूल्य वृद्धिदर, अप्रिल १९९८ मा | ४५ प्रतिशत |

स्रोत: *The Economist* का विभिन्न अंकहरू

तत्वले गर्दा सुहार्तोको तानाशाही टिक्न सकिरहेको थियोः **पहिलो**, आफ्ना विरोधीहरूको निर्मम हत्या र दमन। **दोस्रो**, विदेशी ऋण र लगानीको ओइरो र त्यसकै आधारमा जनताको जीवनस्तरमा वृद्धि। **तेस्रो**, उनले जे जस्तो गरे पनि पूँजीवादी विश्वबाट उनलाई मिलिरहेको समर्थन।

यसपालि कस्तो संयोग जुट्यो भने, यी तीनै कारक तत्वहरू उनको अनुकुलताको सीमाबाट बाहिर गए। र, यो स्थिति पोहर जुलाई महिनादेखि शुरू भएको इण्डोनेशियाको गम्भीर वित्तीय संकटले पैदा गऱ्यो।

वित्तीय संकटले गर्दा इण्डोनेशियाली मुद्रा रूपिआको डलरसितको मूल्यमा गएको दश महिनामा ८० प्रतिशत गिरावट आयो। एक डलर बराबरी पोहर जुलाईसम्म २४०० रूपिआ थियो। तर त्यो गत मेमा पाँच गुणा बढेर एक डलर बराबरी १२००० रूपिआ पुग्यो। यति भयानक मुद्रास्फितिले गर्दा इण्डोनेशियाली नागरिकहरूको प्रतिव्यक्ति आयमा अत्यन्त ठूलो गिरावट आयो। पोहरसम्म उनीहरूको प्रति व्यक्ति आय १२०० अमेरिकी डलर थियो। तर यसपालि यो ३०० डलरमा झर्न पुग्यो। यसको परिणामस्वरूप, इण्डोनेशियाली जनताको गरीबी अकल्पनीय रूपले बढ्यो। २० करोड जनसंख्या भएको इण्डोनेशियामा १५ प्रतिशत मानिसहरू पहिले नै गरीबीका रेखामुनि थिए। मुद्रा संकटले थप ३ करोड मानिसहरू रातारात गरीब हुन पुगे। उनीहरूको क्रयशक्ति यति घट्यो कि, उनीहरू आफूलाई चाहिने दैनिक आवश्यकताका वस्तुहरू किन्न सक्ने स्थितिमै रहेनन्।

यति नै बेला वित्तीय रूपले टाट पल्टन लागेको इण्डोनेशियालाई त्यसो हुनबाट बचाउन उसले अन्तर्राष्ट्रिय मुद्रा कोषबाट ४३ अरब डलरको बचाउ-थैली सापटी लिनु पर्ने खण्ड आयो। तर यो सापटीको निम्ति मुद्रा कोषले अनेकौं ज्यानमारा शर्तहरू लाद्यो। त्यसको शर्त मुताबिक इण्डोनेशियाले जनतालाई अति आवश्यक वस्तु र सेवाहरूमा दिई आएको अनुदान रोक्का गर्नुपर्ने भयो। फलस्वरूप; विजुली, पेट्रोलियम पदार्थ, बस र रेलभाडा आदिको मूल्यमा भयंकर बृद्धि गर्नुपर्ने भयो। पैसा सापटी पाउन सुहार्तो सरकारले ती ज्यानमारा शर्तहरू मान्यो। यसको फलस्वरूप; खाद्यान्न, खानेतेल, दूध र ओखती जस्ता अति आवश्यक वस्तुहरूमा ५०-३०० प्रतिशतसम्म मूल्यबृद्धि भयो। यही वैशाख महिनाको अन्तिम हप्तामा मात्रै पेट्रोलको भाउमा ७१ प्रतिशत वृद्धि गरियो। बसभाडामा ६७ प्रतिशत र मट्टितेलमा २५ प्रतिशत, विजुलीको महशुलमा २० प्रतिशत वृद्धि गरियो र आगमी ३-५ महिनाभित्र थप २०/२० प्रतिशत महशूल दरमा वृद्धि गर्ने घोषणा गरियो।

उत्तिकै गरीबीले थिलथिलो भएका जनतालाई यो अकल्पनीय महंगीले जीवन-मरणको दोसाँधमा धकेल्यो। त्यसमाथि थप, यति नै बेला भारी मात्रामा डुबाउ-ऋणको बोझ र विदेशी लगानीको पलायनले गर्दा हजारौं उद्योग व्यवसायहरू टाट पल्टिए वा बन्द भए। यसले करोडौं मानिसहरू तुरून्तै बेरोजगार भए। पोहर १९९६ सम्म इण्डोनेशियाको बेरोजगारी दर ७.७ प्रतिशत थियो। १९९७ को अन्तमा पुग्दा त्यो एक्कासी उकालो लागेर १० प्रतिशत हुन पुग्यो। अझ, यो वर्षको अन्तसम्ममा थप १ करोड ८० लाख मानिसहरू बेरोजगार हुने अनुमान गरिएको छ।

यसरी भयावह गरीबी, अति चर्को महँगी र करोडौं जनताको बेरोजगारी एकै ठाउँमा गुजुल्टिएपछि सिंगै इण्डोनेशियाका बहुसंख्यक जनताहरू जीवन रक्षाको लागि सडकमा उत्रिए। यस अघिसम्म जनताको एउटा हिस्सा विरोधमा उत्रन्थ्यो र सुहार्तोले तिनीहरूमाथि दमन गरेर आफ्नो सत्ता टिकाउँथ्यो। तर अब त जनताको सम्पूर्ण पंक्ति नै सडकमा उत्रेपछि उसले दमन गर्ने कसलाई ?

इण्डोनेशियाको आर्थिक वृद्धि १९६५ देखि १९९५ सम्म वार्षिक सरदर ७ प्रतिशतका दरले हुँदैआएको थियो। इण्डोनेशियाको कुल गार्हस्थ उत्पादन सन् १९६५ मा लगभग ४ अरब डलर थियो। तर १९९५ मा पुग्दा त्यो बढेर १९८ अरब डलर हुन पुगेको थियो। सुहार्तोको शासन कालमा उद्योग व्यवसायमा व्यापक बृद्धिले गर्दा जनताको प्रति व्यक्ति आयमा निकै ठूलो वृद्धि भएको थियो। इण्डोनेशियाको यो आर्थिक वृद्धिलाई विश्वभरि नै 'चमत्कार अर्थतन्त्र'को रूपमा लिन लागिएको थियो।

तर पोहर गम्भीर वित्तीय संकटको भुमरीमा इण्डोनेशिया फँसेपछि बल्ल संसारलाई थाहा भयो- इण्डोनेशियाको त्यो चमत्कारपूर्ण आर्थिक बृद्धिको रहस्य के रहेछ भनेर। वास्तवमा, इण्डोनेशियाको आफ्नै बूता र संस्थागत क्षमता विकसित हुनुको कारणले त्यो आर्थिक वृद्धि भएको होइन रहेछ। निकै ठूलो मात्रामा विदेशी ऋण र लगानी ओइरिनुको कारणले मात्र त्यस्तो आर्थिक बृद्धि हुन सकेको रहेछ। पोहर वित्तीय संकट सम्हालीनसक्नु भएपछि र इण्डोनेशियाली मुद्राको डलरसितको मूल्यमा ठूलो ह्रास आएपछाडि ८/९ महिनाको अवधिमा ४० अरब डलर बराबरको विदेशी लगानी त्यहाँबाट अन्यत्र पलायन भयो। यो पलायन हुने वित्तिकै इण्डोनेशियाली अर्थतन्त्र तुरून्तै टाट पल्टने स्थितिमा पुग्यो। के थाहा लाग्यो भने,




**जाकार्तास्थित म्याकडोनाल्ड नामक अमेरिकी बहुराष्ट्रिय कम्पनीमा विद्रोहीहरूले लुटपाट गर्दाको दृश्य**

**एक डलर बराबरी पोहर जुलाईसम्म २४०० रुपिआ थियो। तर त्यो गत मेमा पाँच गुणा बढेर एक डलर बराबरी १२००० रुपिआ पुग्यो।**

### किन द्वेषवश चिनियाँहरुको घर पसल जलाइयो ?


इण्डोनेशियाको
कुल जनसंख्या २० करोड
चिनियाँ मूलका
मानिसहरूको संख्या ७० लाख करीब
कुल जनसंख्यामा
चिनियाँहरू ३.५ प्रतिशत
निजी क्षेत्रका उद्योग व्यवसायमध्ये चिनियाँहरूको हातमा भएका उद्योग व्यवसायहरू ७० प्रतिशत
इण्डोनेशियाका सबैभन्दा ठूला ३०० वटा कम्पनीमध्ये चिनियाँहरूको हातमा भएका कम्पनीहरू ८० प्रतिशत
स्रोत: *Newsweek*, जुन १, १९९८

इण्डोनेशियामा निजी क्षेत्रले विदेशी बैंक र लगानीकर्ताहरूबाट लिएको, तर लगानी डुबेकाले गर्दा तिर्न असंभव ऋण मात्रै ८० अरब डलर रहेछ । अनि, सरकारले लिएको विदेशी ऋण त लगभग २०० अरब डलर अर्थात् १२८ खरब नेपाली रूपैयाँ रहेछ । तर इण्डोनेशियाको भण्डारमा विदेशी मुद्राको संचिति भने १५.५ अरब डलर मात्र रहेछ । यहाँ तिरी नसक्नुको अपार विदेशी ऋण र विदेशी पूँजीको पलायनले गर्दा इण्डोनेशियामा गम्भीर वित्तीय सकट सिर्जना भएको रहेछ ।

विदेशी ऋणदाताहरूले दिएको ऋण माग्न थालेपछि र इण्डोनेशियाको त्यो ऋण तिर्ने क्षमता नरहेपछि त्यहाँ बैंक र उद्योग व्यवसायहरू भटाभट टाट पल्टिएर बन्द हुन थाले । सरकारसित जनताको जीवनस्तर उठाउनको लागि पैसा खर्च गर्ने क्षमता त टाढैको कुरा रह्यो, जनताको खाना, स्वास्थ्य र शिक्षा जस्तो अपरिहार्य कुरामा खर्च गर्ने पैसा समेत रहेन । सरकारले ऋण तिर्न सक्ने हुनको लागि पनि विदेशीसंग ऋण लिनुपर्ने स्थिति पैदा भयो । अन्तर्राष्ट्रिय मुद्रा कोषसित लिन लागिएको ऋण ठीक त्यस्तै ऋण थियो । यसो भएपछि जनताको आयस्तर बढ्नुको सट्टा घट्न थाल्यो, जनताको गरीबी अचाक्ली चुलिन थाल्यो, महंगी र बेरोजगारी अक्कासिन थाल्यो र सुहार्तो सरकार एकाएक सबैभन्दा अलोकप्रिय संकटग्रस्त सरकारमा बदलियो ।

इण्डोनेशियामा कम्युनिष्टहरू निकै लोकप्रिय र शक्तिशाली थिए, १९६० को दशकको शुरूमा । सत्तारूढ नभएका कम्युनिष्ट पार्टीहरूमध्ये एशियाकै सबैभन्दा ठूलो र शक्तिशाली पार्टी भएको थियो इ.क.पा. । ३० लाख सदस्यता थियो यो पार्टीको ।

इण्डोनेशियाका राष्ट्रवादी प्रथम राष्ट्रपति सुकार्नो पनि त्यतिखेर निकै लोकप्रिय थिए। कम्युनिष्टहरू र सुकार्नोको सहकार्य चलिरहेको थियो त्यतिखेर । यी दुवै शक्ति पश्चिमेली





डिपार्टमेन्टल स्टोरको लुटपाट (माथि) र
सैनिकहरुलाई आफू विजयी भएको संकेत गर्दै विद्रोही विद्यार्थीहरु (तल)

**इण्डोनेशियामा कम्युनिष्टहरू निकै लोकप्रिय र शक्तिशाली थिए, १९६० को दशकको शुरूमा ३० लाख सदस्यता थियो यो पार्टीको ।**

पूँजीवादी विश्वको लागि आँखाको कसिंगर भइरहेका थिए । उनीहरूलाई सिध्याउनको लागि पूँजीवादी विश्वको लागि सेनामा राम्रो पकड भएको एकजना खुंखार सैनिक जनरलको आवश्यकता भइरहेको थियो । त्यही आवश्यकता त्यतिखेर जनरल सुहार्तोले पूरा गरेको हुनाले उनलाई सत्तामा ल्याइयो र उनले गरेका हरेक तानाशाही दमनहरूलाई पश्चिमेली विश्वले आँखा चिम्लेर समर्थन गरिरह्यो ।

तर १९९७ मा पुग्दा तिनै तानाशाह सुहार्तो पूँजीवादी विश्वको लागि समस्या साबित भए । यस्तो किन भयो भने, पश्चिमेली विश्वका ठूला ठूला बैंकहरूको लगानी इण्डोनेशिया नराम्ररी डुब्नुको मुख्य कारण सुहार्तो परिवारको भ्रष्टाचार, तानाशाही र नातावाद थियो । तानाशाही सुहार्तो सरकार र सुहार्तो परिवारको सोर्सफोर्सको आधारमा जथाभावी ठाउँमा जथाभावी मान्छेलाई ऋण सापटी दिएको हुनाले नै पश्चिमाली विश्वको अरबौं डलरको थैली इण्डोनेशियामा डुब्न पुगेको थियो । यसरी डुबेको इण्डोनेशियाको बैंकिङ्ग ऋण कुल बैंकिङ्ग ऋणको १६ प्रतिशतभन्दा पनि ज्यादा थियो । इण्डोनेशियामा ऋण लगानी गर्ने मुख्य मुलुकहरू जापान, यूरोपेली समुदाय र अमेरिका थिए । सत्तामा सुहार्तो र सुहार्तो परिवारको बलियो पकड र निरंकुशतन्त्र भइरहेसम्म उनीहरूको लगानी चुक्ता हुने कुनै स्थिति नै थिएन, न त त्यहाँ कुनै नयाँ लगानी गरेर फाइदा हुने कुरामै विश्वास गर्न सकिन्थ्यो । किनभने, इण्डोनेशियामा सबैजसो मुख्य उद्योग र व्यवसायमा सुहार्तो परिवार र उनका आफन्तहरूको एकाधिकार थियो । एक्लो सुहार्तो परिवारको भ्रष्टाचारद्वारा आर्जित कुल सम्पत्ति मात्रै ४० अरब डलर थियो । यो सम्पत्ति ३२ वर्षको भ्रष्टाचारको परिणाम थियो । यो भ्रष्टाचार मूलत: विदेशी ऋण र लगानीमै गरिएको स्वत: स्पष्ट थियो ।

त्यसैले, पहिले वरदान ठहरिएका तानाशाह सुहार्तो अहिले आएर पूँजीवादी विश्वको लागि श्राप साबित भइरहेका थिए । उनले इण्डोनेशियामा विकास

### जाकार्ता विद्रोहमा कति विध्वंश भयो ?

विध्वंश भएका भवनहरू ४,९४० वटा
घरहरू १,०२६ वटा
चर्चहरू २ वटा
कारहरू १,१२० वटा
मोटरसाइकलहरू ८२० वटा
ट्राफिक बत्तीहरू ५२० वटा
स्रोत: Newsweek, जुन १, १९९८

गरेको पूँजीवादलाई 'आफन्त पूँजीवाद' भनेर बदनाम गर्न थालिएको थियो । अन्तर्राष्ट्रिय मुद्राकोषले दिन खोजेको ४३ अरब डलरको ऋण-थैलीको एउटा शर्त थियो- जुन जुन उद्योग व्यवसायमा सुहार्तो परिवार र आफन्तहरूको एकाधिकार थियो, ती सबै एकाधिकारहरूको अन्त हुनु पर्छ । सुहार्तोले यही शर्त मान्नको लागि सबभन्दा ज्यादा आनाकानी गरेका थिए । इण्डोनेशियाली सत्तामा सुहार्तोको आधिपत्य भएसम्म यो एकाधिकार खत्तम गर्नु सम्भव थिएन । त्यसैले पनि जापान, यूरोप र अमेरिकाको लागि सुहार्तोको तानाशाही शासन अन्त गर्नु जरूरी भएको थियो । त्यहाँ पूँजीवादी सुधार गर्नु जरूरी भएको थियो । नत्र आफ्नो स्वार्थ पूर्ति हुन्जेल सुहार्तोको तानाशाही पनि उनीहरूलाई स्वागतयोग्य भइरहेको थियो । उनीहरू सुहार्तोको तानाशाहीलाई 'कल्याणकारी तानाशाही' भनेर बेहद प्रंशसा गरिरहेका थिए ।

सुहार्तोको निरंकुश शासन सत्ताको एउटा मूल खम्भा थियो- इण्डोनेशियाको सेना । यही सेनाको भरमा उनले जनताको

**पछि हटिरहेका विद्यार्थीहरुमाथि उनीहरुले एकजना गुप्तचरलाई पिट्न थालेपछि सशस्त्र सेनाका जवानहरुले जथाभावी ताकीताकी गोली हानेर ६ जना विद्यार्थीहरुलाई घटनास्थलमै मारिदिए ।**

प्रत्येक विरोध र संघर्षलाई दमन गरिरहेका थिए । चाहे पूर्वी टिमोरका जनताको स्वतन्त्रताको माग होस्, अथवा इरियन जाया र उत्तरी सुमात्राको जनताको विद्रोह, चाहे जावाका जनताको संघर्ष होस् वा मेघावती सुकार्नो पुत्रीको पार्टीको हालसालैको उदय । सबैलाई सुहार्तोले सेनाकै भरमा दबाएर निमिट्यान्न पारेका थिए ।

तर यसपालि सुहार्तोमाथि पूँजीवादी विश्वको समर्थन हटेपछि सेनामा पनि फाटो आयो । सेनाका अति शक्तिशाली प्रधान सेनापति तथा रक्षामन्त्री जनरल विराण्टो नै सुहार्तोलाई बचाउने पक्षमा रहेनन् । उनले र सुहार्तोको रिसको शिकार हुनेहरूले चलाखीपूर्वक दोहरो भूमिका खेले- भित्रभित्रै विद्रोहीहरूलाई समर्थन, बाहिर बाहिर सुहार्तोप्रतिको भक्तिभाव । सेनाका अरू अधिकांश जनरलहरू पनि यस पल्ट सुहार्तोले राजिनामा गर्नु पर्छ भन्ने पक्षमा गए । जाकार्ताको रणनीतिक रिजर्भका कमाण्डर तथा सुहार्तोकै आफ्नै ज्वाइँ प्रावाओ सुमियान्तो मात्रै स्पष्टतः सुहार्तोको राष्ट्रपतित्वको पक्षमा रहे । जुन राज्ययन्त्रको सहायताले सुहार्तो सत्तामा लगातार तीन दशकसम्म टिकिरहेका थिए, त्यही सेना नै यसपल्ट उनको राष्ट्रपतित्वको निरन्तरताको पक्षमा नभएपछि पहिले पहिले जस्तै जनविद्रोहको दमनद्वारा उनी यसपल्ट सत्तामा टिकिरहने परिस्थिति रहेन । उनी चारैतिरबाट एक्लो भए । यही एक्लोपन उनको पतनको लागि मुख्य पृष्ठभूमि बन्यो ।

## पतनको अन्तरकथा

अति ज्यादा महंगी र बेरोजगारीको कारणले गएको जनवरी महिनादेखि नै इण्डोनेशियाली जनताहरू विद्रोहमा उत्रन थालिसकेका थिए । पूर्वी जावा, मध्य जावा, सुलावेसी, सुम्बावा र फ्लोरेसबाट यस्तो जनविद्रोहको थालनी भएको थियो । विद्रोहीहरूले विशेषतः सम्पन्न चिनियाँ मूलका इण्डोनेशियालीहरूको पसल लुट्ने काम त्यतिखेर नै थालिसकेका थिए । यसपालि जब वैशाख महिनाको अन्तिम सातामा पेट्रोल, मट्टितेल, बिजुली र बसभाडाको मूल्यमा अन्तर्राष्ट्रिय मुद्राकोषको दवावमा अचाक्ली वृद्धि गरियो, मेदान र राजधानी जाकार्ताबाट विद्यार्थीहरूको आन्दोलन शुरू भयो ।

सुहार्तोको शासनको अन्त गर्ने निर्णायक विद्रोह तब शुरू भयो, जब इण्डोनेशियाको मध्यमवर्गका छोराछोरीहरू अध्ययन गर्ने त्रिशक्ति युनिभर्सिटी अगाडि शान्तिपूर्ण जुलूस प्रदर्शन गरिरहेका निहत्था विद्यार्थीहरूलाई सुहार्तोको सेनाले गोली ठोक्यो । वैशाख २९ गते त्यस विश्वविद्यालयका विद्यार्थीहरू क्याम्पस हाताभन्दा बाहिर जुलुस प्रदर्शन नगर्नू भन्ने सेनाको चेतावनीलाई नाघेर संसद भवनतिर अगाडि बढे । सैनिक जवानहरूले ती विद्यार्थीहरूलाई संसद भवनको गेटमा पस्न नदिएर पछाडि हट्न बाध्य गरे । तर पछि हटिरहेका विद्यार्थीहरूमाथि उनीहरूले एकजना गुप्तचरलाई पिट्न थालेपछि सशस्त्र सेनाका जवानहरूले जथाभावी ताकीताकी गोली हानेर ६ जना विद्यार्थीहरूलाई घटनास्थलमै मारिदिए । नृशंस हत्याको यो घटनाले इण्डोनेशियाको जन आन्दोलनको सम्पूर्ण ऐतिहासिक घटनाक्रमलाई पूरापूर बदलिदियो ।

यस घटनाले इण्डोनेशियामा प्रभावशाली स्थान राख्ने मध्यम वर्ग सुहार्तो शासनको विरूद्ध खडा भयो ।

यस घटनाले इण्डोनेशियाको शासक वर्गमा पनि फूट पैदा भयो । सेना र संसद, जो यस अघिसम्म सुहार्तोको शासनलाई जोगाउने पक्षमा थिए, त्यो यस घटनाबाट सुहार्तोको राजिनामाको पक्षमा गयो । अब सुहार्तोको राजिनामाको माग विद्यार्थीको मात्र होइन, सम्पूर्ण जनताको माग हुन पुग्यो ।

त्रिशक्ति विश्वविद्यालय काण्ड पछाडि राजधानी जाकार्तामा जनविद्रोहको प्रचण्ड लहर उर्लियो । घटनाको भोलिपल्ट विद्यार्थीहरू त सडकमा निस्केनन्, शहीदहरूको शोक मनाउन विश्वविद्यालय हातामै सीमित भए । तर हजारौं युवाहरू र गल्लीका गरीबहरू सडकमा निस्के । उनीहरूले सडकमा आगो बालेर ब्यारिकेड खडा गरे, छानी छानीकन सुहार्तो परिवारका र उनका घनिष्ट मित्रहरूको घर, पसल र गाडीहरू जलाउन थाले र लुटपाट मचाउन थाले । वैशाख ३१ गतेको दिन जनताको आक्रोशले अरू भयंकर रूप लियो । राष्ट्रपति सुहार्तो त्यतिखेर इजिप्टको राजधानी कायरोमा थिए । विद्रोहको खबर पाएर उनी हत्तनपत्त आफ्नो भ्रमण छोट्याएर जाकार्ता फर्के । तर उनी फर्कँदा राजधानी जाकार्ता आगोमा जलिरहेको थियो ।

११८० भन्दा ज्यादा विद्रोहीहरूको ज्यान गइसकेको थियो । ४००० पसलहरू जलाइएका वा लुटिएर ध्वस्त गरिएका थिए । १०२६ घरहरू ध्वस्त गरिएका वा जलाइएका थिए र ३८३ वटा अफिस भवनहरू ध्वस्त गरिएका वा जलाइएका थिए । धेरैजसो घरहरू उनका छोरा र छोरीहरूका, आफन्तहरूका र चिनियाँ मूलका उनका मित्र पूँजीपतिहरूका थिए । उनीहरूका झण्डै ११०० वटा गाडीहरू जलाइसकिएका थिए ।

भयभीत तानाशाह सुहार्तोले जाकार्ता फर्कने बित्तिकै तुरून्तै पेट्रोलियम पदार्थको बसभाडाको मूल्यमा भारी वृद्धि गर्ने आफ्नो घोषणालाई फिर्ता लिए । तर जनविद्रोह पटक्कै शान्त भएन । जेठ ४ गते उनी अत्यन्त आश्चर्यचकित भए, जब उनकै अत्यन्त विश्वासपात्र र उनैले नियुक्त गरेका संसदका सभामुख हार्मोन्कोले संसदका चारैवटा समूहहरूको सामूहिक सहमतिको रूपमा राष्ट्रपति सुहार्तोको तुरून्तै राजिनामाको माग गरे । वास्तवमा, यो अप्रत्याशित माग राजिनामाको पर्चा दिन संसद भवनमा सेनाको सहयोगमा भएको विद्यार्थीहरू, भूतपूर्व फौजी जनरलहरू र सांसदहरूको संयुक्त छलफलको उपज थियो । अब संसद भवन आन्दोलनकारी विद्यार्थीहरूको कब्जामा गइसकेको थियो र सेना विद्यार्थीहरूलाई त्यहाँबाट हटाउन मानिरहेको थिएन । प्रधान सेनापति विराण्टो स्वयं आन्दोलनकारी विद्यार्थीहरू संसद भवनमा बसिरहून् र त्यहाँबाट राष्ट्रपतिको राजिनामाको लागि सशक्त दवाब दिइरहून् भन्ने पक्षमा देखिए ।

जेठ ५ गते सेनाका प्रमुख जनरलहरूको दवाबमा राष्ट्रपति सुहार्तोले ९ जना नेतृत्वदायी मुस्लिम नेताहरू र केही प्रतिष्ठित बुद्धिजीवीहरूको प्रतिनिधिमण्डललाई भेटे । उनीहरूले पनि सुहार्तोसित राजिनामाकै माग गरे । यसको प्रत्युत्तरमा तानाशाह सुहार्तोले त्यही दिन टेलिभिजनबाट घोषणा गरे कि, उनले छिट्टै संसदको पुनः निर्वाचन गराउँनेछन्, त्यसपछि बनेको संसदमा उनी राष्ट्रपतिको उम्मेद्‌वार बन्नेछैनन् र यसरी उनी सत्ताबाट हटिदिनेछन् ।

उनले संवैधानिक सुधार परिषदको गठन गर्ने पनि घोषणा गरे, जसले चुनावअघि चुनावी कानूनहरूमा सुधार गर्नका लागि सिफारिश गर्नेछ । तर संसदको निर्वाचन कहिले गर्ने भन्ने कुनै निश्चित तिथिमिति नतोकिएको उनको यो घोषणाले विद्रोहमा उत्रेका जनतालाई अरू ज्यादा आक्रोशित मात्र तुल्यायो । उनको सुधार परिषदमा बस्न कोही पनि तयार भएनन् । बरू क्रुद्ध तीसौं हजारको संख्यामा विद्यार्थीहरू संसद हातामा जम्मा भए । जेठ ६ गतेको दिन उनीहरूले राष्ट्रपतिको राजिनामाको माग गर्दै राजधानीमा अभूतपूर्व जुलूस प्रदर्शन गर्ने घोषणा गरे । सुहार्तो यो जुलूस प्रदर्शनमाथि व्यापक दमन गर्ने पक्षमा



**आफ्नो संघर्षको क्रममा सुहार्तोलाई राजीनामा दिन बाध्य पारेपछि हबीबीको राजीनामा माग गर्दै उत्साहित विद्यार्थीहरु**




**राष्ट्रपति हबीवी: 'बोकेको कुकुरले मृगको शिकार गर्दैन'**

कार्टुन साभारः न्युजवीक

रहे । यसबाट अत्यन्त ठूलो रक्तपात मच्चिने र स्थिति नियन्त्रणभन्दा बाहिर जाने भयले प्रधान सेनापति विराण्टोले त्यो दिन बिहान सबेरैदेखि संसद भवन बाहिर पन्ध्रौं हजारको संख्यामा सेना र ट्यांकहरू तैनाथ गरेर विद्यार्थीहरूलाई संसदको ; ताबाट बाहिर निस्कनबाट रोके । जनविद्रोहका एक नेता अमियन रइसले विद्यार्थीहरूलाई त्यो दिनको विरोध प्रदर्शनको कार्यक्रम रद्द गर्न टेलिभिजनमार्फत् सार्वजनिक आव्हान गरे ।

त्यो दिन जुलूस प्रदर्शन त भएन, तर त्यही दिन एउटा त्यस्तो दवाबकारी घटना घट्यो, जसबाट राष्ट्रपति सुहार्तोले राजिनामा नदिई धेरै पाएनन् ।

दिउँसो सभामुख हार्मोन्को र अरू संसदीय नेताहरूले राष्ट्रपतिलाई भेटेर तुरून्त राजिनामा दिन माग गरे । सुहार्तोले राजिनामा दिन ठाडो इन्कारी गरे । त्यसपछि तुरून्तै यसको प्रतिक्रियामा सत्तारूढ गोलकर पार्टीको बैठक बस्यो र त्यसले राष्ट्रपतिसंग राजिनामा माग्ने मात्रै निर्णय गरेन, राष्ट्रपतिलाई एउटा कडा अल्टिमेटम दिने पनि निर्णय गर्‍यो । अल्टिमेटम के दिइयो भने, सुहार्तोले जेठ ८ गतेभित्र राजिनामा दिई सक्नु पर्नेछ, अन्यथा संसदको विशेष अधिवेशन बोलाइनेछ र उनलाई महाअभियोग लगाएर पदच्यूत गरिनेछ । अल्टिमेटम संगसंगै सुहार्तोका १४ जना मन्त्रीहरूले त्यही दिन राष्ट्रपतिसामु

> **त्यो दिन जुलूस प्रदर्शन त भएन, तर त्यही दिन एउटा त्यस्तो दवाबकारी घटना घट्यो, जसबाट राष्ट्रपति सुहार्तोले राजिनामा नदिई धेरै पाएनन् ।**

राजिनामा दिए । त्यही साँझ प्रधान सेनापति विराण्टोले राष्ट्रपतिलाई भेटेर अब उनको राजिनामा सिवाय कुनै उपाय बाँकी नभएको कुरा स्पष्टतापूर्वक बताए ।

अब सुहार्तो सामु कुनै अर्को विकल्प बाँकी रहेन । उनले प्रधान सेनापतिसित आफ्नो परिवार र सम्पत्तिको सुरक्षाको ग्यारेन्टी मागे । जनरल विराण्टोले ग्यारेण्टीको वचन दिएपछि उनी राजिनामा गर्न तयार भए ।

हतारहतार भोलिपल्ट विहान ९ बजे नै एउटा राजिनामा समारोहको आयोजना गरियो । त्यसमा उनले आफ्नो राजिनामाको घोषणा गरे ।- "मबाट कुनै गल्तीहरू वा कमजोरीहरू भएका छन् भने त्यसमा क्षमा दिन म अनुरोध गर्छु' उनले भने । थरथर हात कमाउँदै उनले आफ्नो स्थानमा उपराष्ट्रपति हबीबी अब उप्रान्त बाँकी चार वर्ष १० महिनाको समयावधिको लागि इण्डोनेशियाको राष्ट्रपति हुने घोषणा गरे । जनरल विराण्टोले त्यही समारोहमा राष्ट्रपतिको परिवारको सुरक्षा हुने घोषणा गरे । यसरी इण्डोनेशियामा सुहार्तोको तीन दशकभन्दा लामो तानाशाही शासनको अन्त भयो ।

## गम्भीर चुनौतीहरु

सुहार्तोको राजिनामापछि ४ दिनदेखि संसद भवन कब्जा गरी बसेका विद्यार्थीहरूले निक्कै ठूलो खुशियाली मनाए । रक्षामन्त्री विराण्टोले भोलिपल्टै सेनाको सहायताले ती विद्यार्थीहरूलाई संसद हाताबाट शान्तिपूर्वक घरघरमा पठाउने सफलता प्राप्त गरे । तर इण्डोनेशियामा नयाँ राष्ट्रपति हबीबीका सामुन्ने गम्भीर चुनौतीहरू सुरसाको मुख बाएर बसेका छन् ।

पहिलो गम्भीर चुनौती त यही भएको छ कि, उनको नेतृत्व क्षमताप्रति न त सेनाको विश्वास देखिन्छ, न जनताकै । जनताको बीचमा उनी बदनाम राष्ट्रपति सुहार्तोकै चम्चाको रूपमा परिचित छन् । यसैले आन्दोलनकारी विद्यार्थीहरू र नेताहरू उनको पनि अविलम्ब राजिनामाको माग गर्दैछन् । सेनामा उनी क्षमताविहीन, भ्रष्ट व्यक्तिको रूपमा परिचित छन् । किनकि, उनी जब इण्डोनेशियाको अनुसन्धान तथा प्रविधि मन्त्री थिए, उनले राष्ट्रपतिमार्फत् दवाब दिन लगाएर सरकारी कोषबाट २ अरब डलर निकासा गरेर अनावश्यक रूपमा इण्डोनेशियाली निजी जेटलाइनर कम्पनी खोल्न लगाएका थिए र वायुसेनाको निम्ति हवाइजहाज र पार्टपूर्जा त्यही उनको पत्नु कम्पनीबाट किन्न सेनालाई उनले बाध्य पारेका थिए । सेना उनीसित के कुरामा पनि क्रुद्ध भएको थियो भने, उनले दवावै दिएर र सेनाका उच्चपदस्थ अधिकारीसंग सोद्धै नसोधिकन जबरजस्ती सेनालाई पूर्वी जर्मनका थोत्रा जल सेनाका १०० वटा जहाजहरू किन्न लगाए । ती जहाजहरू यति थोत्रा निक्लिए कि, त्यसलाई काम चलाउ मर्मत गर्न मात्रै १ अरब डलर थप खर्च लाग्यो । अतः उनी सेनामा भ्रष्ट असक्षम व्यक्तिको रूपमा बदनाम देखिन्छन् ।

त्यसैले, हबीबी इण्डोनेशियामा खालि चुनाव अधिका काम चलाउ अन्तरिम राष्टपति मात्र हुने देखिन्छन् । जन विद्रोहबाट राष्ट्रपति सुहार्तो सत्ताच्यूत भएपनि इण्डोनेशियामा फेरि पनि सैनिक जनरलहरूकै सर्वोपरि हालीमुहाली हुने देखिन्छ । संविधानतः हबीबी नै देशका राष्ट्रपति भए तापनि पर्दा पछाडिका सबैभन्दा शक्तिशाली 'अनौपचारिक राष्ट्रपति' प्रधान सेनापति जनरल विराण्टो नै हुने देखिन्छन् ।

अहिले सम्पूर्ण पूँजीवादी विश्व जनरल विराण्टोको क्षमता र प्रतिभाको अति नै ज्यादा हाइ हाइ गर्दैछ र उनलाई हाइलाइटमा ल्याउने जमर्को गर्दैछ । सेनाको यति ठूलो हालीमुहाली कायम रहने स्थितिमा इण्डोनेशियाको प्रजातान्त्रिक सुधारको प्रक्रिया कसरी स्वस्थतापूर्वक अगाडि बढ्ला, प्रश्नचिन्ह खडा भएको छ ।

त्यहाँ सार्वजनिक रूपमा जनताको पक्षिबाट विकसित भएका नेताहरू खालि दुई जना देखिएका छन् । एकजना, प्रथम

### किन इण्डोनेशियाली जनताहरु विद्रोहमा उत्रे ?

| | |
|---|---|
| पेट्रोलको भाउमा वृद्धि | ७१ प्रतिशत |
| बस भाडामा वृद्धि | ६७ प्रतिशत |
| मट्टीतेलको भाउमा वृद्धि | २५ प्रतिशत |
| खानेतेलको भाउमा वृद्धि | तीन गुणा करीब |
| खानेकुराको भाउमा वृद्धि | ५० देखि ३०० प्रतिशतसम्म |
| मुद्रास्फीति वृद्धि मासिक | ४५ प्रतिशत |
| इण्डोनेशियाली मुद्राको मूल्यमा गिरावट (गएको नौ महिनामा) | ८० प्रतिशत |

स्रोतः *The Economist, London* का विविध अंकहरू



राष्ट्रपति सुकार्नोकी छोरी मेघावती सुकार्नोपुत्री हुन्, जो अहिले इण्डोनेशियाली प्रजातान्त्रिक पार्टीको नेतृका रूपमा छन् । अर्को, अमियन रइस, जो २ करोड ८० लाख सदस्यता भएको मोहमदिया पार्टीका नेताका रूपमा छन् । यी दुवैजनासित राजनीतिको लामो अनुभव छैन । किनकि, इण्डोनेशियामा गएको तीन दशकमा प्रतिपक्ष र भिन्न विचारलाई गतिविधि गर्ने कुनै अवसर नै दिइएन ।

१९९६ को मे महिनामा भएको संसदीय चुनावमा सुकार्नोपुत्री निक्कै लोकप्रिय नेतृ भएर निक्लेकी थिइन् । तर उनको लोकप्रियताबाट भयभीत भएर तानाशाह सुहार्तोले उनको पार्टीको केन्द्रीय कार्यालयमै सशस्त्र आक्रमण गर्न लगाएर उनलाई उम्मेदवार हुनबाट वञ्चित गरे । अहिले इण्डोनेशियाको एउटा गम्भीर समस्या भनेको परिपक्व र अनुभवी नेतृत्वको अभाव हो । पूँजीवादी विश्व अभियान रइसलाई भावी राष्ट्रपतिको सक्षम उम्मेदवारको रूपमा प्रचार गर्दैछ । यसकारणले कि, उनी अमेरिका र पूँजीवादी विश्वका पिठ्ठू देखिन्छन् । त्यहाँ तुलनामा बढी लोकप्रिय राष्ट्रवादी व्यक्तित्व चाहिं सुकार्नोपुत्री देखिन्छन् । तर उनलाई न सेनाले रूचाएको देखिन्छ, न त पश्चिमाली पूँजीवादी विश्वले ।

इण्डोनेशियालाई अहिले घाँटी नै अठ्याइरहेको समस्या भनेको आर्थिक समस्या हो । थौरै तलकुतल पर्नासाथ टापुहरूको यो देश एकाध हप्तामै टाट पल्टने स्थितिमा पुगेको छ । सरकारी क्षेत्र र निजी क्षेत्रको विदेशी ऋणको थैली कूल मिलाएर २८० अरब डलरभन्दा ज्यादा छ । तर त्यो ऋण तिर्ने क्षमता न सरकारी क्षेत्रसित छ, न त निजी क्षेत्रसित छ । अधिकांश इण्डोनेशियाली बैंकहरू खराब ऋणले गर्दा बर्वाद भएका छन् । सबैभन्दा भालुको कन्पट भएको छ- इण्डोनेशियाको लागि अन्तर्राष्ट्रिय मुद्राकोषका शर्तहरू । पश्चिमेली विश्वको ऋण चुक्ता गर्न सक्ने स्थितिमा इण्डोनेशियालाई पुऱ्याउनको लागि उनीहरू मुद्राकोषमार्फत् अहिले ४३ अरब डलर सापटी लिंदैछन् । तर यो पैसा पाउनको लागि इण्डोनेशियाली सरकारले विजुलीको महसूल, पेट्रोलियम पदार्थ, खानेतेल तथा खाद्यान्नको मूल्यमा चर्को वृद्धि गर्नै पर्छ । यो मूल्य वृद्धि गरौं, इण्डोनेशियाली जनता विद्रोहमा उत्रन्छन् । वृद्धि नगरौं, मुद्राकोष एक पैसा दिन तयार छैन । 'नखाऊ भने दिनभरिको शिकार, खाऊ भने कान्छा बाबुको अनुहार' भएको छ मुद्राकोषको सापटी इण्डोनेशियालाई । मुद्राकोषले अहिले भरखरै हप्तादिन भन्दा लामो वार्ता गरेर राष्ट्रपति हवीबीलाई ती वस्तुहरूको मूल्य पुन: बढाउन मन्जूर गराएको छ, यो निर्णय कार्यान्वयनमा लैजानासाथ इण्डोनेशियामा पुन: जनविद्रोह विस्फोट हुने निश्चित छ । यो विद्रोहको आगोको लपेटाले क-कसलाई भष्म पार्ने हो ?- हेर्न बाँकी छ ।

इण्डोनेशियाको अर्को गम्भीर समस्या भएको छ, त्यहाँको महँगी, बेरोजगारी र गरीबी । मासिक सरदर ४५ प्रतिशतका दरले इण्डोनेशियामा महँगी बढिरहेछ । यो महँगीले हरेक महिनामा लाखौंको संख्यामा गरीबहरू बढाइरहेको छ । तर महँगी र यो गरीबीको प्रक्रियालाई रोक्ने कुनै प्रभावकारी कार्यक्रम नयाँ सरकारसित देखिन्न । उता, यति नै बेला हजारौं कारखानाहरू, बैंक र व्यवसायहरू बन्द वा टाट पल्टन पुगेका छन् र यसले लाखौंको संख्यामा थप बेरोजगारहरूको सेना तैयार गर्दैछ । बेरोजगारीले पनि स्वत: गरीबी नै बढाइरहेको छ । यसरी इण्डोनेशियामा महँगी, बेरोजगारी र गरीबीको कहिल्यै नसिद्धिने दुष्चक्र सिर्जना भइरहेको छ । के पूर्वानुमान गर्न सकिन्छ भने, यो दुष्चक्रको परिणामस्वरूप इण्डोनेशियामा जनताको अझ ठूलो विद्रोह सल्कन अवश्यम्भावी छ । यसलाई हबीबी सरकारले कसरी सामना गर्ला ? सुनिश्चितताका साथ कसैले पनि भन्न सक्ने स्थिति छैन ।



इण्डोनेशियाको जनसंख्यामा चिनिया मूलका मानिसहरूको संख्या सिर्फ ३.५ प्रतिशत छ, तर इण्डोनेशियाको निजी क्षेत्रको कुल उद्योग व्यवसायको ७० प्रतिशतमा उनीहरूको नियन्त्रण देखिन्छ । इण्डोनेशियाको खाद्यान्न लगायत अति आवश्यक वस्तुहरूको वितरण प्रणाली हाम्रो यहाँ माडवाडीहरूको हातमा भए जस्तो त्यहाँ यिनै चिनियाँ मूलका व्यापारीहरूका हातमा छ । अति थौरै विदेशी मूलका मान्छेहरूको हातमा देशको अर्थतन्त्रको आधारभूत हिस्सा हुनुको कारणले र चिनियाँ उद्योगी व्यापारीहरूको सुहार्तो परिवारसंग निकै घनिष्ट सम्बन्ध हुनुको कारणले आक्रोशित भएर यसपालिको जनविद्रोहमा विद्रोहीहरूले हजारौं चिनियाँहरूको पसल लुटे, घर र गाडीमा आगो लगाइदिए । ज्यान जोगाउन चिनियाँहरू रातारात इण्डोनेशिया छोडेर अन्यत्र भागेर गए ।

**विश्वभरका तानाशाहहरुले इण्डोनेशियाबाट पाठ सिके हुन्छ- आखिर अमेरिका, युरोप र जापान जस्ता पूँजीवादी मुलुकहरु आफ्नो स्वार्थसिद्धि हुन्जेल मात्र प्रत्येक तानाशाहलाई साथ दिंदा रहेछन् ।**

अहिले इण्डोनेशिया यो भाग्नुको पीडा पनि भोग्दैछ । अहिले त्यहाँ खाद्यान्न र अति आवश्यक वस्तुहरूको हाहाकार छ । चिनियाँहरूले चलाएको पुरानो वितरण प्रणाली भताभुंग भएको छ, सरकारसित कुनै नयाँ वैकल्पिक वितरण प्रणाली पनि देखिन्न । यो चुनौती पनि त्यहाँ अहिले गम्भीर समस्या बनेर खडा भएको छ । चिनियाँहरू त्यहाँ फेरि उनीहरूको व्यापार व्यवसाय सुरक्षित हुनसक्छ भनेर ढुक्क हुन सकेका छैनन् । सरकारसित नयाँ वितरण प्रणाली तत्काल खडा गर्न पैसा नै छैन ।

यी सबै संकटहरूको फलस्वरूप इण्डोनेशियाको अर्थतन्त्र नराम्ररी ओरालो लाग्दैछ । यो वर्ष त्यहाँको कुल गार्हस्थ्य उत्पादन १० देखि १५ प्रतिशले खुम्चने अनुमान छ । इण्डोनेशिया अब देखमा मात्र स्वतन्त्र राष्ट्रको रूपमा छ, त्यसको सार्वभौमसत्ता अन्तर्राष्ट्रिय मुद्राकोषको मुठ्ठीमा पुगिसकेको छ । आफ्नो संकटग्रस्त अर्थतन्त्रलाई बचाउन उसले अब मुद्राकोषको इशारामा उठ भने उठ र बस भने बस गर्नुपर्ने स्थित पैदा भएको छ । बाहिरबाट विदेशी पूँजी ऋण वा लगानीका रूपमा भित्र्याएर मालामाल देश विकास गर्न सकिन्छ भन्ने सपना पाल्ने नेपाली शासकहरूका लागि इण्डोनेशियाको दुर्दशा एउटा जिउँदो जाग्दो उदाहरण भएको छ । तथ्यांकमा जसरी पनि ७/८ प्रतिशत आर्थिक वृद्धि भएको देखिएपछि देशको विकास भएको ठान्नेहरूलाई इण्डोनेशियाले एक्कासी भोग्नु परेको आर्थिक संकट गालामा एउटा बलियो चड्कनसरह भएको छ ।

आफ्नो देशको आन्तरिक संस्थागत क्षमता वृद्धि नगरिकन कोसेलीमा बाहिरबाट आएको विकास कसरी एउटा विन्दुमा पुगेपछि एकाएक गर्ल्यामगुर्लुम ढलेर धरासायी हुँदो रहेछ, त्यो इण्डोनेशियाको घटनाले प्रष्टै देखाएको छ । नेपाल र नेपालजस्ता देशहरूले त्यसबाट पाठ सिक्नु जरूरी छ । विश्वभरका तानाशाहहरूले इण्डोनेशियाबाट पाठ सिके हुन्छ- आखिर अमेरिका, युरोप र जापान जस्ता पूँजीवादी मुलुकहरू आफ्नो स्वार्थसिद्धि हुन्जेल मात्र प्रत्येक तानाशाहलाई साथ दिंदा रहेछन् । आफ्नो स्वार्थमा बाधा आउने बित्तिकै उनीहरू त्यस्ता तानाशाहहरूलाई लासलाई जुम्राहरूले छोडेजस्तै छोड्दा रहेछन्, जसरी सुहार्तोलाई उनीहरूले छोडे ।

इण्डोनेशियाको सामु अहिले दुई वटा बाटाहरू छन्- एउटा, विगतबाट पाठ सिकेर अब मूलत: दीर्घकालीन रूपमा आफ्नै खुट्टामा उभिने कार्यदिशा समात्ने । दोस्रो, पहिले जस्तै बाहिरको पूँजीको भरमा कोसेली विकासको बाटो समात्ने । यी दुईमध्ये इण्डोनेशियाले कुन बाटो समात्छ, त्यसैमा उसको भविष्य निर्भर छ । तर दुर्भाग्यको कुरा के हो भने, इण्डोनेशियाको वर्तमान सरकार र प्रतिपक्षमा रहेको अमिन रइसको मोहमदिया पार्टी फेरि पनि कोसेली विकासकै बाटो समात्दै छ । त्यसैले, जनविद्रोहको फलस्वरूप इण्डोनेशियामा प्रजातान्त्रिक सुधार त हुनेछ, तर सुल्झनै नसक्ने चरम आर्थिक संकटले यो राजनैतिक सुधारलाई बेकार पार्ने संभावना छ । संकटको धमिलो पानीबाट त्यहाँ फेरि अर्को सुहार्तोको उदय हुन सक्ने संभावना देखिन्छ । क्रान्तिकारी इण्डोनेशियाली जनता यो बाटोमा देशलाई जान नदिन अहिलेदेखि नै सजग हुनु जरूरी छ । ❑

# पेरू: टुपाक आमारु र साइनिंग पाथ के गर्दैछन् ?

एक वर्ष भयो, पेरूमा टुपाक आमारू रिभोल्यूसनरी मुभमेन्टका १४ जना छापामारहरूको संहार गरिएको । यस नरसंहारको प्रथम वार्षिकी कसैले नरसंहार सफलताको खुसीका साथ हर्षोल्लासपूर्वक मनाए भने कसैलाई शहादत प्राप्त गरेका छापामारहरूप्रति श्रद्धाको फूल समेत चढाउन दिइएन ।


पेरूभियाली जनताका वीर छोराछोरीहरूको टाउको काटेर फुटबल खेलिरहेका पेरूका राष्ट्रपति फुजिमोरी लगायतका फासीवादीहरूले टुमाक आमारू छापामारहरूको संहारको 'खुसीयालीमा' राजधानी लिमामा वैशाख ९ गते ठूलो समारोह नै आयोजना गरे । फुजिमोरी र उनका सुरक्षा सल्लाहकार भ्लादिमीर मोन्टेसिनोसको विशेष सक्रियतामा भएको सो समारोहमा गत वर्ष १४ जना टुमाक अमारू छापामारहरूलाई निर्ममतापूर्वक मार्न सफल भएकोमा हर्ष व्यक्त गरिएको थियो । र, उनीहरूले आपसमा धन्यवाद र बधाई ज्ञापन गरेर आगामी दिनहरूमा

**पेरुका राष्ट्रपति फुजिमोरी लगायतका फासीवादीहरुले टुमाक आमारु छापामारहरुको संहारको 'खुसीयालीमा' राजधानी लिमामा वैशाख ९ गते ठूलो समारोह नै आयोजना गरे ।**

पनि 'आतंककारी' बिल्ला भिराइएका टुपाक आमारू र माओवादी साइनिंग पाथका छापामारहरूको संहार गर्ने 'दृढता' व्यक्त गरेका छन् ।

अमेरिकाको नेतृत्वमा रहेका साम्राज्यवादी-पूँजीवादी मुलुकहरूको आशीर्वाद प्राप्त फुजिमोरीको फासीवादी सरकारले विगत आठ वर्षमा मात्रै हजारौं छापामारहरूको आम संहार गरिसकेको छ । आमसंहारको यही सिलसिलामा गत वर्ष १९९७ अप्रिल २२ मा जापानी राजदूतको आवासमाथि कब्जा जमाउने क. नेस्टोर सेर्पा लगायत १४ जना छापामारहरूको आमसंहार गरिएको थियो । फुजिमोरीका भाइ र आमालाई समेत बन्दी बनाएर पनि उनीहरूप्रति मानवीय व्यवहार गरेका टुपाक आमारू छापामारहरूले आफ्ना नेता क. भिक्टोर पोले लगायत ४५० जना बन्दीहरूको रिहाइ, राजबन्दीहरूको हक, हित र अधिकार जस्ता मानवीय सवालहरू उठाएका थिए । तर फासीवादी फुजिमोरीले अमेरिका लगायतका साम्राज्यवादीहरूको सहयोग लिई ती छापामारहरूलाई अमानवीय ढंगले आमसंहार गरेका थिए । (हेर्नुहोस् मूल्यांकन अंक ४४, ४५ र ४७)

नरसहार-उत्सव मनाइरहेका फुजिमोरी र भ्लादिमीर मोन्टेसिनोसहरूको फासीवादी सरकारले अहिले पनि टुपाक आमारू रिभोल्यूसनरी मुभमेन्ट (MRTA) का संस्थापक नेता क. भिक्टोर पोले लगायत ४५० जना छापामारहरू र नेताहरूलाई बन्दी बनाएर राखेको छ । ती राजबन्दीहरूले आफ्ना छापामारहरूको नरसंहारको प्रथम वार्षिकी पारेर पुनः एक पटक भोक हडताल शुरू गरेका छन् । दमन-नायक फुजिमोरीका कालकोठरीहरूमा नारकीय जीवन भोगिरहेका ती राजबन्दीहरूले जेलको अवस्थामा सुधार गर्नुपर्ने माग गरिरहेका छन् । टुपाक आमारूका छापमारहरू र छापामार नेताहरूको यो जायज मागसहितको जेल-संघर्षले पुनः एक पटक फुजिमोरीको सक्कली फासीवादी अनुहारलाई विश्वसामु उदांग्याइरहेको छ ।



आजीवन कारावासको सजाय भोगिरहेका क. गोञ्जालो

यता, जेल बाहिरको काठकोठरीमा बाँचिरहेका केही सामान्य मानिसहरूले आफ्नो देशका वीर छोराछोरीहरूले शहादत प्राप्त गरेको सन्दर्भमा वैशाख ९ गते शोक मनाउन समेत पाएनन् । गत वर्ष शहादत प्राप्त गरेका टुपाक आमारू छापामारहरूका परिवारका केही सदस्यहरूलाई छापामारहरूका चिहानहरूमा पाइलासमेत टेक्न दिइएन । फुजिमोरीका प्रहरीहरूको घेरामा रहेका लिमाका शहर नजिकैको गरीब बस्तीस्थित ती चिहानहरूमा छापामारहरूका परिवारले शोक व्यक्त गर्न र फूल चढाउन जान लाग्दा प्रहरीले बल प्रयोग गरेका छन् । दुई जना विद्यार्थीहरूलाई चिहानमा श्रद्धाको फूल चढाइरहेकै बेला प्रहरीले गिरफ्तार गरेका छन् ।

क्रान्तिकारीहरूको गिरफ्तारी र आमसंहारको यो सिलसिला झन् झन् बढ्दो छ । टुपाक आमारूलाई 'निमिट्यान्न पार्न सकेकोमा' मात्तिएको फुजिमोरी सरकारले क्रान्तिकारीहरूमाथि दमनचक्र चलाउने क्रममा पेरू कम्युनिष्ट पार्टी साइनिंग पाथका कैयौं नेता कार्यकर्ताहरूलाई गिरफ्तार गर्नुका साथै कैयौंको हत्या गरेको समाचार प्राप्त भएको छ ।

भ्लादिमीर मोन्टेसिनोसको नेतृत्वमा चलिरहेको नेशनल इन्टिलिजेन्स सर्भिस SIN ले हालैमात्र साइनिंग पाथका केही नेतृत्वकारी कमरेडहरूलाई गिरफ्तार गरेको छ । गिरफ्तार गरिएकाहरूमध्ये ५६ वर्षीय क. पेड्रो ओस्कार क्विन्तेरोस साइनिंग पाथका संस्थापक सदस्य रहेको बताइन्छ । उनी वर्तमानमा साइनिंग पाथको सर्वोच्च नेतृत्व सम्हालिरहेका क. फेलिसियानोका दाहिने हात मानिन्छन् ।

साइनिंग पाथका संस्थापक नेता क. गोञ्जालो अर्थात् डा. अबिमायल गुजमानको गिरफ्तारीपछि त्यसका युवा नेता क. फेलिसियानो त्यस पार्टीको सर्वोच्च नेतृत्वमा स्थापित भएका थिए । क. फेलिसियानोको नामले चर्चित उनको वास्तविक नाम ओस्कार रामिलेज ड्यूराण्ड हो । (हेर्नुहोस् मूल्यांकन ७ र ४१ अंक)

पेड्रो ओस्कार को गिरफ्तारीको घोषणा गर्दै राष्ट्रपति



**टुपाक आमारु रिभोल्युशनरी मुभमेन्टको विजय-संकेतको प्रतीक चिन्ह**

फुजिमोरीले पत्रकार सम्मेलनमा भनेका छन्: 'हामीले ओस्कार (क. फेलिसियानो-स.) को दाहिने हात काटिदिएका छौं ।'

स्मरणीय छ, १९९२ मा गिरफ्तार गरिएका साइनिंग पाथका सस्थापक नेता क. गोञ्जालो लगायत साइनिंग पाथका धेरैजसो केन्द्रीय नेताहरू अहिले आजीवन कारावासको सजायँ भोगिरहेका छन् । केन्द्रीय नेताहरूको गिरफ्तारीपछि केही शिथिल भएको साइनिंग पाथको छापामार आन्दोलन केही तंग्रिन नपाई त्यसले आफ्ना केही केन्द्रीय नेताहरूको गिरफ्तारीको पीडा भोग्नु परेको छ । यसले साइनिंग पाथको छापामार आन्दोलनलाई कत्तिको दूरगामी प्रभाव पार्छ, त्यो त भविष्यले नै बताउने छ । गिरफ्तार हुनुबाट बच्न सफल भइरहेका क. फेलिसियानो लगायतका युवा नेता र कार्यकर्ताहरूले भने साइनिंग पाथको आन्दोलनलाई चलाइरहने दृढता व्यक्त गरेका छन् ।

यसबीच, टूटफूट र विभाजनको शिकारसमेत भएको साइनिंग पाथका दुई घटकबीच आपसी प्रहार र मारकाटको घटनासमेत भएको समाचार प्रकाशमा आएको छ । यी र यस्ता घटनाहरूले गर्दा साइनिंग पाथभित्र जनताबाट अलग्गिने खालको अतिवादी हिंसात्मक बाटो र आपसी मारकाट गर्ने 'यदुवंशी शैलीको अभियान'बाट अलग्ग बसेर जनताका लागि, जनताद्वारा र जनताकै नीतिनिर्णय र सहभागितामा जनसंघर्ष अगाडि बढाउने माग हुन थालेको समाचार पनि प्रकाशमा आएको छ ।

टुपाक आमारूसँग पनि फुजिमोरी सरकारसँग जस्तै हिंसात्मक संघर्षमा संलग्न 'साइनिंग पाथले आफू जतिसुकै विशुद्ध क्रान्तिकारी रहेको' र अरूहरू अशुद्ध, अक्रान्तिकारी, संशोधनवादी रहेको दावी गरे पनि शत्रु र मित्रसँगको फरक सम्बन्ध र संघर्षलाई छुट्याउन सकेन भने यो पनि खमेर रूजहरूको जस्तो दशा र दिशामा जाने डरलाग्दो सम्भावना छ ।

❑ राजेन्द्र महर्जन

# पोलपोटको मृत्युपछि कम्बोडियाको अतीतलाई केलाउँदा

वैशाख २ गते राति कम्बोडियाको खमेर रुज आन्दोलनका नेता पोल पोटको अचानक रहस्यमय मृत्यु हुनासाथ 'विश्वको चौकीदारी गरिरहेको' दावी गर्ने अमेरिकी शासकहरु पाखुरा सुर्कँदै भयानक आवाजमा चिच्याए- "बीसौं शताब्दीको नरभक्षी राक्षस- पोल पोटलाई सजायँ दिन नसके पनि त्यसका मतियारहरुलाई हामी बाँकी राख्दैनौं !"



निक्सन

अमेरिकी शासकहरुको यो प्रलाप अहिले पनि सम्पूर्ण पूँजीवादी-साम्राज्यवादी अखबार र पत्रिकाका रंगीचंगी पानाहरुमा, लाखौं लाख रेडियोमा कान नै खाने **आवाजमा**, हजारौं हजार टि.भि. च्यानलका **रंगीन** पर्दाहरुमा विश्वभरि गुञ्जिरहेको **छ**- "बीसौं लाख कम्बोडियालीहरुको **संहार** गर्ने पोल पोट" का मतियारहरु- **खमेर** रुजहरुलाई 'युद्ध अपराध **गरेको र** मानवताविरोधी अपराधहरु **गरेको**' आरोपमा अन्तर्राष्ट्रिय **अदालतमा** उभ्याउनु पर्दछ"!!

तर साम्राज्यवादीहरुको विडम्बनाको कुरो, अमेरिकी शासकहरु, त्यसका मतियार पश्चिमेली पूँजीवादी-साम्राज्यवादी शासकहरु र तिनीहरुका सम्पूर्ण संचार माध्यमहरु न्वारानदेखिको बलले श्याल हुइँय्याको शैलीमा जतिसुकै ठूलो स्वरमा चिच्याए पनि त्यसको प्रतिध्वनिमा भने त्यस पागलपूर्ण प्रलाप विपरीत आवाज सुनिँदैछ- जो चोर उसकै ठूलो स्वर !

अमेरिका लगायत सम्पूर्ण पूँजीवादी-साम्राज्यवादी राष्ट्रका शासकहरु हो, कम्बोडियामा आफैंले 'कार्पेट बम्बिङ' गरेर रक्तरंजित भएको आफ्नो कालो इतिहासलाई कति दिनसम्म लुकाउन सक्छौ, हेरौं ! हेरौं, कम्बोडियाका राजकुमार नरोदम सिंहानुकलाई पटक पटक मार्न खोज्ने र अपदस्थ गर्ने, त्यहाँ लोन नोलको सैनिक शासन थोपर्ने, आफ्ना हजारौंहजार सैनिकहरुद्वारा कम्बोडियाको राष्ट्रिय अस्मितामाथि बलात्कार गर्ने र लाखौं जनतालाई एक्कै चिहान बनाउने तिम्रो साम्राज्यवादी इतिहासलाई डलर र पाउण्डको ओइरो र कुप्रचारको आँधीबेरीले कसरी छोप्छौ ? -आवाज गुन्जिँदैछ ।

विश्वमा विश्वका सम्पूर्ण पूँजीवादी-**साम्राज्यवादी** संचार माध्यमहरुको **पोलपोट** र खमेर रुज विरोधी धूँवाधार **दुस्प्रचारलाई** चिर्दै चिर्दै आइरहेको यही **स्पष्ट** र सरल प्रतिध्वनिका तरंगहरुबीच सवालहरु उठिरहेका छन्- अमेरिकाको नेतृत्वमा रहेका साम्राज्यवादीहरुले किन विश्व नै थर्किने गरी यसरी ठूलो ठूलो आवाजमा पोल पोट र खमेर रुज नेताहरुलाई अन्तर्राष्ट्रिय अदालतको

## हेरौं, कति लुकाउन सक्छ अमेरिकाले आफ्नो रक्ताम्य इतिहास !



पोल पोट



फोटो: न्यूजवीक

कठघरामा उभ्याउने घोषणा गरिरहेका छन् ? चोरले आफू समातिने खतरा भएमा सबैभन्दा चर्को स्वरमा 'चोर-चोर' भनेर भागेझैं अमेरिकाको नेतृत्वमा रहेका साम्राज्यवादीहरुले पनि कम्बोडियामा गरिएका आफ्ना जघन्य अपराधहरु लुकाएर भाग्नका लागि यसरी ठूलो ठूलो स्वरमा नयाँ नयाँ घोषणाहरु गरिरहेका छैन । कतै 'नरभक्षी राक्षसहरु'- खमेर रुज नेताहरुलाई गिरफ्तार गरेर अदालतको कठघरामा उभ्याउने निहुँमा तिनीहरुले कम्बोडियामा फेरि एक पटक अर्को साम्राज्यवादी हस्तक्षेप गर्ने नयाँ षड्यन्त्र त गरिरहेका छैनन् ? प्रश्न उठिरहेछ ।

जे होस्, कम्बोडिया लगायत भियतनाम र लाओसमा सैनिक हस्तक्षेप गर्दा त्यहाँका जनताबाट अत्यन्त नराम्ररी पराजित भएका अमेरिकी शासक-हरुले विश्वभरिका जनतालाई अहिले पोल पोट र खमेर रुजका नेताहरुतिर चोर औंला एउटाले संकेत गरेर 'युद्ध अपराध र मानवताविरोधी अपराध गरेको' आरोप प्रमाणित गरेर देखाउन खोजिरहेका छन् । तर आफ्नै चार वटा औंलाले भने आफ्नो रक्तरञ्जित र घिनलाग्दो कालो इतिहासतिरै संकेत गरिरहेको स्थिति उनीहरुले देखिरहेका छैनन् । नरसंहार गर्ने हदसम्मको सैनिक हस्तक्षेप र घिनलाग्दो स्तरको पाखण्डका लागि विश्वभरि कुख्याति कमाइसकेका अमेरिकी शासकहरुले के अब कम्बोडियासंग सम्बन्धित आफ्नो रक्तरंजित र घिनलाग्दो कालो इतिहासको पाना पल्टाउने आँट गर्न सक्छन् त ?

### हिन्द-चीनमा अमेरिकाको गिद्देदृष्टि

आज कम्बोडियाका पूर्व प्रधानमन्त्री तथा नेता पोल पोट लगायतका खमेर रुज नेताहरुलाई युद्ध अपराधको आरोपमा सजाय दिन तम्सने क्लिन्टन जस्ता नयाँ अमेरिकी शासकहरुले आफ्ना पुराना शासकहरुबाट हिन्द-चीन (Indo-China) क्षेत्रमा भएका युद्ध अपराधले भरिएको इतिहास एकचोटी पढ्ने साहस गर्न सक्छन् ? उनीहरुले एक पटक मात्रै साहस गरे पनि थाहा पाउनेछन्- अमेरिकी शासकहरुले सन् १८६३ देखि हिन्द-चीन क्षेत्रका राष्ट्रहरुमाथि आफ्नो साम्राज्यवादी प्रभुत्व लाद्दै आइरहेका फ्रान्सिसी शासकहरुलाई हरतरहले सहयोग र समर्थन दिएका थिए । सन् १९४० को शुरुदेखि हिन्द-चीन क्षेत्रका राष्ट्रहरुलाई फ्रान्सिसी शासकहरुबाट खोसेर आफ्नो सैन्यवादी शासनअन्तर्गत राख्न सफल भएका जापानका शासकहरु दोस्रो विश्वयुद्धमा पराजित भएपछि अमेरिकाले ती राष्ट्रहरुमाथि फ्रान्सिसी शासकहरुको प्रभुत्व पुनः कायम गर्न काफी सहयोग गरेको थियो । स्मरणीय छ, फ्रान्सिसी शासकहरुले हिन्द-चीन कम्युनिष्ट पार्टीका विख्यात नेता क. हो चि मिन्हको नेतृत्वमा चालेको फ्रान्सिसी उपनिवेशवादविरोधी सशस्त्र प्रतिरोध आन्दोलनलाई सैनिक बूटले कुल्चनका लागि गरेको ६-७ वर्ष लामो हिटलरी शैलीको दमन अभियानमा अमेरिकाले ८० प्रतिशतसम्म 'युद्धको खर्च' व्यहोरेर फ्रान्सिसी शासकहरुलाई सघाएको थियो । दोस्रो विश्व युद्धरुपी 'व्यापार- मेला'बाट, फोहरमा कर्कलो हुर्केझैं विश्वको एउटा महाशक्तिशाली राष्ट्रको रुपमा हुर्केको अमेरिकाले हिन्द-चीन क्षेत्रको शासक भएर काम गरिरहेको फ्रान्सको पछि पछि लागेर त्यस क्षेत्रमा आफ्नो पनि प्रभुत्व बढाउने नियतले फ्रान्स र हिन्द-चीनका जनताबीचको लडाइँमा आवश्यक भए सशस्त्र आक्रमण गरेर भए पनि फ्रान्सलाई सघाउने बचन दिएको थियो । (हेर्नुस्- Manufacturing Consent)

यी सबैको परिणामस्वरुप फ्रान्सिसी उपनिवेशवादविरोधी जनसंघर्षको क्रममा फ्रान्सिसी शासकहरुले हिन्द-चीनका ५ लाखभन्दा बेसी जनताको हत्या गरे, जसको दायित्व अमेरिकी शासकहरुले पनि बोक्नु पर्दछ । तर आज त्यही फ्रान्सका नयाँ शासकहरु पोल पोट लगायतका खमेर रुज नेताहरुलाई 'युद्ध अपराध र मानवताविरोधी अपराध' को आरोपमा सजायँ दिनका लागि अमेरिकी साम्राज्यवादसंग काँधमा काँध मिलाएर अगाडि बढिरहेका छन्, यो कस्तो

*आफ्नो देशमा 'स्वतन्त्रताको मूर्ति' पूजा गरेर अरू देशमाथि परतन्त्रता र दासता लाद्न खप्पिस भइसकेको अमेरिकी साम्राज्यवादले कम्बोडिया सन् १९५३ मा फ्रान्सको उपनिवेशबाट मुक्त भएको चाहिं पटक्कै सहन सकेन !*

# कम्बोडियामा ताण्डव नृत्य मच्चाउने अमेरिकी साम्राज्यवादका करतूतहरूको नालीबेली

विडम्बना ?!

कम्बोडिया, लाओस् र भियतनाम जस्ता देशहरु रहेको हिन्द-चीन क्षेत्रमा अमेरिकाले आजभन्दा पाँच दशक अगाडिदेखि नै गिद्दे दृष्टि लगाउन थालेको इतिहास पढेका जो कोहीले पनि अमेरिकी शासकहरुलाई हाँक दिन सक्छन्- अमेरिकाले दोस्रो विश्वयुद्ध समाप्त हुनुभन्दा अगाडिदेखि नै किन हिन्द-चीन क्षेत्रमा गिद्दे दृष्टि लगाउन थालेको ? दोस्रो विश्वयुद्ध समाप्त भएको लगत्तै अमेरिकाले फ्रान्सलाई आफ्ना पूर्व उपनिवेशहरुमाथि कब्जा जमाउन सहयोग गरेर किन **अर्को युद्धको** खतरा मोलेको ?

अमेरिकी शासकहरुको रक्तरंजित इतिहास पल्टाएर हेरेमा यी सवालहरुको जवाफ यसरी स्पष्ट रुपमा आउनेछन्- रुजवेल्ट, हयारी ट्रयूमेन, आइजन हावर, केनेडी, जोनसन र निक्सन जस्ता अमेरिकाका पूर्व शासकहरुले एशियामा अमेरिकी शक्तिको रक्षा र विस्तार गर्न, समाजवादी चीनको कम्युनिष्ट प्रभावलाई अगाडि बढ्न नदिन र हिन्द-चीन क्षेत्रमा रहेका आर्थिक दृष्टिले लाभप्रद स्रोत-साधन हडप्नका लागि त्यस क्षेत्रमाथि गिद्दे दृष्टि लगाएका थिए । र, यही कुनियत पूरा गर्न उनीहरुले हिन्द-चीन क्षेत्रका जनताको फ्रान्सिसी उपनिवेशवादविरोधी प्रतिरोध संघर्षलाई कुल्चनका लागि फ्रान्सलाई आर्थिक सहयोग र सैनिक आक्रमणको भरोसा दिएका थिए । यस विश्लेषणलाई अमेरिकी शासकहरुले 'अमेरिकी साम्राज्यवादविरोधी कम्युनिष्ट प्रचार' भनेर दुत्कार्न सक्छन्, तर यो विश्लेषण यो पंक्तिको लेखकको होइन, स्वयं अमेरिककाका पूर्व राष्ट्रपतिदेखि पूर्व विदेशमन्त्रीको हो भन्ने कुरा उनीहरुले बिर्सनु हुँदैन ।

अमेरिकाका पूर्व राष्ट्रपति आइजन हावरले ४ अगस्त, १९५३ मा हिन्द-चीन क्षेत्रमा चलिरहेको युद्धमा फ्रान्सलाई दिइएको अमेरिकाको सहायतालाई उचित ठहऱ्याउँदै सगर्व घोषणा गरेका थिए- 'हामीले संयुक्त राज्य अमेरिका, र हाम्रो सुरक्षाको दृष्टिले तथा दक्षिण पूर्व एशिया एवं हिन्द-चीन क्षेत्रबाट हाम्रो लागि प्राप्त हुने केही आवश्यक वस्तुहरु प्राप्त गर्ने हाम्रो क्षमता र शक्तिको हिसाबले अत्यन्त भयावह परिस्थिति उत्पन्न हुनबाट रोक्नका लागि पैसा दिने स्वीकृति दिइरहेका छौं र त्यसको लागि सबैभन्दा सस्तो तरीकाको पक्षमा हामीले मतदान गरिरहेका छौं !"

आइजन हावरको यो अलिकति अस्पष्ट रहेको विचारलाई प्रष्ट्याउँदै अमेरिकाका तत्कालीन विदेशमन्त्री जोन फोस्टर डलेसले मार्च २९, १९५४ मा घोषणा गरेका थिए- 'यो क्षेत्र टिन, तेल, रबर र फलाम आदि धेरै नै कच्चा पदार्थले भरिएको छ, यस क्षेत्रको अत्यधिक रणनीतिक महत्व छ, यहाँ नौसेना तथा वायु सेनाका प्रमुख अड्डाहरु छन् ।"

यसलाई अझ प्रष्ट्याउँदै U.S. News and World Report नामक पत्रिकाले ४ अप्रिल, १९५४ तिरै 'अमेरिका हिन्द-चीन क्षेत्रमा युद्धको खतरा किन मोलिरहेको छ ? यही क्षेत्र नै एशियामाथि नियन्त्रण गर्ने साँचो हो !' शीर्षकको लेखमा छापेको थियो-

'हिन्द-चीन क्षेत्रमा जो विजयी हुन्छ, उसको लागि विश्वको एउटा सर्वाधिक सम्पत्तिशाली क्षेत्रको ढोका खुल्नेछ । अमेरिकाको यस क्षेत्रमा बढ्दो रुचीको पछाडि यही कुरा लुकेको छ... वास्तवमा टिन, रबर, चामल तथा रणनीतिको दृष्टिले महत्वपूर्ण कच्चा पदार्थकै लागि अहिले युद्ध चलिरहेको छ । अमेरिकालाई थाहा छ- जतिसुकै महँगो मूल्य चुकाएर भए पनि यस क्षेत्रमाथि आफ्नो अधिकार जमाइराख्नु पर्दछ ।" (हेर्नुस्- The Enemy)

कम्बोडिया लगायत हिन्द-चीन क्षेत्रमाथि जतिसुकै महँगो मूल्य चुकाएर भए पनि, जस्तोसुकै उपाय अप्नाएर भए पनि आफ्नो प्रभुत्व थापेर्नका लागि अमेरिकाले चालेका सबै कारवाहीहरु, चाहे ती राजनैतिक उद्देश्यका हुन्, या आर्थिक उद्देश्यका, ती सबै साम्राज्यवादी कारवाहीहरु हुन् । फ्रान्सिसी साम्राज्यवादीहरुको बाघे पंजामुनि जकडिएका कम्बोडिया लगायतका हिन्द-चीन क्षेत्रका जनताको मुक्ति संग्रामलाई दबाउनका लागि फ्रान्सलाई दिइएको सहायतादेखि लिएर हिन्द-चीनका जनताद्वारा पराजित फ्रान्स त्यस क्षेत्रबाट भागेपछि त्यसको ठाउँ लिनका लागि गरिएका चालबाजी, षड्यन्त्र र सैनिक हस्तक्षेपका कार्यहरुसम्म सबै अमेरिकाका साम्राज्यवादी कारवाहीभित्रै पर्दछन् ।



वर्तमान अमेरिकी राष्ट्रपति क्लिन्टनलाई सल्लाह दिंदै भूतपूर्व अमेरिकी राष्ट्रपति निक्सन

फोटो: टाइम

*अमेरिकाले एशियामा आफ्नो शक्तिको रक्षा र विस्तार गर्न, समाजवादी चीनको कम्युनिष्ट प्रभावलाई अगाडि बढ्न नदिन र हिन्द-चीन क्षेत्रमा रहेका स्रोत-साधन हडप्नका लागि त्यस क्षेत्रमाथि गिद्दे दृष्टि लगाएका थिए ।*

## जस्तोसुकै उपाय पनि जायज !

१९५४ मा सम्पन्न जेनेभा संझौतापछि फ्रान्सको अनुपस्थितिमा हिन्द-चीन क्षेत्रमा सिर्जना भएको खाली ठाउँ अमेरिकी साम्राज्यवादले हतार-हतार भरिहाल्यो । त्यसले दक्षिण भियतनामको न्गो डिन्ह डियम सरकारलाई हरतरहले सहयोग गरी हो चि मिन्हको नेतृत्वमा रहेको उत्तरी भियतनाममा बीसौं वर्ष लामो सैनिक आक्रमण गर्ने, लाओसमा 'सीआईएमार्फत् 'गोप्य युद्ध' संचालन गर्ने र कम्बोडियामा षड्यन्त्र गर्ने, दवाब दिने र सैनिक विद्रोह संगठित गर्ने काम एकसाथ गर्न थाल्यो ।

अमेरिकी साम्राज्यवादले आफ्ना ६ लाख भन्दा बेसी सैनिकहरु, १० लाखभन्दा बेसी दक्षिण भियतनामी सैनिकहरुका साथै दक्षिण कोरिया, फिलिपिन्स, अस्ट्रेलिया र थाईल्याण्डका हजारौं सैनिकहरुको बलले भियतनाममा दोस्रो विश्वयुद्धपछाडिको सबैभन्दा भयानक अमानवीय त्रासदी सिर्जना गऱ्यो । नापाम बम लगायत सबै जसो नरसंहारकारी विषालु ग्यास र तीसौं लाख टन बमहरु प्रहार गरेर ४० लाख भियतनामी बच्चा-बच्चीहरु, महिला र बूढाबूढीहरु लगायत क्रान्तिकारी कम्युनिष्टहरुको कत्लेआम गऱ्यो । ५० हजारभन्दा बेसी त अमेरिकी सैनिकहरु नै मारिएको त्यस युद्धमा अन्ततः १९७५ को अप्रिलमा अमेरिकी शासकहरु स्वयं नै पराजित भएका थिए ।

यता, भियतनामपछि लाओसमा पनि हजारौं अमेरिकी सैनिकहरु प्रयोग गर्ने, २० लाख टन भन्दा बेसी मानव संहारकारी बमवर्षा गर्ने र गाउँ-शहरका वस्ती बस्तीलाई नै हवाई आक्रमणद्वारा मरुभूमि बनाउने अभियान छेडेर अमेरिकी शासकहरुले ३ लाख ५० हजार लाओसवासीहरुको हत्या गरेका थिए । (हेर्नुहोस्- New York Times, August 24, 1975) यति विधि डरलाग्दो ढंगले नरसंहार गरेर पनि अमेरिकी साम्राज्यवाद लाओसबाट भाग्नु परेको यथार्थ सबैका सामु घाम जत्तिकै छर्लंग छ ।

भियतनाम र लाओस्पछि अमेरिकी साम्राज्यवादले भष्मासुरको शैलीमा हिन्द-चीन क्षेत्रकै अर्को मुलुक कम्बोडियामा

पाइला हाल्दै त्यहाँका राष्ट्र प्रमुख राजकुमार नरोद्दम सिंहानुकलाई सैनिक विद्रोहद्वारा अपदस्थ गर्ने, भूमि र आकाशबाट सैनिक आक्रमण गरी ताण्डव नृत्य मच्चाउने कुकृत्य गरेको थियो ।


## कम्बोडियालाई आफ्नो टाँगमुनि छिराउन...

अमेरिकी शासकहरुले कम्बोडियालाई आफ्नो टाँगमुनि छिराउनका लागि चालेका षड्यन्त्रकारी र हस्तक्षेपकारी पाइलाहरु र सीआईएका आपराधिक गतिविधिहरुको नालीबेली निकै लामो छ ।

सीआईएद्वारा गरिएको गोप्य षड्यन्त्रको शिकार भई अपदस्थ समेत गरिएका कम्बोडियाका राजकुमार नरोद्दम सिंहानुकले अमेरिकी साम्राज्यवाद र त्यसको जासूसी तन्त्र- सिआईएका जालभेल, षड्यन्त्र र भूमिगत क्रियाकलापहरुको आधिकारिक दस्तावेजको रुपमा "My War with the CIA' नामक महत्वपूर्ण किताब नै लेखेका थिए । फ्रान्सको भण्डै एक शताब्दी लामो औपनिवेशिक शासन, जापानको आधा दशक लामो सैनिक हस्तक्षेप, भियतनामको एक दशक लामो थिचोमिचो र कब्जाको पीडा भोगिसकेको कम्बोडियाले जसरी त विश्वका थोरै मात्र मुलुकले अमेरिकी साम्राज्यवादको भीषण सैनिक आक्रमण र सिआईएको षड्यन्त्रको चर्को मार आधा-आधा शताब्दीसम्म भोगेका होलान् !

आफ्नो देशमा 'स्वतन्त्रताको मूर्ति' पूजा गरेर अरु देशमाथि परतन्त्रता र दासता लादन खप्पिस भइसकेको अमेरिकी साम्राज्यवादले कम्बोडिया सन् १९५३ मा फ्रान्सको उपनिवेशबाट मुक्त भएको चाहिं पटक्कै सहन सकेन । त्यसमाथि अर्काको देशलाई आफ्नो टाँगमुनि छिराएर घोडा चढ्न पल्किसकेको अमेरिकी साम्राज्यवाद कम्बोडियाका राष्ट्रप्रमुख राजकुमार नरोदम सिंहानुकले आफ्नो देश मुक्त हुनासाथ कुनै महाशक्ति राष्ट्रको धुरीमा नलागीकन 'असंलग्न परराष्ट्र नीति' लिने घोषणा गरेपछि त आगो नै भयो ।

अमेरिकाले १९५४ मा दक्षिणपूर्व एशियामा समाजवादी चीन र कम्युनिष्ट सिद्धान्तको प्रभाव एवं विस्तार रोक्न र आफ्नो एकछत्र राज कायम गरिराख्न अमेरिका समर्थक दक्षिण पूर्व एशियाका राष्ट्रहरुको सैनिक संगठन- Southeast Asia Treaty Organization ( सियटो) SEATO गठन गऱ्यो । यही सैनिक संगठनमा कम्बोडियालाई पनि आवद्ध गरेर त्यसलाई आफ्नो टाँगमुनि छिराउन अमेरिकाका तत्कालीन विदेशमन्त्री जोन फोस्टर डलेसले नरोदम सिंहानुकलाई आर्थिक सहयोग दिएर



फोटो: न्यूजवीक

**कम्बोडियाका वर्तमान शासक राजकुमार सिंहानुक, जसले लामो समयसम्म अमेरिकासँग संघर्ष गरेका थिए**

लोभ्याउन, सैनिक विद्रोह गराई, दक्षिण भियतनाम र थाईल्याण्ड जस्ता सियटोका सदस्यहरुबाट सीमानामा आक्रमण गराई डराउने-तर्साउने-धम्क्याउने कार्यहरु अत्यन्त जोर-जबर्जस्तीका साथ शुरु गरे ।

पछि गएर कम्बोडिया पनि 'सियटो'को छातामुनि आउने आशामा अमेरिकाले एकातिर, डलरको ओइरो लगाउने कार्यलाई जारी राख्यो भने अर्कोतिर, त्यसलाई सियटोमा आवद्ध गर्नका लागि चौतर्फी रुपमा दवाब दिने र दिन लगाउने काम पनि अगाडि बढाइराख्यो । अमेरिकी विदेशमन्त्री जोन फोस्टर डलेसले पनि कम्बोडियाको शाही सरकारलाई गाल्न नसकेपछि उनका भाइ तथा सीआईएका निर्देशक एलत डलेस राजधानी न्होम पेन्ह आएर दवाब दिए, अमेरिकी राजदूत रबर्ट म्याक्कालिन्टकले पनि राजकुमारका आमा-बुबाहरुमार्फत् प्रभाव जमाउन खोजे । जनवरी, १९५६ मा सिआईएको जादूद्वारा राष्ट्रपति बनेका म्यागसेसेको निमन्त्रणामा फिलिपिन्स जाँदा पनि राजकुमार सिंहानुकलाई त्यहाँका सिनेटर माङलापसले 'सियटो'मा संगठित हुने 'सल्लाह' दिन अलिकति पनि लाज मानेनन् । त्यसमाथि सिआईएका गोप्य अपरेशनसंग सम्बन्धित हस्ती फ्रान्कोइस बारुख त सिंहानुकको भाषणमै 'सियटो' पक्षमा फेरबदल गर्ने धृष्टता गर्नसम्म पनि पछि हटेनन् । (हेर्नुस्- The CIA Against Combodia)

यी सबैको परिणामस्वरुप राजकुमार नरोदम सिंहानुकको पछाडि लाग्ने नेतृत्वमा चलिरहेको शाही सरकारले सियटोमा सम्म आवद्ध हुने काम त गरेन, तर मई, १९५५ मा अमेरिकी सरकारसंग एउटा महत्वपूर्ण संभौता गऱ्यो । यही संभौताअनुसार, अमेरिकाले कम्बोडियाली प्रशासनका कर्मचारीहरु र सैनिकहरुका तलब

> *'बैंकक प्लान' नामले कुख्यात भेलामा अमेरिकी साम्राज्यवादको प्रत्यक्ष नीति-निर्देशनमा राजकुमार नरोदम सिंहानुकको हत्या गर्ने फैसला गरियो ।*

दिने तथा कम्बोडियाली सैनिकहरुलाई प्रशिक्षण दिने काम गर्न थाल्यो, जसले गर्दा कर्मचारीतन्त्र र सैनिक तन्त्रमा अमेरिकाको प्रभाव निकै बढ्न गयो ।

यो संभौताले गर्दा अमेरिकालाई कम्बोडियाको प्रशासन र सेनाभित्र घुस्ने र आफ्ना मतियारहरु तयार गर्ने सुअवसर मिल्यो । र, आफ्ना कठपुतली हुने संभावना भएका सैनिक अधिकारीहरुलाई कम्बोडियाको कानूनभन्दा माथिको सुविधा र प्रशिक्षण दिने, उनीहरुको मन-मस्तिष्कबाट देशभक्तिपूर्ण भावना भिकेर आफ्नो कठपुतली बनाउन थाल्ने सुवर्ण मौका प्रयोग गर्न थाल्यो ।

## सिंहानुकको हत्या गर्ने अमेरिकी प्रयास ! सिंहानुकको द्वैध भूमिका

कम्बोडियाका राष्ट्रप्रमुख राजकुमार सिंहानुकले मई, १९५५ मा अमेरिकासित गरेको संभौता अमेरिकी साम्राज्यवादलाई कर्मचारी र सैनिक क्षेत्रमा राङ-दाङ चलाउन दिने नियतले अवश्य गरेका थिएनन् । फ्रान्सको उपनिवेशवादविरोधी संघर्षमा हुर्केका देशभक्त राजकुमार सिंहानुक त्यसबेला अमेरिकी साम्राज्यवादका विरोधी थिए । त्यसैले नै उनले अमेरिकी साम्राज्यवादको सुरक्षाको छातामुनि बस्न इन्कार गरेका थिए । र, १९५४ को जेनेभा सम्मेलन र १९५५ अप्रिलको बाङ्डुङ सम्मेलनको घेरोभित्र रहेर उनले तटस्थता र असंलग्नताको परराष्ट्र नीति लिएका थिए । अमेरिकी साम्राज्यवादले फिलिपिन्स, दक्षिण भियतनाम, थाईल्याण्डमा आफ्नो प्रभुत्व कायम गरेर कम्बोडियामाथि घेराबन्दी गरिसकेको स्थितिमा पनि उनले देशभक्त र राष्ट्रिय पूँजीपति वर्गकै नायकहरुले शुरु गरेको असंलग्न आन्दोलन र समाजवादी खेमाको सहारा लिई अमेरिकी साम्राज्यवादको पिछलग्गू नबन्ने अडान कायम राखे ।

१९५५ देखि १९५९ को अवधिमा उनले कम्बोडियाका राष्ट्रिय पूँजीपति वर्गको स्वार्थ अनुकूल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मामिलामा अत्यन्त गाह्रो खालको 'सन्तुलित नीति' लिएको विश्लेषण गर्दै नोम चोम्स्की र एडवार्ड एस. हर्मानले लेखेका छन्- कम्बोडियाभित्र उनले वामपन्थीहरु र किसान विद्रोहहरुमाथि दमन गरे, दक्षिणपन्थीहरुलाई काखी च्यापे र सत्ता-शक्तिलाई दक्षिणपन्थी शहरीया अभिजात वर्गको निम्ति सुरक्षित राखे । बाध्यात्मक रुपमा उनले हिन्द-चीन युद्धको बढ्दो विस्तारका विरुद्ध तटस्थताको नीतिलाई कायम नै राखे । यी सबैको परिणामस्वरुप अन्ततः कम्बोडियामा कमयुनिष्टहरुले विजय प्राप्त गर्नेछन् भन्ने कुरा उनलाई राम्ररी थाहा थियो ।

स्मरणीय छ, १९५५ को वैधानिक चुनावदेखि नै वामपन्थी शक्तिहरुमाथि भारी नोक्सानी पुऱ्याउँदै आएको सिंहानुकको शाही सरकारले १९६० सम्ममा गाउँ र शहरमा हत्या, गिरफ्तारीलाई तेज पार्ने र आत्मसमर्पणका लागि लोभ्याउने र धम्क्याउने अभियान छेडेर ९० प्रतिशत वामपन्थी शक्तिलाई नष्ट पारेको थियो । शहरहरुमा नयाँ नयाँ वाम-शक्तिहरुले आफ्नो शक्ति र संगठनलाई बढाउन त बढाए, तर त्यहाँ पनि हत्या, गिरफ्तारी र आत्मसमर्पणको कारणले उनीहरुको संख्या काफी कम भएको थियो । (हेर्नुस्-कम्पुचियाको कम्युनिष्ट पार्टीका महासचिव पोल पोटले २५ सेप्टेम्बर, १९७७ मा दिएको भाषण) देशभित्र वामपन्थी शक्तिहरुका लागि साँच्चै नै अत्यन्त कठीन परिस्थिति, सिर्जना गर्ने सिंहानुक सरकारले १९५६-५७ तिरै बाह्य रुपमा भने सोभियत संघ, चेकोस्लोभाकिया, युगोस्लाभिया, पोल्याण्डदेखि चीनसंग समेत कूटनैतिक र व्यापारिक सम्बन्ध विस्तार गर्न थालेको थियो ।

## मार्ने प्रयास

सिंहानुक सरकारको वामपन्थीहरु दमन गर्ने राष्ट्रिय नीति देखेर अमेरिकी शासकहरु खुसी नै भए, तर समाजवादी खेमासंग कूटनैतिक र व्यापारिक सम्बन्ध विस्तार गर्ने एवं असंलग्न परराष्ट्र नीतिलाई अझ मजबूत ढंगले लागू गरेको देखेर उनीहरुले कम्बोडियालाई आफ्नो सुरक्षाका छातामुनि ल्याउने संभावना चाहिं देख्न छाडे । कम्बोडियामाथि आफ्नो प्रभुत्व जमाउन अर्के कडा उपाय अप्नाउने दृढतासहित उनीहरुले षड्यन्त्रको जालो बुन्न थाले, सैनिक आक्रमण र सैनिक विद्रोहको तयारी गर्न

थाले।

अमेरिकी शासकहरुले आफ्ना कठपुतलीले शासन गरिरहेको राष्ट्र थाइल्याण्डका लागि आफ्ना राजदूतका रुपमा सिआईएका उच्च पदस्थ व्यक्ति जोन एफ प्युरिफोयलाई पठाए। उनी ग्वाटेमालामा आर्बेन्जको सुधारवादी सरकारविरुद्ध १९५४ मा सिआईएले गरेको सफल सैनिक विद्रोहका 'गुरु' थिए।

त्यस्तै फिलिपिन्सको १९५३ मा सम्पन्न राष्ट्रपति पदको चुनावमा म्याग्सेसेलाई जिताउन सिआईएले चलाएको गोप्य अभियानको नेतृत्व गर्ने कर्णेल एडवार्ड ल्यान्सडललाई चाहिं दक्षिण भियतनाम पठाइयो। देशभित्रै कार्यरत अमेरिकी राजदूत रबर्ट म्याक्कलिन्टक र उनीपछि आएका कार्ल स्ट्रोम र सिआईएका अधिकारीहरु अमेरिकी शासकहरुको नीति-निर्देशन र थाईल्याण्ड एवं भियतनाममा रहेका आफ्ना सहकर्मीहरुको संयोजनमा अति नै धेरै नै क्रियाशील भए। उनीहरुले शाही सरकारअन्तर्गतका सेनापति, मन्त्री, गभर्नर, उच्च पदस्थ कर्मचारीहरुलाई हात लिंदै राजकुमारलाई एक्ल्याउने र मौका पाउनासाथ सत्ता पल्टाउने दाऊ खेल्न थाले। यसै सिलसिलामा सिरिक माताक, लोन नोल, सोन न्गोक थान्ह,



फोटो: इण्डियन एक्सप्रेस

अमेरिकाको बी- ५२ बमवर्षक विमान

**१६० दिनसम्म बमवर्षा गरेर ६ देखि ७ लाख निर्दोष जनताको संहार गर्ने अमेरिकी शासकहरू नै आज पोलपोट लगायतका खमेर रूज नेताहरूको युद्ध अपराधको प्रचार गरिरहेका छन्।**

दाप चुओन र सान सारी जस्ता शाही सरकारका प्रमुख हस्तीहरुलाई सिआईएले आफ्नो कठपुतली बनाई कम्बोडियाको राजनीतिको मैदानमा साम्राज्यवादी खेल खेल्न थाल्यो।

१९५८ सेप्टेम्बरमा अमेरिकी साम्राज्यवादको छत्रछायाँमा हुर्केको सैनिक संगठन सियटोका सदस्य राष्ट्रहरुको थाई राजधानी बैंककमा एउटा महत्वपूर्ण सियटो-काउन्सिल भेला भयो। 'बैंकक प्लान' नामले कुख्यात सो भेलामा अमेरिकी साम्राज्यवादको प्रत्यक्ष नीति-निर्देशनमा सकेसम्म बेसी तटस्थताको नीति अप्नाएर 'अपराध' गर्ने कम्बोडियाको शाही सरकारलाई बल प्रयोगद्वारा सत्ताच्युत गर्ने, राजकुमार नरोदम सिंहानुकको हत्या गर्ने, कम्बोडियाको राजतन्त्रलाई निर्मूल पारेर दक्षिण भियतनाममा जस्तै न्गो डिन्ह डियम शैलीको 'गणतन्त्र' स्थापना गर्ने फैसला गरियो। त्यतिसम्म गर्न नसके कमसेकम तीनवटा प्रान्तमा प्रान्तीय सरकार गठन गरेर दक्षिण भियतनाम र थाईल्याण्डसंग सीमाक्षेत्र खुला गर्ने र तटस्थताको नीति लिने शाही सरकारलाई चारैतर्फबाट घेराबन्दी गर्ने र गृहयुद्धको लागि आवश्यक भावभूमि र भौतिक स्थिति तयार गर्ने निर्णय पनि सो भेलाबाट गरियो। (हेर्नुस् : The CIA Against Combodia / Focus on Indo-China)

'अमेरिकी शासकहरुले सिआईएको नीति-निर्देशनमा भएको सैनिक विद्रोहद्वारा थाईल्याण्डमा सत्तासीन भएका फिल्ड मार्शल सारित थानारातको अध्यक्षतामा बैंककमा डिसेम्बर, १९५८ मा कम्बोडियासम्बन्धी विशेष छलफल गर्न तुरुन्तै अर्को गोप्य बैठक गर्न लगाए। विशेष गरी, 'बैंकक प्लान' लाई कार्यरुप दिनका लागि अत्यन्त गोप्य रुपमा गरिएको सो बैठकमा सिआईएद्वारा पालिएका खमेर सेराई (स्वतन्त्र खमेर) नामक भाडाका सिपाहीहरुको दलका नेता सोन न्गोक थान्ह देखि द. भियतनामका शासक न्गो डिन्ह डियमका 'गुरु' जोन एफ. प्युरिफोयका सिआईएसंग सम्बन्धित कुशल षड्यन्त्रकारीहरुको उपस्थिति थियो।

उक्त गोप्य बैठकले कम्बोडियाभित्र शाही सरकारलाई पेल्नका लागि विपक्षी पार्टीहरुलाई आर्थिक सहयोग दिने, अपहरण र सशक्त डकैती गरेर असुरक्षाका वातावरण सिर्जना गर्ने र "कम्युनिष्टहरुले सत्तामाथि कब्जा जमाउन लागेको" हल्ला फैलाउने एवं कम्बोडियाभित्र सशस्त्र समूहहरु निर्माण गरेर विद्रोहको तयारी गर्ने निर्णय गरेर त्यसलाई तत्कालै लागू गर्ने समझदारी बनाए।

सोही समझदारीअनुरुप थाईल्याण्डका शासक फिल्ड मार्शल सारित थानारातले कम्बोडियाको उत्तर-पश्चिमबाट आक्रमण गर्न थाले। सोन न्गोक थान्हले थाई सैनिक अधिकारहरुको आडभरोसा र सिआईएको डलर र हतियारको भरमा थाई-कम्बोडियाली सीमानाबाट बातमबाङ प्रान्तमा खमेर सेराइका छापामारहरु मार्फत् लूटपाट र डकैती गर्न थाले। न्गो त्रोंग हियूले दक्षिण भियतनाम र कम्बोडियाको सीमाबाट तेय निन्ह र कियन तुओङ प्रान्तमा खमेर क्रोम नामक सशक्त दललाई दक्षिण भियतनामी सैनिकहरुका साथ आक्रमण गर्न लगाए। यता कम्बोडियाभित्रै सियम रीप र कोम्पोङ थोम प्रान्तका सैनिक कमाण्डर जनरल दाप चुओन र खमेर सेराइका दोस्रो प्रमुख नेता एवं पूर्व उपप्रधानमन्त्री साम सारीले सशस्त्र विद्रोहको तयारी अन्तिम चरणमा पुऱ्याए। यी सबै विध्वंशात्मक कामहरुको संयोजन नोम्ह पेन्ह स्थित अमेरिकी राजदूतावासमा कूटनीतिक आवरणमा रहेको सिआईएका एक 'गुरु' भिक्टोर मासाओ मात्सुइले न्गो त्रोंग हियूसग मिलेर गरिरहेको थियो।

कम्बोडियाको भित्र-बाहिर र चारैतिरबाट गरिएको यो सुनियोजित मुख्यालयमा समयमै धावा बोलेर अमेरिकी हातहतियारको थुप्रो, २७० केजी सुनको पोको, गोप्य दस्तावेजहरु अत्याधुनिक संचार सामग्रीहरु कब्जा गर्ने र विद्रोहीहरुलाई काबुमा लिने काम सफलतापूर्वक गऱ्यो।

यो असफलताबाट तिल्मिलाएका अमेरिकी शासकहरुले त्यसको ठीक ६ महिना पनि नबित्दै ३१ अगस्तमा नोम्ह पेन्हस्थित राजदरबारमा राजकुमार नरोदम सिंहानुककी आमालाई "उपहारस्वरुप पठाइएको" पार्सल- बम विस्फोट गराएर आफ्नो अधैर्यता र आक्रमकता प्रदर्शन गरे। दक्षिण भियतनामस्थित अमेरिकी सैनिक अड्डाद्वारा पठाइएका सो पार्सल-बमले पनि सिंहानुक र उनका मातापिताको हत्या गर्न नसकेपछि १९५९ को अन्ततिर फेरि अर्को एउटा हत्याको जालो बुनियो। हाते बम प्रहार गरेर सिंहानुकलाई मार्न पठाइएका रात भात नामक हत्यारालाई गिरफ्तार गरियो। उसले प्रहरीसमक्ष दिएको बयान अनुसार, सोन न्गोक थान्हको खमेर सेराइसंग सम्बन्धित अभियुक्त रात भात दक्षिण भियतनामको राजधानी सैगोनबाट सिआईएको सहयोगबाट हातेबम, र पिस्तोलसहित सिंहानुकलाई मार्नका लागि कम्बोडिया पसेको थियो।

इण्डोनेशियाका राष्ट्रपति सुकार्णो, लाओस्को जननिर्वाचित सरकार र दक्षिण भियतनामका जनताको प्रतिरोधी संघर्षविरुद्ध एकसाथ गहिरो षड्यन्त्र र घिनलाग्दो ढंगले आक्रमण गरिरहेका अमेरिकी शासकहरुले सिंहानुकलाई मार्नका लागि अनेकौं पटक प्रयास गरे। My War with CIA मा मई, १९६३ मा चिनियाँ राष्ट्रपति ल्यू शाओ चि र सिहानुकलाई सिआईएले एक्कैचोटी मार्न खोजेको तथ्य प्रस्तुत गरिएको छ। ल्यू शाओ चिको कम्बोडिया भ्रमणताका नोम्ह पेन्ह भन्दा तीन मील टाढा पड्किएको बम विस्फोटबाट ती दुवै राष्ट्रप्रमुख सकुशल बच्न सफल भए। तर सिआईएद्वारा भाडामा लिइएका हत्याराहरु भने कम्बोडियाली प्रशासनको हातबाट बच्न सकेनन्। कोमिन्ताङ र सिआईएको दिमाग र सक्रियतामा भएको सो बम विस्फोटनमा ताइवानका हत्याराहरुको सलग्नता रहेको थियो।

## १९६० को दशकमा अमेरिकाका हस्तक्षेपहरुको श्रृंखला

१९६० को शुरुदेखि १८ मार्च, १९७० सम्म राजकुमार सिंहानुकको सरकारविरुद्ध अमेरिकी शासकहरुले षड्यन्त्र र हस्तक्षेपका नयाँ नयाँ श्रृंखलाहरु शुरु गरे। ती सबैको नालीबेली लेख्ने हो भने, अमेरिकी साम्राज्यवादको कम्बोडियासंग सम्बन्धित 'महाभारत' नै तयार हुन सक्छ। यहाँ ती षड्यन्त्र र हस्तक्षेपहरुको नमूनाको रुपमा केही बुँदाहरु प्रस्तुत गर्ने जमर्को गरिन्छ।

अमेरिकी शासकहरुले एउटा सानो देशको स्वतन्त्रतालाई भाँचकुँच पार्नका लागि १९५४ देखि १९६५ सम्ममा ३७ जना सिआईएका कर्मचारीहरुलाई नोम पेन्हस्थित अमेरिकी राजदूतावासका कूटनीतिज्ञको ब्याज दिएर पठाएका थिए। तिनीहरुले रक्षामन्त्री मार्शल लोन नोल, परराष्ट्र, रक्षा र शिक्षामन्त्री एवं पूर्व प्रधानमन्त्री तथा खमेर सेराइका नेताहरु मिलेर गोप्य रुपमा कतिवटा षड्यन्त्रकारी गतिविधिहरु गरे, कति वटा आक्रमण र उत्तेजनात्मक कारवाहीहरु चलाए र कति पटक सैनिक विद्रोहको व्यूह रचना गरे, त्यसको कुनै लेखाजोखा गरेर साध्य छैन। तिनीहरुले थाईल्याण्ड र दक्षिण भियतनामका सैनिकहरु प्रयोग गरेर कति पटक कम्बोडियाका सीमानाहरुमा आक्रमण गर्न लगाए, त्यसको पनि हिसाब-किताब गरेर कहिल्यै भ्याउँदैन। अमेरिकी सैनिकहरु र दक्षिण

भियतनामका भाडाका सैनिकहरुले भियतनाम-कम्बोडियाका सीमाबाट र थाई सैनिकहरुले थाई-कम्बोडियाको सीमाबाट थालेको आक्रमणबाट वर्षेनी कति कम्बोडियाली जनता मारिए, कति धन-जनको क्षति भयो, त्यसको बयान गरेर पनि साध्य नै हुँदैन ।

सन् १९६३ देखि अमेरिकी शासकहरुले नयाँ उत्साहका साथ कम्बोडियाविरोधी अभियान चलाए । दोस्रो विश्वयुद्धमा आक्रमणकारी जापान सैन्यवादीहरुसंग घाँटी जोडेर प्रधानमन्त्रीको पद कुम्ल्याएका सोन त्योक थान्हले अमेरिकी साम्राज्यवादको मानो खाएर छापामार संगठन निर्माण गरेका थिए । डलरजीवी भाडाका सिपाहीहरुको सो संगठनलाई अमेरिकी सरकारको विशेष सैन्य दस्ता- Green Berets को दक्षिण भियतनाम र थाईल्याण्डस्थित सैनिक अखडाहरुमा प्रशिक्षण र अत्याधुनिक हातहतियार दिइएको थियो । कम्पुचिया खमेर क्रोम (KKK) नामले कुख्यात ती तथाकथित 'स्वतन्त्र खमेर' (खमेर सेराइ) हरुले १९६३ देखि थाई र दक्षिण भियतनामी सीमाबाट कम्बोडियामा निरन्तर आक्रमण गर्न थालेका थिए । १९६६ सम्म पुग्दा अमेरिकी साम्राज्यवादको आड-भरोसामा शाही सरकारविरुद्ध युद्ध घोषणा गर्ने खमेर सेराइले सीमा क्षेत्रबाट भएका सबै आक्रमण र लूटपाटको जिम्मा लिएको थियो ।

१९६३ मा ल्यू शाओ चि र सिंहानुकको एकै चिहान बनाउन खोजेको, खमेर सेराइले सीमा क्षेत्रबाट आक्रमण गर्न थालेको, थाइल्याण्ड र दक्षिण भियतनामी सैनिकहरुद्वारा सीमा अतिक्रमण जारी रहेको एवं अमेरिकी राजदूतावास हतियार तस्करीमा समेत प्रत्यक्ष रुपमा संलग्न हुन थालेको स्थितिमा कम्बोडियाली जनताको आक्रोश निकै बढ्यो र शाही सरकार र अमेरिकाबीचको कूटनीतिक सम्बन्ध पनि बिग्रन थाल्यो । त्यसमाथि अमेरिकी आर्थिक र सैनिक सहयोग शाही सरकारको घाँटीमा रहेको फाँसीको फन्दा जस्तो हुन थालेको देखेर सिंहानुक सरकारले १९६३ को अन्ततिर सबै अमेरिकी सहयोग अस्वीकार गर्ने साहसिलो घोषणा गर्‍यो । साथै, यसले थाईल्याण्ड र दक्षिण भियतनामसंगको कूटनीतिक सम्बन्ध तोड्ने फैसला पनि सार्वजनिक गर्‍यो ।

यी दुईवटै बुँदामा रक्षामन्त्री मार्शल लोन नोल लगायत केही मन्त्री र राजदूतहरुले सिंहानुकसंग आफ्नो असन्तोष जाहेर गरे । उनीहरुले वामपन्थी शक्तिहरुबाट राज्य विप्लवको तयारी गरिरहेका 'प्रमाणहरु' प्रस्तुत गरेर सिंहानुकलाई दक्षिणपन्थी दिशातिर तान्न खोजे । स्मरणीय छ, १९५० को दशकमा दक्षिणपन्थी राष्ट्रिय पूँजीपतिहरुको एकल सरकार चलाइरहेका राजकुमार सिंहानुकले आफ्नो हितअनुकूल वामपन्थी शक्तिलाई साथ लिएर मध्यपन्थी सरकार चलाउन थालेका थिए ।

त्यस सरकारमा खमेर रुजका नेताहरु खिऊ साम्फान वाणिज्य मन्त्रीका रुपमा, होउ यूओन आर्थिक योजना मन्त्रीका रुपमा र हु निम नेशनल असेम्बलीका उपसभामुखा रुपमा क्रियाशील थिए । झूठा प्रमाणहरु गढेर लोन नोलले वामपन्थीहरुमाथि दमन अभियान चलाउन लगाए । तर पनि अमेरिकी साम्राज्यवादपरस्त दक्षिणपन्थीहरु सत्तामाथि पूर्ण रुपले कब्जा जमाउन सफल भएनन्, मध्यपन्थी सत्ता-समीकरण नै जारी रह्यो ।

१९६४ मा कम्बोडिया र अमेरिकाको सम्बन्ध झन् बिग्रियो । उत्तर भियतनामका क्रान्तिकारी जनताको संहार गर्न लाखौं सैनिकहरु र सयौं बमवर्षक विमानहरु प्रयोग गर्न थालेका अमेरिकी शासकहरुले कम्बोडियाली सीमा समेत मिच्न थाले । त्यसको विरोधमा कम्बोडियाका हजारौं हजार मजदूर र विद्यार्थीहरुले अमेरिकी साम्राज्यवाद र गद्दार लोन नोलविरुद्ध सशक्त प्रदर्शनहरु गरे । त्यसकै प्रतिध्वनिस्वरुप शाही सरकार र नेशनल असेम्बलीले संयुक्त वक्तव्य प्रकाशित गरेर अमेरिकी साम्राज्यवादलाई चेतावनी दिए ।

१९६५ सम्म पुग्दा अमेरिकी शासकहरुले कम्बोडियाली सीमामा समेत निरन्तर बमवर्षा गरेर कम्बोडियाका किसानहरुको हत्या गरेपछि शाही सरकारले अमेरिकासंगको कूटनीतिक सम्बन्ध पनि विच्छेद गर्‍यो । नोम्ह पेन्हस्थित अमेरिकी दूतावासका तथाकथित कूटनीतिज्ञहरु आफ्नो झिटीझाम्टो बोकेर आ-आफ्नो सुरक्षित देशतिर लागे । यसले देशभरि अमेरिकी साम्राज्यवादविरोधी नयाँ जनलहरको सिर्जना गर्‍यो ।

> **१९६५ मा अमेरिकी शासकहरुले बमवर्षा गरेर कम्बोडियाका किसानहरुको हत्या गरेपछि शाही सरकारले अमेरिकासंगको कूटनीतिक सम्बन्ध पनि विच्छेद गर्‍यो ।**

◆


न्याय, स्वतन्त्रता र समतायुक्त जीवन जिउनका लागि कम्बोडियाली जनताले शुरु गरेको साम्राज्यवादविरोधी-पूँजीवादविरोधी संघर्षलाई लोन नोलका सैनिकहरुको बूटले कुल्चन लगाउने अमेरिकी शासकहरुले नै अहिले आएर कम्बोडियाली जनताको 'प्रजातन्त्र'को डिङ हाँकिरहेका छन् । अमेरिकी साम्राज्यवादको सैनिक हस्तक्षेपको विरोध गर्दै तटस्थता र असंलग्नताको नीति अँगाल्ने राजकुमार सिंहानुकको शाही सरकारविरुद्ध लोन नोलको सैनिक डफ्फा र सिआईएका गुप्तचरहरुको झुण्डलाई प्रयोग गर्ने र सैनिक विद्रोहद्वारा सत्तासीन भएका मार्शल लोन नोलको सरकारलाई फासिवादीकरण गर्ने अमेरिकी शासकहरुले नै आजभोलि 'मानव अधिकारको 'कोरस गीत' गाइरहेका छन् ।

कम्बोडियालगायत लाओस् र भियतनाममा B-52 बमवर्षक विमानहरु र नापाम बम बोक्ने विमानहरुद्वारा ५ लाख टन भन्दा बेसी बम प्रहार गर्ने, १९७३ मा मात्रै १६० दिनसम्म लगातार 'कार्पेट बम्बिङ' गरेर कम्बोडियाली शहर र गाउँहरुलाई धूलो पीठो बनाउने र ६ देखि ७ लाख निर्दोष जनताको संहार गर्ने अमेरिकी शासकहरु नै आज पोलपोट लगायतका खमेर रुज नेताहरुको युद्ध अपराधको प्रचार गरिरहेका छन् । अमेरिकी साम्राज्यवादलाई कम्बोडियाबाट खेद्ने पोल पोट लगायतका खमेर रुज नेताहरुलाई नै भियतनामद्वारा कम्बोडियामा गरिएको सैनिक हस्तक्षेपका बेला दशौं वर्षसम्म हतियार, डलर र नैतिक सहयोग दिने अमेरिकी शासकहरुले नै आज आएर पोल पोटहरुलाई 'युद्ध अपराध र मानवताविरोधी अपराध' मा अदालतको कठघरामा उभ्याउने फुर्ति गरिरहेका छन् ।

के यतिविधि युद्ध अपराध र मानवताविरोधी अपराध गर्ने अमेरिकी शासकहरुसंग पोल पोटहरुलाई 'हत्यारा, हिंसक जनावर र मानवद्रोही' भनेर आरोप लगाउने नैतिक अधिकार छ ? यति विधि डरलाग्दो नरसंहार गर्ने, सरकार पल्टाउने, बम वर्षाउने अमेरिकी शासकहरुले पोल पोटहरुलाई अन्तर्राष्ट्रिय अदालतको कठघरामा उभ्याउने हक कहाँबाट पाए ?

कम्बोडियाका खुला मैदानमा लाखौं कम्बोडियाली जनताको टाउको काटेर फुटबल खेल्ने अमेरिकी शासकहरुको 'युद्ध अपराध सम्बन्धी इश्यू' पनि कहीं खमेर रुजहरुलाई नष्ट गर्ने र कम्बोडियाभित्र पुनः साम्राज्यवादी खेल खेल्नका लागि त प्रयोग गर्न खोजिरहेका छैनन् ? आक्रामकता र पाखण्डका लागि विश्वभरि कुख्यात अमेरिकी शासकहरुको पोल पोटवाला यो खेलभित्र लुकिरहेको साम्राज्यवादी स्वार्थ हेर्ने हो भने सबैभन्दा पहिले कम्बोडियाको मामिलामा मुछिएका तत्कालीन राष्ट्रपति रिचार्ड निक्सन र निजका सल्लाहकार हेनरी किसिन्जरलाई अन्तर्राष्ट्रिय अदालतको कठघरामा उभ्याउनु पर्ने हुन्छ र कठोर भन्दा कठोर सजायँ दिनुपर्ने हुन्छ । ◆

(अमेरिकी शासकहरुले १९६५ देखि हालसम्म चालेका साम्राज्यवादी पाईलाहरुको बारेमा आगामी अंकमा विस्तृत समीक्षा गरिनेछ, जसमा पोल पोटको शासन-कालका विविध घटना र प्रवृत्तिहरुको पनि विश्लेषण गरिनेछ । -मूल्यांकन)



अमेरिकी साम्राज्यवादका विरुद्ध लडिरहेका खमेर रुज छापामारहरु
फोटोः ए.पी.

# दलदल मैदानमा संकट पर्दा माओहरुले घोडा समेत खानु पर्‍यो !

**'लंग मार्च' चिनियाँ कम्युनिष्ट फार्टीको नेतृत्वमा र माओ त्से तुङ्गको वैचारिक अगुवाईमा अक्टुबर १९३४ देखि थालिएको चिनियाँ लाल सेनाको विश्वकै विशालतम दुई वर्ष लामो पैदल यात्रा हो । सन् १९३१ मा जापानले चीनमाथि आक्रमण गरेपछि प्रतिकृयावादी कोमिन्ताङ सरकारले जापानीहरुको प्रतिरोध गर्नुको सट्टामा चिनियाँ कम्युनिष्ट पार्टीको देशभक्त शक्तिलाई नै दशौं लाख फौजद्वारा घेराउ गरेर निमिट्यान्न पार्न खोजेपछि शत्रुको घेराबन्दी तोडेर आफूलाई बचाउन यो पैदल यात्राको शुरुवात भएको थियो । फुकिएन र क्याङसी प्रान्तबाट थालिएको यो यात्रा ११ वटा प्रान्त र १२,५०० किलो मिटरको बाटो पैदल हिंडेर उत्तरी सेन्सीमा पुगेर अन्त भएको थियो । यो यात्रा हिउँले ढाकिएका चुचुराहरु र मान्छेको ज्यानै लिने दलदलहरु छिचोलेर निक्कै कष्टसाथ सफल भएको थियो । यही यात्राको फलस्वरुप चिनियाँ जनसेना शत्रुको घेराबाट मुक्त भएर क्रान्तिको सफलतातिर अगाडि बढेको थियो ।**

**यो संस्मरण त्यही ऐतिहासिक दौरानमा चिनियाँ जनसेनाले भोग्नु परेको दु:ख कष्टको जीवन्त रिपोर्ट हो । यो संस्मरण लङ्ग मार्च मै भाग लिएका कम्युनिष्ट नेता चाउ एन-लाइका अंगरक्षक वेइ कत्रो-लू ले लेखेका हुन् ।**

**-मूल्यांकन**

चिनियाँ क्रान्तिको त्यो समय, जब हामीहरू लामो अभियान (Long March) मा थियौं र हामीहरू दलदली मैदान पार गर्दै थियौं । हामीहरू जति-जति दलदल मैदान पार गर्दै गयौं, त्यति-त्यति हामीले बाँकेका खानाहरू सकिँदै गए । खान हुने जंगली वनस्पति प्राप्त हुन पनि मुश्किल पर्दै गयो । खानाको अभाव र विषालु जंगली वनस्पतिहरू खानाले लाल सेनाहरू कमजोर र बिरामी पर्न थाले । खाद्यान्नको समस्या समाधान गर्ने कुनै पनि समाानहरू बाँकी थिएनन् । त्यसैले पार्टीका नेताहरूले सेनाका केही घोडाहरू मार्ने निश्चिय गरे, ता कि घोडाको मासु खाएर भए पनि उनीहरू जीवित रहन सकून् तथा क्रान्तिलाई जारी राख्न सकून् । तर घोडाको तुलनामा खाना खाने मानिसहरूको संख्या कयौं गुना ज्यादा थियो । जसको फलस्वरूप, अधिकांश घोडाहरू मारिए । त्यसपछि पनि खानाको समस्या जस्ताको तस्तै रह्यो । अब लालसेनासंग खान हुने कुनै वस्तु पनि बाँकी रहेन । सेनासंग भएको पेटी र भेंडाका छालाहरू भए पनि पकाएर खाने निर्णय गरियो । खानुभन्दा अघि छालालाई अलि अलि आगोमा सेकाइन्थ्यो र त्यसपछि त्यसलाई एउटा भाँडोमा राखेर उमालिन्थ्यो । त्यसरी छालालाई उमालेर हामीले खाने गर्थ्यौं । आज त त्यस्ता खालको खानालाई कसैले पनि राम्रो मान्दैनन् । तर त्यतिबेला भने हामी त्यही खाना पनि निकै मीठो मानेर खान्थ्यौं ।

केही दिनपछि हामीसंग भएका छालाका सामानहरू पनि सकिन थाले । त्यसपछि हामीले काम नलाग्ने किताब र कागजहरू खान थाल्यौं । ती कुराहरू हामी भोक मेट्नको लागि जबरजस्ती निल्थ्यौं । अब हामीसंग कागजहरू पनि बाँकी रहेनन् । त्यसपछि हामीले चिसो पानी मात्र पिएर पनि पेट भर्न थाल्यौं । भोकले गर्दा हाम्रो पेट गुडुगुडु कराउँथ्यो । चिसोपानी पिउनाले हाम्रा धेरै साथीहरूको पेटको गड्बडी शुरू हुन थाल्यो । हाम्रा नेताहरूले पानी उमालेर तातोपानी पिउने निर्णय गरे, जसले गर्दा शरीरमा केही ताप पनि पैदा गरोस् ।

यसरी खानाको समस्याले गर्दा हाम्रो शारीरिक शक्ति पनि द्रुत गतिले घट्न थाल्यो । विरामी साथीहरूको हालत त झनै खराब हुन थाल्यो । तर यस्तो गम्भीर परिस्थितिमा पनि हाम्रा साथीहरू एक अर्कोको मद्दत गरिरहन्थे र एक अर्कोलाई सहारा दिइरहन्थे । एक दिन मलाई यति चर्को रूपमा पेट दुख्यो कि, म सिधा उभिनै सकिरहेको थिएनँ । डक्टर तथा चिकित्सा सहायकहरूले पनि मलाई केही गर्नै सकिरहेका थिएनन् । मेरो पेटको दु:खाइ कम गर्नको लागि उनीहरूसंग कुनै औषधि बाँकी थिएन । सौभाग्यको कुरा भनुँ या के भनुँ, एकजना साथी, कुलाई यस्तो एउटा जडीबुटीको ज्ञान थियो, जुन जडीबुटी खानाले पेट्ट दु:खेको कम हुन्थ्यो । उसले चिकित्सा सहायकलाई भन्यो कि, ऊ आफ्नो घरमा भएको बखतमा उसको पेट दुखेको बेलामा लेकुङ र खीशिन नामक दुइवटा जडीबुटी ख्वाउने गर्थ्यो । यसले पेट दु:खेको छिटै निको हुने गर्थ्यो । त्यसैले बाटोमा काम लाग्छ भनेर उसले त्यस्ता जडीबुटीहरू जम्मा गरेर ल्याएको रहेछ ।

त्यसपछि उसले त्यो जडीबुटी पखालेर मलाई खान दियो । त्यो जडीबुटी खाएको केही छिनपछि मेरो पेट दु:खेको विस्तार विस्तारै कम हुन थाल्यो । यसपछि त अरू कसैलाई पनि पेट दु:ख्न थाल्यो भने त्यही जडीबुटी प्रयोग गर्न शुरू गरियो । यस्तै किसिमले हामीहरू दलदल मैदान पार गर्दै गयौं । यसरी दलदल मैदान पार गरेर हामीहरू बाहिर निक्लन खोज्दै थियौं । एक्कासी मेरो खुट्टा दु:ख्न शुरू भयो । पैतला सुनिएर फुलेको रोटी जस्तै हुन थाल्यो । हिँड्ने बेलामा मेरो खुट्टा यति दु:ख्थ्यो, म आफ्नो पाइला उचाल्न सक्तिनथें । मेरो बिमारीले मलाई साह्रै दु:खित तुल्यायो ।

अचानक मलाई सुनिएको बेला जडीबुटीबाट घरेलु उपचार गर्न सकिने सम्झना आयो । त्यहीं नै सो प्लेँटिन नामक जडीबुटी प्राप्त भयो । त्यसलाई उमालेर त्यसको रसले खुट्टा धोएँ र त्यसैको लेप खुट्टामा लगाइदिएँ । केही पटक यसो गरेपछि खुट्टा सुनिन र दु:ख्न कम भयो । म छिट्टै हिँड्डुल गर्न सकेकोमा मलाई




चाओ एन-लाइ

## उपाध्यक्ष चाओले अन्य व्यक्तिहरूको यति धेरै ध्यान राख्नाले पनि हाम्रा धेरै साथीहरूलाई मृत्युको मुखमा जानबाट बचाउन सकियो ।

धेरै खुसी लाग्यो । यस प्रकार दलदल मैदान पार गर्ने समयमा औषधीको अभावमा विभिन्न समस्या उत्पन्न भयो । त्यसको सामना गर्न हामीले विभिन्न प्रकारका जडीबुटी प्रयोग गरेर परम्परागत तरिकाबाट उपचार गर्‍यौं ।

दलदल मैदान पार गर्ने दौरानमा हामीले हर समय खानाको अभावको सामना गर्नु पर्‍यो । दलदल मैदान पार गरेको लगभग तीन दिन अगाडिको स्थिति त झन् यति गम्भीर थियो, हाम्रा धेरै साथीहरू भोकले मर्न थाले । कोही साथीहरू त निन्द्रामै बिते । मेरा दुई जना साथीहरू चन चाओ शी र च्याङ शङ के मेरो आँखा अगाडि मरे । एक दिन राति आराम गर्नको लागि हामीले एक ठाउँमा क्याम्प खडा गर्‍यौं । त्यो समयसम्म हाम्रा ती दुवै जना सथीहरू ठीकठाक नै थिए । तर भोलिपल्ट विहान विगुल बज्दा उनीहरू दुवैजना उपस्थित भएनन् । कुरा बुझ्दा के थाहा भयो भने, ती दुवै जना साथीहरूको प्राणपखेरू उडिसकेको रहेछ ।

वास्तवमा दलदल मैदान पार गर्ने समयमा हामीले कठीनतम परिस्थितिहरूको असाधारण कष्टहरूको सामना गर्नु पर्‍यो । तै पनि हाम्रो लाल सेनाका योद्धाहरू आफ्नो उन्नत राजनैतिक चेतना तथा विरोचित शाहसको बलमा ती सम्पूर्ण कठिनाइहरूमाथि विजय प्राप्त गर्नका लागि कटिबद्ध थिए । हामीलाई आफ्नो विजयप्रति पूर्ण विश्वास थियो । त्यही विश्वासमा हामीहरू अति कठीन परीक्षालाई पनि तुच्छ सम्झेर अडिग संकल्पका साथ लगातार अगडि बढिरहेका थियौं ।

दलदल मैदानमा उपाध्यक्ष चाओ पनि हाम्रै साथमा हुनुहुन्थ्यो । उहाँले पनि हामीले सरह नै कठिनाइ भोगिरहनु भएको थियो । तर जब उहाँले आफ्ना साथीहरू भोकले मरिरहेको देख्नु भयो, तब उहाँले मलाई भन्नुभयो- उहाँको लागि भनेर साँचेर राखेको अलिकति छिङ्ख (जौंको सातु) पनि पानीमा घोलेर अरूलाई खुवाउनू । मैले यसो गर्न सकिनँ । किनभने, अरूले भन्दा उहाँले बढी काम गर्नु पर्थ्यो । अरू सबैले आराम गरिसक्दा पनि उहाँ रात-रातभर बसेर काम गरिरहनु हुन्थ्यो । त्यसैले मैले उहाँसंग सोधें- 'अलिकति बचेको सातु पनि सबै सिध्याएँ भने तपाई के खानु हुन्छ त ?'

उपाध्यक्ष चाओले गम्भीर भएर जवाफ दिनु भयो- 'मेरो जीवन त्यतिबेला मात्र महत्वपूर्ण हुन्छ, जुन बेला अरू साथीहरू पनि जीवित रहन्छन् । हाम्रो एकजना साथीलाई जीवित राख्नुको मतलब हुन्छ, क्रान्तिको पङ्तिमा एउटा सानो अंशको बृद्धि गर्नु ।'

त्यसपछि बडो अनिच्छापूर्वक मैले अलिकति बाँकी रहेको सातुको अमूल्य अंश पनि निकालेर अरूलाई बाँडिदिएँ । उपाध्यक्ष चाओले अन्य व्यक्तिहरूको यति धेरै ध्यान राख्नाले पनि हाम्रा धेरै साथीहरूलाई मृत्युको मुखमा जानबाट बचाउन सकियो । उहाँ आफ्ना साथीहरूको जीवनलाई आफ्नो जीवनभन्दा धेरै मूल्यवान सम्झनु हुन्थ्यो । उहाँको एउटा साँच्चैको कम्युनिष्टको आत्मत्यागको यो भावनालाई म कहिल्यै बिर्सन सक्तिनँ । हाम्रा ती साथीहरूले त्यस समयमा भनेका थिएँ- उपाध्यक्ष चाओ हाम्रो यति धेरै ध्यान राख्नु हुन्छ, हामी पनि यो प्रतिज्ञा गर्छौं कि, हाम्रो अन्तिम सास बाँकी रहेसम्म हामीहरू संघर्ष गरिरहन्छौं । हामी प्रतिज्ञा गर्छौं कि, यो दलदल मैदानलाई हामी अवश्य पनि पार गर्नेछौं ।

दलदली मैदान हाम्रो लामो अभियानको सबभन्दा कठीन हिस्सा थियो । तैपनि बाटामा आएका सम्पूर्ण कठिनाइहरूलाई आफ्ना बशमा पारेर हामीले त्यसलाई पनि सफलतापूर्वक पार गर्‍यौं । हाम्रो यस सफलताको श्रेय हाम्रो पार्टी तथा अध्यक्ष, माओको सही नेतृत्व हाम्रो नेताहरूको हामीमाथि स्नेहपूर्ण व्यवहार तथा देखभाल, हाम्रा साथीहरूको उदार वर्गीय प्रेम तथा उनीहरूको अथक संघर्ष नै हो । ◉

**अनु: मुक्ता श्रेष्ठ**

साभार : लामो अभियानमा
अध्यक्ष चाओ एन लाइको साथ
(हिन्दी संस्करण)



कारखाना मजदूर

# आजको स्थितिमा नेपाली मजदूर र तिनका समस्या

◆ विष्णु रिमाल ◆



नेपालमा राणाशाही अन्त्य भएको ४८ वर्ष बितिसकेको छ। र, निरंकुश राजतन्त्रको नियन्त्रणमा संचालित तानाशाही पंचायती व्यवस्थाको अन्त्य भएको पनि ८ वर्ष बितिसकेको छ। तथापि, नेपाली श्रम बजार र नेपाली श्रमिकहरूको अवस्था भने दिन प्रतिदिन ओह्रालो लागिरहेछ। ४५ प्रतिशतभन्दा बढी जनसंख्या निरपेक्ष गरीबीको रेखामुनि रहनु, लगभग ५ प्रतिशतको दरमा बेरोजगारी रहनु, कुल श्रमशक्तिको ४० प्रतिशतभन्दा बढी जनसंख्या अर्ध बेरोजगारीको चपेटामा पर्नु र कूल जनसंख्याको ३५ प्रतिशत जनताले ७ महिना काम गरेर १२ महिना गुजारा गर्न बाध्य हुनु नेपाली श्रम बजारको आजको वास्तविकता हो। ज्यादै न्यून उत्पादकत्वको समस्या झेलिरहेको हाम्रो देशमा कुल रोजगारीमा रहेका मध्ये झण्डै ७८ प्रतिशत स्वरोजगारहरू छन्। तर उनीहरू श्रमिककै रूपमा स्वीकारिएका छैनन् र उनीहरूलाई राष्ट्रिय आर्थिक तथ्यांकभित्र लेखाजोखा समेत गरिएको छैन।

नेपालमा मजदूरहरू कति छन्? यो मुद्दा सधैं विवादको विषय या त ठट्टाको विषय बन्ने गरेको छ। उच्च स्तरीय भूमिसुधार आयोगको प्रतिवेदनमा उल्लेख भएबमोजिम, कृषि क्षेत्रमा मात्र ज्यालाआर्जक कृषि मजदूरहरू लगभग २० लाख छन्। कृषिका अतिरिक्त संगठित उद्योग, सेवा, पर्यटन, सहितका ज्यालाआर्जक तथा निर्माण-यातायात- घरेलु क्षेत्रसहितको अनौपचारिक क्षेत्रमा कार्यरतहरूको हिसाब गर्दा १० लाख भन्दा बढी यस्ता ज्यालाआर्जक श्रमिकहरू रहेको अनुमान छ। हामीले नेपाली मजदुरहरूको समस्याको चर्चा गर्दा यसै पृष्ठभूमिमा आधारित भएर गर्नु पर्दछ।

## के हुन त नेपाली मजदुरहरुका समस्या ?

नेपाली मजदुरहरूको समस्यालाई एउटा सूत्रमा 'यही हो' भन्न सकिदैन। उनीहरू आफू कार्यरत रहेको फाँटैपिच्छे समस्या फरक-फरक रहेका छन्। समग्रमा नेपाली मजदूरहरूको समस्यालाई यसरी उल्लेख गर्न सकिन्छ:

### पहिलो, श्रम ऐनको प्रभावकारी कार्यान्वयन नहुनु-

विद्यमान श्रम कानूनका आफ्नै सीमा छन्। यो कानूनले ८७ लाख ७९ हजारको संख्यामा अनुमान गरिएको नेपालको कूल श्रम शक्तिको मुश्किलले १० प्रतिशत हिस्सालाई मात्र छुने काम गरेको छ। दश वा दशभन्दा बढी कामदार-कर्मचारी कार्यरत प्रतिष्ठानमा बाहेक अन्यत्र यो कानून सम्पूर्ण रूपमा लागू हुँदैन। यो व्यवस्थाले ग्रामीण एवं कृषि र अन्य अनौपचारिक श्रम क्षेत्रमा काम गर्ने लाखौं मजदूरहरूको संगठित हुन पाउने र उपयुक्त पेशागत कानूनी उपचार पाउने अधिकारलाई कानूनी रूपमै ओझेलमा परेको छ।

हाम्रो देशमा श्रम कानूनले १ घण्टा मात्रै काममा लगाउन पनि सेवा शर्त उल्लेख गरिएको नियुक्तिपत्र दिनुपर्ने व्यवस्था गरेको छ। तर नियुक्ति पत्र मजदूरलाई दिंदा कानूनी रूपमा 'रोजगार सम्बन्ध' कायम हुने भएकोले नेपाली उद्यमीहरू वर्षौंदेखि मौखिक समझदारीको भरमा श्रमिकको शोषण गरिरहेका छन् र खुल्लमखुल्ला कानूनको अपहेलना गरिरहेका छन्। नियुक्ति-पत्रको माग र समस्या नेपालको कार्पेट उद्योग, गार्मेण्ट उद्योग, निर्माण उद्योग, स-साना होटल र रेष्टुराँ, यातायात, कृषि जस्ता व्यापक संख्यामा मजदूरहरू कार्यरत क्षेत्रमा तातो समस्याको रूपमा रहेको छ। **नेपाल यातायात स्वतन्त्र मजदूर संगठनले** 'नियुक्ति-पत्र' को १ सूत्रीय मागलाई कार्यान्वयन गराउन 'सवारी नियमावली' निर्माणको माग गऱ्यो। झण्डै ४ वर्षको लगातार संघर्षपछि व्यवसायी मजदूर र सरकार संलग्न त्रिपक्षीय समितिले सिफारिस गरे बमोजिम उल्लिखित 'नियमावली' घोषणा गरियो। सवारी साधन संचालन गर्न त्यसमा कार्यरत चालक-परिचालकको सेवा-शर्त उल्लेख गरिएको नियुक्ति-पत्रको प्रतिलिपि सम्बन्धित निकायमा पेश गर्नुपर्ने बाध्यकारी व्यवस्था उक्त नियमावलीमा समावेश गरिएकोले व्यवसायीहरूले त्यसको अवज्ञा गर्न षड्यन्त्र शुरू गरे। उनीहरूले नियुक्ति पत्र दिएर मजदूरलाई रोजगारीमा राख्दा 'उनीहरूको सधैंको लागि गला-पासो हुने' अड्कल काटे। फलस्वरूप, यति लामो संघर्षपछि प्राप्त 'सवारी नियमावली' लागू हुन सकिरहेको छैन।

ठीक यस्तै हालत हालै **नेपाल स्वतन्त्र कार्पेट मजदूर यूनियन** र व्यवसायी एव सरकारबीच भएको संझौताको पनि हुन पुगेको छ। यो संझौतामा पनि गलैंचा उद्योगको लागि स्थायित्व दिन मजदूरहरूलाई नियुक्ति-पत्र दिनुपर्ने उल्लेख छ। तर विडम्बना, नेपालको श्रम प्रशासन कमजोर र अकर्मण्य अवस्थामा छ, जसले कानूनी रूपमा श्रमिकलाई प्राप्त अधिकार उपलब्ध

> न्यून उत्पादकत्वको समस्या झेलिरहेको हाम्रो देशमा कुल रोजगारीमा रहेका मध्ये झण्डै ७८ प्रतिशत स्वरोजगारहरू छन्। तर उनीहरू श्रमिककै रूपमा स्वीकारिएका छैनन्

गराउन पनि सकिरहेको छैन ।

## पूँजीको खगोलीकरणले श्रृजना गरेको समस्याः

"मजदूरहरू वस्तु होइनन्," सन् १९४४ मा जारी गरिएको अन्तर्राष्ट्रिय श्रम संगठनको **फिलाडेल्फिया घोषणाले** पनि यसलाई स्वीकार गरेको छ। तर पूँजीको खगोलीकरणको प्रकृयाले फेरि मजदूरलाई 'बजारको वस्तु'को रूपमा व्यवहार गर्न थालेको छ ।

आर्थिक उदारीकरणपछि श्रम कानूनलाई उद्योगीहरूको इच्छा अनुरूपको लचकिलो बनाउनुपर्ने धारणाले महत्व पाएको छ । विश्वका कतिपय देशहरूमा

**मजदूरहरुको संगठित संस्थाले मात्र 'घोडामा चढिरहेको वादशाहलाई मैदानमा पछार्न सक्छ । पूँजीपतिहरुले पनि यही गाँठी कुरालाई बुझेका छन्- त्यसैले उनीहरु मजदूरको यूनियन रुचाउँदैनन् ।**

विद्यमान श्रम कानूनलाई विस्थापित गर्न "मुक्त व्यापार क्षेत्र" वा "निर्यातमूलक औद्योगिक क्षेत्र" (एफ् टि जेड/इपिजेड) खडा गरी त्यहाँ श्रम कानून लागू गर्न नपर्ने छूट दिइएको छ । त्यति मात्र नभई, त्यस्ता औद्योगिक क्षेत्रमा मजदूरहरूले संगठित माग-दावी प्रस्तुत गर्न नपाइने, हड्ताल जस्ता सशक्त दवाबमूलक सामूहिक कार्वाही गर्न प्रतिबन्ध लगाउने र बजारमा मजदूरहरू धेरै भए थोरै तलबमा काम लगाउने र आवश्यकताअनुरूप मजदूर नपाइएमा बढी तलबमा काममा लगाउने अधिकार समेत दिइएको छ । पूँजीपतिहरूले यस्तो नीतिलाई 'हायर एण्ड फायर', 'नो यूनियन-नो स्ट्राइक' पोलिसी भन्ने गरेका छन् । जसरी शरीरमा ताजा रगतको परिचालन हुनु आवश्यक छ- त्यसैगरी कल कारखानामा पनि २/५ महिनामा नै सस्ता र ताजा मजदूरहरूलाई काममा घोट्न पाउनु पर्छ भन्ने उनीहरूको माग छ । उनीहरूले यो अमानवीय नीतिलाई 'लेबोर मोविलिटी' भन्ने गरेका छन् । उनीहरू ५/७ वर्ष स्थायी भएर काम गरिसकेका मजदूरहरूलाई 'सुकेको काठ' संग तुलना गर्दै 'डेड ऊड' भन्ने गर्छन् । र, केही गरी कोही मजदूर बिरामी भयो वा काम विशेषले सूचनासहित अनुपस्थित भएमा बिनाहिचकिचाहट त्यो दिनको तलब काट्छन् । यस्तो प्रसंगमा उनीहरूले प्रयोग गर्ने अंग्रेजी वाक्य हो- 'नो ओर्क - नो पे ।"

हाम्रो देशमा निर्यातमूलक औद्योगिक क्षेत्र- 'इपिजेड' छैन । तर सिंगो औद्योगिक जगत्लाई त्यस्तै बनाउने प्रयत्न भने जारी छ । खगोलीकरणले विश्वको श्रमिक वर्गलाई दिएको 'सानदार उपहार' यी हो- जसले प्रत्येक मजदूरलाई 'एक्लो' पार्ने प्रयत्न गरिरहेको छ । सर्वहारावर्गका महान् नेता क. लेनिनका अनुसार, "एक्लो मजदूर केही होइन- उसको सम्पूर्ण शक्ति भनेकै संगठनमा हुन्छ ।" मजदूरहरूको त्यस्तो संगठित संस्थाले मात्र 'घोडामा चढिरहेको वादशाहलाई मैदानमा पछार्न' सक्छ । पूँजीपतिहरूले पनि यही गाँठी कुरालाई बुझेका छन्- त्यसैले उनीहरू मजदूरको यूनियन रूचाउँदैनन् ।

श्रम सम्बन्धमा विभिन्न शर्त र प्रवृत्ति हुन्छन् । महिनावारी तलब थाप्ने गरी स्थायी वा परीक्षणकालमा रहेको अस्थायी रोजगारी हामी धेरैले थाहा पाएको प्रचलित श्रम सम्बन्धको अभ्यास हो । यसका अतिरिक्त दैनिक ज्यालादारी, ठेक्कामा काम गर्ने, पीस रेटमा कामगर्ने, करार सेवा आदि अन्य श्रम सम्बन्धका वर्तमान अभ्यासहरू हुन् । खगोलीकरणको प्रकृयासँगै 'उत्पादनको सबैभन्दा सस्तो साधन' को खोजीमा लागेका बहुराष्ट्रिय

## कस्तो छ नेपाली श्रम बजारको अवस्था ?

| | |
|---|---|
| १) बेरोजगारी दर (१९९६) | पुरूष ५.६% महिला ४.१% |
| २) अर्ध बेरोजगारी दर | ४७% |
| ३) कुल रोजगारमध्ये हप्ताको २० घण्टा पनि काम गर्न नपाउने | २२% |
| ४) महिला श्रमिकहरू कुल श्रमिक संख्याको | ५२% |
| ५) कुल रोजगारीमा स्वरोजगारी | ७८% |
| ६) कुल रोजगारीमा ज्यालादारी श्रमिक | २२% |
| ७) प्रत्यक्ष विदेशी लगानीद्वारा संचालित बहुराष्ट्रिय कम्पनी | ३७४ |
| ८) बहुराष्ट्रिय कम्पनीले श्रृजना गरेको रोजगारी | रू. ५ लाखबाट १ रोजगारी |
| ९) घरेलु तथा साना उद्योगले श्रृजना गरेको रोजगारी | रू. १० हजारबाट १ रोजगारी |

**स्रोतः डा. युवराज खतिवडा, विश्वकीकरण र नेपालको श्रम बजार**

कम्पनीहरूले गृह आधारित श्रम सम्बन्ध (होम वेस्ड वर्क) लाई विकसित गरेका छन् । ठूला ठूला भवनमा धेरै मेशिन लगाएर कारखाना संचालन गर्नुभन्दा थान गन्तीमा पैसा दिने गरी यस्ता कम्पनीको उत्पादन घर घरमा मेशिन लगाएर तयार गरिन्छ ।

यसो गर्नाले व्यवसायीहरूले कारखाना खोल्न चाहिने भवन, आवश्यक मेशिन, बिजुली पानीदेखि मजदूरका नाममा खर्चिनु पर्ने तलब- भत्ता ओभरटाइम र अन्य सुविधा जस्ता कैयन शीर्षकमा खर्च गर्नु नपर्ने हुंन्छ । यसबाट मजदूरहरू असंगठित र कमजोर हुन जाने हुनाले उसले अन्यायपूर्ण र अनुचित श्रम सम्बन्ध स्थापना गर्ने व्यवहारिक मान्यताको उपभोग पनि गर्छ र साथै, प्रचलित श्रम कानूनबाट समेत आफूलाई अछूतो राख्छ । यो प्रक्रिया विश्वका अन्य देशहरूमा जस्तै नेपालमा पनि शुरू भइसकेको छ । र, यो प्रक्रिया संगठित उद्योगहरूमा समेत प्रवेश गरिसकेको छ । उदाहरणको लागि, काठमाडौंका विभिन्न घरहरूमा तान लगाएर ठूला निर्यातकर्ताको लागि गलैंचा तयार गर्ने घरेलु कार्पेट-मजदूरलाई लिन सकिन्छ ।

यो मजदूर चुस्ने नयाँ तरिका हो ।

गार्मेण्ट क्षेत्रमा, स्थापित गार्मेण्ट उद्योगबाट एउटा मजदूरले आफू र आफ्नो परिवारको क्षमता अनुरूप तयारी पोशाक तयार गर्ने अर्डर लिन्छ । पारिवारिक रूपमा घरमै उसले पिसहरू तयार गर्छ र थान गन्ति गरेर भुक्तानी लिन्छ । गार्मेण्ट क्षेत्रको यस्तो प्रकृतिको कार्यलाई 'फ्रेबिकेशन' भनिन्छ ।

अष्ट्रेलियाको निर्माण उद्योग ठेक्का श्रमको सन्दर्भमा बदनाम छ । कुनै पनि श्रमिकले रोजगारी पाउनु- अघि व्यक्तिगत करारमा (इण्डिभिजुयल कन्ट्र्याक्टमा) सहीछाप गर्नु पर्छ ; त्यसको लागि सबैभन्दा पहिले उसको एउटा 'व्यक्तिगत कम्पनी' सरकारी निकायमा दर्ता गरी त्यसको प्रमाणपत्र लगेर प्रमुख रोजगारदातालाई बुझाउनु पर्छ । यही प्रमाणपत्रमा आधारित भएर उक्त व्यवस्थापनले सेवा, शर्त र सुविधा सम्बन्धी श्रम-विवादको समयमा सरोकारवाला मजदूर "आफ्नो मजदूर नभई उल्लेखित 'व्यक्तिगत कम्पनीको' मजदूर रहेको" जिकिर गर्दछ र दायित्वबाट पन्छिन्छ । बतासे करार (बोगस कन्ट्र्याक्ट) को नामले कुख्यात यो प्रचलनले अष्ट्रेलिया र प्रशान्त क्षेत्रका मजदूरहरू औपचारिक श्रम बजारभित्रै अनौपचारिक र असंगठित हुन पुगेका छन् ।

यस सन्दर्भमा, नेपालमा सुरक्षा गार्ड आपूर्ति गर्ने 'ग्रुप- फोर सेक्युरिताज' जस्ता

## नेपालमा कुन कुन फाँटमा कति मजदूर छन् ?

| | | |
|---|---|---|
| १) | औद्योगिक मजदूर (ने.उ.वा. महासंघको तथ्यांक) | ३७४८६० |
| २) | गलैंचा मजदूर (नेस्वकामयूको तथ्यांकअनुसार) | १७५००० |
| ३) | यातायात मजदूर (नेयास्वमसंको तथ्याकअनुसार) | ३००००० |
| ४) | गार्मेण्ट मजदूर (नेस्वटेगामयूको तथ्यांकअनुसार) | ३०००० |
| ५) | ट्रेकिङ्ग मजदूर | ३५००० |
| ६) | चिया बगान मजदूर (नेस्वचिमयूको तथ्यांकअनुसार) | १३००० |
| ७) | होटल मजदूर | ५०००० |
| ८) | प्रेस मजदूर (हकरहरू सहित) | ८,००० |
| ९) | कृषि (उच्चस्तरीय भूमिसुधार आयोगको प्रतिवेदनअनुसार) | २०,००००० |
| १०) | निर्माण लगायत अनौपचारिक क्षेत्र (सिजनल कृषि मजदूर कटाएर) | ५०,००० |
| | जम्मा | ३०३५८६० |

(यसमा निजामति सेवा, शिक्षण र प्राविधिक पेशामा संलग्न श्रमिकहरूलाई समावेश गरिएको छैन ।)



चिया मजदूर

कम्पनीलाई लिन सकिन्छ ।

धेरै श्रम खपत गर्ने गलैंचा कारखानाका मजदूरहरूले प्रायः आफ्नो प्रमुख रोजगारदाता नै चिन्दैनन् । उनीहरूलाई झुण्डको रूपमा ग्रामीण इलाकाबाट एउटा ठेकेदारले धपाएर ल्याउँछ । ठेकेदारले नै उनीहरूको टाउकोको मोल तोक्छ र रोजगारदाताबाट एकमुष्ट पेश्की बुझ्छन् । उसलाई चित्त बुझ्न्जेल मजदूरहरूको समूहलाई उसले त्यहीं दल्छ । रोजगारदाता र ऊबीच खटपट शुरू भएमा त्यो झुण्डलाई लिएर ऊ टाप ठोक्छ ।

काठमाडौंको रत्नपार्कको भ्याली स्वीट्स अगाडि हरेक दिन विहान निर्माण मजदूरहको बजार लाग्छ । कामको खोजीमा रहेका सयौं मजदूरहरू विहान आठै बजेदेखि त्यहाँ रोजगारदाताको खोजीमा उभिइरहेका हुन्छन्, जसलाई श्रम चाहिन्छ, ऊ त्यहीं मोल-तोल शुरू गर्छ । बजारका अन्य बस्तुको जस्तै मजदूरको श्रमको घटाघटको आधारमा मूल्य तय गर्छ । र, तोकिएको समयावधिको लागि खरिद गर्छ ।

सार्वजनिक संस्थानको निजीकरण खगोलीकरणको प्रकृयाले ल्याएको अर्को समस्या हो । यसले एकातिर सरकारलाई सामाजिक दायित्व पूरा गर्ने कार्यबाट उम्कन सुगमता प्रदान गरिदिएको छ भने, अर्कोतिर तुलनात्मक रूपमा सुरक्षित रोजगारीमा रहेको ५० औं हजारको संख्याका मजदूरहरूको पेशाको भविष्यमाथि प्रश्नचिन्ह खडा गरेको छ ।

७ वर्षको नेपाली अनुभवले के बताएको छ भने, कमिशनको चक्करमा राज्यका संचालकहरूद्वारा भविष्य भएका (भाएवल पोटेन्सियल पिइज) कारखाना निजीकरण गरिएका छन् । त्यसपछि



मजदूर जुलूस

**अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरुको ठाडो आदेशमा 'गोल्डेन ह्याण्ड सेफ" को नाममा ठूलो संख्यामा कामदारहरुलाई रोजगारीबाट हटाउने काम भएको छ ।**

ओभरस्टाफिङ घटाउने नाममा मजदूरहरूको कटौती गरिएको छ । एफिसेन्सी (कार्यक्षमता) बढाउने नाममा कार्य घण्टा बढाउने र सुविधा घटाउने कार्य भएको छ। अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूको ठाडो आदेशमा 'गोल्डेन ह्याण्ड सेफ" को नाममा ठूलो सख्यामा कामदारहरूलाई रोजगारीबाट हटाउने काम भएको छ ।

यसरी हालसम्म निजीकरण गरिएका संस्थानमा ५० प्रतिशत कामदारहरूको रोजगारी गुमेको र कामदारहरूको कार्य अवस्थामा समेत सुधार नभएका पाइएको छ ।

## तेस्रो, न्यूनतम ज्याला र बेरोजगारी समस्या

### नेपाली मजदूरहरुको मासिक न्यूनतम ज्याला रुपियाँमा

| वर्ष | अदक्ष | अर्धदक्ष | दक्ष | उच्च दक्ष | सबै श्रेणीका लागि |
|---|---|---|---|---|---|
| १९६५, (२०२२) | ११० | १३७५० | २०६.२५ | ३०९.३८ | २५% महंगी भत्ता समेत सामेल |
| १९७३ | १५० | १७३।- | २२८ | ३२० | महंगी भत्ता छैन |
| १९७८ | २०० | २३०।- | २९० | ३९० | +५० रूपैयां महँगी भत्ता |
| १९८० | २६० | २९९ | ३७७ | ५०७ | +५० रूपैयां महँगी भत्ता |
| १९८३ | ३२५ | ३८५ | ४५२ | ५९८ | +५० रूपैयां महँगी भत्ता |
| १९८५ | ४२५ | ४८५ | ५५२ | ६९८ | +५० रूपैयां महँगी भत्ता |
| १९८७ | ५३२ | ५८२ | ६९० | ८७३ | +५० रूपैयां महँगी भत्ता |
| १९८९ | ८०० | ८५० | ९५८ | १,१४१ | +५० रूपैयां महँगी भत्ता |
| १९९२ | १,००० | १,०५० | १,१६० | १,३५० | +१५० रूपैयां महँगी भत्ता |
| १९९५ | - | - | - | - | +४५० रूपैयां महँगी भत्ता |
| १९९७ (२०५४) | १,३०० | १,३५० | १,४६० | १,६५० | +५०० रूपैयां महँगी भत्ता |

स्रोतः श्रम विभाग

नेपालमा न्यूनतम ज्याला निर्धारण गर्ने प्रकृया २०२२ सालदेखि शुरू भयो । अदक्ष, अर्धदक्ष, दक्ष र उच्च दक्ष जस्तो अवैज्ञानिक वर्गीकरणमा आधारित तह विभाजनअनुरूप न्यूनतम ज्याला ४ भागमा बाँडियो । त्यसयता न्यूनतम ज्यालामा १० पटक पुनरावलोकन गरिसकिएको छ, जसले केवल ७-१० प्रतिशत श्रमिकलाई मात्र छोएको छ । श्रम शक्तिको विशाल भाग ओगट्ने अनौपचारिक क्षेत्रसित यसको टाढाको साइनो पनि रहेको पाइँदैन । अर्थात् त्यहाँ न्यूनतम ज्याला दिनु पर्दैन । सबैभन्दा पछिल्लो बृद्धिले १,३००-१,६५० सम्म न्यूनतम वेतन तथा रू ५००।- महंगी भत्ता तय गरेको छ, जुन वर्तमान बजार भाउको तुलनामा अत्यन्तै अपर्याप्त छ । २०५४ सालमा भएको प्रथम राष्ट्रिय श्रम सम्मेलनमा उमेशचन्द्र उपाध्यायद्वारा तयार गरिएको कार्यपत्र '**गरीबी, ज्याला संरचना र सामाजिक सुरक्षा**' मा उल्लेख भए बमोजिम, ज्यालाको बनौटभित्र आधारभूत ज्याला, महंगी भत्ता र अन्य फ्रिन्ज बेनिफिट उद्योगअनुसार मात्र नभएर कारखाना कारखानामा फरक पाइन्छ । प्रशासनिक र प्राविधिक सेवामा संलग्नहरू बाहेक अरूको ज्यालास्थिति कमजोर छ । र, आधारभूत ज्यालामा मात्र सीमित रहनु पर्ने बाध्यताले श्रमिकको ठूलो संख्यालाई पीडित गरेको छ ।"

फ्रिन्ज बेनिफिट भन्नाले 'आवास सुविधा वा भत्ता, रासन सुविधा वा सहुलियत दरमा खाद्यान्न, शिशु स्याहार व्यवस्था, मनोरञ्जन, वीमा, सुलभ ऋण व्यवस्था जस्ता ज्यालाको पूरक भाग मानिने र कामसंग सोझै नजोडिएका अप्रत्यक्ष सुविधाहरू बुझिन्छ, जुन अत्यन्त सीमित मात्र नभई उद्योग वा सेवाका विभिन्न क्षेत्रमा संलग्न आम श्रमिकहरूको पहुँचभन्दा टाढा छन् ।"

कृषि क्षेत्रतर्फ ज्यालाको स्थितिमा झन् ठूलो विविधता छ । ४० हजारको संख्यामा रहेका कमैयाहरूको ज्यालाको कुनै निश्चितता छैन, उनीहरू दासको रूपमा पूर्णतः मालिकको निगाहमा आश्रित छन् । रू. १८ देखि ४० सम्मको सीमाभित्र हाकिम वा मालिकको दया बमोजिम ज्याला थाप्न कृषि फर्ममा काम गर्न मजदूरहरू बाध्य छन् । हली, गोठाला र खेताला जस्ता २० औं लाखको संख्यामा रहेका कृषि मजदूरहरूका ज्याला विशुद्ध रूपले व्यक्तिगत सौदाबाजीमा आधारित छ । उनीहरूको ज्यालामा रहेको अन्तर जिल्ला जिल्लामा मात्र नभएर गाउँ गाउँ र घर घरमा पनि फरक छ । दैनिक ज्याला रू. २० देखि २०० सम्म पनि छ । कतै खाजा र एक छाक खान समेत दिने चलन छ भने कतै खाजा मात्र र कतै सुख्खा नगद वा जिन्सी ज्यालादिने चलन छ । खाजा, खाना र ज्याला लिंगीय भेदभावमा आधारित छ । काठमाडौंका वरिपरिका जिल्लाहरूमा पुरूषलाई १०० भए महिलालाई ४० रूपैयां ज्याला र पुरूषलाई खाजा रोटी भए महिलालाई ठेट्ना मकै दिने प्रचलन आम रूपमै रहेको छ ।

## चौथो, बाध्यकारी श्रम र अन्यायपूर्ण श्रम अभ्यास

बाधा श्रम हाम्रो श्रम बजारको कुरूप पक्ष हो । पश्चिम नेपालको दाङ, बाँके, वर्दिया, कैलाली र कञ्चनपुर- यी पाँच जिल्लामा विद्यमान कमैया प्रथा यस सन्दर्भमा जीवित उदाहरण हो । कमैया बाँधा श्रमको बारेमा हाम्रो समाजमा आज भोलि चर्चा परिचर्चा हुने गरेको भए तापनि अन्यायपूर्ण श्रम अभ्यासका अन्य पक्षबारे प्रायः चर्चा नै हुँदैन । उदाहरणको लागि, नेपालको नोकरशाहीतन्त्र, शाही नेपाली सेना, प्रहरी सेवा, न्याय सेवा इत्यादिमा आफ्नो कार्यालयको परिभाषित कामबाहेक हाकिमको घरमा भात पकाउने, पानी ओसार्ने, लुगा धुने र अन्य कार्य गर्ने बाध्य पारिएका तल्लो तहका कर्मचारी, सिपाही र प्रहरी जवानहरूलाई अनुचित एवं बाध्यकारी श्रम अभ्यासका सर्वविदित, तर बेवास्ता गरिएको दृष्टान्तको रूपमा लिन सकिन्छ । यसका अतिरिक्त विद्यमान "अर्ध-सामन्ती उत्पादन सम्बन्ध" नेपाली मजदूरहरूको समस्याको मूल जरोको रूपमा रहेको छ । बाल श्रम शोषण र महिलामाथिको यौन शोषण एवं लिंगीय भेदभाव शोषणमूलक

तथा अन्यायपूर्ण श्रम अभ्यासका चर्चित पक्षहरू हुन् ।

### पाँचौं, आप्रवासी मजदूरको चाप-

नेपालको श्रम बजार प्रवासी मजदूरहरूको ठूलो बाढीले समस्याग्रस्त छ । भारतसंगको खुला सीमा र भारतीय नागरिकले नेपालमा काम गर्न 'श्रम इजाजत पत्र' लिनु नपर्ने सरलताले नेपाली श्रम दिनहुँ विस्थापित भइरहेको छ- किनारा लागिरहेको छ । नेपालमा भारतीयहरू कति छन् भन्ने बारेमा २ दशकअघि भारतीय विदेश मामिला सम्बन्धी मन्त्रालयले ३८ लाख उल्लेख गरेको थियो । सोही समयमा भारतकै अर्को आधिकारिक सूत्रले त्यो संख्या १५०,००० मात्र रहेको उल्लेख गरेको थियो । विवादास्पद यी दुई तथ्य बीच दुई दशकअघिको नेपालको जनगणनाले भारतीय नागरिकहरूको संख्या १३७,५८३

**एउटा प्रतिष्ठित उद्योगपतिले चालक शौचालय गएको मौका छोपेर 'त्यो समय कहाँ गएको थिइस् ?' भन्दै खोचे थापेर निकालियो ।**

उल्लेख गर्‍यो । दुई दशकअघिका यी तथ्यांक बाहेक आधिकारिक तथ्यांक अरू नभएकोले अहिले पनि नेपालमा भारतीय प्रवासीहरू "ठूलो संख्यामा" छन् भन्ने मात्र उल्लेख गर्न सकिने अवस्था छ । तर संख्या जति भए पनि उल्लेखित सख्याको झण्डै ८० प्रतिशत भारतीय आप्रवासीहरू, श्रमिक नै रहेको व्यवहारबाट प्रष्ट हुन्छ ।

घर-घरमा तरकारी बेच्न आउनेदेखि लिएर निर्माण उद्योग तथा कृषिको क्षेत्रसम्ममा भारतीय आप्रवासीहरूको पाउ गतिलै सग जमिसकेको छ । जनकपुरधामदेखि नाम्चेबजारसम्म 'चना-चटपट' बेच्न पुगेका 'चटपटेहरू' र कपाल काट्ने पसल थापिरहेका 'नाई' हरूको उपस्थितिबाट भारतीय श्रमले नेपाली श्रमलाई कुन हदसम्म असर गरेको छ भन्ने कुराको संकेत हामीले बुझ्नु पर्छ । केही वर्षयता पूर्वी तराईका जिल्लाहरूमा फैलिएका १ लाखभन्दा बढी भुटानी शरणार्थीहरूबाट शुरू भएको नेपाली श्रमको विस्थापन प्रकृया यो प्रसंगको पछिल्लो कडी बनेको छ ।

### छैठौं, दुरुत्साहन तथा उत्पीडन

'प्रारम्भ फेशन' की मालिक्नीले एउटा युवा मजदूरलाई विहान ९ बजेदेखि बेलुका ५:३० बजेसम्म आफ्नो अगाडि-कवारक्वार्ती मुख हेरेर बसिरहने निर्देशन दिइन् । 'सेडल ट्रेडर्स' को व्यवस्थापनले मजदूर युनियनमा लागेवापत हैरान पार्ने योजना गर्‍यो । दुई मजदूरहरू शिशिर सुब्बा र भैरव नेपाललाई कारखानाको गेट र चमेनागृहबीच विहान ९:३० देखि बेलुका ५:३० बजेसम्म कतिजना भित्र पसे, कति जना बाहिर गए गनेर बस्ने काम दिइयो । 'पद सुपरिवेक्षक, काम-समुद्रको छाल गन्ने जस्तो !" यी उदेक लाग्दो डिउटी पूरा गरून्जेल कसैसंग नबोल्ने र कारखानाभित्र जान नपाउने कानून लगाइयो ।

एउटा प्रतिष्ठित उद्योगपतिले आफ्नो सवारी चालकलाई सेवामुक्त गर्न विहान ९ बजेबाट ५ बजेसम्म मेनेजरको अगाडि पत्रिका पढेर बसिरहने निर्देशन दिए । उक्त चालक शौचालय गएको मौका छोपेर 'त्यो समय कहाँ गएको थिइस् ?' भन्दै खोचे थापेर निकालियो ।...

युनियन बनाएकै कारण जेठ महिनाको पहिलो हप्तामा 'ग्रुप फोर' नामक सेक्युरिटी सर्भिस गर्ने कम्पनीबाट ३ जना मजदूरमाथि हातपात गरियो-निष्काशन गरियो । होटल वैशालीका दामोदर पौडेललाई यसै कारणले निष्काशन गर्दा श्रम विवाद बढ्यो र स्थिति नियन्त्रणमा लिने नाममा प्रहरीद्वारा लाठी बर्साएर मजदूरहरूलाई निर्घात चुटियो ।

## एक महिनामा कति खर्च लाग्छ ?
### (१ मजदूर बराबर ४ खाने मुख)

| विवरण | आवश्यक परिमाण | दर | जम्मा रु. |
|---|---|---|---|
| १. चामल (मनसुली) | ३० केजी | २०।- | ६,००।- |
| २. दाल (मुसुरो) | ३ के.जी. | ३५।- | १०५।- |
| ३. तरकारी (दैनिक रू. ३०।-) | २०।- | ६,००।- | |
| ४. मट्टितेल (दैनिक आधा लिटर) १५ लि. | ११।- | १६५।- | |
| ५. खाने तेल (तोरी) | १.५ लि. | ७६।- | ११४।- |
| ६. नुनु, जिरा, बेसार, लसुन, प्याज आदि | अन्दाजी | १०९।- | |
| ७. नुहाउने साबुन (लिरिल) | २ गोटा १९।- | ३८।- | |
| ८. लुगा धुने साबुन | ३ गोटा ८।- | २४।- | |
| ९. मन्जन | १ गोटा | ३६।- | ३६।- |
| १०. चिया (विहान १/१ कप मात्र) | १२० कप | ४।- | ४८०।- |
| ११. खाजा (१ परिवारलाई) अन्दाजी दैनिक | २५।- | ७५०।- | |
| १२. घर-भाडा (एउटा सानो कोठा मात्र) | १,२००।- | | |
| जम्मा रू. | ४२२१।- | | |

(यसमा माछा, मासु, दुध, फलफूल आदि संलग्न गरिएको छैन । एउटा मानिसलाई सामान्य आहारमा चाहिने भनिएको २५०० क्यालोरी समेत पुऱ्याउने कुरा सोचिएको छैन ।)

यस्ता थुप्रै घटना छन्, जसलाई हामी उत्पीडन र दुरूत्साहन शीर्षक भित्र मजदूरहरूको समस्या भनेर उल्लेख गर्न सक्छौं । झट्ट सुन्दा केही जस्ता नलाग्ने तर सोच्दै जाँदा श्रमजीवी वर्गको मर्मको बयान यस्ता घटनाहरूले आफैं गरेका छन् ।

राणाशाहीको शासन कालमा एकचोटी भोका जनताले राजा त्रिभुवनलाई भेटेछन् । "तिमीहरूको के समस्या छ ?' राजा त्रिभुवनको यो प्रश्नको 'खान पाएनौं सरकार' भन्दै जनताले एकै स्वरमा जवाफ फर्काएछन् । 'तिमीहरूले दूध-भात पनि खान पाएका छैनौ ?' राजाको यो प्रतिप्रश्नबाट जनताहरू हतप्रभ भएछन् ।

त्यो बेलाको यो किस्सा नेपाली मजदूरहरूको समस्याको सन्दर्भमा अहिले पनि प्रासंगिक छ । 'नियुक्ति-पत्र र आठ घण्टे कार्यदिवस"को माग कतिपयलाई राजा त्रिभुवनसंग खान नपाएको गुनासो गर्ने जनताको माग जस्तै लाग्न सक्छ । तर अहिले पनि यो नै मजदूरहरूको ज्वलन्त माग बनिरहेको छ ।

त्यसो भए नेपाली मजदूरका समस्या भनेका के हुन् त ? माथि उल्लेख गरिसकिएको छ- ज्यालाआर्जक श्रमजीवीहरूको यो विशाल समुदको हिस्सा-हिस्साको आ-आफ्नै समस्या छन् । एउटै शब्दमा भन्दा विद्यमान अर्ध-सामन्ती, अर्ध उपनिवेशिक उत्पादन सम्बन्ध नै सम्पूर्ण समस्याको जड हो, जुन समाजको क्रान्तिकारी रूपान्तरणपछि मात्रै परिवर्तन हुन्छ ।

बुँदागत रूपमा उतार्नुपर्दा नेपाली मजदूरका समस्यालाई निम्नानुसार राख्न सकिन्छ:

क) श्रम कानूनको सामयिक संशोधन र प्रभावकारी प्रयोगको समस्या

ख) अपर्याप्त ज्याला र सुविधा

ग) पेशाको अनिश्चितता

घ) अपर्याप्त सामाजिक सुरक्षा

ङ) गलत आर्थिक नीति र त्यसले ल्याएको मजदूर विरोधी शर्त

च) बाल श्रम, बाधा श्रम र अन्यायपूर्ण श्रम अभ्यास

छ) संगठित हुन पाउने अधिकार र सामूहिक सौदाबाजीको अधिकारको अभाव

ज) दुरूत्साहन र उत्पीडन

झ) महिला मजदूरको विशिष्ठ समस्या

ञ) आप्रवासी मजदूरको ओइरो र त्यसबाट नेपाली मजदूरको विस्थापनको समस्या

ट) मजदूरहरूको असचेतन अवस्था र निरक्षर अवस्था

ठ) अस्वस्थकर कार्यथलो, व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको समस्या

ड) भूमिमाथिको अधिकार र भूमिसुधार

ढ) गलत ज्याला नीति

ण) श्रम नीतिको अभाव आदि ।

समग्रमा, नेपाली मजदूरहरूको समस्यालाई यसरी नै उल्लेख गर्न सकिन्छ । जबसम्म श्रमजीवी वर्गीय आन्दोलनलाई व्यापक अर्थमा लिइँदैन, सही अर्थमा मजदूरहरूको समस्या पहिचान हुनै सक्दैन । ❑

(लेखक नेपाल ट्रेड युनियन महासंघका महासचिव हुनुहुन्छ । -सं.)



कारखाना मजदूर




२०५४ पुस ४ गते काभ्रेमा भएको पानी उवाऊ संघर्षको एक दृश्य

# नेपालमा दलित समस्या कस्तो छ ?

## दलित समस्या र संघर्ष

◆ पद्मलाल विश्वकर्मा

भारतीय उपमहाद्वीपमा सिन्धुघाँटीको सभ्यता (ई.पू. ३२५०-ई.पू. २७५०) सम्म वर्ण व्यवस्था थिएन । ईश्लामपूर्वका प्राचीन इरानीहरू (आर्य) मा वर्ण व्यवस्था थियो । करिब ई.पू. ३००० तिर ती प्राचीन इरानीहरूले सिन्धुघाँटीमाथि आक्रमण गरे । त्यहाँका अनार्यहरूलाई पराजित गरी आफूसंग ल्याएको वर्ण व्यवस्था कायम गराए । आर्य समाजभित्र ई.पू. १५००-१००० सम्ममा चार वर्णको अवधारणा विकास भयो अनि शंकराचार्य काल (ई.पू. १०००-ई.पू. ९००) मा 'वेदान्त' को रचना भएपछि आर्यहरूले आफ्नो मूल धर्मलाई 'वर्णाश्रम धर्म' अर्थात् 'ब्राम्हण धर्म' भन्न थाले । त्यहींबाट ब्राम्हणहरू सबैभन्दा उच्च तथा शुद्रहरू सबैभन्दा नीच मान्ने चलन शुरू भयो ।



लेखक

ई.पू. १८५ मा मनुले 'मनुस्मृति' रचना गरेर वर्णाश्रम धर्मलाई वैधानिकता प्रदान गरे । भारतीय उपमहाद्वीपको इतिहासबाट के कुरा स्पष्ट हुन्छ भने, ब्राम्हणहरू र क्षेत्रीहरूबीचको लामो सत्ता-संघर्षबाट वर्णाश्रम धर्मको उदय भयो भने, कालान्तरमा ब्राम्हणहरू र बौद्धहरूबीच चलेको सत्ता संघर्षकै कारण अन्तत: त्यही वर्णाश्रम धर्मभित्र 'छुवाछूत' को समेत जन्म भयो ।

ब्राम्हणहरूले अरूमाथिको आफ्नो वर्चश्वलाई स्थायित्व प्रदान गर्न अनि दुश्मन वर्गलाई सदासर्वदा कमजोर पारीराख्न जातपात र छूवाछूत जस्तो अचूक ब्रम्हास्त्रको आविष्कार गरे । फलस्वरूप, ईशाको पाँचौं शताब्दीतिर पुग्दानपुग्दै भारतीय उपमहाद्वीपका तत्कालीन शासक वर्गले युद्ध-पराजित जनताहरू, बौद्धहरू, ब्राम्हणहरूको आधिपत्य नस्वीकार्ने क्षेत्रीयहरू, श्रमसीप-व्यवसाय एवं कला क्षेत्रमा संलग्न सोझा सिधा जनताहरूलाई अन्त्यज, बहिष्कृत एवं 'अछूत' सम्म घोषित गर्‍यो । यो मोड मानव सभ्यताको विकास क्रममा अत्यन्त दु:खद् मोड साबित भयो ।

नेपालको सन्दर्भमा लिच्छवीकाल (ई: २०० देखि ८७९) को शुरूमै चार वर्ण १८ जातको थिति कायम भयो भने ई.सं. ६०० सम्ममा यहाँको वर्णाश्रमी समाजमा छुवाछूत भित्रिएको थियो । बागमती उपत्यकामा राजा जयस्थिति मल्ल (ई. १३६०-१३९९) ले ४ वर्ण ६४ जातको थिति बसाल्दै जातीय छुवाछूतलाई कडाइका साथ लागू गरे भने, गोरखाका राजा राम शाह (इ. १६०५-१६३६) ले ४ वर्ण ३६ जातको व्यवस्था गरेर पर्वते समाजमा पनि जातपात र छुवाछूत प्रथालाई बेस्सरी बढावा दिने काम गरे ।

'सक्कली हिन्दुस्थान'को नारासहित अघि बढेको पृथ्वीनारायण शाहको राज्य एकीकरणसंगै जातपात र छुवाछूतको विस्तार मनग्गे भयो । प्रधानमन्त्री भीमसेन थापाले आफ्नो लामो शासनमा सामाजिक रीतिथितिलाई व्यवस्थित गर्ने नाममा जातीप्रथा र छूतभेदलाई प्राथमिकताका साथ अघि बढाउने काम गरे भने, राजा सुरेन्द्रको पालामा श्री ३ जंगबहादुरले सर्वप्रथम 'मुलुकी ऐन' जारी गरेर चालू जातपात र छूवाछूत प्रथालाई कानूनी रूप दिए ।

मुलुकी ऐनको तहअनुसार पानी अचल गरिएका तमाम श्रमिक सिल्पी तथा कलासाधक जनताहरू, पानी अचलमा पर्ने व्यक्तिसंग यौन सम्पर्क गर्नेहरू र तिनीहरूका सन्तानहरू अछूत हुँदै आए । शासक वर्ग र उनीहरूका दलाल ठालूहरूको अवज्ञा गर्नेहरू जो कोही 'पानीचल' भनिनेहरूको पनि जात काडेर अछूतमा झार्ने क्रम पनि कायम रह्यो ।

यसरी शुरूमा आर्य समुदायभित्र मात्रै कायम भएको छूवाछूत प्रथा यहाँका अनार्य आदिवासी, जनजाति समुदायमा समेत चालू हुन पुगेपछि जात धरौटीको कानूनको परिणामअनुसार आर्य तथा अनार्य दुवै समुदायका जनताहरू 'अछूत' समुदायमा परेका हुन्, जसलाई प्रसंगवश 'दलित' भनिन्छ । ब्राम्हण धर्मको कारण चरम आर्थिक शोषणको चपेटामा परी घोर सामाजिक अपमानसहित जिउन विवश समुदाय नै दलित हो ।

सन् १९९१ को जनगणनाले सिंगै मुलुकका दलितको जनसंख्या २२ लाख ७२ हजार अर्थात् कूल जनसंख्याको १२.३ प्रतिशत देखाएको छ । तर उपत्यका एव तराई क्षेत्रका दलितभित्रै पर्ने जनताहरू त्यसमा समाविष्ट नहुनु, अपमानबोधक दमाई, सार्की, कामी आदि परिचयबाहेक वंशपरम्पराकै थर गोत्र बताउँदा अधिकांश परिचय ब्राम्हण, क्षेत्रीय एवं जनजातिका परिचयसंग दुरूस्त मिल्ने हुँदा त्यतैपट्टि गन्ति हुनु, यस समाजमा दलितभित्रै पर्नेहरूले ढाँटेर अर्कै समुदायमा उल्लेख गरिदिनु लगायतका विविध कारण हुँदा पनि दलितको संख्या त्यति भयो । ठीक ढंगले जनगणना गर्ने हो भने, यस मुलुकमा दलित समुदाय ४० लाखभन्दा बढी छ ।

त्यही सन् १९९१ को जनगणनाकै आधारमा सबभन्दा बढी र घटी संख्यामा दलितहरूको घनत्व भएका पहाड तथा मधेशका १०/१० वटा जिल्लाहरू तालिका १ र २ मा हेर्न सकिन्छ ।

### दलित समस्या विगतदेखि वर्तमानसम्म

'वेदान्त' दर्शन, मनुस्मृति लगायतका ब्राम्हण धर्मशास्त्रमा आधारित मुलुकी ऐनको कालो कानूनले अछूत शुद्रहरूले गाउँ-टोल बाहिर अलग्गै बस्नु पर्ने, पक्की घर बनाउन नपाउने, नयाँ बस्त्र र सुन-

तालिका-१

**दलित संख्या अत्यधिक भएका १0 जिल्लाहरु**

| पहाडी मूलका संख्या | | मधिसे मूलका संख्या | | पहाडी मधिशे संयुक्त गर्दा | |
|---|---|---|---|---|---|
| सुर्खेत | ५९०६४ | सप्तरी | ७९९१९ | सप्तरी | ८५१२१ |
| कैलाली | ५५५१५ | सिराहा | ७५६०५ | सिराहा | ८११८५ |
| अछाम | ५३०७७ | धनुषा | ६३०३८ | सर्लाही | ७८३१७ |
| बाग्लुङ | ४८८७६ | सर्लाही | ५८१६६ | धनुषा | ७३४६३ |
| दैलेख | ४६८४१ | बारा | ५७३६९ | महोत्तरी | ६७८४२ |
| गुल्मी | ४५६६१ | पर्सा | ५६८२५ | रौतहट | ६७१२८ |
| कास्की | ४५२५८ | रौतहट | ५५६५५ | पर्सा | ६६१६१ |
| दाङ | ४२१२७ | महोत्तरी | ५५६४३ | बारा | ६६१०४ |
| कंचनपुर | ३९९६० | रूपन्देही | २८५९६ | सुर्खेत | ५९१७४ |
| तनहुँ | ३८१०२ | सुनसरी | २५५५५ | कैलाली | ५५८६४ |

तालिका-२

## दलित संख्या न्यून भएका १0 जिल्लाहरु

| पहाडी मूलका | | मधिशे मूलका | | पहाडी मधिशे दुवै गरेर | |
|---|---|---|---|---|---|
| मनाङ | १२१ | कंचनपुर | ११३ | मनाङ | १२२ |
| रसुवा | १०७८ | कैलाली | ३४९ | रसुवा | १०९४ |
| मुस्ताङ | १२१३ | दाङ | ७१५ | मुस्ताङ | १२२१ |
| डोल्पा | २९९६ | चितवन | ९९५ | डोल्पा | २९९८ |
| भक्तपुर | ३२१० | बर्दिया | २५२८ | भक्तपुर | ३४६१ |
| हुम्ला | ४२१६ | झापा | ३८२० | हुम्ला | ४२५० |
| ललितपुर | ६०२० | बाँके | १०३१४ | मुगु | ६१६७ |
| मुगु | ६१५२ | कपिलवस्तु | २००८९ | ललितपुर | ६५२१ |
| सोलुखुम्बु | ७८०० | नवलपरासी | २२२१९ | सोलुखुम्बु | ७०२२ |
| ताप्लेजुङ | ७३२८ | मोरङ | २४००४ | ताप्लेजुङ | ७४३९ |

चाँदीका गहना लगाउन नपाउने, ठूला जातिको सेवामा निःशर्त लाग्नुपर्ने, उनीहरूलाई अपमान गर्दा वा उनीहरूसंग यौन सम्पर्क गर्दा ज्यानकै सजायसम्म हुने, ठूला जातिका जो कोही र जुनसुकै उमेरको भए पनि 'बाजे र बराजू' शब्दले पुकार्नु पर्ने, देख्नासाथ 'जदऊ' भन्दै बाटो मुन्तिर लाग्नु पर्ने, पानीपँधेरो, हाटबजार, घरद्वार, मन्दिर, पार्टी-पौवा, होटल-पसल, मसानघाट आदिमा प्रवेश गर्न नहुने, पढ्न-लेख्न नपाउने, दलित महिलाहरूले ठूला जातको यौनदासी बन्नुपर्ने, भूलचूक छोइएमा छोइछिटो हाल्न भन्नुपर्ने, परम्परागत रूपमा गरिल्याएका अपमानजनक पेशा छोड्नु नहुने, कुरूप भएर ठूला जातको मनोरंजनको साधन बन्नु पर्ने लगायतका बन्देजसहितको जीवन बाँच्न विवश बनाउँदै ल्यायो हाम्रा पुर्वजहरूलाई । वि.स. २००७ सालको राजनैतिक परिवर्तनपछि सामाजिक क्षेत्रमा केही खुकुलोपन देखिए तापनि वि.सं. १९१० को मुलुकी ऐनअनुसारको थितिमा दलित वर्गले चल्नै पर्‍यो । वि.सं. २०२० को नयाँ मुलुकी ऐनले अघिल्लो ऐनका जातभातका मुद्दा नचल्नेसम्म गरायो तर छुवाछूतलाई दण्डनीय ठहर नगर्नु, आफ्नो धर्म-परम्परा मान्ने निहुँमा छूतभेद गर्न पाउने प्रावधान कायम (अदल-१०) हुनु, २०१९ को संविधानले हिन्दू राष्ट्र कायम गरेपछि न्याय-प्रशासन हिन्दू धर्मअनुसार चल्नुले पंचायतकालभरि दलित समुदाय जाति विभेद र छूवाछूततको शिकार भयो ।

२०४६ सालको परिवर्तन अनि ०४७ को संविधानले जातीय छूवाछूतलाई दण्डनीय गर्ने भने पनि पुनः हिन्दू राष्ट्र कायम गरिएकै कारणले मुलुकी ऐनको जातपात र छूवाछूतलाई संरक्षण दिने अदलको १० हटेन । त्यसैले, सोही ऐनको अदलको १० क नं. मा छूवाछूतलाई दण्डनीय गर्ने गरी थप गरिएको प्रावधानको केही मतलब रहेन र मुलुकभरि सार्वजनिक स्थलमा समेत दलितमाथि छूवाछूत गर्नेहरू कोही दण्डित भएनन् । अन्तर्जातीय बिहेलाई अरू नै निहू थापेर बदर गरिन्छ. मुलुकका अधिकाश पश्चिमी भगमा दलित वर्ग बाँधा मजदूर प्रथा, डोली प्रथा, बदिनी (यौन दासी) प्रथा भोगिरहेका छन् ।

दलितहरूले छूत समुदायलाई छोएमा छिटो हालेर चोखिने प्रथा, डोलीप्रथा, लगायतका अनगिन्ती मर्यादाहीन कुचलन उनीहरू भोगिरहेका छन् भने छूवाछूत प्रथा मुलुकभरि विद्यमान छ ।

प्रजातन्त्रको दुहाई दिँदै आएका सबै राजनैतिक दलहरूले हालसम्म ब्राम्हणवादी संस्कार त्याग्न नसकेकै कारण जातीय छूवाछूत अन्त्य गर्ने स्पष्ट नीति बनाएर आन्दोलन गर्न चाहेको पाइएन । जातीय कारणले होटेल-पसल चलाउन नपाइने, दूध समेत बेच्न नपाइने, पिउन-पालेको जागिरमा सम्म ठाउँ नपाइने, पेशागत काम गर्न बाहेक प्रहरी सेनामा जागीर नपाइने स्थितिले दलित वर्गको आर्थिक स्थिति उठ्ने सवालै छैन । अधिकांश दलित वर्ग सुकुम्बासी हुनु, आफ्नो परम्परागत पेशाको कुनै मूल्य नहुनु, फोकटमा शोषित हुनु, नाम मात्रको ज्यालामा अरूले लदाउन जस्ता कारणले दलित झन् झन् अधोगतितर्फ उन्मुख छन् ।

पहिले दलितले पढ्नै नहुने अहिले दलितले पढ्ने उपाय नै नहुने र अपवादमा कसैले पढे-डिग्री हासिल गरे पनि जागीर नपाइने अवस्था छ । दलित महिलाहरूलाई उपल्ला जातकाहरूले मानवीय प्रेम गर्ने नाटक गरेर इज्जत लुटेपछि जातीय कारणले अमानवीय धोका दिने, विभिन्न लालचमा फँसाएर भारतका वेश्यालयमा नारकीय जीवन बिताउनु पर्ने बाध्यतामा पार्ने स्थिति एकातिर छ भने, अर्कातिर महिला वर्गले पाउने राजनैतिक आरक्षित सिट र जिम्मेवारीमा समेत उनै उच्च जातकै महिलाहरूले मात्रै स्थान ओगट्दै आएका छन् ।


> प्रजातन्त्रको दुहाई दिंदै आएका सबै राजनैतिक दलहरुले हालसम्म ब्राम्हणवादी संस्कार त्याग्न नसकेकै कारण जातीय छूवाछूत अन्त्य गर्ने स्पष्ट नीति बनाएर आन्दोलन गर्न चाहेको पाइएन ।

### दलित मुक्ति संघर्ष

विषमतामा आधारित हिन्दू धर्म र परम्परामा चल्दै आएको मानवताकै कलंक जातपात एवं छूवाछूतको उत्पीडन विरूद्व शुरूदेखि नै दलितहरूले कुनै न कुनै रूपमा जुद्धै आए, तर उनीहरूमाथि ब्राम्हणवादीहरूले पूर्ण रूपमा नियन्त्रण कायम गरे ।

यस किसिमको संघर्षको कुनै लिखित इतिहास त छैन, यद्यपि, छुवाछूतका विरूद्व आवाज उठाउने तथा माथिल्ला जातिका महिलालाई बिहे गर्ने हिम्मत गर्ने आँटिला व्यक्तित्वहरूको गाथा दन्त्यकथामा मात्र सीमित हुँदै आयो । निश्चित तिथिमितिको कुरा गर्दा २००४ सालतिर बाग्लुङका सर्वजीत विश्वकर्मा अछूत प्रथाविरोधी आन्दोलन, २०११ सालमा काठमाडौंका सहर्षनाथ कपाली, सिद्धिबहादुर खड्गीहरूले चलाएको पशुपतिनाथ मन्दिर प्रवेश सघर्ष, २०१७/०१८ मा डोटीका तिखे नगर्ची, टीकाराम सार्कीहरूले उठाएको शैलेश्वरी मन्दिर प्रवेश सघर्ष अनि २०२२ सालमा लालकमारी विश्वकर्मा, पदम सुन्दासहरूले गरेको सिद्धकाली मन्दिर प्रवेश सघर्षका साथै पंचायतकालमा देशका विभिन्न भागमा छिटफूट रूपमै उठेका होटेल पसलमा भाँडा नमाझ्ने, पेशा बन्द गर्ने, सार्वजनिक स्थल प्रयोग गर्ने ऐतिहासिक संघर्षहरू भएका पाइन्छन् ।

दलित आन्दोलनको संगठित शुरूआत २०२४ मा **नेपाल राष्ट्रिय दलित जनविकास परिषद्**को स्थापनादेखि भएको देखिन्छ । २०४५ सालमा **'उत्पीडित जातीय उत्थान मंच'** र **'जातीय समता समाज'** को निर्माण भएपछि दलित आन्दोलन निकै उचाईमा अगाडि बढ्यो । उत्पीडित जातीय उत्थान मंचले ०४६ को जनआन्दोलनमा सडकमा उत्रिएर जातीय मुक्ति संघर्ष छेडेको, देशव्यापी रूपमा संगठन विस्तार गर्दै वैधानिक संघर्ष तेज पारेको तथ्य सर्वविदित छ । उत्पीडित जातीय उत्थान मंच र नेपाल राष्ट्रिय जनविकास परिषदका बीच ०४९ मा



'मुक्ति समाज'-द्वारा २०५० मा स्याङ्जमा आयोजित दुग्ध संघर्षको अवसरमा आयोजित जनसभाको एक दृश्य



नेपालका धेरै मन्दिरहरुमा अझै पनि 'अछूत'हरुलाई प्रवेश निषेध छ: अछूतहरुलाई प्रवेश निषेध गरिएको सिलगढी, डोटीस्थित शैलेश्वरको मन्दिर

एकीकरण भई उदय भएको नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज (मुक्ति समाज)को अगुवाइमा विभिन्न दुग्ध संस्थान डिपोहरूमा दलितलाई दूध बेच्न नदिएवापत ०५० सालमा चितवन र स्याङ्जामा, ०५२ मा सिन्धुपाल्चोकमा सफल संघर्षहरू भए । त्यसरी नै यस संगठनमार्फत् भएका ०५० को गोरखा मन्दिर प्रवेश, स्यांजा जगत्रदेवी मन्दिर प्रवेश र नवलपरासीको गणेश मन्दिर प्रवेश संघर्षहरू ऐतिहासिक घटना हुन् ।

> हाम्रो समाजमा कोरको रुपमा रहेको जातपात र छुवाछूतको मूल स्रोत ब्राम्हणवाद हो भने यही ब्राम्हणवादको 'फुटाऊ र शोषण गर' को नीतिले दलित आन्दोलन सफल हुन नसकेको हो ।

यसै संगठनको अगुवाइमा ०५१ मा सिन्धुपाल्चोक र ०५४ मा काभ्रेमा 'कुवा-पानी उघाउ' संघर्ष सफल भएको छ । यस 'मुक्ति समाज' ले जातपात र छुतभेदका विरूद्ध देशव्यापी जनसभा-प्रदर्शन, गोष्ठी, सहभोज, पत्रपत्रिका पोष्टर, क्यालेन्डर आदि सामग्री प्रकाशन, जस्ता गतिवधिलाई निरन्तरता दिँदै आएको छ । कुनै पनि राजनैतिक दलसंग सम्बद्ध नभएको जुनसुकै दल विशेष वा विचारसंग सम्बद्ध भए पनि यस साझा संस्थामा संलग्न हुन सकिने र दलित मुक्तिको राजनीतिलाई अघि बढाउन पाइने हुँदा आज मुक्ति समाज नै यस दलित आन्दोलनको मूल प्रवाह भएको छ ।

विभिन्न राजनैतिक दलविशेषका भातृसंस्थाका रूपमा ०४६ पछि कतिपय दलित संगठनहरू खुलेका छन् तर चुनावमा मतदाताहरू जम्मा गर्ने उद्देश्यले पार्टीहरूले यी संस्था चलाइदिने गरेका छन् । विदेशी दातृ संस्थाहरूको मात्रै भरमा दलितका नामबाट थुप्रै दलित एन.जि.ओ.हरू पनि खुलेका छन् तर तिनीहरू जातीय छुवाछूतको विरोधमा आवाज उठाउँदै आए पनि दलित मुक्ति आन्दोलनको आवश्यक संघर्षमा उत्रन सक्तैनन्, संस्थाहरू नाफाखोरी, व्यापारी छन् भने कार्यकर्ताहरू तलबी छन् । यसै कारणले दलित एनजिओप्रति आम दलित समुदायको आकर्षण घट्दो छ ।

हाम्रो समाजमा कोरको रूपमा रहेको जातपात र छुवाछूतको मूल स्रोत ब्राम्हणवाद हो भने यही ब्राम्हणवादको 'फुटाऊ र शोषण गर' को नीतिले दलित आन्दोलन सफल हुन नसकेको हो । स्वयं दलित समुदायको अचेतनता, गरीबी, ब्राम्हण धर्मी दास मनोवृत्ति, हीनताबोध एवं आपसी छूवाछूत प्रथाले एकातिर दलित आन्दोलनलाई उठ्न दिएको छैन भने, साझा लडाइँमा सबै दलित संस्थाहरू जुट्न नसक्नु, यो आन्दोलनलाई सुस्पष्ट वैज्ञानिक दृष्टिकोणले लेश गरेर तदनुरूप उठाउन नसक्नु, जातिगत र पार्टीगत संकुचित सोचबाट संगठनहरू खुल्नु र गतिविधि गर्नु, दलित आन्दोलनका नाममा पार्टीहरू र विदेशी दातृसंस्थाहरूको दलाली गरेर धन-दौलत कमाउने एवं नेता बन्ने होडबाजीले दलित नेतृत्व ग्रसित हुनु, सुधारवादी झिनामसिना आन्दोलनमा सीमित हुनु, दलित संघर्षलाई समग्र मानव-मुक्ति, राष्ट्रिय मुक्ति र प्रजातान्त्रिक आन्दोलनसंग गाँसेर अघि बढाउन नसक्नु जस्ता कमजोरीहरू वर्तमान दलित आन्दोलनका कमजोरीहरू हुन् । वर्ण-वर्ग मुक्तिको वैज्ञानिक दृष्टिकोणसहित आम दलित वर्गलाई गोलबन्द गर्दै यो सामाजिक समानता बहालीको आन्दोलन आर्थिक तथा राजनैतिक मुक्तिको संघर्षसंग तालमेल मिलाएर अघि बढ्दा मात्र दलित मुक्ति सभव छ । ❑





# चप्पल

◆ विमल निभा

धेरै दिन पश्चात मलाई
स्मरण भयो बाबुराम भट्टराईको
कुन्नि, काँ छन् अहिले उनी
र, यहाँ म आफ्नो
चुँडिएको चप्पलको फित्ता
सिलाउन खोजिरहेको छु यस बखत ।

यही चप्पल धारण गरेर खुट्टामा
पुग्नु छ मलाई कार्यक्षेत्र
अखबार कार्यालयमा
(आज फेरि विहिबार हो)
र, गर्नुछ थुप्रै थुप्रै काम
मलाई पूरा गर्नुछ लेख
(जो मेरो ड्रअरमा अधूरै बन्द छ)
खोज्नु छ राजनीतिको जंगलबाट
ताजा समाचारहरु
र लेख्नु छ पेट्रोलियम पदार्थको
मूल्य बृद्धि भएकोमा
एउटा सम्पादकीय जोडदार
अन्त्यमा सबै कामहरु सिध्याएर
फर्कनुछ बेलुकीपख घर
जहाँ मेरो प्रतीक्षा भइरहेछ अधैर्यतापूर्वक
(एउटा पति र पिताको
प्रतिक्षा भइरहेछ त्यहाँ) ।

आजैको एक दुई खबरकागत
र, चूर चूर थकान झोलामा बोकेर
जब म फर्कनेछु हतार-हतार,
पिपलबोटनेर भेट हुनेछन् मेरा कवि मित्रहरु
र, सोध्नेछन् मसंग उनीहरु
-के खबर छ सम्पादकजी ?
म भन्नेछु उत्तरमा
-ठीकै छ
देशमा संसद र लोडसेडिङ्ग
दुवै एकसाथ चालू छ

कांग्रेस सरकारभित्र छ
र, बाहिर माले र एमाले उभिएका छन्
सर्वत्र संक्रामक किटाणुहरु
बढेका छन् वेगले
कराइरहेका छन् पहेंला भ्यागुताहरु
शीत-घरमा थुपारिएको
आलुको भाउ दोब्बर भएको छ
र, आज बिहानै चुँडिएको छ
मेरो चप्पलको फित्ता -
मेरो कुरा सुनेर
कवि मित्रहरुले प्रस्ताव राख्नेछन्
-ल त, भइजावोस् एक एक कप चिया !

तर सधैं झैं कवि-कर्नरमा चिया खान
मलाई मन हुने छैन
अबेर हुनेछ आज मलाई
यो निश्चित प्राय: छ
(सूर्य ढल्नेछ
रात पर्नेछ)
किनभने, बीच बाटोमा चुँडियो
मेरो चप्पलको फित्ता
(निकै पुरानो भएर थोत्रिइसकेको छ यो)
र, मलाई स्मरण भयो हठात्
कमरेड बाबुराम भट्टराईको
जो कतै व्यस्त छन् जनयुद्धमा
र, म आफ्नो चुँडिएको चप्पल
लतारेर सोचिरहेको छु
-जस्तो कि अन्य थुप्रै छन्
म एक सामान्य मानिस हुँ
खबर र कविताहरु लेख्ने
र, चिया खाएर दगुर्ने
अर्थात् इमान्दारीपूर्वक र सश्रम
हाँस्ने र रुने एक कामदार
(असामान्यता केही छैन मसंग) ।

के म जनयुद्धमा सामेल छैन कमरेड ?

◆





नारायण ढकालको
चौथो कृति

पीत सम्वाद
(उपन्यास)

भर्खरै प्रकाशित भएको छ !
बजारमा उपलब्ध छ ।
आफ्नो प्रति सुरक्षित गर्नुहोस् !!
-विचार प्रकाशन

**आत्म वृतान्तमा वि.पि.**

# वि.पि.को चीन भ्रमण

अनि म त्यहाँबाट हङकङ गएँ, त्यहाँ एक रात बसें । त्यसपछि त्यहाँबाट बोर्डरसम्म ट्रेनमा गयौं । क्यान्टनमा बडो ठूलो स्वागत गरे, त्यो त त्यहाँ सबैलाई गर्दा होलान् जस्तो लाग्छ । क्यान्टनमा त्यस रात र अर्को दिन बसेर तेस्रो दिन बिहान हामीहरु पेकिंङ गयौं । एउटा स्पेशल प्लेन थियो, त्यसैबाट गएका थियौं । दुईटा प्लेन थियो, एउटा मेरो लागि थियो । बडो राम्रो प्लेन थियो । चेतनाको निम्ति एउटा विशेष नर्सको व्यवस्था गरेका थिए ।

त्यहाँ त्यसबखत जाडै थियो । चू एन लाईले भन्यो, "यहाँ जाडो छ, बढी इन्तजाम गर्नुपर्छ ।"

मैले भनें; "मसँग छँदै छ नि ओभरकोट ।"

उसले भन्यो, "होइन, यसले हुँदैन," भनेर मलाई उसले एउटा ओभरकोट दियो । अझसम्म मसँग छ चू एन लाईले दिएको त्यो ओभरकोट ।

अनि त्यसपछि कुराकानी भयो । कुराकानी धेरै महत्वपूर्ण थिएन । त्यसबखतमा राष्ट्रपति थियो लू साउ ची । लू साउ चीको त्यहाँ अवनति शुरु भइसकेको थियो । त्यसको अनुहार पनि मलिन थियो, हुन त राष्ट्रपतिसँग मेरो उस्तो वास्ता पनि हुँदैन थियो । त्योसँग खालि एक-दुई चोटी भेट भयो । एक पल्ट विशेष रुपले परिचय भइकन भेट भयो । मैले मित्रताको सन्धि गर्दा त्यो पनि समारोहमा आएको थियो, त्यो तस्वीर अझसम्म छ मसँग ।

त्यहाँ मैले चू एन लाईसँग एक दिन झण्डै दिनभरि कुरा गरेको छु । उसले मलाई ब्रेकफास्टको लागि बोलाएको थियो, ब्रेकफास्ट, लन्च र बेलुकाको चियासमेत खाएर म आएको थिएँ । म र ऊ मात्रै थियौं, उसको दोभाषे र एकजना लेख्ने मानिस मात्र बाहिरिया थिए ।

मैले त्यहाँ दुई-तीनवटा कुराहरु विचार गरें । मैले के देखें भने, उनीहरु जुन ठस्सासँग बसेका थिए, कुनै पनि पूँजीवादी देशको शासक त्यति ठस्सासँग बसेको हुँदैन । भारतमा जवाहरलालजी पनि ठस्सासँग बसेका थिए तर त्यस ठस्सासँग हैन । एउटा शाही दरवारमा तिनी बस्थे । त्यहाँका दरवारहरु ठूला-ठूला हुँदो रहेनछन्, एकतले, सरोवरको अगाडि, संगमरमरका भऱ्याङहरु भएको, पूरा कार्पेट विछ्याएको । बडो आराममो बस्दारहेछन् ।

चेन यि थियो विदेशमन्त्री । त्यो पनि बसेको थियो ठस्सासँग । त्यसकी दुलहीले त हीराको आभूषण पनि लगाएकी थिई जस्तो लाग्यो मलाई । मैले त्यो विचार गरेको थिएँ ।

यिनीहरुले मलाई एकचोटि लिएर गए त्यहाँको सबभन्दा ठूलो बाँध बनाएको हेर्न- पेकिङनेर । एउटा स्पेशल ट्रेनबाट अलि टाढासम्म गयौं र त्यसपछि कारबाट गयौं । पहाडी इलाका रहेछ त्यो । त्यहाँ जाँदाखेरि मैले टाढाबाट देखें मानिसहरुले कमिलाजस्तो काम गरिरहेको । हजारौं-लाखौं मान्छेहरु त्यस बाँधमा काम गरिरहेका रहेछन् । म त त्यसबाट प्रभावित पनि भएँ ।

तिनीहरुले भने, "हाम्रो नजिकैको बाँध तपाईंलाई देखाउन लागेको हो । कसरी आफ्नै प्रयत्नबाट, कुनै ठूलो मेशिन प्रयोग नगरिकन हामीहरुले बाँध बनाइरहेका छौं, त्यो देखाउन लागेका हौं ।"

२० लाख मानिसहरु काम गरिरहेका थिए त्यहाँ, त्यो एउटै बाँधमा । र, खर्पनबाट माटो ल्याएर बाँधमा हाल्दै थिए । क्रान्तिकारी गीत र संगीतहरु चलिरहेका थिए उनीहरुलाई प्रेरित गर्न । यी बीस लाख मानिसहरुलाई बसाउनका लागि बस्तीहरु बसाएका थिए । त्यो कत्रो होला ? नीलो लुगा लगाएका हुन्थे सबैले । टाढाबाट हेर्दा कमिलाले काम गरिरहेको जस्तो लाग्थ्यो ।

मलाई त्यहाँ दुई-तीन वटा कुराहरुले प्रभावित गरेका छन् । त्यत्रा-त्यत्रा ठूला-ठूला बाँधहरु उनीहरुले बिना बुल्डोजर, बिना मेशिन बनाएका थिए, त्यो सम्भव भएको थियो । मलाई जवाहरलालजीलाई "तपाईंहरुकहाँ बाँध किन त्यस किसिमसँग बन्न सक्दैन ?" भन्दा उनले भने, "त्यो त केवल अधिनायकवादी मुलकमा मात्र सम्भव हुन्छ कि त्यसरी बीस लाख मजदूरहरुलाई काममा जोतेर राखिदिएको हुन्छ । प्रजातन्त्रमा त त्यो सम्भव छैन ।"

तर म त प्रभावित भएको थिएँ त्यसबाट । मैले बोलाउँदा जब चू एन लाई अतिथि भएर आएका थिए, मैले उनलाई पोखरा लगेको थिएँ । पोखरामा सिमेन्टको बाँध बन्दैथियो । त्यो हेरेर चू एन लाईले के भन्यो भने, "तपाईंहरुलाई

त्यसमा बेड पनि, डबल बेड, वास-वेसिनहरु सारा थोक भएको, मेरी छोरीका लागि अलग इन्तजाम भएको । अनि त्यसैमा एउटा सानो अफिस । मेरो प्रयोजनको लागि राखिएको थियो त्यो प्लेन ।

त्यहाँबाट हामीहरु पेकिङ पुग्यौं । वहाँ साँझ-साँझको बेलामा पुग्यौं । अप्रिलको महिनामा पनि त्यहाँ असाध्यै जाडो रहेछ । त्यहाँ त्यो सैल्यूट मार्चपास्ट र गार्डअफ अनर भयो । गार्ड अफ अनरको तरिका त्यहाँ फरक रहेछ, एक ठाउँमा उभिएर सैल्यूट दिने त्यहाँको चलन जस्तो रहेछ । अरु ठाउँमा के हुन्छ भने, अरुहरु उभिन्छन् । जो पाहुना छ, त्यो सैल्यूट लिन मार्च गर्छ । म र चू एन लाई एक ठाउँ उभियौं, अनि उनीहरुले मार्च गरे ।

त्यहाँबाट उनीहरुले मलाई गेष्ट-हाउसमा लगेर राखे, त्यही गेष्ट हाउस जसमा जवाहरलालजी पनि बसेका थिए । त्यो गेष्ट-हाउस पहिले फ्रेन्च राजदूतावासको रहेछ । त्यो एउटा अत्यन्त सुन्दर गेष्ट-हाउस थियो, बडो सान्दार तरिकाले निर्मित । जवाहरलालजीले कुनै विदेशीसँग कुरा गर्दा यहाँ घरमा के होला- के होला, बाहिर गएर कुरा गरौं भनेर बाहिर बगैंचामा कुरा गर्न गएका भन्ने कुरा मैले सुनेका थिएँ । त्यही घरमा मलाई राखेका थिए ।

चू एन लाईले, जो मेरो साथमा थियो, मलाई कस्तो पऱ्यो भने, म जति दिन त्यहाँ बसें, उसको अरु केही काम थिएन, केवल मसँग मात्रै, मेरो हेरविचार गरिरहेको मात्रै थियो ।



वि.पि. कोइरालाले आफूलाई क्यान्सर रोगले पक्रेको निश्चित थाहा पाएपछि आफ्ना सम्झनाहरूलाई मौखिक रूपमा प्रस्तुत गरी टेप रेकर्ड गराउनु भएको थियो । वरिष्ठ अधिवक्ता गणेशराज शर्माले सोको उतार गरी पुस्तकको रूप दिनुभएपछि जगदम्बा प्रकाशनले सो पुस्तक हालै प्रकाशित गरेको छ । यस प्रकाशनको बारे प्रशस्त चर्चा-परिचर्चा चलिरहेका छन् । सोही चर्चित पुस्तकबाट हामीले एक सन्दर्भलाई साभार यहाँ प्रस्तुत गरेका छौं । यसमा वि.पि. कोइराला प्रधानमन्त्री हुनुहुँदा उहाँ चीन भ्रमणमा जानु भएको बेलाको प्रसंगको बयान गरिएको छ । यसबाट वि.पि. को चीनप्रतिको धारणा र उहाँमा चीनले पारेको प्रभावबारे जान्न पाठकहरूलाई मद्दत गर्नेछ भन्ने हामीले ठानेका छौं ।

-मूल्यांकन

सिमेन्ट बाहिरबाट मगाउनु पर्छ, त्यत्रो खर्च गरेर प्लेनबाट ल्याउनु पर्छ । ढुवानी गर्ने बाटो छैन । यसो गरेर किन बनाउनु हुन्छ । माटोले नै किन बनाउनु हुन्न । त्यसले बढ्ता समात्छ । पहाडमा माटोको बाँध बनाउँदा पहाडको माटोसँग मिल्ने हुँदा त्यसको पकड ज्यादा हुन्छ । सिमेन्टको भयो भने ठूलो बाढी आयो भने टुट्छ ।"

त्यो त प्रमाणित नै भयो- ठूलो बाढी आयो र बाँध टुट्यो । त्यसका कुराले मलाई प्रभावित गऱ्यो- सिमेन्टको औचित्य कायम रहन सकेन ।

चीनमा छँदा मलाई चू एन लाईले एक-दुई ठाउँमा, कम्युनहरुमा लिएर गयो । कम्युनको बारेमा म त्यति प्रभावित भइनँ । हामीले एउटा कम्युनमा के देख्यौं भने, साना-साना कल-कारखानाका सामग्रीहरु पनि त्यहीं बनाउने र साना-साना औजारहरु पनि त्यहीं बन्ने । कम्युनका बारेमा मैले किताबहरु पढेको थिएँ । मलाई धेरै बुझाइरहन जरुरत पर्दैनथ्यो । केटाकेटीहरुको, मैले देखें, ज्यादै हेरविचार हुन्थ्यो । एक त चिनियाँहरुको बच्चा त्यसै पनि मोटाघाटा, रातो गालाका हुन्छन् जस्तो लाग्छ अरु एशियालीहरुभन्दा । र, तिनीहरुको त साँच्चै नै हेरविचार हुँदो हो भन्ने लाग्यो । तर मानिसहरुलाई असाध्यै खटनमा राखेको ।

हामीहरु एउटा कम्युनमा डुलिरहेका थियौं । सुशीलाले के भनी भने म भान्छा-कोठा हेर्छु । कुनै भान्छामा लैजाने उनीहरुको कार्यक्रम थिएन । म त घर हेर्छु उसले भनेकी मात्र हैन, अरु यताउति हेरिरहेका थिए, ऊ त स्वाट्ट एउटा घरभित्र् पसिहाली । घरमा कस्तो थियो भने एउटी हजूर-आमा थिई र त्यसको एउटा नाति बसिरहेको थियो । बाहिरबाट, सडकबाट हेर्दा जस्ता घरहरु देखिन्थे, त्यस्तो अवस्था घरभित्र थिएन । किचनभित्र अन्नको डल्लो बनाएको देखियो, र साग पकाएको देखियो- अन्नको डल्लो र साग खाँदा रहेछन् । खाना पौष्टिक नभएको जस्तो लाग्यो, तर त्यति पनि सबैलाई पुग्थ्यो भने त अर्को कुरा हो । बाहिर हुँदो जति प्रचार हुन्थ्यो, त्यस्तो प्रभावित पार्ने कुरा मलाई लागेन । कम्युनलाई हेर्दा उनीहरु ज्यादै-ज्यादै पिछडिएको जस्तो लाग्थ्यो ।

तर मलाई उनीहरुले बाँध बनाउने कुरामा प्रभावित गरे । आफूसँग पूँजी छैन भने कसरी मानवीय श्रमको उपयोग गर्न सकिन्छ भन्ने देखाएर ।

अर्को कुरा, उनीहरुले देखाएका थिए सान-साना इस्पात कारखानाहरु, जो घर-घरै बनाउन सकिन्थ्यो । त्यहाँ मलाई लिएर गए । त्यसको प्रविधि मलाई थाहा थिएन । मैलै भने, "यो सम्भव छ भने सब ठाउँमा हुन सक्ला, किन ठूल-ठूला



*मलाई उनीहरूले बाँध बनाउने कुरामा प्रभावित गरे । आफूसँग पूँजी छैन भने कसरी मानवीय श्रमको उपयोग गर्न सकिन्छ भन्ने देखाएर ।*

जमशेदपुरको टाटा इस्पात कारखाना जस्तो खडा गर्नु ?" तर त्यो पूर्णतः विफल सिद्ध भएपछि त्यो प्रचार गरिएको मात्रै रहेछ भन्ने साबित भयो ।

एउटा कुरा हामीले के विचार गऱ्यौं भने, हामी रेल्वे प्लेटफर्ममा उत्रिँदा निकै भीड थियो । त्यस्तै भीड जस्तो भारतमा हुन्छ । त्यस्तो भीडमा जवाहरलालजी पुग्दा उठेर सबै उनको पछि लाग्थे । तर त्यहाँ कति त उठ्दा पनि उठेनन् र खालि भनेको सुनियो- चू एन लाई, चू एन लाई । उठेर एकदम पछि लाग्ने र जय-जयकार गर्ने कुरा त्यहाँ भएन । कतिलाई त हामीहरुले त्यहाँ नाघेर पनि आउनु पऱ्यो । त्यो पनि मलाई राम्रो लाग्यो । धेरै नियन्त्रण नभए जस्तो लाग्यो । धेरै नियन्त्रण नभएकोले हो वा उनीहरुको वास्ता नगरेकोले हो, त्यो मैले देखे । उनीहरुले ठस्सासँग बसेको त मैले भनिनै सकें ।

चू एन लाई जस्तो सभ्य र सुसंस्कृत मान्छे मैले कम्ति देखेको छु । जवाहरलाल नेहरुलाई देखेको छु । मलाई लाग्छ, दुइटै तुलना गर्नु पऱ्यो भने चू एन लाई ज्यादा परिष्कृत मान्छे लाग्छ । झोंकिन त झोकिने तर पनि उसको व्यवहार, उसलाई हिँडाइ-डुलाइ, सुशीलासँग कुरा गर्दाखेरि व्यवहारहरु हेर्दाखेरि त्यो ज्यादै परिष्कृत लाग्थ्यो । त्यो यथार्थमा रहेछ मेन्डेरियन खलकको । पेरिसमा पढेको । जवाहरलालजी पनि त मेन्डेरियन खलक जस्तै त हुन् भारतीय परिप्रेक्ष्यमा । उनीहरु ादै आरामका साथ बस्दा रहेछन्, य ा कुनै शंका छैन ।

मैले नै चोटी माओ त्से तुङसँग पनि भेट्ने . ा व्यक्त गरेको थिएँ । त्यो त भेट्ने तर कहिले हुन्छ, हेरौं, उनलाई खबर गरेपछि हामी भनौंला भने ।

हामी ठाउँ-ठाउँ लिँदै गए । एउटा गाउँ छ, हेन चाउ भन्ने । सुन्दर दर्शनीय ठाउँ । पहिलेका बादशाहहरु त्यहाँ गएर आफ्नो गर्मीका दिनहरु बिताउँदा रहेछन् । टापू पनि छ, समुद्र पनि छ, बगैंचा पनि छ, असाध्यै राम्रो ठाउँ छ । त्यहाँ शायद पर्यटकहरु पनि जाँदा रहेछन् । त्यस दर्शनीय ठाउँमा हामीलाई लगेका थिए । पुगेको दिन केही कार्यक्रमहरु थिए । दृश्यावलोकन गराए र मेयरकहाँ खाने कार्यक्रम पनि राखेका थिए । त्यहाँ खाएर राति ११ बजेतिर थाकेर हामी सुत्न आएका थियौं । त्यसभन्दा अघि बेलुका ४ बजेतिर सुशीलाले "हाम्रो त्यो ठूलो होटेलको अधिल्तिर त्यो समुद्र हो कि ताल हो हेर्नजाउँ- न" भनी । त्यहाँको दृश्य साँच्चै नै मोहक थियो ।

अनि म, सुशीला, सूर्य बाबु र १-२ जना अरु पनि कसैलाई नभनेर हामी बसेको ठाउँबाट त्यहाँ गयौं । ठूलो बाटो छ, त्यसलाई पार गरेर त्यहाँ पुग्नु पर्थ्यो । हामीहरु त्यहाँ गएर बसिरहेका थियौं, त्यतिमा नै एउटा ताँती आयो कारहरुको । मैले त उति ध्यान दिइनँ के आयो, को आयो भनेर । सूर्यबाबु बडो चलाक । उहाँले भन्नुभयो, "यसमा त ठूलो मान्छे आएको छ यस होटलमा । हाम्रै मोटरहरुको ताँती जस्तै ताँती आइरहेको छ ।"

मैले त्यस कुरामा ध्यान दिइनँ । तर राति ११ बजे जब हामीहरु बस्यौं लुगा फुकालेर सुत्नलाई, ढ्याक्-ढ्याक् आवाज आयो ढोकामा । हेर्दा त माओ त्से तुङले भेट्न खोजेका छन् भनेर मानिस खबर लिएर आएको छ । म थाकेको छु, अलिकति ड्रिंक पनि गरेको छु । अब त भेट्नै पऱ्यो भनेर मैले लुगा लगाएँ । ओभरकोट लगाउँदा, "पर्दैन, यही होटलको अर्को खण्डमा उनी बसेका छन् भने ।" त्यसपछि म तयार भएँ । अनि त्यो मानिस के भन्छ भने, "के श्रीमती कोइरालाले उहाँलाई भेट्न इच्छा गर्नु हुने छैन ?"

मैले भनें, "अवश्य नै ।" अनि मैले सुशीलालाई उठाएँ । उसले पनि धोती लगाएर एउटा ओढ्ने ओढी । अनि गयौं । त्यसको अर्को लङमा उभिइरहेको रहेछ माओ त्से तुङ । आएर बडो स्नेहपूर्ण तरिकाबाट भेट्यो । अनि तस्वीरवालाहरुलाई बोलायो, तस्वीर खिच्न भन्यो । सुशीलालाई सोध्यो, "कस्तो छ, कति रमाइलो मान्यौ," भनेर । एउटा सभ्य र शिष्ट व्यवहार जति हुन्थ्यो, त्यो गऱ्यो । त्यसपछि भित्र कोठामा लिएर गयो । बसाउने तरिका सबै कम्युनिष्टहरुको त्यही किसिमको होला जस्तो लाग्दछ, टेबुलमा आमने-सामने राख्छन् । त्यसपछि कुरा हुन थाल्यो । उसँग त कुनै कुरा गर्न त थिएन, चू एन लाईसँग कुरा भइसकेको थियो । मसँग पूरा रिपोर्ट छ तपाईंहरुको कुराकानीको, हामीहरु त नेपालसँग मित्रता चाहन्छौं भनेर उसले भन्यो । मैले पनि आफ्नो त्यस्तै कुराहरु भनें ।

अँ, चू एन लाईलाई मैले भनेको एउटा कुरा भन्न बिर्सें । चू एन लाईसँग मेरो अन्तिम बैठक पेकिङमा भयो । मैले चू एन लाईलाई के भनें भने, मलाई तिमीहरुको आर्थिक सहायता चाहिन्छ, मैले देश बनाउन खोजिरहेको छु, तिमीहरुको आर्थिक सहायता, त्यस्तो हुनाले, हामीलाई बेसी चाहिन्छ ।

भारतले १८ करोडको सहायता गरेको थियो, मैले त्यहाँ शायद त्यही उल्लेख गरेको थिएँ । उसले भन्यो, "त्यसभन्दा अलिकति कम्ति गरौंला ।"

मैले भने, "भारतकै बराबरीमा किन सहायता गर्दैनौ ?" भन्दा उसले भन्यो, "होइन, त्यो तिम्रो लागि पनि राम्रो नहोला, हाम्रो लागि पनि राम्रो नहोला । तिमीलाई राम्रो किन हुँदैन भने हामीले धेरै सह ा दियौं भने भारत तिमीहरुसँग सतर्क हुन्छ । र, हामीहरुलाई किन उपयुक्त हुँदैन भने ामी भारतसँग तिस्पर्धा गर्दछौं भन्ने अन्तर्राष्ट्रिय स्तरमा पर्न जान्छ । हामीहरु तिमीहरुसँग मित्रता गर्न खोजिरहेका छौं । त्यसो हुनाले, हामीहरु कम्ति दिन्छौं । यसमा नराम्रो नमान्नू । जति पनि दिन त हामी सक्छौं, तर यो तिम्रो हितमा पनि हुँदैन, हाम्रो हितमा पनि हुँदैन ।"

मलाई कस्तो राम्रो सल्लाह दियो । उसले भन्यो, "भारतसँग नै तिमीहरुको सहायता बेसी हुन सक्छ । हामीहरुले त सहायता गरौं भने पनि लामो बाटोबाट जानु पर्ने हुनाले खर्च बेसी हुन्छ । भारतसँग प्रतिस्पर्धामा आउन पनि हुँदैन तिमीहरुलाई सहायता गर्नलाई ।"

त्यो एउटा ध्यान दिनुपर्ने कुरा मलाई चू एन लाईले भनेको थियो ।

अनि, यहाँ माओ त्से तुङसँग कुरा गर्दा मैले के भनें भने, "हामीहरु त दुई ठूला राष्ट्रहरुका बीच, यी दुईटाका

सम्बन्ध अलिकति नराम्रो भइसकेको थियो- बसेका छौं । हामीहरुलाई जहिले पनि अप्ठ्यारो भइराख्छ । ठूला राष्ट्रहरुको बीचमा हुने कचमच सानो राष्ट्रको लागि बडो दुर्भाग्यजनक स्थिति हुँदो रहेछ ।"

मैले त्यसो भन्दा उसले भन्यो, "हामीहरुलाई पो त तिमीहरु तर्साउँछौ । हामीले केही नगर्दा पनि मार्‍यो-मार्‍यो भनेर कराई दिँदा हामीले केही पनि गरेका थिएनौं भनेर कसैले पत्याउँदैन, सबैले तिमीहरुलाई नै विश्वास गर्छन् । त्यसो हुनाले अचेल त साना राष्ट्रहरुकै दवदबा छ ।"

उसले आफ्नो राष्ट्रिय अनुभवको कुरा उल्लेख गर्दा घटना र मिति उल्लेख गरी के भन्यो भने, "त्यसभन्दा पहिलेसम्म ठूलो दाजु सम्झेर, उसका अनुभवहरु बेसी छन्, लेनिन र क्रान्तिहरु भनेर जहिले पनि हामी रुसको कुराबाट निर्देशित हुन्थ्यौं । त्यस घटनापछि हामीले के निश्चय गर्‍यौं भने अब हामी उनीहरुको कुरा मान्दैनौं । त्यसको केही वर्षभित्रै हामी सत्तामा पुग्यौं । अर्काको लहै-लहैमा काम गर्दा अर्कालाई फाइदा हुने काम बेसी हुँदो रहेछ, आफूलाई फाइदा हुने काम हुँदो रहेनछ । हाम्रो त्यो अनुभव हो । तिमीहरुले पनि आफूलाई राम्रो हुने काम गर्नुपर्छ, अर्काको निर्देशनमा जानु हुँदैन ।"

यो उसले भारतलाई ध्यानमा राखेर भनेको थियो वा अरु कसैलाई, तर त्यसले मलाई त्यसरी भनेको थियो ।

तेस्रो कुरा सीमानाको आएको थियो । सीमानाको कुरामा उसले के भन्यो भने, सीमानाको सम्बन्धमा त्यस्तो कुनै समस्या छैन । माउन्ट एभरेष्ट साझा चुचुरा रहोस् र यसलाई मितेरी-चुचुरा बनाऊँ । मैले त्यसलाई मानिनँ । मैले भनें, "यो त हाम्रो देशभित्र परेको हो । त्यसलाई हामीले कसरी साझा गर्ने ?"

उसले भन्यो, "तिमीहरुको त नाउँ पनि छैन आफ्नो भाषामा र त्यसलाई माउन्ट एभरेष्ट भन्छौ ।"

त्यसबेलामा मैले सम्झें वा कसैले मलाई सम्झाएको थियो, त्यसलाई सगरमाथा भन्छन् भनेर । मलाई त्यसबखतमा उति गढेको थिएन, तर मैले जवाफ दिएँ, "तिम्रो पनि त नाम छैन त्यसको । चोमलुङमा त तिब्बती नाउँ हो ।"

माओ त्से तुङले भन्यो, "तिब्बत भनेको चीन हो ।" अनि उसले भन्यो, "यसको नाउँ मितेरी-चुचुरा राखौं, न चोमलुङमा न सगरमाथा ।"

त्यसमा हाम्रो सहमति भएन । अनि उसले भन्यो, "हामीहरु त गरीब देश भएकोले र हामीसँग पूँजी कम्ति भएकोले हामी त श्रमप्रधान योजना कार्यान्वित गर्दछौं । हाम्रा ती बाँधहरु र अरु कुराहरुको निर्माणहरु हेरेका होउला नि । अरु पनि केही हेर्न छ भने बताऊ ?"

मैले भनें, "मैले सबै कुरा हेरे जस्तो लाग्छ ।"

उसले भन्यो, "मलाई चू एन लाईले सबै कुरा बताइसकेको छ तिमीहरुसँग कुरा भएको । हामी तिमीहरुलाई मद्दत गर्छौं ।"

यसो-उसो भनेर करीब एक डेढ घण्टासम्म कुराहरु भए । त्यही हो एक पटक त्योसँग मेरो भेट भएको । अनि तस्वीरहरु खिच्न लगायो फोटोग्राफरहरु बोलाएर । माओ त्से तुङसँग कुराहरुमा यही दुई-तीन कुराहरु थिए- माउन्ट एभरेष्टको बारेमा, सानो र ठूलो मुलुकहरुको सम्बन्धको बारेमा र अर्को, पूँजी कम भएपछि प्रविधि पनि हाम्रो आफ्नै किसिमको हुनुपर्छ भन्नेबारे ।



मलाई असाध्यै राम्रो प्रभाव पर्‍यो माओ त्से तुङको । मलाई धेरै थिच्न नखोज्ने तर एउटा बुझक व्यक्तित्वको जस्तो व्यवहार गर्ने । उसले यो भनेको मलाई धेरै घत लाग्यो, "हाम्रो अनुभव छ जुन दिनदेखि हामी रुसी प्रभावबाट अलग भयौं, त्यसको केही वर्षभित्रैमा हामी सत्तामा आयौं ।"

> *मलाई असाध्यै राम्रो प्रभाव पर्‍यो माओ त्से तुङको । मलाई धेरै थिच्न नखोज्ने तर एउटा बुझक व्यक्तित्वको जस्तो व्यवहार गर्ने ।*

मलाई गान्धी ज्यादै महान जस्तो लाग्छ । मेरो त्यस सम्बन्धमा भएका धारणाहरु त म पछि भनौंला । व्यक्तित्वको बारेमा त्यत्ति एउटा भेटले मात्रै माओ त्से तुङको बारेमा के भन्न सकिन्छ र ? तर गान्धीबाट त म ओतप्रोत भएको छु । माओ त्से तुङसँग त त्यही एक-डेढ घण्टाको कुरा हो । तर उनको बारेमा जो हल्ला थियो कि उनी बिरामी छन्, मर्न आँटे भन्ने- त्यो गलत थियो । खुकुलो लुगा लगाएको, अग्लो र एकदमै चनाखो दिमागका मानिस उनी थिए । साना मुलुकहरुको निरङ्कुशताको कुरा उनले मलाई भन्दा उसको खिलाफमा त्यसबखत त्यहाँ कोही बोल्न सक्दैनथ्यो भन्ने लाग्थ्यो । याङ्ग त्से नदी छ त्यहाँ, त्यसमा उनले आर-पार गरेका छन्, पाँच माइल पौडेका छन् भन्ने कुराहरु चल्थ्यो त्यसताका । मैले देख्दा उनी ज्यादै स्वस्थ देखिन्थे । त्यहाँका धेरै तस्वीरहरु हाम्रो मान्छेहरुले टाइम इत्यादिलाई बेचेको सुनियो । त्यस्तो महत्वपूर्ण थियो हाम्रो त्यो भेटघाट । अरु अरु जान्न खोजिएका थिए कस्तो छ उनको स्वास्थ्य वा हामीले भेटेकै हो कि होइन भनेर बुझ्न ।

फर्कने बेलामा मलाई त्यहाँबाट प्लेनमा आउन मन थिएन । ट्रेनबाट आउन मन थियो । त्यहाँ उ-हान भन्ने ठाउँ छ, त्यहाँ एउटा पुल छ, बडो प्रसिद्ध पुल । उनीहरुले याङ्ग त्सेमाथि बनाएको पुल । उनीहरु त्यसलाई आफ्नो एउटा इन्जिनियरिङ कमाल नै भन्छन् । त्यसलाई देखाउने कुरा गरे । याङ्ग त्से नदीको किनारमा उ-हान धेरै महत्वपूर्ण औद्योगिक शहर हो । मलाई उनीहरुले त्यहाँ लगे ।

त्यहाँबाट उनीहरुले भने, ल, " अब ट्रेनबाट जाने ।" त्यो ट्रेन स्पेशल रहेछ माओ त्से तुङको । त्यही ट्रेन ल्याएका थिए । त्यो जस्तो विलाशयुक्त ट्रेन त शायद कहीं छ कि छैन, म भन्न सक्तिनँ । अहिले भारतमा विदेशी पर्यटकहरुको लागि पैलेस अन द ह्वील छ । त्यो ट्रेन कस्तो थियो भने, सबभन्दा पछि जहाँ गार्डको डब्बा रहन्छ, त्यहाँ सीसाको भित्ता र सीसाकै छाना भएको पारदर्शी हल थियो । त्यसमा पुस्तकालय छ, खेल्ने तासहरु छन्, चेसहरु छन् र चिया टक्र्याइरहने मानिसहरु छन्, त्यसमा सोफा छ, घुम्ने कुर्सीहरु छन् । बसेर दृश्यहरु हेरिरहन पाइने । त्यसैसँग जोडिएको मेरो बस्ने कोठा थियो । त्यससँग जोडिएको मेरो सुत्ने कोठा छ । सुत्ने कोठामा पोर्सिलिनको बाथ-टब छ । ट्रेनमा डबल बेड छ । नुहाउने ठाउँमा सावर इत्यादि सबै छ । त्यससँग जोडिएको मेरो छोरीको कोठा छ । परिचारिका छे । त्यससँग जोडिएको मेरो सेक्रेटरीको कोठा छ । सबैको लागि अलग-अलग कोठा छ । सबै कोठाहरुमा जाने बाटो छ । मेरो साथमा पत्रकारहरु थिए, व्यापारीहरु थिए । मसँग जोडिएको डिब्बाहरु यति मात्रै थिए । त्यसपछि अर्को बोगी थियो, जसमा मेरो सेक्रेटियट थियो । अनि तेस्रो बोगी थियो जसमा खानाको प्रबन्ध थियो, सबैमा परिचारकहरु थिए, कुनै पाँच तारे होटलका जस्ता इन्तजामहरु थिए । त्यस्तो शानदार ट्रेनबाट म उ-हानदेखि क्यान्टनसम्म आएको छु । त्यो अघिका बादशाहहरुले प्रयोग गर्ने ट्रेन अब माओ त्से तुङको प्रयोगमा राखिएको थियो । मैले ट्रेनबाट फर्कने कुरा गरेपछि, त्यो ट्रेन कहींबाट ल्याउन्जेल मैले उ-हानमा पर्खनु परेको थियो । मैले ट्रेनमा आउन इच्छा गरेको मुख्य ग्रामीण क्षेत्र हेर्नु थियो ।

मलाई भारतको ट्रेनको व्यवस्था धेरै राम्रो लाग्यो त्यहाँभन्दा । त्यहाँ धेरै ठाउँमा एकहोरो लीक थियो, जबकि भारतमा धेरै ठाउँमा दोहोरो लीक छ । मेरो त स्पेशल ट्रेन थियो, रोक्नु पर्ने ठाउँमा रोकिन्थ्यो, नरोक्नु पर्ने ठाउँमा रोकिँदैनथ्यो ।

त्यहाँ मैले के देखें भने, जो साधारण ट्रेनहरु थिए, त्यस्तो हरेक ट्रेनमा प्रचारका नाराहरु घोषित भइरहन्थे । चल्ती ट्रेनबाट प्रचारहरु भइरहेका हुन्थे ।

अर्को कुरा मैले के देखें भने, एउटा गाउँबाट हामी पार गर्दा एउटा ठूलो विज्ञापनको जस्तो सूचना पाटी थियो । मैले सोधें, "के हो ?"

त्यहाँ के छ भने, अलिकति सानो जग्गा व्यक्तिगत रुपमा राख्न पाइदो रहेछ । कम्युनको अतिरिक्त आफ्नो घरको चारैतिर तरकारी-बगैंचा जस्तो अलिकति कुखुरा पाल्ने र शायद गोठ राख्ने जग्गा दिएको छ । तरकारी-बगैंचामा ज्यादा उब्जा हुने, त्यति सानो जग्गामा । दिसा त्यही तरकारी-बगैंचामा गर्दा रहेछन् । त्यहाँ त्यस ठूलो सूचना-पाटीमा के लेखेको रहेछ भने, "स्वार्थी नबन । दिसा आफ्नै जग्गामा मात्रै नगर, कम्युनको खेतमा गर ।"

त्यो मलाई बडो शिक्षाप्रद लाग्यो । शिक्षाप्रद कुन अर्थमा भने, मान्छेले आफ्नो भनेपछि सब कुरा गर्ने । त्यो सानो टुक्रा तरकारी-बगैंचा जस्तो थियो, त्यसमा गाई पनि पाल्न पाउने र अरु-अरु पनि के के गर्न पाउने । त्यस्ता जग्गाहरुमा तरकारीहरु पनि राम्ररी लागिरहेको थियो, कम्युनको जग्गामा थिएन । खाद पुराउन सक्दारहेनछन् । धेरैजसो खाद र काठमाडौंमा पहिले गर्ने गरेजस्तो मानिसहरुको मल हाल्ने, त्यस्तै गर्दा रहेछन् । हङकङबाट हिँड्ने बित्तिकै ग्रामीण क्षेत्रमा ठस्स गनाएर आपत पर्छ । खर्पन पनि त्यस्तै यहाँको जस्तै । खर्पनमा एउटा करुवा जस्तो हालेर हिँड्ने सामान्य देखिन्थ्यो । र, त्यो विज्ञापन जस्तो ठूलो सूचना-पाटी एउटा सजीव झलक थियो ।

त्यस किसिमबाट त्यहाँको मेरो भ्रमण पूरा भयो । मेरो भ्रमण निकै सफल भएको थियो । म पनि प्रभावित भएर आएको थिएँ । मलाई लाग्यो, हामीहरुको बारेमा उनीहरुको धारणा हुँदा हो हामी पूरा भारततर्फ ढल्केका छौं, त्यो पनि बद्लियो होला जस्तो लाग्छ । यसप्रकार, चीनको भ्रमण समाप्त गरेर म फर्कें ।

◆

अनिश्वरवादी, द्वन्दवादी तर अभौतिकवादी दार्शनिक- बुद्ध



# बुद्ध-दर्शनभित्र अन्तर्निहित द्वन्दवाद

◆ समीर सिंह

यो संसारमा सही के हो ? गलत के हो ?

वास्तवमा आज दुनियाँभरिका दार्शनिकहरूमा प्रमुख अन्तर्विरोध नै यही विषयमा छ । त्यसका लागि उनीहरूले यो संसारलाई तथा यसभित्रका विभिन्न घटनाहरूलाई भिन्न भिन्न प्रकारले व्याख्या गरेका छन् । प्रश्न उठ्छ, सही र गलत छुट्याउने मापदण्ड के हो ? कुन आधारमा दार्शनिक मूल्यांकन सही हुन्छ ? तथा कुन आधारमा मूल्यांकन गलत हुन्छ ? निश्चित रूपमा यस विषयमा गम्भीर मतभेद छ ।

भौतिकवादीहरूले पदार्थलाई प्रमुख सत्ताको रूपमा तथा चेतना चाहि त्यसको उपजको रूपमा भएको कुरालाई स्वीकार्छन् भने, आदर्शवादीहरूले चेतनालाई प्रमुख सत्ताको रूपमा स्वीकार्छन् । त्यस आधारमा नै भौतिकवादी तथा आदर्शवादीहरूले भिन्न भिन्न प्रकारले अर्थात् एकदम विपरीत प्रकारले यो संसारको मूल्यांकन गरेका छन् । एंगेल्सले भनेका छन्- "दार्शनिक अन्तर्विरोधको मूलभूत प्रश्न हो- पदार्थ र चेतना बीचको सम्बन्ध ।" त्यस्तै प्लेटोले आफ्नो रचना 'सोफिस्ट' मा भनेका छन्- "वास्तविकताको लागि प्रकृति र आत्माबीचको अन्तर्विरोध एक प्रकारको देवासुर संग्राम हो ।"

तर पनि आज कैयौं वैज्ञानिक तथा व्यवहारिक प्रमाणहरूद्वारा प्रमाणित भइसकेको छ- केवल ती भौतिकवादीहरू, जसले प्रत्येक चीजहरूलाई गतिशील रूपमा व्याख्या गर्दछन्, ले नै यो संसारलाई सही रूपमा व्याख्या गर्न सक्षम भएका छन् । अर्थात् आज प्रत्येक चीज र घटनाहरूलाई द्वन्द्वात्मक भौतिकवादले नै सही रूपमा विश्लेषण गर्न सकिरहेको छ । यसले गतिलाई पनि स्वीकार्ने हुनाले निश्चित रूपमा यसले विश्वको व्याख्या मात्र गर्ने नभएर यो संसारको परिवर्तनलाई पनि अगाडि ल्याउनु स्वाभाविक नै हो ।

अतः बुद्ध दर्शनलाई चिरफार गर्दा पनि उक्त द्वन्द्वात्मक भौतिकवादलाई नै मापदण्ड बनाउनु पर्दछ । अर्थात्, बुद्ध दर्शन कति सही छ ? कति गलत छ ? भन्ने मापदण्ड भनेको त्यसले भौतिकवादलाई कुन रूपमा स्वीकार्छ ? त्यसले द्वन्दवादलाई कुन रूपमा स्वीकार्छ ? यसै आधारमा नै त्यसको सही विश्लेषण हुन सक्छ ।

यसका साथै, दर्शन, धर्म, आदि भनेका वस्तुगत परिस्थितिको उपज हुने हुनाले, बुद्ध दर्शनलाई पनि चिरफार गर्दा, त्यस बेलाको समग्र वस्तुगत वातावरणको पनि अध्ययन गर्नुपर्ने हुन्छ । किनभने, विद्यमान सामाजिक प्रणालीले मानिसहरूको चेतनामा प्रभाव पारिरहेको हुन्छ ।

वास्तवमा, बुद्ध दर्शनको विकास त्यो बेला भयो, जब एकातिर समाजमा धार्मिक आडम्बरहरू जस्तैः कर्मकाण्ड, मूर्तिपूजा, ईश्वरोपासना, पुरोहितवाद जस्ता विसंगतिहरूको बाहुल्य थियो । प्राकृतिक रहस्यहरूलाई प्रमाणित गर्न उचित वैज्ञानिक तथ्यहरूको अभावमा त्यस्ता विकृतिहरूले प्रश्रय पाउनु स्वभाविक नै थियो । जसको फलस्वरूप, मानिसहरूमा उदासिनताले र निराशावादी प्रवृत्तिले विकराल रूप लिइरहेको थियो ।

अर्कोतिर, मानिसहरू सामूहिक जीवन प्रणालीबाट व्यक्तिगत जीवन प्रणालीतिर उन्मुख भइरहेका थिए । सामूहिक रूपमा बसोबास गर्ने कबिला समाजहरू, जसको सामूहिक सम्पत्ति हुन्थ्यो, त्यो सम्पत्ति व्यक्तिगत सम्पत्तिमा परिणत भइरहेको थियो । कम्युनिष्ट दर्शनले भन्दछ- "सामाजिक विसंगतिको कारण व्यक्तिगत सम्पत्ति हो ।" स्पष्ट छ, त्यो बेला व्यक्तिगत सम्पत्तिको विकासले गर्दा समाजमा हत्या, लुटपाट, घुसखोरी आदि सामाजिक विसंगतिले प्रश्रय पाइरहेका थिए ।

त्यस्तो सामाजिक वातावरणमा गौतम बुद्धको जन्म इ.पू. ५६७ मा कपिलवस्तुको लुम्बिनी नामक गाउँमा भएको थियो । उनी कबिला समाज अन्तर्गत शाक्य जातिको प्रतिनिधित्व गर्दथे । त्यो बेला कबिलाहरू जो मुख्यतः शाक्य, मल्ल, वाज्जी आदि जातिका थिए को यथास्थितिको जीवन प्रणालीमाथि खतराको स्थिति देखिन थालेको थियो । कबिला समाजहरूको उन्मूलन गर्नु नै बुद्धका समकालीन मगध, कोशल शासकहरूको उद्देश्य रहन गयो । उनीहरूले आफ्नो हितको लागि कबिला समाजहरूमा निर्ममतापूर्वक आक्रमण गर्न थाले । सत्ता-स्वार्थले उनीहरू यस अवस्थासम्म पुगे कि, मगधका राजा बिम्बिसारलाई उनका छोरा अजात शत्रुले भोकै मारे तथा कोशलका राजा प्रसन्नजीतलाई उनका छोरा विडुडमले षडयन्त्रपूर्वक सत्ताबाट बञ्चित गरे । त्यस्तो वातावरणमा हुर्किरहेका बुद्धले सर्वत्र दुःख नै विद्यमान रहेको महसूस गरे ।

उनी प्रश्न गर्दछन्- "यी राजाहरू, राज्यमा शासन गर्दछन्, अत्याधिक सम्पत्तिको मालिक बन्दछन् तथा आफ्नो लोभको शिकार अरूलाई बनाउछन् । यसरी शासकहरू नै स्वार्थ साधनमा जुटेका छन् भने, त्यस्तो परिस्थितिमा को शान्तिपूर्वक रहन सक्छ ?" यसरी मानिसहरूमा जुन अत्यन्त तृष्णाको भावना विकास भइरहेको थियो, त्यसैलाई अर्थात् व्यक्तिगत सम्पत्तिको इच्छालाई नै उनले मानिसहरूको दुःखको कारण बताए ।

यस विषयमा बुद्ध दर्शन तथा मार्क्सवादी दर्शनको समान दृष्टिकोण भएको स्पष्ट छ । दुःखको व्याख्या गर्दै बुद्ध भन्दछन्- "जन्मनु दुःख हो, मर्नु दुःख हो, बिरामी हुनु दुःख हो, बूढो हुनु दुःख हो, नराम्रो मानिससित भेट हुनु दुःख हो, राम्रो मानिसित बिछोड हुनु दुःख हो ।" यसरी सर्वत्र दुःख नै व्याप्त भएको रूपमा उनी यो संसारको मूल्यांकन गर्दछन् । तथा उनको दार्शनिक चिन्तन पनि यही विषयमा नै केन्द्रित रह्यो ।

संसारमा सर्वत्र व्याप्त दुःखको कारण के हो ? के यसको निराकरण संभव छ ? यदि संभव छ भने त्यसको मार्ग के हो ? यसरी उनी यो निष्कर्षमा पुगे कि, यी सबै समस्याहरूको समाधान ईश्वरीय चिन्तनबाट संभव छैन । ईश्वरोपासना

बुद्ध दर्शन कति सही छ ? कति गलत छ ? भन्ने मापदण्ड भनेको त्यसले भौतिकवादलाई कुन रुपमा स्वीकार्छ ? त्यसले द्वन्दवादलाई कुन रुपमा स्वीकार्छ ? यसै आधारमा नै त्यसको सही विश्लेषण हुन सक्छ ।



समीर सिंह
एम.एस्सी. (गणित), एम.ए. (दर्शन शास्त्र), दिल्ली विश्वविद्यालय

गरेर समय बर्वाद गर्नुलाई उनले अनावश्यक ठाने।

यसरी वेदकालीन दर्शनभन्दा यथार्थलाई ठम्याउन उनी एक कदम अगाडि बढेको स्पष्ट हुन्छ। किनभने, ईश्वरवाद एउटा त्यस्तो चिन्तन हो, जसले कुनै चीज र घटनाहरूलाई गहन रूपमा विश्लेषण नगरेर, उपरोक्त चीजहरूलाई कुनै अलौकिक शक्तिसित जोडेर आफू बच्ने प्रयास गर्दछ। स्पष्ट छ, कुनै पनि दर्शनमा जति ईश्वरवादको बाहुल्य रहन्छ, त्यति नै त्यो यथार्थबाट टाढा रहन्छ। अतः बुद्ध दर्शन जुन रूपसम्म ईश्वरवादको बाहुल्यबाट मुक्त हुने कोशिस गरेको छ, त्यही हदसम्म त्यसले यथार्थलाई ठम्याउने कोशिस गरेको छ।

बुद्ध दर्शनको सबभन्दा यथार्थ पक्ष भनेको द्वन्दवादी दार्शनिक चिन्तन हो। बुद्ध भन्दछन्- "यो संसारमा 'कुनै चीजको अस्तित्व छ' तथा 'अस्तित्व छैन'। यी दुई विपरीत धारणाहरूको आधारमा नै चल्दछ; जुन मानिसलाई जब कुनै चीजको अस्तित्व छ भन्ने ज्ञान हुन्छ, त्यो अवस्थामा अस्तित्व छैन भन्ने धारणा स्वतः हटेर जान्छ।" उक्त भनाइमा निश्चित रूपमा द्वन्दवादको बीज विद्यमान छ। जसले स्पष्ट गर्दछ, संसारमा प्रत्येक चीजमा हुने परिवर्तनलाई विरोधी पक्षहरूको बीचमा हुने अन्तर्विरोधको स्वरूपले निर्धारण गर्दछ। अर्थात्, प्रत्येक ठाउँमा विरोधी पक्ष विद्यमान छ र तिनीहरूको बीचमा हुने संघर्षले नै उक्त चिजहरूलाई गतिशील बनाएको हुन्छ। निश्चित रूपमा बुद्धको उक्त द्वन्दवादी दृष्टिकोण, ईश्वरवादीहरूको यथास्थितिवादी धारणालाई कडा चुनौती थियो। ईश्वरवादीहरू यो संसारलाई स्थिर रूपमा बुझ्दथे। उनीहरूको धारणा थियो कि, यो संसारलाई कुनै अलौकिक शक्तिले निर्माण गर्दछ र त्यो स्थिर रहिरहन्छ। उपरोक्त चिन्तनलाई खण्डन गर्न बुद्धसित उपयुक्त वैज्ञानिक प्रमाणहरू थिएनन्, तर पनि व्यवहारिक तर्कहरूका आधारमा परिवर्तनको नियमलाई प्रमाणित गर्ने प्रयत्न उनी गर्दथे। उनी व्यवहारिक तर्कहरू द्वन्दवादलाई मापदण्ड बनाएर नै प्रस्तुत गर्दथे। सर्वप्रथम विरोधी मतलाई प्रस्तुत गर्नु, त्यसपछि त्यसलाई विभिन्न तर्कहरूद्वारा खण्डन गर्दै अन्तमा सही निष्कर्षमा पुग्नु अर्थात् उपरोक्त प्रकारको वादविवाद प्रक्रिया नै बुद्धको द्वन्दवादी पद्धति थियो।

"यदि कुनै मत राम्रो, दोषरहित तथा समसामयिक घटनाहरू अनुकुल छ भने स्वीकार गर। कुनै विचार या धर्मलाई अन्धानुकरण नगर। स्वयं मेरा उपदेशहरूलाई पनि अन्धानुकरण नगर, त्यो उचित छ भने मात्र स्वीकार गर।" यसरी बुद्धको उपदेशमा यथार्थता छ। उनको विचार थियो- कुनै मतप्रति यदि सन्देह हुन्छ, त्यो राम्रो पक्ष हो। उक्त सन्देहात्मक मत यदि विभिन्न तर्कहरूद्वारा अथवा वादविवाद प्रक्रियाद्वारा गलत सिद्ध हुन्छ भने त्यसलाई अस्वीकार गर्नु नै उचित हुन्छ।"

त्यसको साथै कुनै विषयमा दक्षता निरन्तर प्रयासद्वारा प्राप्त हुने उनको मत थियो। उनी भन्दछन्- "त्यस्तो कुनै ब्रम्हाण (दक्ष व्यक्ति) नै छैन, जसले सबै एकैचोटी नै जानोस्।" वास्तवमा उनको यो भनाइमा पनि द्वन्दवादको विषयवस्तु विद्यमान छ। किनभने, ज्ञान हमेशा निम्न स्तरबाट उच्चस्तरतिर बढिरहेको हुन्छ। 'वाद' तथा 'प्रतिवाद' बीचको अन्तर्विरोधले गर्दा, त्यसले गतिशील रूप धारण गरेको हुन्छ। यसरी विभिन्न चीजहरूमा हुने परिवर्तनलाई स्पष्ट रूपमा बुझ्न बुद्ध सक्षम भएका छन्।

त्यसका साथै, बुद्धको 'प्रतीत्य समुत्पाद' को सिद्धान्तले पनि बुद्धको द्वन्दवादलाई अझ पुष्टि गर्दछ। यस सिद्धान्तअनुसार, एउटाको विनाश भएपछि अर्काको उत्पत्ति हुन्छ। अर्थात्, कुनै पनि वस्तु अधिक समयसम्म स्थायी रहिरहदैन। त्यसमा प्रतिक्षण दोष उत्पन्न भइरहेको हुन्छ, जसले गर्दा त्यसको अन्त हुन्छ र नयाँ चीजको निर्माण हुन्छ। तर नयाँ चीज स्वतः स्फूर्त रूपमा उत्पन्न नभएर त्यो पूर्ववर्ती कारणमाथि निर्भर गर्दछ। अर्थात् प्रत्येक चीजहरू एक आपसमा निर्भर रहन्छन्। अन्य आदर्शवादीहरूले जसरी प्रत्येक चीज र घटनाहरूलाई निरपेक्ष रूपमा व्याख्या गर्दछन्। त्यसको विरूद्ध 'प्रतीत्य समुत्पाद' सिद्धान्तले प्रत्येक चीज र घटनाहरूलाई जोडेर हेर्दछ। बुद्ध दुःखका कारणहरूलाई स्पष्ट गर्दै भन्दछन्- "अज्ञानताको कारण संस्कारको जन्म हुन्छ, संस्कारबाट चेतना, चेतनाबाट शरीर, शरीरबाट षडायतन (पाँच इन्द्रिय र मन), त्यसबाट क्रमशः स्पर्श, अनुभूति, इच्छा, आसक्ति, जन्मको इच्छा, पुनर्जन्म र अन्तमा पुनः दुःख।"

यद्यपि बुद्ध, मानिसहरूको दुःखको निराकरणमा नै बढी केन्द्रित रहे। अतः उनको दार्शनिक चिन्तन पनि त्यही विषयमा नै केन्द्रित रहन गयो। तर पनि त्यसका सकारात्मक उदाहरणहरूले व्यवहारिक जीवनमा विशेष महत्व राख्दछन्।

ईश्वरवादीहरू प्रतीत्य समुत्पाद सिद्धान्तलाई खण्डन गर्दै, यो काल्पनिक शिक्षामा जोड दिन्छन् कि, जुनवस्तुको स्वतन्त्र अस्तित्व हुँदैन, त्यो सत्य हुँदैन। अतः भौतिक जगत् केवल आभास मात्र हो, त्यसमा सत्यता छैन। केवल 'ब्रम्हा' अर्थात् परम् आत्माको नै स्वतन्त्र सत्ता भएकोले त्यो नै एकमात्र सत्य हो। तर बुद्ध दर्शनले कुनै पनि त्यस्तो सत्तालाई अस्वीकार गर्दछ, जसको स्वतन्त्र अस्तित्व हुन्छ। अर्थात्, कुनै पनि चीज स्वतन्त्र हुँदैन। ईश्वरवादीहरूले 'ब्रम्हा' लाई स्वतन्त्र अस्तित्वको रूपमा व्याख्या गरेकोले बुद्ध दर्शनले ब्रम्हालाई अस्वीकार गर्दछ।

उपनिषद्को 'आत्मवाद' को सिद्धान्त अर्थात् आत्मा नै एउटा त्यस्तो शुद्ध द्रव्य हो, जसमा कुनै परिवर्तन हुँदैन, को प्रतिक्रियास्वरूप बुद्धले 'अनात्मवाद'को सिद्धान्त प्रतिपादन गरे। उपनिषदले आत्मालाई पूर्णतः दोषरहित द्रव्यको रूपमा व्याख्या गर्दछ तर त्यसको विपरीत बुद्ध दर्शनले कुनै पनि त्यस्तो चीजको अस्तित्वलाई स्वीकार्दैन, जो पूर्णतः दोषरहित होस्। यसरी आत्मामा पनि विभिन्न दोषहरू उत्पन्न भइरहेका हुन्छन्, जसले गर्दा त्यहाँ गलत पक्ष र सही पक्ष बीचको अन्तर्विरोध चल्दछ र अन्तमा गलत पक्ष नष्ट हुन्छ र सही पक्षको अस्तित्व कायम हुन्छ। यो प्रक्रिया चलिरहन्छ। अर्थात्, आत्मा अथवा चेतना अमर हुँदैन, त्यो क्षणिक हुन्छ र त्यसको स्वरूप गतिशील हुन्छ। यसरी भौतिक जगत् र चेतनालाई बुद्ध दर्शनले सतत् प्रवाहको रूपमा व्याख्या गर्दछ। त्यस्तै, उक्त दर्शनको 'अनित्यवाद' को सिद्धान्तको पनि विशेष महत्व छ, जसले कुनै पनि चीजलाई क्षणिक रूपमा प्रस्तुत गर्दछ। अर्थात् प्रत्येक चीज मरणशील हुन्छन्।

यसरी स्पष्ट छ, बुद्ध अनिश्वरवादी तथा द्वन्दवादी थिए तर उनी भौतिकवादी थिएनन्। किनभने, उनी चेतनालाई पदार्थको उपजको रूपमा स्वीकार्दैनथे। उनी पदार्थ र चेतनालाई द्वैत रूपमा सम्झन्थे। अर्थात् उनी द्वैतवादी थिए।

यद्यपि, उनी कैयौं धार्मिक विसंगतिहरू, जस्तै पुरोहितवाद, मूर्तिपूजा, ईश्वरपूजा आदिबाट मुक्त हुन सक्षम भए तर पुनर्जन्म तथा कर्मवादको सिद्धान्तबाट मुक्त हुन सकेनन्। वेदकालीन दार्शनिकहरू जस्तै उनले यो विश्वास गर्दथे कि, मानिसहरू शुभ तथा अशुभ कर्महरूको राम्रो तथा नराम्रो फल अवश्य प्राप्त गर्दछन्। तथा उक्त फल प्राप्त गर्न मानिसहरूलाई बारम्बार यो संसारमा जन्म लिइरहनु पर्दछ।



बुद्धको जन्मस्थल लुम्बिनीमा भारतका सम्राट अशोकले निर्माण गरेको अशोक स्तम्भ

**निश्चित रुपमा बुद्ध केही हदसम्म सही रुपमा विश्लेषण गर्न सक्षम भएका छन् तर पनि उनी कैयौं आदर्शवादी चिन्तनबाट भने मुक्त हुन नसकेकोले, भौतिकवादी हुन नसकेकोले उनी सही स्थानमा पुग्न भने सकेनन्।**

## के हो आत्मवाद-अनात्मवाद ?

आत्मवाद- **आत्मवादीहरुले परम आत्माद्वारा नै यो संसार संचालित भइरहेको वकालत गर्दछन्। त्यसका साथै आत्मालाई स्थिर तथा स्वतन्त्र अस्तित्वको रुपमा स्वीकार्छन्**

अनात्मवाद- **अनात्मवादीहरुले आत्माको अमरता अथवा नित्यतालाई अस्वीकार गर्दछन्। तथा त्यसलाई निरपेक्ष रुपमा प्रस्तुत नगरेर सापेक्ष रुपमा प्रस्तुत गर्दछ। उनीहरु शरीरको अन्तपछि आत्माको पनि अन्त हुन्छ भन्ने सोच राख्छन्। ❑**

तर, एकातिर, उनी आत्माको अमरतालाई अस्वीकार गर्दछन् । अर्कोतिर, पुनर्जन्मको सिद्धान्तको वकालत गर्दछन् । यदि मासिहरूको मृत्युपश्चात कुनै शाश्वत तत्व बाँकी रहँदैन भने मानिसहरूको पुनर्जन्म कसरी हुन्छ ? यसरी बुद्धका कैयौं दार्शनिक चिन्तनहरू स्वयंमा विरोधाभाषपूर्ण भएको स्पष्ट हुन्छ । यद्यपि, बुद्धका समकालीन दार्शनिकहरूले यस प्रश्नको भ्रमित उत्तर दिने कोशिस गरेका छन्- मानिसहरूले आफ्नो कर्मको फलस्वरूप जुन संस्कार (अनुभवद्वारा मनमा परेको छाप) हुन्छ, त्यो कहिल्यै पनि नष्ट हुँदैन र त्यही आधारमा पुनर्जन्म हुन्छ । तर यो तर्कमा कुनै सत्यता छैन ।

अन्तमा एउटा गम्भीर प्रश्न उठ्दछ, बुद्धले यो संसारलाई कुन हदसम्म सही रूपमा विश्लेषण गर्न सक्षम भएका छन् ?

निश्चित रूपमा उनी केही हदसम्म सही रूपमा विश्लेषण गर्न सक्षम भएका छन् तर पनि उनी कैयौं आदर्शवादी चिन्तनबाट भने मुक्त हुन नसकेकोले अर्थात् उनी भौतिकवादी हुन नसकेकोले उनी सही स्थानमा पुग्न भने सकेनन् । तर पनि जुन बेला न त केप्लर, ल्याप्लास जस्ता वैज्ञानिक, जसले खगोल विज्ञानको माध्यमबाट सौर्यमण्डलको व्याख्या गरे, जन्मिएका थिए, न त चार्ल्स डार्विन जस्ता वैज्ञानिक, जसले जीवहरूको विकासक्रमको व्याख्या गरे, न त न्यूटन जस्ता वैज्ञानिक नै, जसले भौतिक विज्ञान तथा गणितको रहस्य पत्ता लगाए, जन्मिएका थिए । त्यस्तो परिस्थितिमा पनि पश्चिमी दर्शनमा हेराम्लिट्सले गरेको काम पूर्वीय दर्शनमा बुद्धले गरे, त्यो एउटा सहानीय कदम हो । धार्मिक विसंगतिहरूको बाहुल्य भएको समाजलाई चुनौती दिएर त्योभन्दा तुलनात्मक रूपले प्रगतिशील धारको वकालत गर्नु अर्थात् मूर्तिपूजा, ईश्वरको उपासना, पुरोहितवादका विरूद्ध सही दार्शनिक चिन्तनलाई अगाडि बढाउनु निश्चित रूपमा प्रगतिशील कुरा हो । यसले सही दार्शनिक चिन्तनको विकासको लागि नयाँ आयाम दिएको छ ।

आजको बदलिएको परिस्थितिमा बुद्ध दर्शनलाई नयाँ रूपमा परिमार्जित गरेर स्वीकार्नु नै न्यायसंगत हुन्छ । तर बुद्ध धर्मका दुई धारमध्ये 'महायान' धर्मावलम्बीहरूले जसरी उक्त दर्शनलाई विकृत रूपमा स्वीकारेका छन्, त्यो निश्चित रूपमा गलत पक्ष हो । बुद्धलाई ईश्वरको रूपमा उपासना गर्नुका साथै दुनियाँभरिका धार्मिक अन्धविश्वासहरू, कर्मकाण्ड, पुरोहितवाद आदि उनीहरूको लागि आदर्श बन्न पुगेका छन् । निश्चित रूपमा त्यो एउटा गलत पक्ष हो र त्यसले बुद्धका सिद्धान्तहरूलाई नै अवहेलना गर्दछ तथा बुद्ध दर्शनलाई विकृत रूपमा प्रस्तुत गर्दछ । ❑

## घटना र प्रवृति

# दक्षिण कोरियाली मजदूरहरू हडतालतिर



फोटोः द इकोनोमिष्ट

**कोरियाली** ट्रेड यूनियनहरूको महासंघ KFTU को आव्हानमा जेठ १३ र १४ गते सम्पन्न दुई दिने राष्ट्रव्यापी मजदूर हडतालले दक्षिण कोरियाका नयाँ राष्ट्रपति किम डायजुङको सातो लिइदिएको छ । हड्तालमा उत्रिएका दुई लाख पचास हजार मजदूरहरूले राष्ट्रपति किमलाई धोखेबाज र अन्तर्राष्ट्रिय मुद्रा कोषको कठपुतली भएको आरोप लगाएका छन् । सरकारले मजदूरहरूलाई जथाभावी रोजगारीबाट निष्काशन गर्ने कार्य अविलम्ब रोक्नु पर्ने र उनीहरूको सामाजिक सुरक्षा जालोमा सुधार गर्नु पर्ने माग KFTU ले हडतालको प्रमुख मागका रूपमा उठाएको छ ।

मजदूर कटौती (Lay off) बारे सरकारले अहिले विद्यमान नीतिमा पुनर्विचार गरेन भने ज्येष्ठ २७ गतेदेखि अनिश्चित कालसम्म अरू प्रभावकारी देशव्यापी मजदूर हडताल गर्ने धम्की महासंघले दिएको छ । "कोरियाली श्रमिकहरूले केही आशा गर्न सक्छन् भनेर विश्वास गर्ने आधार राष्ट्रपतिले प्रदान गर्दैनन् भने, रोजगारी गुमेकोमा मजदूर आक्रोश चुलिनेछ र यो विष्फोट पनि हुन सक्छ," महासंघका महासचिव को योङ जू बताउँछन् ।

जब राष्ट्रपति किम डायजुङले गएको फरवरीमा राष्ट्रपतिको पदभार सम्हाले, अन्तर्राष्ट्रिय मुद्रा कोषको ऋणको शर्तअनुसार देशको चरम आर्थिक संकट समाधान गर्नका लागि भनेर उनले मजदूर यूनियनहरूलाई उद्योगहरूले आवश्यकता परेमा मजदूरहरूको संख्यामा कटौती गर्न पाउने भन्ने कानूनमा सहमत गराए । यसको बदलामा सरकारले बेरोजगार मजदूरहरूलाई सुरक्षा जालो प्रदान गर्ने र कम्पनीहरूले आफ्नो व्यवस्थापनमा सुधार गर्नुपर्ने र मजदूर कटौती गर्नु परेमा ६ महिना पहिले नै सूचना दिनुपर्ने भन्ने वचन राष्ट्रपतिले मजदूर महासंघलाई दिए । तीसौं वर्षसम्म मजदूरहरूको हक र हितको लागि आवाज उठाउँदै आएको व्यक्ति हुनुको हैसियतले नयाँ राष्ट्रपति किमको वचनमा विश्वास गरेर मजदूर संघहरूले मजदूर कटौती सम्बन्धी कानूनमा अन्काउँदै सहमति दिए । तर अहिले मजदूर संघहरू अत्यन्त आक्रोशित भएर सडकमा उत्रेका छन्, किनांक, उनीहरूमाथि सरासर धोखाधडी भएको उनीहरूले अनुभूति गरेका छन् । मजदूर महासंघहरूको भनाइ छ कि, पूँजीपतिहरू आफ्नो वचनको पालना गरिरहेका छैनन्, न त सरकारले नै आफ्नो प्रतिज्ञाको पालना गरिरहेको छ । अहिले कम्पनीहरू मनपरी ढंगले मजदूर निष्काशन गर्दैछन् र उनीहरूको ज्यालामा कटौती गर्दैछन् ।

मजदूर आक्रोश किन पनि दन्कँदैछ भने, गएको जनवरीदेखि मार्च महिनासम्ममा प्रत्येक दिन १० हजार मजदूरहरूले आफ्नो रोजगारी गुमाए । अहिले पनि दक्षिण कोरियामा हरेक महिना ५० देखि ६० हजार मजदूरहरू आफ्नो कामबाट हात धुँदैछन् । अहिलेसम्ममा १५ लाख मजदूरहरू बेरोजगार भइसकेको कुरा राष्ट्रपति किम स्वयं बताउँदैछन् । मजदूर निष्काशनको प्रक्रिया एवं रीतले जारी रह्यो भने, यो वर्षको अन्तसम्ममा ३० लाख मजदूरहरू काम-मामबाट वञ्चित भइसक्ने अनुमान छ ।

> **" यदि तपाई कोरियामा रोजगारी गुमाउनु हुन्छ भने, सामाजिक रुपले तपाई स्वाहा हुनुहुनेछ र तपाईको परिवार नै टुट्छ."**


"मजदूर सोङ चुल ओन, ४६ ले चार महिनाअघि एउटा भवन निर्माण-स्थलमा सिकर्मीको आफ्नो काम गुमाए । सोङको निम्ति यो विनाशकारी थप्पड साबित भयो, किनकि उनका श्रीमती छिन् र दुई जना केटाकेटी पनि छन् ।" यदि तपाई कोरियामा रोजगारी गुमाउनु हुन्छ भने, सामाजिक रूपले तपाईं स्वाहा हुनुहुनेछ र तपाईको परिवार नै टुट्छ," उनी भन्छन् । उनको परिवार अहिले श्रीमतीको होटेलको एउटा रोजगारीमा निर्भर रहेको छ । जबकि, सोङ चाहिं काम खोज्दै हिँड्दैछन् । "अन्तर्राष्ट्रिय मुद्रा कोषसितको सम्झौताले हामीलाई मारिरहेको छ ।' सोङ बताउँछन् । सोङ अहिले शोक सन्तप्त पनि छन्, उनका बेरोजगार साथीहरूमध्ये एकजनाले भर्खरै आत्महत्या गरेका छन् ।" न्यूजवीक साप्ताहिकको यो हृदयविदारक रिपोर्टले दक्षिण कोरियाको अहिलेको एउटा सजीव चित्र प्रस्तुत गरेको छ । कोरियाली सरकारका अनुसार, यो वर्षको प्रारम्भदेखि तेस्रो महिनासम्मको कुरा हो, बेरोजगारहरूमध्ये हरेक दिन २५ जनाले त्यहाँ आत्महत्या गरिरहेछन् ।

यही कारणले दक्षिण कोरियाका मजदूर नेताहरूले रोजगारीबाट निकाल्ने र मजदूर कटौती गर्ने सवालमा सरकारले पुनर्विचार गर्नुपर्ने माग गर्दैछन् । जो मजदूर कामबाट निकालिइसकेका छन् वा जसको ज्यालामा कटौती गरिन्छ, उनीहरूको जीवनको सुरक्षाको लागि सरकारले १२ अरब डलरको थैली छुट्याउनु पर्छ भन्ने उनीहरूको किटानीपूर्ण माग छ । राष्ट्रपति किमले पहिले ५.५३ अरब डलर यस निम्ति छुट्याउने प्रतिज्ञा गरेका थिए । अहिले थप १.४ अरब डलर छुट्याउने वचन दिएका छन् । तर अन्तर्राष्ट्रिय मुद्रा कोषले यसमा आपत्ति जनाइरहेको छ । मुद्रा कोषको दवावका कारणले र दक्षिण कोरियाको आफ्नै भयंकर वित्त संकटका कारणले सरकार मजदूरहरूले माग गरे जति रकम त टाढैको कुरा रह्यो, आफूले प्रतिज्ञा गरेजति रकम समेत मजदूरहरूको जीवनको सुरक्षाको निम्ति छुट्याउन सकिर, को छैन । अहिलेको मजदूर असंतोष यसैको प्रतिक्रिया हो ।

मजदूर हड्तालबाट किम सरकार त्राहीमाम भएको छ । कतै इण्डोनेशियाको जस्तै जन-विद्रोह त दक्षिण कोरियामा हुने होइन ? उनी यसमा भयभीत छन् । त्यसैले वित्त संकट टार्न बढी ऋण सहायता प्राप्त गर्नका लागि उनी अमेरिकाको चाकरी गर्न गएका छन् । आक्रोशित मजदूरहरू चाहिं अहिले उनको बाटो हेर्दैछन् । मजदूरहरूको माग पूरा गरिएन भने- मजदूरहरूको अरू भयानक राष्ट्रव्यापी हड्ताल सुनिश्चित देखिन्छ । विद्यार्थीहरूले पनि त्यसमा सहायता गर्ने भएका छन् । यतिखेरसम्म सानो तर जुझारू मजदूर महासंघ KFTU मात्र हडतालमा छ । तर अर्को ठूलो मजदूर संघ- कोरियाली ट्रेड यूनियनहरूको फेडेरेशन FKTU पनि हड्तालीहरूको वर्तमान मागमा सहमत छ । त्यो पनि हड्तालमा उत्रियो भने, सम्पूर्ण कोरियाली कारखाना र औद्योगिक उत्पादन ठप्प हुनु संभव छ ।

◆ दीपक वैध

## भारत र पाकिस्तानको आणविक होडबाजी



भारतीय प्रधानमन्त्री अटल बिहारी बाजपेयी र पाकिस्तानी प्रधानमन्त्री नवाज शरीफ

# के होला यसको असर र परिणाम ?

◆ तुल्सीदास महर्जन

गएको वैशाख २८ र ३० गते भारतले राजस्थानस्थित पाकिस्तानको सीमावर्ती क्षेत्रमा रहेको पोखरन परमाणु परीक्षण स्थलमा जमिनमुनि पाँच वटा परमाणु बमहेरु विस्फोटन गऱ्यो। २८ गते तीनवटा परमाणु बमहरु विस्फोटन गरिए, जसमध्ये एउटा ४५ किलोटन (टि.एन.टि.) क्षमताको हाइड्रोजन बम पनि रहेको छ। यो हाइड्रोजन बम सन् १९४५ मा अमेरिकाले जापानको हिरोशिमामा खसालेको 'फ्याट म्यान' परमाणु बमभन्दा झण्डै चार गुणा बढी शक्तिशाली रहेको छ। अन्य दुई अणु बमहरु क्रमशः १५ र ०.२ किलोटन क्षमताका थिए। त्यस्तै, वैशाख ३० गते विस्फोटन गरिएका अणु बमहरु क्रमशः ०.२ र ०.६ किलोटन क्षमताका थिए।

लाखौंलाख जनसंख्या भएको कुनै पनि शहरलाई क्षणभरमै भष्म बनाउन सक्ने यी परमाणु बमहरुको परीक्षण गरेर भारतीय शासक वर्गले आफ्नो विस्तारवादी र प्रभुत्ववादी आकांक्षालाई डरलाग्दो ढंगले प्रदर्शन गरेको छ। हिन्दू कट्टरपन्थी अन्धराष्ट्रवादी पार्टी 'भारतीय जनता पार्टी' को नेतृत्वको सरकारले गरेको यो परमाणु बम परीक्षणलाई लिएर भारतका अन्य प्रतिपक्षी पार्टीहरुले तीव्र विरोध प्रकट गरेका छन्। संसदमा प्रधानमन्त्री अटल विहारी वाजपेयीले अहिले गरेको परमाणु परीक्षणको औचित्यलाई सन्तोषजनक ढंगले पुष्टि गर्न नसकेको कुरा प्रतिपक्षी नेताहरुले आरोप लगाएका छन्।

भारत सरकारले 'विदेशीहरुबाट भारतको राष्ट्रिय सुरक्षामा खतरा उत्पन्न भएकाले नै' परमाणु बमको परीक्षण गर्नु परेको हो भनी बताएको छ। रक्षामन्त्री जर्ज फर्नाण्डिजले केही हप्ता अगाडि मात्र भारतको नम्बर एकको दुश्मन चीन भएको कुरा बताइ 'चीनबाट भारतलाई खतरा छ' भनेका छन्।

त्यस्तै, प्रधानमन्त्री अटलविहारी वाजपेयीले परमाणु परीक्षणपछि पोखरनको भ्रमण गरेर त्यहाँस्थित सेना रेजीमेण्ट मुख्यालयमा उपस्थित जवानहरुलाई सम्बोधन गर्ने क्रममा 'काश्मीरमा हतियार तथा मानिसहरुको घुसपैठ गराएर हिन्दु तथा मुसलमान दुवैलाई भड्काउने काम विदेशीहरुबाट भइरहेको र त्यस्तै पंजाबमा पनि यस्तै कामहरु भइरहेकोले राष्ट्रिय सुरक्षाको लागि हामीले प्रभावशाली पाइला चाल्नु परेको हो' भनी. स्पष्ट रुपले पाकिस्तानलाई इङ्गित गरेका छन्।

तर, भारतका प्रतिपक्षीहरु अहिले भारतलाई पाकिस्तान तथा चीनबाट खतरा भएको भन्ने विचारप्रति सहमत देखिँदैनन्।

केही महिना अघिसम्म पनि सत्तामा रहेका भूतपूर्व प्रधानमन्त्री इन्दरकुमार गुजरालले, 'मैले कार्यभार छोडेको बेलासम्म राष्ट्रिय सुरक्षामा केही खतरा उत्पन्न भएको थिएन। त्यसैले सरकारले गरेको यो परमाणु परीक्षण 'शुद्ध रुपले राजनीतिक फाइदातर्फ उन्मुख देखिन्छ र यसले सुरक्षाको लागि विस्फोटनहरु गर्नुपर्ने अनिवार्यतालाई पुष्टि गर्दैन।' भन्ने कुरा बताएका छन्।

कांग्रेस (आई) का नेता तथा पूर्व सभामुख पि.ए. सांमाले 'भारतले हालै गरेको परमाणु बम परीक्षणले राष्ट्रले सधैं अवलम्बन गर्दै आएका आधारभूत सिद्धान्तहरुलाई उल्लंघन गरेको छ' भनेका छन्। उनले 'सुरक्षा र राष्ट्रिय एकताको प्रत्याभूति केवल बमले दिन सक्दैन, बरु त्यसको लागि भारतलाई आर्थिक रुपले सम्वृद्ध पार्ने, धेरै रोजगारको सृजना गर्ने र गरिबी निवारण गर्ने कदम चाल्नु पर्छ' भनेका छन्।

भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी) र भारतीय कम्युनिष्ट पार्टीले पनि एक संयुक्त वक्तव्य प्रसारित गरी परमाणु परीक्षणमा सफलता हासिल गरेकोमा वैज्ञानिकहरुको प्रशंसा गरे तापनि सरकारले परीक्षणको औचित्यताबारे दिएका तर्कहरुमा असहमति जनाएर प्रतिप्रश्न गरेका छन्। साथै, वक्तव्यमा भारतको परमाणु निशस्त्रिकरणको पक्षमा भएको दृढ समर्थनलाई यो परीक्षणले प्रश्न खडा गरेको कुरा उल्लेख गरिएको छ।

भारतको परमाणु परीक्षणको सन्दर्भलाई लिएर भारतको समाजवादी एकता केन्द्र (SUCI) ले पहिलो परीक्षणको भोलिपल्टै वैशाख २९ गते (मे १२) मै एक विरोध वक्तव्य जारी गऱ्यो। पार्टी महासचिव क. निहार मुखर्जीद्वारा जारी गरिएको उक्त वक्तव्यले भारत र पाकिस्तान दुवै देशका सत्तारुढ पार्टीहरुले हातहतियारको होडबाजीको बहुलट्ठीपूर्ण दौड शुरु गरेको कुरा उल्लेख गर्दै यो परीक्षणको दौडलाई अन्धराष्ट्रवाद र युद्ध तनाव सृजना गर्ने उक्त आणविक परीक्षणलाई जनताको जीवनका जल्दाबल्दा समस्याहरुबाट उनीहरुको ध्यान अन्यत्रै मोड्ने षड्यन्त्र ठहर गरेको छ। SUCI ले सरकारहरुका आफ्ना समग्र विफलताहरुलाई ढाकछोप गर्न र एकाधिकारीहरुको बजारलाई कृत्रिम रुपले उकास्नका निम्ति अर्थतन्त्रको सैन्यीकरण गरिएको षड्यन्त्रको रुपमा यस होडबाजीलाई लिएको छ।

यसैगरी, जेठ ६ गते (मे २०) मा भारतको 'अखिल भारतीय साम्राज्यवाद विरोधी मंच' का तर्फबाट सभापति पूर्व न्यायाधीश भी.आर. कृष्ण ऐयर र महासचिव सुशीलकुमार मुखर्जीले एक प्रेस वक्तव्य प्रकाशित गरी भन्नुभएको छ- "हामी भारतीय सरकारसंग यो महंगो आणविक हतियारीकरण कार्यक्रम तुरुन्त रोक्ने माग गर्दछौं।" जनताका शिक्षा, स्वास्थ्य र अन्य आधारभूत आवश्यकताहरु समाधान नभइरहेको कुरा उल्लेख गर्दै उहाँहरुले भन्नुभएको छ- "हामी तमाम जनतालाई यस सरकारी नीतिविरुद्ध आवाज उठाउनका निम्ति आव्हान पनि गर्दछौं।"


भारत सरकारले गरेको अणुबमको परीक्षणलाई लिएर भारतको वैज्ञानिक जगत्भित्रबाट पनि विरोधको स्वर उठ्न थालेको कुरा ए.एफ.पि.ले जनाएको छ। भारतीय विज्ञान संस्थानका डि.पि.सेन गुप्ताले भारतले हालै गरेको परमाणु परीक्षणलाई लिएर वैज्ञानिकहरु बीच चिन्ता बढिरहेको कुरा बताएका छन्। आफ्ना सहकर्मी वैज्ञानिकहरुको समर्थनसहित उनले आफूले परमाणु परीक्षणको विरोधमा आन्दोलनको तयारी गरिरहेको बताएका छन्। उनका अनुसार, बंगलोरमा मे ३० तारिखका दिन हुने 'सही चिन्तक वैज्ञानिकहरु' को सम्मेलन अघि र पछि पारमाणविक शस्त्रागारविरुद्ध राष्ट्रव्यापी हस्ताक्षर अभियान पनि चलाइने भएको छ।

परमाणु परीक्षणको विरोध गर्ने ७५ जना प्रसिद्ध वैज्ञानिकहरुको समूहले भारतीय सरकारको उक्त कदमप्रति जेठ १२ गते 'असन्तोष' व्यक्त गर्दै वक्तव्य जारी गरेका छन्।

वक्तव्य दिनेहरुमा पारमाणविक ऊर्जा विभाग लगायत भारतका सबभन्दा प्रतिष्ठित संस्थानहरुमा काम गर्ने वैज्ञानिकहरु र विदेशमा कार्यरत भारतीय वैज्ञानिकहरु पनि सामेल रहेका छन्।

परमाणु परीक्षणप्रति विपक्षी पार्टीहरु, वैज्ञानिकहरु र अन्य तप्काका जनताहरुले विरोध गरे पनि यस कदमलाई कट्टरपन्थी हिन्दू समुदाय र भारतका एकाधिकार

लाखौंलाख जनसंख्या भएको कुनै पनि शहरलाई क्षणभरमै भष्म बनाउन सक्ने यी परमाणु बमहरुको परीक्षण गरेर भारतीय शासक वर्गले आफ्नो विस्तारवादी र प्रभुत्ववादी आकांक्षालाई डरलाग्दो ढंगले प्रदर्शन गरेको छ।





भारतले दोस्रो चरणमा गरेको आणविक विष्फोटन: शक्ति- ४ र ५

# थप विष्फोटनको तयारीको कथा

वैशाख २८ गते, तदनुसार मे ११ तारिखको दिन । शान्तिका अग्रदूत गौतम बुद्धको जन्म जयन्तीको दिन । सम्भवतः विश्वभरि हजारौं ठाउँमा 'बुद्ध जयन्ती' को अवसरमा विभिन्न समारोहहरु भइरहेका थिए । विद्वानहरुले अहिंसा र शान्तिको व्याख्यान गरिरहेका थिए । ठीक त्यही समयमा, अहिंशावादी महात्मा गान्धीको देश भारतको भूमिमा लाखौं लाख मानिसहरुलाई क्षणभरमै एकै चिहान बनाउन सक्ने सर्वाधिक आम विनाशकारी परमाणु बमको परीक्षणको तयारी हुँदै थियो ।

पोखरन, भारतको पाकिस्तानसित जोडिएको पश्चिमी राज्य राजस्थानको एक दुर्गम मरुभूमि भू-भागमा अवस्थित ठाउँ । मे ११ तारिखको दिन बिहानै त्यस स्थलबाट नजिकको एक गाउँमा एक हूल सेनाहरु पुगे । र, उनीहरुले गाउँलेहरुलाई तुरुन्तै गाउँ छाड्न आदेश दिए । गाउँलेहरुलाई सेनाहरुले के सन्देश दिए भने, त्यस गाउँबाट करिब ३५ किलोमिटर टाढा मरुभूमिको कुनै एक फाँटमा परमणु परीक्षण तत्काले हुँदैछ र त्यसबाट हुने विस्फोटनको कारण त्यहाँ घरहरु भत्कन सक्नेछन् तथा अन्य कुनै पनि विनाशकारी घटनाहरु घट्न सक्नेछन् । उनीहरुले भने- सुरक्षाको लागि गाउँलेहरु तुरुन्तै आफ्ना घरहरु छाडेर अन्यत्र जाऊन् । सेनाको यो आदेश अनुसार गाउँलेहरु आफ्नो सुरक्षाको लागि तुरुन्तै गाउँ छाडेर अन्यत्र हिंडे ।

पूर्व योजनाअनुसार परमाणु परीक्षण विहान नौदेखि दश बजेभित्र गरिनुपर्थ्यो र त्यसै मुताविक परीक्षण समयको डेढ घण्टा अगाडि सेनाहरुले पोखरन नजिकको त्यस गाउँलाई खाली गर्ने यो आदेश दिएका थिए । तर त्यस समयमा मरुभूमिमा हावा अनुकूल दिशामा बहेन । त्यसैले पूर्व घोषित समयमा परीक्षण हुन सकेन ।

मरुभूमिको त्यस परीक्षण स्थलमा हावाको तापक्रम विहानबाट झन् झन् बढ्दै गएर मध्यान्हमा त्यो ४० डिग्री सेन्टिग्रेडभन्दा माथि रहन गयो । त्यस स्थितिमा परीक्षणमा संलग्न वैज्ञानिकहरुलाई परीक्षण रोकेर अनुकूल समय पर्खनु सिवाय अर्को उपाय भएन ।

दिउँसो ३ बजेर चालिस मिनेट जाँदा मरुभूमिमा एक्कासी हावाले दिशा परिवर्तन गर्‍यो र तुरुन्तै परीक्षणको लागि अनुकूल वातावरण बन्न पुग्यो । पाँच मिनेटपछि अर्थात् ३ बजेर ४५ मिनेट जाँदा विस्फोटनको स्वीच दबाइयो । र तीनवटा परमाणु बमहरु एकैसाथ अथवा केही मिलीसेकेण्ड समयको फरकमा विस्फोटन भए । ती तीन परमाणु बमहरु मध्येमा एउटा ४५ किलो टन (टि.एन.टी.) क्षमताको हाइड्रोजन बम पनि रहेको थियो । यो भनेको सन् १९४५ मा अमेरिकाले जापानको हिरोशिमा शहरमा विस्फोटन गराएको परमाणु बम भन्दा करिब चारगुना बढी क्षमताको बम हो । अन्य दुई परमाणु बमहरुमा एउटा १५ किलोटन र अर्को ०.२ किलोटन क्षमताका रहेका थिए ।



परमाणु बमको परीक्षणको लागि पोखरन परीक्षण स्थलमा १५० देखि २०० मिटरसम्म गहिरा खाडलहरु १/१ किलोमिटरको दूरीमा खनिएका थिए । विस्फोटनको लागि परमाणु बमहरुलाई खाडलको तल गहिराइसम्म' जाने गरी झुण्ड्याइएको थियो । तिनीहरुबाट विद्युतीय तारहरु माथि जमीनको सतहसम्म र सतहबाट पनि करिब ३.५ किलोमिटर टाढाको नियन्त्रण कक्षसम्म पुऱ्याइएको थियो । ३.५ किलोमिटर टाढा रहेको नियन्त्रण कक्षबाट स्वीच दबाएर विद्युत शक्तिबाट ती बमहरु जमीनमुनि खाडलभित्र विस्फोटन गराइएका थिए । जमीनमुनि विस्फोटन हुँदा त्यहाँको विकिरण माथि हावामा नआओस् भनेर माथि सतहमा खाडल वरिपरि रोडाका थुप्राहरु राखिएका थिए, ताकि विस्फोटन हुनासाथ जमीन तल धस्सिन पुग्दा सोही रोडाको थुप्रोले खाडलको मुख टाल्न सकोस् ।

नियन्त्रण कक्षबाट स्वीच दबाएर जमीनमुनि खाडलमा रहेको परमाणु बम विस्फोटन गराउँदा माथि सतहमा कैयौं टन धूलो करीब १०० मिटर माथिसम्म धूँवाको मुस्लो जस्तै फैलिएको थियो । परमाणु बमको परीक्षण यसरी सफलतासाथ सम्पन्न भएको लगत्तै परीक्षण स्थलमा रहेका वैज्ञानिकहरुले दिल्लीमा प्रधानमन्त्री अटल बिहारी बाजपेयीलाई तुरुन्त सूचना पठाए । 'न्यूजविक' का अनुसार, सूचना पठाउँदा 'ह्वाइट हाउस ढलेको छ' भन्ने कोड भाषा प्रयोग गरिएको थियो । यस अघि सन् १९७४ मा भारतले पहिलो पल्ट आणविक परीक्षण गर्दा 'बुद्ध हाँसेको छ' भन्ने कोड भाषा प्रयोग गरिएको थियो ।

मे ११ तारिखमा जमिनमुनि परमाणु परीक्षण गर्दा पोखरनमा ४.७ रेक्टर स्केलको भूकम्प गएको थियो । यो भूकम्पको धक्का विश्वका विभिन्न स्थानमा राखिएका भू-कम्पमापक केन्द्रहरुमा रेकर्ड भएको थियो । भूकम्पको धक्को रेकर्ड अमेरिकामा पनि गरिएको थियो । तर अमेरिकीहरुले यो धक्काको भारतमा गरिएको परमाणु परीक्षणको कारणले गर्दा भएको हो भन्ने कुरा पत्ता लगाउन सकेनन् ।

गजबको कुरा त के भयो भने, अमेरिकी गुप्तचर भू-उपग्रहले लगातार भारतको पोखरन क्षेत्रमा चियो गरिरहेको थियो । तर, त्यस गुप्तचर भू-उपग्रहलाई छलेर गुप्त ढंगले भारतले परमाणु परीक्षण गर्न सफलता प्राप्त गर्‍यो । भारतले आफूले सफलतापूर्वक परमाणु बमको परीक्षण गरेको घोषणा गरेपछि मात्र अमेरिकालाई त्यसबारे जानकारी भयो । यसबाट अमेरिकालगायत पश्चिमी राष्ट्रहरु तीन छक्क परेका छन् ।

गत मे ११ तारिखको परमाणु परीक्षणको ४८ घण्टापछि मे १३ तारिखमा भारतले पुनः ०.२ र ०.६ किलोटन क्षमता बराबरका अर्का दुई परमाणु बमहरु पोखरनमै जमीनमुनि विष्फोटन गर्‍यो । १ किलोटनभन्दा कम क्षमताका यी परमाणु बमहरु भारतका 'अग्नी' र 'पृथ्वी' जस्ता क्षेप्यास्त्रहरुमा जडान गर्न सकिने कुरा भारतीय वैज्ञानिकहरुले बताएका छन् ।

पहिलो दिन त्यहाँ शक्तिशाली ४५ किलोटन क्षमताको हाइड्रोजन बम विस्फोटन हुँदा जमीनमुनिको विस्फोटन क्षेत्रमा सूर्यको केन्द्रमा हुने तापक्रमभन्दा सात गुणा बढी मात्राको ताप उत्पन्न भएको थियो ।

परीक्षणमा संलग्न वैज्ञानिकहरुका अनुसार, करोडौं डिग्रीसेन्टिग्रेट तापमानको ताप उत्पन्न भएको त्यस क्षणमा स्वयं त्यो हाइड्रोजन बम लगायत वरपरका चट्टान तथा अन्य सबै वस्तुहरु बाफमा परिणत भएका थिए । यदि त्यो बम नयाँ दिल्ली जस्तो करिब १ करोड जनसंख्या भएको शहरमा विस्फोटन भएको भए त्यहाँ मुश्किलले १० जना मानिस जीवित रहने हुन्थे भनेर वैज्ञानिकहरुले बताएका छन् ।

◆

पूँजीपति वर्गले समर्थन र साथ दिएको स्पष्ट आभास मिलेको छ । परमाणु परीक्षणलाई लिएर भारत भरका केही कट्टर हिन्दू समुदायहरुले ठूलो खुशी तथा उत्सव मनाए । परीक्षण स्थल पोखरन नजिक एक मन्दिर पनि स्थापना गर्ने घोषणा पनि उनीरुले गरेका छन् ।

## भाजपाको सरकारले परमाणु परीक्षण किन गऱ्यो ?

परमाणु परीक्षण गराउनुमा भाजपा सरकार र भारतीय एकाधिकार पूँजीपति वर्गका स्वार्थहरु एकै ठाउँमा मिल्न आउनु मुख्य कारण बनेको छ । अहिले भारतमा भाजपाको नेतृत्वमा संयुक्त सरकार कायम रहेको छ । भाजपा चाहन्छ, आफ्नो लोकप्रियतालाई अझ बढाएर निकट भविष्यमै बहुमतको आफ्नो सरकार बनाउन सक्ने गरी मध्यावधि निर्वाचन गर्न सकियोस् ।

त्यसकारण, भारतलाई परमाणु शक्तिसम्पन्न राष्ट्रको रुपमा अघि बढाउने कार्य गरी ऊ जनतामा अन्धराष्ट्रवादी भावना फैलाएर आफ्नो 'भोट बैंक' विस्तार गर्न चाहन्छ । यो कुरालाई बुझेर नै भारतका विपक्षी पार्टीहरुले परमाणु परीक्षण गरेर भाजपाले 'राजनीतिक फाइदा लिन खोजेको' आरोप लगाएका हुन् ।

उता, भारतीय एकाधिकार पूँजीपति वर्ग पनि भारतलाई दक्षिण एशियामा मात्र होइन, विश्वस्तरमै सैनिक शक्तिमा श्रेष्ठता भएको देखाई विश्व बजारमा आफ्नो वर्चश्व कायम गर्न चाहन्छ । त्यसैले ऊ भारतलाई परमाणु शक्ति सम्पन्न गर्न सरकारलाई साथ दिन चाहन्छ ।

पाकिस्तान र चीन विरुद्ध भारत सरकारले जे जति कुरा ल्याएको छ, ती त जम्मै बहानाको लागि मात्र अगाडि ल्याएका कुराहरु हुन् ।

अर्को कुरा, पहिलेदेखि नै भारतीय शासक वर्गले भारतीय जनताहरुलाई 'ठूलो राष्ट्र अहंकारवाद' को विष पिलाउँदै आएको छ । त्यसैले यो वर्ग भारत विज्ञान, प्रविधि र शक्तिमा विश्वको प्रथम स्थानमा आउनु पर्छ भन्ने चाहना राख्दछ । सरकार नजिकका भारतीय वैज्ञानिकहरु पनि त्यही चाहना अनुरुप विश्वमा भारतलाई 'प्रविधिमा पहिलो स्थानमा' राख्न प्रयत्नरत हुँदै आएका छन् । र, अहंकारवादले जन्माएको जनताको महत्वाकांक्षालाई भारतीय एकाधिकार पूँजीपति वर्ग तथा शासक वर्गले आफ्नो स्वार्थको लागि परमाणु बमको परीक्षण गर्न समर्थन र सहयोग जुटाउनमा प्रयोग गरे ।

> परमाणु परीक्षण गराउनुमा भाजपा सरकार र भारतीय एकाधिकार पूँजीपति वर्गका स्वार्थहरू एकै ठाउँमा मिल्न आउनु मुख्य कारण बनेको छ ।

## जब पाकिस्तानले पनि परमाणु परीक्षण गऱ्यो ।

भारतले परमाणु परीक्षण गरेपछि त्योसंग तीन पटक युद्ध गरिसकेको र सधैं भारतलाई प्रतिद्वन्दी देशको रुपमा लिँदै आएको देश पाकिस्तानले पनि प्रतिक्रियास्वरुप गत ज्येष्ठ १४ र १६ गते गरी जम्मा ६ वटा परमाणु बमहरु जमीनमुनि विस्फोटन गरेर परीक्षण गऱ्यो । इरानको सीमावर्ती इलाका नजिक चाङगाइ पहाडनिर गरिएका ती विस्फोटनहरु मध्ये जेठ १४ गते गरिएका पाँच विस्फोटनहरु ४० देखि ४५ किलोटन क्षमता बीच रहेको र १६ गते गरिएको एउटा विस्फोटन १८ किलोटन क्षमताको रहेको बुझिएको छ । तर तीमध्ये कुनै पनि हाइड्रोजन बम नभएको पनि बुझिएको छ ।

पंजाब र काश्मिरलाई लिएर भारत र पाकिस्तानबीच लगातार विवाद र तनाव रहँदै आएको छ । भारत र पाकिस्तानका शासक वर्गहरु एक आपसमा शत्रुताको व्यवहार गर्दै अएका छन् । त्यसैले, पाकिस्तानले गरेको परमाणु परीक्षण भारतको परीक्षणप्रति प्रतिक्रियास्वरुप आएको देखिन्छ । पाकिस्तानी प्रधानमन्त्री नवाज शरिफले पाकिस्तानको परमाणु परीक्षणको लगत्तै टेलिभिजनमार्फत् राष्ट्रका नाममा सम्बोधन गर्दा 'पाकिस्तान भारतभन्दा कमजोर स्थितिमा नरहेको देखाउन सो परीक्षण गरिएको' कुरा बताएका छन् ।

## विस्फोटनको तयारी कहिलेदेखि ?

सन् १९४५ मा अमेरिकाले हिरोशिमा र नागाशाकीमा परमाणु बम खसालेर लाखौं मानिसहरुको एकै चिहान बनाएको देखेर भारतका स्वतन्त्र संग्रामका अहिंशावादी नेता महात्मा गान्धीले 'भारतले परमाणु बम बनाउने छैन' भन्ने कुरा बताएका थिए । तर, भारत स्वतन्त्रताको लगत्तै सन् १९४८ मा तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरुले भने भारतका ख्यातीप्राप्त वैज्ञानिक डा. होमी भाभा (१९०९-१९६६) को नेतृत्वमा 'पारमाणविक शक्ति कमिशन' को स्थापना गरे । यो नै भारतमा परमाणु बम विकासको कोशेढुङ्गा बन्यो ।

यो 'कमिशन' ले नै सन् १९५५ मा बम्बै नजिकको ट्रोम्बे भन्ने ठाउँमा एशियामै पहिलो 'पारमाणविक अनुसन्धान केन्द्र' को स्थापना गऱ्यो । र, त्यहाँ २०० जना वैज्ञानिकहरुले परमाणु शक्तिको विकासमा निरन्तर काम गर्न थाले । त्यस अनुसन्धान केन्द्रमा सन् १९५७ देखि वैज्ञानिकहरुले यूरानियम, जिर्कोनियम र प्लुटोनियम जस्ता रेडियो एक्टिभ तत्वहरु तथा विभिन्न रेडियो एक्टिभ आइसोटोपहरुको अनुसन्धान र परीक्षणहरु गर्न थाले ।

आइसोटोप भन्नाले फरक फरक न्युट्रोन संख्या रहेका उही तत्वका अलग अलग प्रकारका परमाणुहरु मिलेर बनेका पदार्थहरु भन्ने बुझिन्छ । धेरै जसो गह्रौं तत्व, जस्तै : यूरानियम, प्लुटोनियम आदि तत्वका आइसोटोपको परमाणुको नाभिकबाट निरन्तर रुपले विकिरण निक्लेर फैलिरहेको हुन्छ । यस्ता तत्वहरुलाई रेडियो एक्टिभ तत्वहरु भन्छन् । ट्रोम्बेको त्यस 'पारमाणविक अनुसन्धान केन्द्र' लाई पछि डा. होमी भाभाको नाममा 'भाभा पारमाणविक अनुसन्धान केन्द्र' (Bhabha Atomic Research Centre) अथवा (BARC) भनी नाम परिवर्तन गरियो ।

सन् १९७३ मा BARC र DRDO (Defence Research and Development Organisation) मिलेर आणविक विस्फोटक पदार्थहरु बनाउने कार्यमा सफलता प्राप्त गरे । र, एक वर्षपछि सन् १९७४ मा पोखरनमा भारतले पहिलो पटक सफल आणविक परीक्षण गऱ्यो । तर, त्यसपछि तत्कालीन भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीले वैदेशिक विरोधको दबाबले गर्दा पारमाणविक बमको विकासको कार्यलाई अगाडि बढाउन त्यति रुचि लिइनन् ।

तर, उता वैज्ञानिक तथा

# भारतमाथि नाकाबन्दी

परमाणु बम परीक्षणको घटनापछि अमेरिकाले करिब २० अरब डलर बराबरको आर्थिक नाकाबन्दीको घोषणा गरेको छ ।

० मानवीय सहायता बाहेक, सबै अमेरिकी सहायताको अन्त्य ।

० भारतलाई सुरक्षा तथा प्रविधि वस्तुहरु निर्यात गर्न प्रतिबन्ध । यसले भारतको निम्ति मुख्य युद्ध ट्याङ्क, हलुका सैनिक गाडी र विकसित हेलिकोप्टरको विकासमा असर गर्नेछ ।

० अमेरिकी आयात-निर्यात बैंक क्रेडिट र क्रेडिट जमानतको अन्त्य । यसको अर्थ, यही साल १९९८ मा मात्रै भारतले ५४ करोड ५० लाख डलर गुमाउनु पर्ने हुन्छ ।

० अमेरिकाले अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरुबाट भारतलाई ऋण उपलब्ध गराउन अवरोध खडा गर्नेछ । त्यसैले मुद्राकोष र विश्व बैंकबाट भारतले प्राप्त गर्नुपर्ने ३/३ अरब डलर ऋण रकम संकटमा परेको छ ।

० अमेरिकाले भारतबाट ७.३ अरब मूल्यभन्दा बढीको सामान आयात गर्दछ । (१९९७ को तथ्यांक अनुसार) अब त्यो आयात रोकिनेछ ।

० इन्रोन, कोगेन्ट्रिक्स र तमिलनाडु र गुनामा संचालित केही ऊर्जा परियोजनाहरु माथिको नाकाबन्दीले नराम्रो असर गर्नेछ ।

## जापान पनि क्रुद्ध

० सन् १९८६ देखि भारतको लागि सबभन्दा ठूलो दाता राष्ट्रको रुपमा रहँदै आएको जापानले पनि नाकाबन्दीको घोषणा गरेको छ ।

० त्यसैले भारतले एशियाली विकास बैंक मार्फत पाउने १३ अरब रुपियाँ संकटमा परेको छ ।

० बार्षिक रुपमा भारतले पाउने २ करोड ६० लाख डलर जापानी सहायता अनुदान निलम्बित भएको छ ।

० नयाँ परियोजनाहरुको लागि छुट्याइएको १ अरब डलर जापानी ऋण रकम निलम्बन गरिएको छ ।

० पश्चिम बंगालमा ३० अरब रुपियाँको परियोजनामा नराम्रो असर पर्नेछ ।

## जर्मनी

जर्मनीले भारतलाई दिइने भनिएको १६ करोड ८० लाख डलर रकमको नयाँ विकास सहायता स्थगित गरेको छ ।

## नाकाबन्दीका अन्य असरहरु

० भारतलाई सहायता दिन लगाउन विश्व बैंकले जुन ३० तारिखमा आयोजना गर्ने भनेर तय गरिएको दाताहरुको दुई दिने बैठक रद्द गरिएको छ । भारतलाई ६.७ अरब डलर रकम सहयोग दिने प्रतिज्ञा गत वर्ष गरिएको थियो ।

० समुद्रपार निजी निवेश कर्पोरेशन (OPIC) अन्तर्गत पाउने सहायता रोकिने संभावना देखिएको छ ।

० भारतीय कम्पनीहरुले ऊर्जा र बन्दरगाह क्षेत्रमा पूर्वाधार परियोजना संचालन गर्नको लागि अन्तर्राष्ट्रिय बजारमा अर्थ संकलन गर्ने बनाएको योजना नराम्ररी प्रभावित हुनेछ । ■

इन्जिनियरहरुले सन् १९८२ मा पुनः नयाँ ढंगले परमाणु बम परीक्षण गर्ने विधिको विकास तथा तयारी पूरा गरे । तर, प्रधानमन्त्री इन्दिरा गान्धीको स्वीकृतिको अभावमा परीक्षणले कार्यरुप पाउन सकेन ।

सन् १९९५ मा प्रधानमन्त्री पि.भि. नरसिंह रावको पालामा परीक्षणको पुनः तयारी भयो । तर भारतको पोखरन क्षेत्रमा लगातार जासूसी गरिरहेका अमेरिकी जासूसी भू-उपग्रहहरुले त्यो कुरा पत्ता लगायो । र, अमेरिकाले तुरुन्तै परमाणु परीक्षण नगर्न भारतलाई दवाब दियो । अमेरिकी दवाबको कारणले रावको सरकारले परीक्षणको योजनालाई त्यागीदियो ।

रावको सरकारको पतन भएपछि भारतमा सन् १९९६ मा मध्यावधि निर्वाचन भयो । निर्वाचनमा कट्टरपन्थी हिन्दू राष्ट्रवादी पार्टी 'भारतीय जनता पार्टी' ले आफूले केन्द्रमा सरकार बनाएमा भारतलाई आणविक शक्तिसम्पन्न राष्ट्र बनाउने घोषणा गऱ्यो । निर्वाचनले भाजपालाई संसदमा सबभन्दा ठूलो पार्टीको रुपमा खडा गऱ्यो र त्यसले केन्द्रमा अटल विहारी वाजपेयीको नेतृत्वमा अल्पमतको सरकार गठन गऱ्यो । तर, बहुमत जुटाउन नसक्दा भाजपाको सरकार १३ दिनमै ढल्यो ।

तर त्यो सरकारले १३ दिनको उक्त शासन कालमै पनि परमाणु परीक्षणको तयारीको लागि आदेश दिएको थियो । तर, भाजपाको सरकार ढलेपछि बनेका अरु सरकारहरुले भने परीक्षणको लागि स्वीकृति प्रदान गरेनन् । फलस्वरुप, परमाणु परीक्षणको तयारी पुनः रोकियो ।

सन् १९९८ मा भारतमा पुनः मध्यावधि निर्वाचन भयो र भाजपा पहिलेभन्दा धेरै सिट जितेर फेरि संसदमा सबभन्दा ठूलो पार्टीको रुपमा स्थापित भयो र भाजपाले यसपालि आफ्नो नेतृत्वमा हालको संयुक्त सरकार बनाएर संसदमा विश्वासको मत लिन सफलता प्राप्त गऱ्यो ।

आफ्नो पहिलेको प्रण अनुसार, प्रधानमन्त्री अटल विहारी वाजपेयीको नेतृत्वमा बनेको भाजपाको सरकारले सत्तामा आएको एक महिनापछि नै गत अप्रिल १० तारिखमा परमाणु परीक्षणको लागि आदेश दियो । र, भारतको 'परमाणु शक्ति कमिशन' (AEC) का अध्यक्ष तथा 'परमाणु शक्ति विभाग' (DAE) का महासचिव डा. राजगोपाल चिदाम्बराम, BARC का निर्देशक डा. अनिल काकोड्कार र रक्षामन्त्रीका सल्लाहकार तथा DRDO का प्रमुख डा. अब्दुल कालम जस्ता भारतका प्रख्यात वैज्ञानिकहरुको नेतृत्वमा सयौं वैज्ञानिकहरु परमाणु बमको परीक्षणको तयारीमा तुरुन्त नै जोडतोडमा लागे ।

भारतको परमाणु शक्तिको विकासमा चीन, पाकिस्तान, अमेरिका र पश्चिमी राष्ट्रहरुले लगातार चियो गर्दै आइरहेका छन् । त्यसैले, भारतमा परमाणु बमको विकासको सम्बन्धमा 'कसैले केही प्रश्न नगरौं र नबोलौं' भन्ने सिद्धान्त पहिलेदेखि नै लागू गर्दै आएको छ ।

अमेरिकाले भारतको पोखरनस्थित परमाणु परीक्षण स्थलमा आफ्ना दुई अत्याधुनिक जासूसी भू-उपग्रहहरुलाई सधैं चियो गर्न लगाइरहेको छ ।

तर यस समय भारतमा अमेरिकी भू-उपग्रहहरुलाई समेत झुक्याई गोप्य ढंगले परमाणु परीक्षणको तयारी गर्न

उता, भारतीय वैज्ञानिकहरुले इन्टरनेटबाट अमेरिकी जासूसी भू-उपग्रहहरुको कार्यतालिका पत्ता लगाई तिनीहरु क्रियाशील नहुने समयलाई आफ्नो तयारीको समयको रुपमा छनौट गरे ।

शुरुमा भारतीय वैज्ञानिक तथा इन्जिनियरहरु साना-साना समूहहरु बनाई रेलमार्गबाट राजस्थानको पोखरनतर्फ लागे, तर तिनीहरु बीच बाटोमै ओर्लेर छद्म नाम राखी विभिन्न बाटो गरी 'भ्यान' चढेर पोखरनमा पुगे ।

तिनीहरु आ-आफ्नो घरमा 'कुनै जरुरी र महत्वपूर्ण कामको लागि नयाँ



आणविक परीक्षण गरिएको स्थल पोखरनमा इन्दिरा गान्धी र अन्य

**सन् १९७४ मा पोखरनमा भारतले पहिलो पटक सफल आणविक परीक्षण गऱ्यो । तर, त्यसपछि तत्कालीन भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीले वैदेशिक विरोधको दवाबले गर्दा पारमाणविक बमको विकासको कार्यलाई अगाडि बढाउन त्यति रुचि लिइनन् ।**

दिल्लीमा हुने वैठकमा आफूहरु केही हप्ताको लागि लाग्नु परेको, जहाँ टेलिफोन सम्पर्क पनि गर्न सकिँदैन' भन्ने कुरा बताई घरबाट हिँडेका थिए ।

अणु बमहरु परीक्षणको लागि पोखरनमा २०० मिटर गहिरा पाँच वटा खाडलहरु सन् १९९० मा नै खनिसकिएका थिए । त्यसैले पोखरन पुगेका १०० जना वैज्ञानिक तथा इन्जिनियरहरुले परीक्षणको लागि खाडलभित्र अणु बमहरु तथा त्यसको विस्फोटनको लागि विद्युतीय तारहरु जडान गर्ने र त्यसलाई नियन्त्रण कक्षसम्म पुऱ्याउने कार्य धिमा गतिमा गर्न थाले ताकि अमेरिकी जासूसी भू-उपग्रहले उनीहरुको गतिविधिमाथि शंका गर्न नसकोस् ।

यसैरी, बडो सतर्कताका साथ अमेरिकी जासूसी भू-उपग्रहलाई छकाएर करीब एक महिनाको समय लगाई वैज्ञानिक तथा इन्जिनियरहरुले अणु बम परीक्षणको लागि तयारी पूरा गरे । यस सरकार तथा वैज्ञानिकहरु लागीपरे ।

परमाणु परीक्षणको तयारी गोप्य रहोस् भनेर यस सम्बन्धमा प्रधानमन्त्री वाजपेयीको सरकारले शुरुदेखि नै कुटनीतिक भाषा प्रयोग गऱ्यो । अमेरिकी राष्ट्रपति विल क्लिन्टनको भारत भ्रमणको लागि पृष्ठभूमि तयार गर्न भारत भ्रमणमा आएका संयुक्त राष्ट्र संघका लागि अमेरिकी राजदूत विल रिचार्डसनलाई भारतीय रक्षामन्त्री जर्ज फर्नान्डिजले 'नयाँ दिल्लीले त्यस्तो उत्ताउलो काम केही गर्ने छैन, अझसम्म त त्यस सम्बन्धको (परमाणु शक्तिको विकासको सम्बन्धको) नीतिलाई सिंहावलोकन गर्नमा नै समय खर्च भइरहेछ' भन्ने कुरा बताई आश्वस्त पारे ।

भारतीय पक्षको कुराबाट आश्वस्त बनी अमेरिकाले पोखरनमा चियो गरिरहेका आफ्ना दुई जासूसी भू-उपग्रहहरुले हरेक ६ देखि २४ घण्टाभित्र केवल एकचोटी मात्र फोटो खिच्न पुग्ने व्यवस्था मिलायो ।

कार्यमा सुरक्षा तथा अन्य सहयोगहरु भारतीय सेनाहरुले पुऱ्याएका थिए । सबै तयारी पूरा भएपछि परीक्षणको तिथि 'बुद्ध जयन्ती'को दिनलाई छनौट गरियो ।

## परमाणु परीक्षणको असर

भारत र पाकिस्तानले गरेका हालैका परमाणु परीक्षणहरुले विश्वमा पुनः परमाणु शक्तिको नयाँ होडबाजी चल्ने सम्भावनाहरु देखापरेका छन् । अहिले नै विश्वमा यो पृथ्वीलाई कैयौं पटक ध्वस्त गर्ने मात्राको परमाणु बमको भण्डार विश्वका पाँच परमाणु शक्ति सम्पन्न राष्ट्रहरुसंग रहेको छ । त्यसैले यदि यो होडबाजी जारी रहने हो भने, विश्वमा तनाव बढ्न गई मानव जातिलाई नै पूर्ण रुपमा ध्वस्त गर्ने युद्ध भड्किन सक्छ ।

अर्को कुरा, परमाणु परीक्षणकै कारणले अहिले पाकिस्तान र भारतबीच तनाव बढेको छ । यो तनाव नियन्त्रण हुन सकेन भने भोलि पाकिस्तान र भारतबीच पारमाणविक युद्ध हुन सक्छ । यसले पाकिस्तान र भारतका एवं नजिकका अन्य देशहरुका निर्दोष करोडौं नागरिकहरुको ज्यान लिने प्रष्ट संभावना छ ।

भारतीय शासक वर्गले शुरुदेखि नै दक्षिण एशियाका छिमेकी साना देशहरुप्रति विस्तारवादी र प्रभुत्ववादी व्यवहार देखाउँदै आएको छ । र, यसले दक्षिण एशियाको सबभन्दा ठूलो राष्ट्र र एक नम्बरको क्षेत्रीय शक्तिको रुपमा रहेर छिमेकी देशहरुका बजार र प्राकृतिक स्रोत एवं साधनहरु हडप्नका लागि त्यस्तो व्यवहार देखाउँदै आएको देखिन्छ । नेपालकै सन्दर्भमा भन्ने हो भने, भारतीय एकाधिकारवादी पूँजीवादी शासक वर्गले सन् १९५० को असमान सन्धिदेखि लिएर अन्य थुप्रै त्यस्ता असमान सन्धि सम्झौताहरु नेपाललाई लादेको छ । कोशी, गण्डक, टनकपुर, महाकाली आदि जस्ता सन्धि-संझौतामा उसले कपटपूर्ण सन्धिहरु लादेर आफ्नो हात माथि पारेको छ ।

आफ्नो विस्तारवादी आकांक्षाबाट नै भारतले सन् १९७५ मा स्वतन्त्र सानो देश सिक्किमलाई आफ्नो भू-भागमा गाभ्यो । नेपाललाई तीनतिरबाट घेरेर बसेको भारतले दर्जनौ ठाउँमा बलजफ्ती सीमा मिच्ने काम यहाँ पनि गरेको छ । नेपाली भूमि कालापानीमा भारतीय सेना तैनाथ गरिएको अतिरिक्त हालै मात्र पनि झापामा, इलाममा उसले सीमा मिचेको छ ।

समुद्रसंग जोडिएको भू-भाग नभएकोबाट फाइदा उठाई भारतले नेपाललाई तेस्रो देशसंग व्यापार गर्न सधैं अवरोधहरु खडा गर्दै आएको छ । ताकि उसले नेपाललाई एकलौटी बजारको रुपमा प्रयोग गर्ने वातावरण बनिनै रहोस् ।

# नौ वामद्वारा परमाणु परीक्षण होडबाजीको विरोध

हालै भारत र पाकिस्तानका बीच परमाणु बम परीक्षण गर्नमा चलेको होडबाजीले जन्माएको गम्भीर परिस्थितिको विषयलाई लिएर नेपालमा नौ वाम पार्टीहरुले एक वक्तव्य प्रसारित गरी संयुक्त विरोध जनाएका छन् । वक्तव्यमा यो परमाणु परीक्षणबाट 'दक्षिण एशियालाई आणविक अस्त्ररहित क्षेत्र बनाउने यस क्षेत्रका जनताको आकांक्षामा आघात पुगेको छ' भनिएको छ ।

त्यस्तै, ती परमाणु परीक्षणहरुले गरीबी उन्मूलन गर्न र विकास गर्नका लागि अत्यावश्यक स्रोत र साधनको दुरुपयोग भएको कुरा जनाई वक्तव्यमा भारत र पाकिस्तानले गरेको परमाणु परीक्षणहरुको घोर भर्त्सना गरिएको छ ।

हाल जनताको पक्षमा विभिन्न मुद्दामा कार्यगत एकता गरी अघि बढिरहेका यी नौ वाम पार्टीहरुमा नेकपा (माले), नेकपा (एकता केन्द्र), नेकपा (मसाल), नेकपा (मार्क्सवादी), नेकपा (मालेमा), नेकपा (संयुक्त), संजमो, रा.ज.आ.सं.स. र नेमकिपा संलग्न रहेका छन् । ◆

यसरी उसले नेपाललाई आफ्नो शक्तिको छायाँमा पारी आफ्नो हैकम र प्रभुत्वमा लिएको छ । यसर्थ, नेपाल देश भारतको अर्ध उपनिवेशको रुपमा रहन बाध्य भएको छ ।

परमाणु बमको परीक्षणपछि अब भारतीय एकाधिकार पूँजीवादी शासक वर्गले नेपाल लगायत छिमेकी देशहरुमाथिको प्रभुत्ववादी व्यवहार अझ बढी देखाउने कुरा प्रष्ट छ । हालै मात्र भारतीय राजदूतले नेपालको कालापानी क्षेत्रलाई आफ्नो भू-भाग भनी औपचारिक रुपमा निर्लज्ज तवरले दावी गरेको कुरा यसको अति नै ताजा उदाहरण हो ।

## परमाणु परीक्षणप्रति नेपालमा प्रतिक्रिया

भारत र पाकिस्तानले गरेको परमाणु बमको परीक्षणलाई लिएर नेपालको सरकारले औपचारिक चिन्ता प्रकट गरेको छ । तर, सत्ताधारी नेपाली कांग्रेस पार्टीले भने औपचारिक रुपमा कुनै प्रतिक्रिया जनाएको छैन । पार्टीले कुनै प्रतिक्रिया नदिए पनि र आफ्नै पार्टीको सरकारले चिन्ता प्रकट गरे पनि भूतपूर्व प्रधानमन्त्री तथा नेकाका नेता कृष्णप्रसाद भट्टराईले भने भारत र पाकिस्तानले गरेको परमाणु परीक्षणप्रति 'खुशी प्रकट' गरेका छन् । भारतको विस्तारवादी र प्रभुत्ववादी आकांक्षालाई टेवा पुग्ने आशयमा उनले भारत जति बलियो हुन्छ, उति हामीलाई पनि फाइदा हुन्छ भन्ने विचार व्यक्त गरेर भारतप्रति तावेदारी गरेका छन् । नेपालका सबै वाम पार्टीहरुले भने भारत र पाकिस्तान दुवैले गरेका परमाणु परीक्षणहरुप्रति तीव्र विरोध प्रकट गरेका छन् ।

## नाकाबन्दी

भारत र पाकिस्तानले हालै गरेका परमाणु बमको परीक्षणप्रति पश्चिमी जगतले तीव्र विरोध प्रकट गरेको छ । सजायस्वरुप अमेरिकाले भारत र पाकिस्तान दुवैलाई उसको पारमाणविक प्रसार नियन्त्रण ऐन- 1994 अन्तर्गत आर्थिक नाकाबन्दी गर्ने घोषणा गरेको छ । त्यस्तै, जापानले पनि भारतलाई आर्थिक नाकाबन्दी गर्ने घोषणा गरेको छ भने पाकिस्तानलाई पनि नाकाबन्दी गर्ने सोचाइ बनाइरहेको छ ।

भारतले परमाणु परीक्षण गरेकामा तीव्र विरोध गरे पनि विश्वका आठ प्रमुख औद्योगिक राष्ट्रहरु 'जि-८' का सदस्य राष्ट्रहरु मध्ये रुस र बेलायतले भारत विरुद्ध कुनै आर्थिक नाकाबन्दी नगर्ने घोषणा गरेका छन् । भारत र पाकिस्तानबीचको पारमाणविक होडबाजीलाई लिएर तीव्र विरोध गर्ने अन्य राष्ट्रहरुमा फ्रान्स, जर्मनी, डेनमार्क, क्यानाडा, चीन आदि छन् ।

## नाकाबन्दी किन लगाइँदैछ ?

खास गरिकन, भारतले परमाणु परीक्षण गरेर ऊ अब क्षेत्रीय महाशक्तिबाट विश्व-महाशक्तिमा आउन चाहेको कुरा प्रष्ट छ । पूर्वी यूरोपको समाजवादी क्याम्प ढलेपछि भारतीय एकाधिकार पूँजीपति वर्गको पहिलेको प्रमुख बजार समाप्त भएको छ । त्यसैले अब विश्व बजारमा ठाउँ प्राप्त गर्न उसले महाशक्ति अमेरिका लगायत पश्चिमी प्रमुख शक्ति राष्ट्रहरुसित हरेक कुरामा प्रतिस्पर्धा गर्नु पर्ने भएको छ । यस स्थितिमा परमाणु परीक्षणद्वारा यो प्रतिस्पर्धामा भारतले आफू पनि टक्करमा आउने अनौपचारिक घोषणा गरेको छ ।

तर, सोभियत संघ ढलेपछि एक नम्बरको विश्व-महाशक्तिमा बढुवा भएको अमेरिकाले भारतको यो चाहनालाई सहन गर्न सकेको छैन । त्यसैले, भारत आफ्नो दाँजोमा आउला भनेर त्यसलाई शक्तिमा मजबुत बन्न नदिन अमेरिका भारतमाथि आर्थिक नाकाबन्दी लगाउँदैछ । पाकिस्तानले भारतले जस्तै महाशक्ति बन्ने आकांक्षाले नभई भारतसंगको टक्करले गर्दा परमाणु परीक्षण गरेको देखिन्छ । तर, अमेरिका पाकिस्तान पनि मजबुत भएको देख्न चाहँदैन । त्यसैले ऊ पाकिस्तान विरुद्ध पनि नाकाबन्दीको घोषणा गर्दछ । जापानले अमेरिकाको विदेश नीतिलाई सहयोग गर्ने ध्येयले नाकाबन्दीको कुरा गरिरहेको छ ।

## नाकाबन्दीको असर

अमेरिकी नाकाबन्दीको कारणले भारतले २० अरब डलर बराबरको आर्थिक घाटा ब्यहोर्नु पर्ने हुन्छ भनेर अमेरिका भन्दैछ । तर, भारत यो कुरा मान्न तयार छैन । भारतीय अर्थविद्हरुका अनुसार, नाकाबन्दीले भारतको अर्थतन्त्रको कूल हिस्सामध्ये २ प्रतिशत हिस्सालाई मात्र असर गर्नेछ ।

नाकाबन्दीले अमेरिकी पूँजी निवेश भएका भारतीय कम्पनीहरुलाई भने प्रत्यक्ष असर पर्नेछ । तर यही कारणले पनि अमेरिकी नाकाबन्दी कति दिनसम्म टिक्ला भन्ने शंका सहज रुपमै उठ्दछ । किनकि, अमेरिकी पूँजी निवेश भएका उद्योग, बैंक तथा विभिन्न कम्पनी नाकाबन्दीको कारणले धराशायी हुने दिशामा जाँदा पनि भारतको अर्थतन्त्रलाई त्यति ठूलो असर पार्दैन । तर अमेरिकी पूँजीपतिहरुलाई भने निकै ठूलो असर पार्दछ । नाकाबन्दीको कारणले एक त, अमेरिकी सामानको लागि भारत जस्तो १ अरब जनसंख्या भएको बजार गुम्न जान्छ र अर्को, अमेरिकी पूँजीपतिहरुको भारतीय कम्पनीहरुमा गरिराखेको लगानी डुब्दछ । सम्भवतः 'तियानमेन चोक' काण्डपछि चीनमाथि लगाइएको आर्थिक नाकाबन्दी विनाशर्त फुकुवा गर्नु परे जस्तै भारतमाथिको यो नाकाबन्दीलाई पनि अमेरिकाले त्यसै गरी नै फुकुवा गर्नु पर्ने हुन सक्ने संभावना रहेको छ ।

## निश्कर्ष

भारतले के भनेको छ भने- उसले गरेको परमाणु परीक्षण प्रयोगको लागि होइन, केवल राष्ट्रिय सुरक्षाको लागि मात्र हो । तर, ऊ आफू अहिले विश्वको छैठौं परमाणु शक्ति सम्पन्न देश भएको घोषणा गर्दैछ । र, नीकट भविष्यमा नै भारतले धमाधम परमाणु अस्त्रहरु बनाउनेछ । रक्षामन्त्री फर्नान्डिज भन्छन्- 'यदि परमाणु अस्त्र बनाइँदैन भने, परमाणु परीक्षणको कुनै अर्थ छैन ।'

प्रयोग नगरी शोभाको लागि मात्र कसैले पनि हतियार बनाउँदैन । यदि प्रयोग गर्ने योजना नहुने हो भने परमाणु परीक्षण र परमाणु हतियारको निर्माणको उपादेयता के ?

उता, पाकिस्तानले पनि प्रतिरक्षाको लागि भनेर परमाणु परीक्षण गरेको छ ।

> *अमेरिकी पूँजी निवेश भएका उद्योग, बैंक तथा विभिन्न कम्पनी नाकाबन्दीको कारणले धराशायी हुने दिशामा जाँदा पनि भारतको अर्थतन्त्रलाई त्यति ठूलो असर पार्दैन । तर अमेरिकी पूँजीपतिहरुलाई भने निकै ठूलो असर पार्दछ ।*

त्यसैले दक्षिण एशियामा भारत र पाकिस्तानबाट परमाणु अस्त्र प्रयोगको खतरा बढेको छ । यस क्षेत्रका शान्तिकामी सम्पूर्ण जनताको लागि यो साह्रै गम्भीर कुरा हो ।

परमाणु अस्त्रको प्रयोग पहिला जसले गरे पनि एक-आपसका विरुद्ध त्यो प्रयोग गरिँदा लाखौं करोडौं निर्दोष जनता एकै क्षणमा भष्म हुने कुरा प्रष्ट छ । त्यसैले विश्व जनमतले यो परमाणु परीक्षण र परमाणु अस्त्र विकासलाई सशक्त विरोध गर्नु जरुरी छ । र, भारत र पाकिस्तान दुवैलाई तिनीहरुको परमाणु अस्त्र निर्माण योजना रद्द गर्न दवाब दिनु जरुरी छ । उनीहरु दुवैले 'आत्मरक्षाको लागि परमाणु परीक्षण गरेको हो' भन्ने कुरा गरेका छन् । यदि त्यस्तो हो भने, दुवैले परमाणु अस्त्र पहिले प्रयोग नगर्ने (No, first use) को वाचा गरुन् भनेर पनि सम्पूर्ण शान्तिकामी विश्व-जनमतले दवाब दिनु जरुरी छ ।

भारतमा ५० प्रतिशतभन्दा बढी

**अमेरिकी नाकाबन्दीका विरुद्ध नयाँ दिल्लीस्थित अमेरिकी दूतावास अगाडि प्रदर्शन गर्दै भारतीय प्रदर्शनकारीहरु**



## साम्राज्यवादविरोधी राष्ट्रिय मञ्च के भन्छ ?

हालै भारत र पाकिस्तानबीच चलेको पारमाणविक होडबाजीको विरोधमा 'साम्राज्यवादविरोधी राष्ट्रिय मञ्च, नेपाल' का तर्फबाट त्यसका अध्यक्ष प्रा. माणिकलाल श्रेष्ठले एक वक्तव्य प्रकाशित गरी 'विश्वभरि नै आणविक परीक्षणमा कडा प्रतिबन्ध लगाउने र सम्पूर्ण आणविक अस्त्रहरु नष्ट गरेर विश्वलाई अणुमुक्त पार्ने विश्व जनताको आकांक्षा र मागको ठीक विपरीत दक्षिण एशिया क्षेत्र पनि आणविक अस्त्रको होडबाजीमा पुगेकोमा यस क्षेत्रमा सबै मुलकहरुलाई, खासगरी, नेपाल जस्ता साना मुलुकहरुलाई गम्भीर चिन्ताको विषय बनेको छ' भन्नु भएको छ। 'हालैको आफ्नो परमाणु परीक्षणपछि भारतले आफूलाई आणविक शक्ति राष्ट्र भनी गर्वसाथ घोषणा गरेकोले भारतको अर्ध-औपनिवेशिक नियन्त्रणमा पिल्सिरहेको र अनेकौं असमान-सन्धिहरु लादिएको देश नेपालको लागि विशेष चिन्ता हुनु स्वभाविक छ' भनी वक्तव्यमा भनिएको छ।

'यस स्थितिमा सम्पूर्ण नेपाली जनताका साथै भारतीय जनता र पाकिस्तानी जनता लगायत सम्पूर्ण दक्षिण एशियाली जनता सजग बनी शान्तिको लागि निरन्तर अथक रुपले संघर्षरत रहन' वक्तव्यमा सबैलाई आव्हान गरिएको छ।

जनता गरिबीको रेखामुनि बाँचेका छन्। तर, सरकारले अरबौं रुपियाँ खर्च गरेर परमाणु परीक्षण गऱ्यो र ऊ अरु अरबौं रुपियाँ खर्च गरेर परमाणु अस्त्र बनाउँदैछ। कसको फाइदाको लागि ? भारतका आम श्रमिक तथा न्यायप्रेमी जनताले यसबारे सोच्नु पर्दछ। र, एकाधिकार पूँजीपति वर्गको निहित स्वार्थको लागि राष्ट्रको अर्थतन्त्रलाई बर्बाद पारी सरकारले गरेको यो परमाणु अस्त्रको होडबाजीको कार्यलाई व्यापक रुपले विरोध गर्नुपर्छ, आन्दोलन गर्नु पर्छ। संसारका तमाम शान्तिकामी न्यायप्रेमी जनताहरुले भारतीय जनताको त्यो आन्दोलनप्रति अवश्यै ऐक्यवद्धता देखाउनेछन्।

अमेरिका र परमाणु शक्ति सम्पन्न अन्य राष्ट्रहरुले भारत र पाकिस्तानको परमाणु परीक्षणलाई गरेको तीव्र विरोध भने कुनै नैतिक अधिकार नरहेको प्रष्टै देखिन्छ। उनीहरुले अरु राष्ट्रहरुले गरेको परमाणु परीक्षणलाई विरोध गर्नको लागि सबभन्दा पहिले आफूमा भएका सम्पूर्ण परमाणु हतियारहरुलाई नष्ट गर्नु जरुरी हुन्छ।

अमेरिका र पश्चिमी राष्ट्रहरु १९७० मा विश्वका १८५ राष्ट्रहरुले हस्ताक्षर गरेको नाभिकीय अप्रसार सन्धि (Nuclear Nonproliferation Treaty) र १९९६ मा १४९ राष्ट्रहरुले हस्ताक्षर गरेको 'व्यापक परीक्षण प्रतिबन्ध सन्धि' (Comprehensive Test Ban Treaty) (CTBT) मा सही गर्न लगाएर भारत र पाकिस्तानलाई परमाणु परीक्षण गर्नमा रोक लगाउन चाहन्छन्। त्यसैले ती सन्धिहरुमा हस्ताक्षर गर्न भारत र पाकिस्तानलाई उनीहरु पहिलेदेखि दवाब दिंदै आएका छन्।

NNPT ले अमेरिका, रुस, चीन, बेलायत र फ्रान्स गरी जम्मा पाँच राष्ट्रहरुलाई मात्र परमाणु शक्ति सम्पन्न राष्ट्र मानेको छ र त्यसले ती राष्ट्रहरुमा भएका परमाणु अस्त्रहरुमा कुनै प्रश्न नउठाई अब उप्रान्त सन्धिमा हस्ताक्षर गर्ने कुनै पनि राष्ट्रले परमाणु अस्त्र बनाउन नपाउने कुरा गरेको छ। त्यस्तै, CTBT ले त्यसमा हस्ताक्षर गर्नेहरुले अब उप्रान्त जमीनमुनि परमाणु परीक्षण गर्न नपाउने कुरा गरेको छ। तर, त्यसले जमीनमुनि विस्फोटन गरेर परीक्षण गर्ने नगरी कम्प्युटरबाट जाँच गरी (computer simulation) परमाणु अस्त्र बनाउने कार्यमा भने प्रतिबन्ध लगाएको छैन अर्थात् त्यस मामलामा यो मौन बसेको छ। अमेरिका लगायत अन्य विकसित परमाणु शक्ति सम्पन्न राष्ट्रहरुले कम्प्युटरबाट जाँच गरेर पनि परमाणु अस्त्र परीक्षण गर्न सक्छन्।

त्यसैले, NNPT र CTBT जस्ता सन्धिहरु परमाणु शक्ति सम्पन्न पाँच राष्ट्रहरुलाई लागू नहुने तर अरु सबैलाई लागू हुने भेद्भावपूर्ण सन्धिहरु हुन्। त्यसैले विश्वलाई परमाणु अस्त्रको प्रयोगको खतराबाट बचाउने हो भने, NNPT र CTBT होइन, विनाशर्त परमाणु शक्ति सम्पन्न सबै राष्ट्रहरुले सम्पूर्ण पराणु अस्त्रहरु पूर्ण रुपले नष्ट गर्ने सन्धिमा हस्ताक्षर गर्नुपर्छ। यसर्थ, विश्वका सम्पूर्ण शान्तिकामी न्यायप्रेमी जनताले त्यस्तो सन्धि गराउनको लागि दवाब दिन बृहत रुपले जनमत तयार गर्ने अभियानमा आ-आफ्नो ठाउँबाट प्रयत्न गर्नु जरुरी देखिन्छ। ◆

## माओवादी जनयुद्धः तीव्र र व्यापक मुठभेड

## के दमनले देशको समस्या समाधान हुन्छ ?



नेकपा माओवादीले "जनयुद्ध" शुरू गरेयता सरकारी बल र जनयुद्धकारीहरूबीच हालसम्मको सबैभन्दा तीव्र र व्यापक मुठभेड गत जेठ महिनाको पछिल्ला १५ दिनभित्र भएको छ। जेठ १७ गतेदेखि सरकारले अचानक जस्तो विभिन्न जिल्लाहरूमा ठूलो दमनचक्र चलाएको छ। यी दुई हप्ता अवधिमा प्रहरी घेराऊ र आक्रमणमा परी मारिनेहरूको संख्या ६० नाधिसकेको छ। तनहुँ, गोरखा, रोल्पा, रूकुम, जाजरकोट, सल्यान, दाङ्ग, सिन्धुली, काभ्रे, सिन्धुपाल्चोक, कालीकोट, जुम्ला आदि जिल्लाहरूमा धरपकड, खानतलासी, पक्राउ र हत्या गर्ने काम सरकारले गरेको छ। मारिनेहरूमा आम जनताहरू समेत ठूलो संख्यामा भएको बुझिएको छ। मारिनेहरूको वास्तविक संख्या १५० भन्दा पनि बढी भएको अपुष्ट समाचार प्राप्त भएको छ।

सरकारले जनताहरू मारिएको कुराको जानकारी दिन छाडेको र माओवादीहरूले पनि यथार्थ कुरा जानकारीमा ल्याइनसकेको कारण देशका विभिन्न भागमा घटेका नृशंस घटनाहरूको सही चित्र अझै प्रष्ट हुन सकिरहेको छैन।

सरकारले रूकुम, रोल्पा, जाजरकोट, सल्यान र सिन्धुली लगायतका ठाउँहरूमा रहेका टेलिफोन सम्पर्कहरूलाई आफ्नो कब्जामा लिएको छ। यी र अन्य कतिपय स्थानहरूमा केही पत्रपत्रिकाहरू समेत जफत गर्ने काम सरकारले गरेको छ। सिन्धुलीमा त यस सरकारी रवैयाका विरूद्ध त्यहाँ स्थित नेपाल पत्रकार महासंघ जिल्ला शाखाले सरकारको यो अप्रजातान्त्रिक व्यवहारको विरोध समेत गरेको छ।

जेठ १२ गते तनहुँ जिल्लाको कालीकाटार सिंचाई योजनाको लागि पोखराबाट विस्फोटक पदार्थ लिएर गएका प्रहरीहरूमाथि माओवादीहरूले सैनिक पोशाकमा गई आक्रमण गरी ६ थान राइफल, १ पिस्तोल, एक सय के.जी. जिलेटिन सहित, गोली, डिटोनेटर र फ्यूज वायर समेत आफ्नो नियन्त्रणमा लिएका थिए। यस घटनामा दोहोरो भिडन्तमा पुलिसतर्फ एकजना स.ई. र माओवादीतर्फ त्यस पार्टीको गोरखा-तनहुँ संयुक्त समितिका सदस्य तथा स्क्वाड नं. ५ का उपकमाण्डर चुडामणि बञ्जाराको मृत्यु भएको थियो।

यस घटनापछि "मुठभेड"का नाममा सरकारी पक्षले माओवादीहरू र माओवादीका नाममा थुप्रै आम जनताहरूलाई घेर्ने, प्रहार गर्ने, पक्राउ गर्ने र पक्राउ गरेपछि कतै एकान्तमा लगेर मार्ने काम गरिरहेको छ।

यस सिलसिलामा उपरोक्त २ हप्ताभित्रमा गोरखा-तनहुँमा जथाभावी गोली हानी प्रहरी बलले नौ जनाको हत्या गऱ्यो र तीमध्ये ५ जनाको लाशलाई पोखरा लगी सेती नदीको किनारमा मिल्कायो। पछि पोष्टमार्टम गराई सो लाशहरू पुनः गोर्खा लगी गायब पारिए। रोल्पामा एकै ठाउँमा १७ जना मारिएको, जाजरकोटमा १७ जना मारिएको र सिन्धुलीमा ८ जना मारिएको खबर छ। सिन्धुलीको झाँगोझोली थुम्कामा दश दिनभित्रमा प्रहरीले घेरा हाली ३२ जना मानिसहरूलाई एकै ठाउँमा मारेको अपुष्ट खबर छ। सिन्धुलीमा मारिनेहरूमा खाना खाएर चुठ्न आँगनमा निस्केकी छात्रा, सांस्कृतिक कार्यक्रममा गएका बच्चा र महिलाहरू एवं नौ वामपन्थी समूहहरूको विरोध प्रदर्शनीहरूमा सामेल हुन आएका युवाहरू समेत परेको बताइएको छ।

रोल्पामा गत जेठको तेस्रो हप्ता यताका पन्ध्र दिनभित्र १७ जना र रूकुममा योभन्दा पनि ज्यादा मानिसहरू मारिएको बुझिएको छ। रूकुमको तकशेरा

गाविसमा सीता बुढामगर र गौरी बुढामगरलाई हात रूखमा बाँधेर प्रहरीले गोली हानेको खबर छ । यसैगरी दाङ्ग, सल्यान, काभ्रे, तनहुँ, सिन्धुपाल्चोकमा पनि धरपकड र घेराउ एवं पक्राउका व्यापक घटनाहरू घटेका छन् ।

यसैबीच, माओवादीहरूले पनि रूकुम जिल्लाको तकशेरा गाविसको प्रहरी चौकीमा बम प्रहार गरेको र एक हवलदारको मृत्यु भएको समाचार प्राप्त भएको छ ।

यतिखेर सरकारले "अपरेशन किलो शेरा २" नामक दमन-अभियान चलाएर, माओवादको नाममा जोकोही जनतालाई पनि मार्ने र थुन्ने गरिरहेछ । यस्तो प्रतीत हुन्छ, सरकारको अहिले "घेराऊ गर्ने र सखाप" पार्ने रणनीति रहेको छ । उता माओवादीहरूको नीति भने 'घेरा तोड र प्रतिरोध गर' रहेको देखिएको छ । प्रहरीले गत वैशाख २० गते दाङ्गमा गीरप्रसाद घर्ती लगायतका तीन जना व्यक्तिलाई घरमा सुतिरहेको अवस्थामै गोली हानेर मारेको र वैशाख २७ गते सुर्खेतको लेकफर्सामा दिलकुमारी थापा र गणेश न्यौपानेलाई झुण्ड्याएर मारेकै शैलीमा जेठ १८ गते तनहुँका रामबहादुर भण्डारीलाई घरबाट गिरफ्तार गरेर लगेर बाटामा गोली हान्ने काम गरेका छन् । मरे भनी छोडिएका उनी हाल काठमाडौंमा अस्पतालमा उपचार गर्दैछन् ।

मुठभेडको नाममा बन्दीलाई मार्ने, हिरासतमा लिएकालाई मार्ने, गैरकानूनी व्यवहार गर्ने, बन्दीलाई भेट्न नदिने, लाश गायब पार्ने, मृतकको पत्तोसम्म नदिने यो सरकारी रवैयाप्रति मुलुकका सचेत जनसमुदायले व्यापक विरोध जनाएको छ । वर्तमान गिरिजा सरकारले भाषणमा भने माओवादीसंग वार्ता र सुलहको आव्हान गर्ने तर व्यवहारमा भने अन्धाधुन्ध प्रहार गर्ने यो जुन प्रवृत्ति देखाएको छ, त्यसप्रति नौ वाम पार्टीहरूले र

**कतै यो नृशंस जनदमनमा माओवादी तह लाउने नाममा एमालेको आन्तरिक समर्थन र पुट छैन ?**

मानवअधिकारवादी संस्थाहरूले तीव्र विरोध जनाएका छन् ।

एमालेले चाहेमा यो नृशंस जन-दमन अभियानलाई तुरून्त रोक्न सक्दथ्यो । तर एमालेकै बलमा कुर्सीमा टिकिरहेको वर्तमान सरकारको यो अमानवीय अराजक र गैरकानूनी जन-दमनका विरूद्ध एमाले स्वयंले चाहिं पटक्कै खबरदारी नगर्नु र चूँ नबोल्नु विश्मयकारी कुरो भएको छ । कतै यो नृशंस जनदमनमा माओवादी तह लाउने नाममा एमालेको आन्तरिक समर्थन र पुट छैन ? यो प्रश्न अहिले सर्वत्र उठिरहेछ ।

एमालेका महासचिव क. माधव नेपालले 'हामीले मान्छे मार्न कांग्रेसको सरकारलाई समर्थन गरेका हैनौं' भनी खुलामञ्चबाट गत जेठ २९ गते व्यक्त गर्नुभएको विचारमा यदि एमाले नेतृत्व साँच्चै सहमत छ भने, उसले वर्तमान जन-हत्याको लहरलाई व्यवहारमै रोक्न पहल गर्नु जरूरी छ ।

एमालेले प्रतिक्रियावादी गिरिजा सरकारको यो जन-दमन अभियानमा आफ्नो वास्तविक नीति र दृष्टिकोण के छ, तुरून्त जनसमक्ष ल्याउनु जरूरी भएको छ । माओवादीहरूले राजनीतिक भुलवश गरेका केही ज्यादतीहरूलाई आधार बनाएर प्रतिक्रिया र प्रतिशोधको भावनाले निर्देशित भएर गिरिजा सरकारको यो तानाशाही र जनविरोधी प्रहरी अपरेशनलाई यो वा त्यो निहुँमा साथ दिनु अक्षम्य गल्ती हुनेछ । "बाख्रालाई खाने बाघले भेँडालाई बाँकी राख्दैन" भन्ने कुरा एमाले नेतृत्वले राम्ररी बुझ्नु जरूरी छ । गिरिजा सरकारले दमन बन्द नगरे सरकारलाई दिई आएको आफ्नो समर्थन तुरून्त फिर्ता गर्ने ब्रम्हास्त्र प्रयोग गरेर एमालेले यो हिटलरी दमन तुरून्त बन्द गर्न निर्णायक भूमिका खेल्न सक्छ र खेल्नु पर्छ भन्ने हाम्रो ठम्याइ छ ।


माओवादी समस्या देशको गलत अर्थ राजनीतिले पैदा गरेको समस्या हो । देशको संसदीय राजनीतिका अगुवाहरूले देश र जनताका कुनै पनि आधारभूत समस्या हल गर्न असमर्थ भएको प्रतिक्रियामा "जनयुद्ध"को प्रारम्भ भएको जगजाहेर छ । अन्यथा अहिलेका माओवादीहरू २०५१ सालसम्म संसदभित्रै थिए । संसदीय राजनीतिलाई 'क्रान्तिकारी उपयोग' गरिरहेका थिए । जुन जरो कारणले माओवादी जनयुद्ध प्रारम्भ भएको हो, त्यस जरो कारणलाई संशोधन नगरी तानाशाही दमनद्वारा माओवादी समस्या हल गर्ने सपना देख्नु पटमूर्खता सिवाय केही होइन । के गलत अर्थ राजनीतिविरूद्ध नेपाली कांग्रेसले स्वयंले २०१८ देखि २०३१ सालसम्म हतियार उठाएको थिएन ? के पंचायतले हत्या र दमनद्वारा ती उन्नत ध्येयका लागि हतियार उठाउनेहरूलाई निमिट्यान्न पार्न सक्यो ? वा अन्ततः गलत अर्थ राजनीतिको रथ हाँक्नेहरू आफै परास्त भए ? नेपाली कांग्रेसको सरकारले यो ऐतिहासिक तथ्यबारे विचार गरी हेरे उसको वर्तमान पंचायती बुद्धि थोरै भए पनि फर्कन्थ्यो कि ?

यसैबीच, नेकपा माओवादीका महामन्त्री क. प्रचण्डले एक वक्तव्य प्रकाशित गरी वर्तमान सरकारी दमनका पछाडि भारतीय विस्तारवादको समेत उक्साहट रहेको कुरा उल्लेख गर्दै "यो स्थितिमा पार्टीको तेस्रो रणनीतिक योजनाको मर्मलाई पक्डेर सफलतापूर्वक महान फड्कोको ढोकामा पुग्ने ऐतिहासिक पहलका लागि" सम्पूर्ण पार्टी सदस्य, क्रान्तिकारी योद्धा र जनसमुदायमा विशेष अपील गर्नुभएको छ । उहाँले दमनका विरूद्ध संयुक्त संघर्षका निम्ति आव्हान गर्नु भएको छ ।


यसैगरी संजमो (भट्टराई) का अध्यक्ष क. बाबुराम भट्टराईले पनि एक वक्तव्य प्रकाशित गरी वर्तमान सरकारी रबैयालाई "नांगो डकैती' भन्नु भएको छ ।

हामीलाई लाग्छ, यतिखेर माओवादी मित्रहरूले दुश्मनको कुनै पनि उक्साहटमा नपरी आफ्नो शक्तिलाई यथासंभव जोगाउनु नै बुद्धिमानी हुनेछ । तत्काल देश र जनताको जल्दोबल्दो समस्यामा आधारित सशक्त संयुक्त जन-संघर्षको बाटो अख्तियार गरेर नै यो दमनको घेरोबाट बाहिर निक्लन संभव छ भन्ने हामीलाई लाग्दछ ।

❑ **हरिगोविन्द लुइँटेल**



**गत वैशाख २७ गते सुर्खेत लेखफर्सामा प्रहरीद्वारा मारिएका माओवादी कार्यकर्ता गणेश न्यौपाने**



**गत वैशाख २० गते दाङ जिल्ला पुरन्धरा हापुरेमा प्रहरीद्वारा मारिएका धनराज वली**



**गत जेठ १२ गते तनहुँ जिल्ला कोटा गाविस कालिकाटारमा प्रहरी र माओवादी छापामारहरु बीच भएको भीडन्तमा मारिएका चुडामणि बंजारा, जो सो छापामार दस्ताका उपकमाण्डर थिए**



**धादिङमा प्रहरीले गोली हानेर मरे भन्ने ठानेर मकैबारीमा फालिएका रामबहादुर भण्डारीः अस्पतालमा**

फोटो सौजन्यः जनादेश

## पोलपोटबारे

मूल्यांकन अंक ५७ मा खमेर रूजका नेता पोल पोटको बारेमा पढ्न पाउँदा ज्यादै खुसी लाग्यो । यसका लागि लेखक राजेन्द्र महर्जनलाई धेरै धेरै धन्यवाद । यसमा युवा विचार स्तम्भ राख्दा सुनमा सुगन्ध हुने थियो ।

**-मनोज अधिकारी, लेटाङ्ग-७, फडानी**

## कालो ऐन, जुहारी, रोप-वेबारे

लामो प्रतीक्षापश्चात मूल्यांकनको पूर्णांक-५७ हात लाग्यो । बहुचर्चित खमेर रूजका नेता पोल पोटको जीवन र मृत्युबारे जानकारी भयो । यथार्थमा आधारित भएमा यसले दुःख र घृणा दुवै उत्पन्न गराएको छ । प्रतिगामी सरकारले संसदमा बारम्बार आतंककारी काला ऐन ल्याउने कुचेष्टा गर्दै, २०४६ को जनआन्दोलनद्वारा प्राप्त जनताको प्रजातान्त्रिक अधिकार निमोठ्ने दुःसाहस गरेकोले त्यसको विरूद्धमा नौ वामघटकले निभाएको भूमिकाको लागि धन्यवाद छ। नीति/संस्कृति स्तम्भमा चन्द्रदेव नेपालीको लेख 'एमाले-मालेबीच जुहारी चलिरहेको यो बेला' अत्यन्त समसामयिक तथा सान्दर्भिक छ। सम्बन्धित पार्टीहरूलाई क्यान्सरको औषधी सावित होस् । नेपालको भौगोलिक बनौट र आर्थिक अवस्थालाई मध्यनजर राख्दा रोप-वे सम्बन्धी अनुसन्धानात्मक लेख उपयोगी र लाभप्रद छ। दर्शन परिचय, विज्ञान/प्रविधि, र साहित्य/कविता स्तम्भ अन्तर्गतका लेखहरू रोचक र ज्ञानबर्द्धक छन् ।

**-आशकुमार राई, निशान राई, अर्जुन राई, भोजपुर-२, होम्ताङ-१**

## जीवन शर्मासंग


एमाले फूटको सैद्धान्तिक विश्लेषण सहित आएको मूल्यांकन मासिकको अंक ५६ का समग्र रचनाहरू स्तरीय नै छन् । उक्त अंकमा प्रकाशित वरिष्ठ कलाकार जीवन शर्माको लेखले भने ध्यान आकर्षण गर्न पुगेको छ। उक्त लेखमार्फत् जीवनज्यूले छरिएर रहेका प्रगतिशील कलाकारहरूलाई गोलबन्द पार्न गरेको प्रयासको त स्वागत गर्नै पर्छ तर गोलबन्द हुनुपर्ने आवश्यकताका कारणहरू जुन छन्, त्यसमा उहाँले औंलाएका कारणहरूप्रति चाहिं मेरो असहमति रहेको छ ।

जीवनज्यूले भनेजस्तो 'जस्को सीता खाई, उस्कै गीता गाई' भने जस्तै प्रगतिशील कलाकारको नाम अलाप्दै मार्क्सवादबाट पतीत भई दक्षिणपन्थी भासमा पार्टी भासिसक्दा पनि उसैको गुणगानमा लिप्त, जीवनज्यूकै भाषामा पार्टीका 'गन्धर्भ किन्नर'हरूलाई आफ्नो सक्दो प्रयासले सही र सच्चा माकर्सवादी-लेनिनवादी पार्टीभित्र गोलबन्द गर्दै नौलो जनवादी आन्दोलनलाई उचाइतर्फ अग्रसर बनाउनु आजको आवश्यकता हो ।

तर जीवनजीको भनाइअनुसार, पार्टीभन्दा माथि रहेको साझा सांस्कृतिक मोर्चाको अवधारणाले निर्माण गरेको संस्था, अझ जुन संस्था कुनै पार्टी विशेषको प्रभावबाट मुक्त रहन्छ, उक्त संस्था भोलि गएर यसै नाममा वामपन्थी विचलनको शिकार नहोला भनेर भन्न सक्ने स्थिति छैन । पार्टी भनेको एउटा महासंगठन हो, र त्यसभित्र सांस्कृतिक आन्दोलन पनि पृथक रहन सक्दैन र संगठनका हरेक अंग पार्टी प्रभावबाट मुक्त हुन सक्दैनन् ।

तसर्थ, माथि भनेजस्तै वाम विचलित पार्टीबाट विद्रोह गर्दै सही विचार अंगालेको पार्टीभित्र संगठित बनेर जानु नै श्रेष्कर छ । साझा हुने नाममा विचलनको शिकार भएर वामे सर्न पनि नसकी रहेको प्रगतिशील सांस्कृतिक आन्दोलन छिन्न भिन्न त हुने होइन, यो विषयमा गहिरिएर ध्यान पुऱ्याउनु पर्ने आवश्यकता देखिएको छ ।

**-रमेशकुमार पौडेल
भैसाखोरी, नवलपरासी**


युवा कवि
मित्रलाल पंज्ञानीको
कवितासङ्ग्रह
सृष्टिकर्ता
प्रकाशित भयो ।
बजारमा सर्वत्र
उपलब्ध छ ।


## माले-एमाले जुहारीबारे

मूल्यांकनको पूर्णांक ५७ मा चन्द्रदेव नेपालीद्वारा "एमाले-मालेबीच जुहारी चलिरहेको यो बेला" भन्ने लेखबाट एमाले माले दुवै पक्षले गहन अध्ययन गरी भौतिक चिन्तनका आधारमा सत्यताको धरातलमा खडा भई देश र जनताको हित चिताउने हो भने क्रान्तिकारी हुँ भन्ने दुवै पक्षले नेपालमा वैज्ञानिक समाजवाद स्थापना गर्ने मूर्तभन्दा मूर्त कार्यक्रम लिएर जनता बीचमा जानु जरूरी छ। यो समयको आवश्यकता र माग हो । हिलो छ्यापाछ्याप र चाहिंदो-नचाहिंदो, घिनलाग्दो गालीगलौजहरू प्रयोग गर्नु उहाँहरू जस्ता प्रगतिशील भनाउन मन पराउनेहरूका लागि शोभनीय होइन । त्यसप्रकारको निम्नकोटीको व्यवहारले त वर्ग दुश्मनहरूका लागि खुड्किलो चढ्ने सुलभ किसिमको सिर्फ भरेङ हुन जान्छ भन्ने चन्द्रदेव नेपालको ठम्याई सही लाग्यो ।

**-विक्रम कुँवर, वरहथवा गाविस-४, सर्लाही**

## रोप-वेबारे

गतांकमा प्रकाशित मधुकर उपाध्यायको रोप-वेबारेको लेख एकदमै उपयोगी र ज्ञानवर्धक लाग्यो । नेपालका नीति-निर्माताहरू र पार्टी नेताहरूले पढून् भन्ने कामना गर्दछु । हाम्रो देशको विकास कसरी गर्न सकिन्छ भनी चिन्तन गरिरहेका मधुकर उपाध्याय जस्ता प्रतिभाहरूलाई अगाडि ल्याएकोमा "मूल्यांकन"लाई धन्यवाद !

**-गोपाल वैद्य, बनेपा**

## मूल्यांकनले विरोध गरोस्

पूर्णाङ्क ५७ पेज नं. ४१ को सानो लेखले के संकेत दियो भने 'मूल्यांकन' र 'नवयुवा' लाई श्री ५ को सरकार गोश्वारा हुलाक कार्यालयबाट "हुलाक दर्ता गर्न नमिल्ने" भन्ने जवाफ दियो । यस खबरले नेपाली पत्रपत्रिका र हामी पाठकहरूलाई हतोत्साहित गरेको छ । यसबाट के स्पष्ट बुझिन्छ भने, मुलुकमा अझै पनि प्रजातन्त्रलाई अल्मल्याउँदै भारतीय समाचार पत्रिकालाई नेपालमा एकलौटी प्रवेश गराई उसको बजार बढोस् भन्नेहरू नै सत्तामा रहेका छन् ।

यसर्थ, "मूल्यांकन"को नियमित पाठकको हैसियतले मूल्यांकन परिवारलाई म समय छँदै यसको विरोध गर्न आव्हान गर्दछु ।

**-सागर 'विद्रोही' मोटल दि भिलेज, राजकोट, गुजरात (भारत)**

## जनयुद्ध, जापानी अर्थतन्त्र र अकुपंचरबारे

अंक ५७ मा 'माओवादी जनयुद्धले देखाएको संकेत' बारेको लेख उपयोगी लाग्यो । जापानी अर्थतन्त्र ओरालो लागेको चित्र प्रस्तुत गरेकोमा धन्यवाद । ज्ञान प्राप्त भयो । अकुपंचर विधिबारे डा. शंभु उपाध्यायको लेखले यस विधिबारे राम्रो जानकारी दियो । छोटा तर गहन 'घटना र प्रवृत्ति'का निम्ति धन्यवाद !

**-विकास सुवेदी, इटहरी, सुनसरी**

## "मूल्यांकन"को नियत के ?

म मूल्यांकन मासिकको नियमित पाठक हुँ । आफू कम्युनिष्ट समर्थक भएको नाताले यो मेरो मासिक खुराक बनेको छ । मूल्यांकनले धेरै कुराहरूलाई समेटेर लैजाने प्रयास गरे तापनि हज्जारौं पाठकहरूले मूल्यांकनलाई कम्युनिष्टहरूकै सैद्धान्तिक अन्तरक्रियामुखी साझा चौतारी बनोस् भन्ने चाहना गरेअनुरूप भने यसले गति लिन सकेन । परिणामस्वरूप, यसको मन्द बहाव सामाजिक जनवादको कुइगन्धे चैते भेलतर्फ नै सोझिएको देखिन्छ । प्रतिक्रियावादोन्मुख र अवसरवादोन्मुख पार्टीहरू क्रमशः एमाले र मालेसंग मूल्यांकनले "बहुदलीय जनवाद" भन्ने शब्दावली झिक्नको लागि मात्र बिन्ती-पत्र चढाइरहेको छ तर संसदीय (प्रतिक्रियावादी) प्रतिक्रियाबाट सरकारमा गएमा भने केही फरक पर्दैन भनेर उल्क्याइरहेको छ। यस्तो खाले विरोधाभाषपूर्ण नियत पछाडिको रहस्य के होला ? कम्युनिष्टहरू संसदवादका निरपेक्ष विरोधी होइनन् र हुनै सक्तैनन् । तर संसद प्रयोग केको लागि, मूल्यांकनले आफ्नो हैसियत र कर्तव्य नबिर्सने हो भने यो संकटग्रस्त प्रतिक्रियावादी राज्यसत्ताको भण्डाफोर गर्नका लागि मात्र संसदको उपयोग गर्न सकिन्छ र पर्छ भनेर 'अन्धा' हरूलाई डोऱ्याउनु पर्ने होइन र ?

अर्को कुरा, २०५२ साल फागुन १ गतेदेखि नेकपा (माओवादी) ले जनयुद्धको घोषणा गरेर सिंगो कम्युनिष्ट आन्दोलनलाई नै झकझक्याउँदै र विचारधारात्मक तथा राजनैतिक ध्रुवीकरणलाई तीव्र पार्दै सफलतापूर्वक अघि बढिरहेको वर्तमान अवस्थाप्रति मूल्यांकनले मौनता साधेर बस्नु निश्चय पनि शुभ संकेत होइन । प्रतिक्रियावादोन्मुख एमाले च्यातिनबाट 'जोगाउन' धोती पाटा कसेर हुर्रिएको मूल्यांकनले आकाश थर्काउँदै, धर्ती हल्लाउँदै अघि बढ्दै गरेको माओवादी जनयुद्धबारे वाफ फाल्न सकिरहेको छैन । यो त घोर पूर्वाग्रही मनोवृत्ति र नेकपा (माओवादी) प्रतिको लज्जास्पद सौताने व्यवहार भएन र ?

अन्तमा, मूल्यांकनमा आलोचना सुन्नसक्ने शक्तिको विकास हुँदैजाओस्, यही शुभकामना !

**-कुमार आचार्य, बेलवा- ७ (राँझा) बर्दिया**

## केही सुझावहरु

स्वर्ण अंकसम्मका अविरल यात्रा गर्नू भएकोमा हार्दिक बधाई !

-उत्पीडित तथा जनजातीय वर्गबारे लेखहरू कम भए वा ती प्रायः लुप्त नै छन् । जनजातीय वर्गका 'जीवन स्थिति' र 'समस्या' बारे मात्रै होइन, यिनको धर्म-संस्कृति, साहित्य-कलाबारे पनि खोज, अनुसन्धानमूलक लेखले स्थान पाओस् ।

-नेपालको ओझेलमा परेको इतिहास, सामाजिक परिवर्तनका जडहरूबारे पनि मूल्यांकनले आगामी दिनहरूमा प्रकाश छरोस् ।

-मूल्यांकनले पश्चिम वंगालबारे एक अंक खर्च गरिसकेको छ भने किन 'केरला' दक्षिण भारतबारे पाठकहरूसामु जानकारी दिन चाहनु भएन ? भारतको अन्य प्रान्तभन्दा आर्थिक, भौतिक, नैतिक, सांस्कृतिक र साहित्यक क्षेत्रमा उल्लेखनीय प्रगति गर्न सकिरहेको यो प्रान्तबारे सामग्री अउनु पऱ्यो ।

-समष्टिमा भन्नुपर्दा; सामाजिक विसंगति, विकृति र राजनीतिक कुरूपता आदि सारा कम्युनिष्ट राज्यको स्थापनापश्चात स्वतः जादुको छडी जस्तो लुप्त भइहाल्छ नि भन्ने मानसिकताबाट मुक्त हुन पनि आग्रह गर्दछु ।

**-मोहन लामा, सूर्यपुर- ६, जुटपानी, चितवन**



विकास

सामुदायिक विकासमा
उत्प्रेरणा र
अन्तर्क्रियाका लागि


वैकल्पिक जनमुखी
विकासको मोडलको
खोजीमा

विकासको नयाँ अंक छिट्टै
प्रकाशित हुँदैछ !

# DUCKHAMS





अन्तरराष्ट्रिय
ISO-9002 को
उच्च गुणस्तरको
लुब्रिकेटिङ्ग आयल







**PRODUCTS OF ALEXANDER DUCKHAMS & CO. ENGLAND**




उच्चस्तरीय जर्मन प्रविधिको प्रयोगद्वारा नेपालमा उत्पादित नेपाल गुणस्तर
चिन्ह प्राप्त विभिन्न साइज र क्षमताका मुक्तेश्वर पाईपहरु नै प्रयोग गरौं

MULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५१/५२




DISCOVER
THE NEW
GREEN BOTTLE AND
THE REFRESHING
TASTE WITHIN...

Carlsberg

Probably the best beer in the world.